SEJON

# अर्थनीति

सेजन स्मारिका २०७९



## संकटबाट समुन्नतितर्फ

# नबिल बैंकका उत्कृष्ट बचत खाताहरू



## FOR INDIVIDUAL

- Nabil Premium Remittance Saving Account
- Nabil General Savings Account
- Nabil Shareholders Savings Account
- Nabil Premium Nari Bachat Khata
- Nabil Bachat Yojana
- Nabil Gen-N Account
- Nabil Gold Savings
- Nabil Jestha Bachat Khata
- Nabil NRN Savings Account
- Nabil Gen Alpha Account

For more information, please visit our website www.nabilbank.com or visit nearest branch of Nabil Bank or call us at 01-5970015.

NABIL BANK®

Prabhu Bank

**VISA Direct**

# INSTANT REMITTANCE

from **United States, UAE, Qatar, Canada, Australia**

**and more than 180 countries Worldwide** directly in your **Visa Card**

by simply sharing **16 digit card number.**




Terms & Conditions Apply

prabhu bank

Prabhu Building, Babarmahal, Post Box No.:19441
+977-1-4785046 +977-1-4780588
info@prabhubank.com www.prabhubank.com
Toll Free No.: 16600107777




**Corporate Office:** Thapathali, Kathmandu.
**Tel:** 01-5357670/4102143 | **Factory:** Siyari Rural Municipality-2, Nepal. **Tel:** +977 9857015070

www.kldugargroup.com

# WEAVING CULTURE THROUGH THE NATION

KL DUGAR GROUP

## 140 YEARS OF CONTINUOUS BRILLIANCE

**Diversified Business Activities:**

Refining | Cement | Hydropower | Real Estate | Packaging Materials | Electrical Items | Hardware | Beverages | Paper | Home Appliances | Rice Milling Herbal Extraction | Distillation | Nutritional Food Processing | Food Grains | Banking & Finance | Insurance | Agri Warehousing | Tours & Travels | Mining | Import | Export |

**Corporate Office:**

P.O.Box: 1991, Charkhal, Dillibazar, Kathmandu, Nepal | Tel: +977-1-4437991 (5 Lines) | Mobile: 9802060600 | Fax: +977-1-4437990 | Email: trading@kldugargroup.com

TATA MOTORS
Connecting Aspirations

TATA

INTRODUCING

# NEXON EV

Nepal's No. 1 EV now with exciting new intelligent features.

#BeNewForever



Multi-Mode Regen

Cruise Control

i-TPMS

For more details

EVOLVE TO ELECTRIC

**SIPRADI TRADING PVT. LTD.**, An ISO 9001:2015 and ISO 45001:2018 Certified Company
**Thapathali** 01-4250610, 4222150, 4222152
**For inquiry, give us a call at 9801013449**

SIPRADI

SEJON

# अर्थनीति

नेपाल आर्थिक पत्रकार समाज
(सेजन) द्वारा
२६औं वार्षिकोत्सवका अवसरमा
प्रकाशित

सम्पादक
**सुशील भट्टराई**
कभर
**रविन सायमि**
तस्बिर
**द्वारिका काफ्ले**
लेआउट
**विश्वराज सापकोटा**
व्यवस्थापन
**अश्विन पराजुली**
**सुन्दर दाहाल**

**सचिवालय**
**नेपाल आर्थिक पत्रकार समाज**
(सेजन)
अनामनगर, काठमाडौं
फोन नं. : ०१-४१०२९७४
इमेल : nepal .sejon@gmail .com
www .sejonnepal .com
प्रकाशित प्रति: १०,०००

**प्रिन्टिङ**
क्रियटिभ आईडियाज
बागबजार, काठमाडौं

# संकटबाट समुन्नतितर्फ

गएको डेढ वर्ष मुलुकको अर्थतन्त्र चरम अस्थिरता र अन्यौलमा बित्यो । करिब १६ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने अवस्थामा रहेको विदेशी मुद्रा सञ्चिति १६ महिनामै खस्केर साढे ६ महिनामा झ्र्यो । त्यसैबेला श्रीलंकामा विदेशी मुद्रा सञ्चिति करिब शून्य भएपछि ऊ इतिहासमै पहिलोपटक 'डिफल्ट' भएको थियो । छिमेकी दिवालिया बनेपछि त्यसको डर नेपालमा आउनु स्वाभाविक नै थियो । तर, नेपालभन्दा दोब्बर ठूलो अर्थतन्त्र श्रीलंकासँग ५० लाख अमेरिकी डलर पनि विदेशी मुद्रा थिएन । नेपालसँग त साढे ९ अर्बको विदेशी मुद्रा थियो । विदेशी ऋण पनि नेपालमा थोरै छ । नेपाल पेट्रोलियम पदार्थमा निर्भर पनि छैन । यस्तो अवस्थामा नेपाल श्रीलंका बन्दैन भनेर बुझाउनै नीति निर्माता र अर्थशास्त्रीहरूले धेरै समय खर्च गर्नुपर्‍यो ।

तर, विश्वव्यापीरूपमा नै धेरै अर्थतन्त्रहरू यो र आउने वर्ष मन्दीमा जाँदैछन् । यो आँधीबेहरीले सिर्जना गरेको बतास विश्वअर्थतन्त्रको सानै भए पनि एउटा हिस्सा नेपाल आइपुग्ने छ । वाह्य क्षेत्रको यो दबाब थेग्नु त पर्ने नै छ, आन्तरिकरूपमा तरलता संकट, व्यवसायका सबै क्षेत्रको क्षेत्रगत ह्रासका कारण सिर्जित समस्याले व्यावसायिक वातावरण निकै खस्केको छ । यो वर्ष आयात र आन्तरिक माग दुवै घटेपछि सरकारको राजस्व गत वर्षको तुलनामा एक चौथाइले कमी आएको छ । यो वर्षको लक्ष्य भेट्ने त सपना नै बनिसक्यो । यसले सरकार आफैं दबाबमा छ । ब्याजदर बढाएर मूल्यवृद्धि कम गर्ने नियामकको पहलले काम गरेको छैन । दुवैको ग्राफ माथि गइरहेको छ, तल ओर्लने छाँट छैन । विश्वव्यापी वित्तीय स्थिरतामाथि जोखिम बढ्दै गएको र त्यसले नेपाल पनि अछुतो नहुने अन्तर्राष्ट्रिय मुद्रा कोषले जनाउ दिइसकेको छ ।

राजनीतिक उथलपुथल, द्वन्द्व एवं लामो समयको संक्रमणका कारण आर्थिक सुधारको गति लयमा फर्कन सकेको छैन । अहिले पनि मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी) को आकार ५० खर्बभन्दा कम छ, प्रतिव्यक्ति आय १३ सय ६२ डलरभन्दा कम छ । यसबीच, कुनै पनि वर्षमा आर्थिक वृद्धिदर दोहोरो अंकमा पुगेको छैन । यसरी नेपालले अर्थतन्त्रको गतिलो जग नै हाल्न सकेको छैन । केही दशकअघि आफूसमान रहेका मुलुकले विकासको फड्को मारिरहँदा नेपाल अतिकम विकसित मुलुकबाट माथि चढ्ने प्रयास गर्दैछ ।

यति हुँदाहुँदै कालो बादलमा चाँदीको घेरा देखिन भने छाडेको छैन । संघीय निर्वाचनपछि गठन हुने नयाँ सरकारले नयाँ दिर्घकालीन सोचसहित विकासको नयाँ चरण सुरू गर्ने अपेक्षा गरिएको छ । नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने निर्णय भइसकेको छ । सन् २०२६ डिसेम्बरपछि गरिब मुलुकको छवि औपचारिकरुपमा हट्ने छ, तर मुलुकको पछौटेपन हटाउने चुनौती अझै पनि रही नै रहनेछ ।

त्यसो हुँदा यो आर्थिक अनिश्चयको भूमरीबाट समावेशी समृद्धि हासिल गर्नेतर्फ अघि बढ्नुपर्ने छ । नेपालले विगत पाँच वर्षमा वित्तीय संघीयता सुरूवाती आधार खडा गर्‍यो तर यसलाई थप संस्थागत गर्दै समृद्धिको सारथी बनाउनुपर्ने छ । प्रजातन्त्र पुनर्स्थापनापछिका तीन दशक मुलुकले संस्थाहरु ध्वस्त पार्न खर्च गरेको छ । जनताको शोषण गर्ने होइन, नागरिकको सेवा गर्ने संस्थाहरुको सबलीकरण गर्नुपर्ने छ ।

देश बहुदलीय व्यवस्थामा छ तर दलहरु स्वयं चुनावअघिको गठबन्धन वा अन्य धेरै बहानामा राजनीतिक कार्टेल बनाएर बसेका छन् । स्थानीय सरकारको चुनाव दलीय आधारमा गर्ने गलत अभ्यासलाई यहाँ संस्थागत गरिएको छ । त्यसो हुँदा राजनीतिक सुधारमा काम गर्ने प्रजातन्त्रलाई बलियो बनाउनुपर्ने छ ।

गरिबी र असमानता कम गर्दै समावेशी समृद्धि हासिल गर्ने यात्रा सजिलो छैन । तर, आजभन्दा एक पाइला भए पनि अगाडि, एक चरण भए पनि उज्यालोतर्फ हामी अगाडि बढ्नु नै छ ।

# हाम्रा लेखक



**अमरजीवि घिमिरे**
अधिवक्ता



**इच्छाराज वाग्ले**
घरजग्गा व्यवसायी



**कपिलमणि ज्ञवाली**
सिइओ, सामाजिक सुरक्षा कोष



**केबी मानन्धर**
पूर्व डेपुटी गभर्नर



**केवलप्रसाद भण्डारी**
सचिव, राष्ट्रिय योजना आयोग



**जनार्दन बराल**
अध्यक्ष, सेजन



**जनार्दन शर्मा**
अर्थमन्त्री



**तोयम राया**
सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय



**निरू रायमाझी**
अध्यक्ष, महिला उद्यमी महासंघ



**नेत्र सुवेदी**
सचिव, अर्थ तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश



**विजय अमात्य**
सिइओ, कोरा टुर्स



**विजय श्रेष्ठ**
उपाध्यक्ष, हिमालय एयरलाइन्स



**विष्णुकुमार अग्रवाल**
अध्यक्ष, नेपाल उद्योग परिसंघ



**प्रा. डा. भोला थापा**
उपकूलपति,काठमाडौं विश्वविद्यालय



**डा. मनोज शाही**
लगानी विश्लेषक



**महाप्रसाद अधिकारी**
गभर्नर

# हाम्रा लेखक



**मौसमी श्रेष्ठ**
कृषि उद्यमी



**डा. युवराज खतिवडा**
पूर्व अर्थमन्त्री



**रञ्जित आचार्य**
विज्ञापन व्यवसायी



**राजन रायमाझी**
अध्यक्ष, दीगो क्लिन इनर्जी



**राजेन्द्र मल्ल**
अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श



**रितेश लामिछाने**
अध्यक्ष, नेपाल युवा उद्यमी मञ्च



**रितेश शाक्य**
सहसचिव, नेपाल सरकार



**शशिकान्त अग्रवाल**
उद्योगी



**शेखर गोल्छा**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



**समीर खतिवडा**
अर्थशास्त्री, एसियाली विकास बैंक



**प्रा. डा. शिलु मानन्धर**
उपकूलपति, नेपाल खुला विश्वविद्यालय



**सुनिल केसी**
सिइओ, एनएमबी बैंक



**सुमन पोखरेल**
वरिष्ठ उपाध्यक्ष, आइएमई ग्रुप



**सुरक्षा अधिकारी**
युवा उद्यमी



**सुशील भट्ट**
सिइओ, लगानी बोर्ड नेपाल



**डा. स्वर्णिम वाग्ले**
अर्थशास्त्री

# यसभित्र

निर्यात बढाउन कानुनी र व्यावहारिक कठिनाइ
अमरजीवि घिमिरे ........................................................ ९

घरजग्गा कारोबार बढ्दा मात्र अर्थतन्त्र चलायमान
इच्छाबहादुर वाग्ले ........................................................ १३

अरूभन्दा सामाजिक सुरक्षा कोष अब्बल
कपिलमणि ज्ञवाली ........................................................ १८

नेपालको अर्थतन्त्र मौद्रिक भइसकेको छैन
केवलप्रसाद भण्डारी ........................................................ २२

सञ्चिति बढाउन आयात नियन्त्रण र आन्तरिक उत्पादन जरूरी
कृष्णबहादुर मानन्धर ........................................................ २८

भिखारी धनी र व्यापारी गरिब बन्दैन
जनार्दन बराल ........................................................ ३२

व्यापार घाटा अन्त्य गर्न कृषिमा प्राथमिकता
जनार्दन शर्मा ........................................................ ३६

आयात प्रतिबन्ध र राजस्व चाप
तोयम राया ........................................................ ४०

सुधारबाट निखार ल्याउनुपर्ने वित्तीय संघीयता
नेत्र सुवेदी 'प्रयास' ........................................................ ४२

बजारीकरण महिला उद्यमीका प्रमुख समस्या
निरु रायमाझी ........................................................ ४६

'लक्जरियस डेस्टिनेसन' बन्दै नेपाल
विजय अमात्य ४८

'पोस्ट प्यान्डेमिक' उडान
विजय श्रेष्ठ ........................................................ ५२

यसरी संकटबाट फड्को मार्छ अर्थतन्त्रले
विष्णुकुमार अग्रवाल ........................................................ ५६

शैक्षिक लगानीमा प्राथमिकता, समृद्धिको मार्ग
प्रा.डा. भोला थापा ........................................................ ५९

पुँजीबजार सुधार्न व्यावसायिक घरानाका कम्पनी सूचीकृत हुनुपर्छ
डा. मनोज शाही ........................................................ ६२

बैंकिङ क्षेत्रको पछिल्लो अवस्था र नेपाल राष्ट्र बैंक
महाप्रसाद अधिकारी ........................................................ ६४

कृषिमा नयाँ प्रविधि जरूरी
मौसमी श्रेष्ठ ........................................................ ७०

यी हुन् अब बन्ने सरकारले भोलिपल्टबाटै गर्नुपर्ने काम
डा. युवराज खतिवडा ........................................................ ७२

अर्थतन्त्रको बलियो जग निर्यात वृद्धि
शशिकान्त अग्रवाल ........................................................ ७६

संकटोन्मुख अर्थतन्त्रको उपचार सहकार्यबाटै सम्भव
शेखर गोल्छा ........................................................ ८४

लगानी आकर्षित गर्न विज्ञापन अपरिहार्य
रञ्जित आचार्य ८८

नेपालमा इभीले ल्याएको तरंग
राजन रायमाझी ९३

स्थिर सरकार र नीतिगत स्थायित्व
राजेन्द्र मल्ल ........................................................ ९६

संकटमा पर्दैछ नेपालको समावेशी समृद्धि
रितेशकुमार शाक्य ........................................................ ९८

पर्यटनमा लगानीले समृद्धि भेटिन्छ
रितेश लामिछाने ........................................................ १०२

समसामयिक अर्थतन्त्रको चरित्र : मूल्य र ऋण चापदेखि 'स्ट्यागफ्लेसन' सम्म
डा. स्वर्णिम वाग्ले १०५

नेपालमा आर्थिक वृद्धि र विकासको सम्भावना
डा. समीर खतिवडा ........................................................ १०७

संकटबाट समुन्नतितिर बढ्दो रेमिट्यान्स
सुमन पोखरेल ........................................................ ११३

महिला उद्यमी अझै 'इनोभेटिभ' हुनुपर्छ
सुरक्षा अधिकारी ........................................................ ११६

बैंकहरू अब अन्धाधुन्ध लगानीमा जाँदैनन्
सुनिल केसी ........................................................ ११८

सार्वजनिक-निजी साझेदारीमार्फत समृद्धि
सुशील भट्ट १२१

# निर्यात बढाउन कानुनी र व्यावहारिक कठिनाइ

नेपालमा उत्पादित चिनी विदेश निर्यात गर्नुपर्‍यो भने कुन देशमा कुन व्यापारीलाई बेच्ने र त्यसका प्रयोगकर्ता को हुन् भन्ने नै पहिचान हुन सकेको छैन । चिनी उद्योगीले चिनी उत्पादन गरेर आन्तरिक बजारमा पठाइरहेका छन् । विदेशमा निर्यात गर्न सरकारसँग आग्रह गरिरहेको देख्न सक्छौं ।



अमरजीवि घिमिरे

नेपालमा उत्पादित वस्तु बाहिर कसरी पठाउने र बाहिरको वस्तु नेपालमा कसरी भित्र्याउने भन्ने कुरा वैदेशिक व्यापार हो । यो निर्यात र आयातसँग सम्बन्धित छ । वैदेशिक व्यापारमा आयात र निर्यात भन्दै गर्दा हामीले वस्तु तथा सेवाको समग्र उत्पादन, ढुवानी, बजारीकरणलगायत आपूर्ति शृङ्खलाका चरण बिर्सनु हुँदैन । हामी वैदेशिक व्यापारमा निर्याततलाई जोड दिनुपर्छ भनिरहेका छौं र वस्तु देशभित्र उत्पादन भइसकेपछि देशबाहिर पठाउनेमात्रै कुरा गर्छौं । तर, त्यो वस्तु नेपालभित्रै उत्पादन छ कि छैन ? त्यसको उत्पादन र उत्पादकत्व कस्तो छ ? उत्पादन, बजार र मूल्य शृङ्खलासँग कसरी जोडिएको छ ? लगायत विषयमा हामीले पर्याप्त ध्यान पुर्‍याउन सकेका छैनौं । वास्तवमा हेरिनुपर्ने मुख्य विषय यिनै हो ।

हामीसँग रहेको निर्यातयोग्य उत्पादनले खुद राष्ट्रिय आय (जिएनआई) र कूल गार्हस्थ उत्पादन (जिडिपी) मा कस्तो असर पार्न सक्छ भनेर हेरिनुपर्छ । कतिपय वस्तुले जिएनआईमा योगदान गरेको भए पनि जिडिपीमा योगदान नगरेको हुनसक्छ । जिडिपीमा योगदान हुन आन्तरिक उत्पादन, रोजगार, बजारलगायत बहुआयामिक पक्ष यसमा आउनुपर्छ । यसकारण अन्तर्राष्ट्रिय व्यापार भन्ने बित्तिकै हामीले उत्पादन, उत्पादकत्व, रोजगारी सिर्जना, ढुवानी र बजारलगायत चरण हेर्नुपर्छ । यी काममा संलग्नता हुने भनेको सार्वजनिक र निजी क्षेत्रको हो । हामी सरकारी क्षेत्रलाई पनि सार्वजनिक क्षेत्रकै रूपमा राख्न सक्छौं । सरकारी कम्पनी पनि व्यापारमा संलग्न छन् । उत्पादनदेखि बजारीकरणसम्मका काम सरकारी कम्पनीले नै गरिरहेका छन् । उदाहरणका लागि जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड । ऊ सरकारी कम्पनी हो, उसले उत्पादन गर्छ र बजारमा बेच्छ । यसकारण अन्तर्राष्ट्रिय व्यापारलाई वस्तु आयात र निर्यातमात्रै नभनिकन त्यसको उत्पादन, प्रशोधन, सहज ढुवानी र लक्षित बजारसम्मका कुरा हेरिनुपर्छ ।

सबै देशको चाहना निर्यात बढी होस् र आयात कम होस् भन्ने हुन्छ । नेपालको हकमा निर्यात निकै कम छ । यसो हुनुका पछाडि नीतिगत र व्यावहारिक दुवै पक्ष उत्तिकै कारक हुन् । व्यापारसम्बन्धी कानुनी प्रावधान नबुझ्नु हाम्रो समस्या हो । उदाहरणका लागि कसैले उखु खेती गर्न जग्गा चाहियो र लगानी पनि पर्याप्त छ भने हामीले त्यसका कानुनी बाधा बुझ्न जरूरी छ । अहिले उखु खेती गरिरहेका किसानले नै उखु बेचेको पैसा पाएका छैनन् । त्यो उनीहरूले किन पाएनन् ? कानुनी अप्ठेरा के छन् भनेर सोधखोज गरिँदैन । बाधा-अप्ठेरा के छन् भनेर नबुझिकन गरेको लगानी समस्यामा पर्नसक्छ । सबै प्रणालीको उच्च बिन्दुमा रहने भनेको कानुनी र नीतिगत व्यवस्था हो । कानुन पनि कडा र नरम हुन्छन् । यद्यपि, नीतिले कानुनी उपचार दिँदैन । तर, यसलाइ पनि

हामीले कानुनभित्रै राखेर हेर्नुपर्छ ।

अर्को व्यावहारिक पक्ष । आन्तरिक उत्पादन अवस्था हेरेर त्यसले वाह्य व्यापारमा सघाउ पुऱ्याउँछ कि पुऱ्याउँदैन भन्नेमा हामी स्पष्ट हुनुपर्छ । यदि वाह्य मुलुकमा बेच्नका लागि उत्पादन पर्याप्त छ भने पनि त्यो कसले लैजान्छ ? राज्य संयन्त्रले लैजान्छ वा व्यक्तिले लैजाने हो ? अब पठाउने वा ढुवानी गर्ने एउटा कुरा भयो, तर त्यो कहाँ पठाउँने ? बजार कहाँ हो ? कसले किन्छ ? त्यो वस्तुको स्थानीय वितरक को हुन सक्छन र प्रयोगकर्ता को हुन् ? यी सबै विषयमा हामी जानकार हुनुपर्छ ।

अन्तर्राष्ट्रिय व्यापारमा हामीले नबुझेको कुरा पनि यही हो । हामीले हाम्रो भूमिका के हो भन्ने नै कानुनीरूपमा स्पष्ट ढंगले बुझेका छैनौं । आफ्नो भूमिका के हो भन्ने पहिचान नहुने बित्तिकै लक्षित समूह को हो पनि चिन्न सकिँदैन । उदाहरणका लागि नेपालमा उत्पादित चिनी विदेश निर्यात गर्नुपऱ्यो भने कुन देशमा कुन व्यापारीलाई बेच्ने र त्यसका प्रयोगकर्ता को हुन् भन्ने नै पहिचान हुन सकेको छैन । चिनी उद्योगीले चिनी उत्पादन गरेर आन्तरिक बजारमा पठाइरहेका छन् । विदेशमा निर्यात गर्न सरकारसँग आग्रह गरिरहेको देख्न सक्छौं । तर हामीले विदेश पठाउन भने सकेका छैनौं । निजी क्षेत्रले मौजुदा कानुनी व्यवस्थाभित्र बसेर अन्तर्राष्ट्रिय व्यापार गर्न सक्छ कि सक्दैन भनेर सोध्यो भने जवाफ भेटिँदैन । कुन अन्तर्राष्ट्रिय कानुनको कुन प्रावधानअनुसार कस्ता वस्तु कसरी निर्यात गर्ने भन्ने कुराको जानकारी निजी क्षेत्रले समेत राख्दैनन् ।

अर्को महत्वपूर्ण पक्ष भनेको हाम्रा उत्पादनको बजारीकरण 'बेगिङ प्रिन्सिपल' हो वा 'नेक-टु-नेक प्रिन्सिपल' मा केन्द्रित छन् भनेर बुझ्न जरुरी छ । हामी बेगिङ प्रिन्सिपल बोकेर बसिरहेका छौं । जबकि, व्यापारमा चाहिने भनेको नेक-टु-नेक बार्गेनिङ हो । उदाहरणका लागि हामी कुनै देशको कुनै व्यापारीलाई फलानो सामान पठाउँछौं, अनि उनीहरूले हामीलाई माया गरेर सामान किनिदिए हुन्थ्यो भन्ने सोच्छौं । यो मनसायले व्यापार हुँदैन । अनि अब मुद्दा लड्नुपऱ्यो भने त झन् त्यसमा हामी हार्ने नै हो र मुद्दा लड्न सकिन्न भन्ने पर्छ । कृषि सामग्री कम्पनीले मल ल्याउँछ । तर, मल ल्याइदिने कम्पनीले मल ल्याइदिएन भने त्यसको कानुनी उपचार कसरी पाउने हो भन्ने हामीलाई थाहा छैन ।

अन्तर्राष्ट्रिय व्यापारमा हामीले नबुझेको कुरा पनि यही हो । हामीले हाम्रो भूमिका के हो भन्ने नै कानुनीरूपमा स्पष्ट ढंगले बुझेका छैनौं । आफ्नो भूमिका के हो भन्ने पहिचान नहुने बित्तिकै लक्षित समूह को हो पनि चिन्न सकिँदैन ।

विदेशी कम्पनीले मल ल्याइदिएन भने त्यसको क्षतिपूर्ति पाउने आधारबारे हामी अनभिज्ञ हुन्छौं । नेपाले कुनै देशको कुनै ठूलो कम्पनीसँग पनि कानुनी लडाइँ लड्न सक्छ र ? भन्ने मानसिकता छ । तर, यी सबै कुरा गर्न सकिँदैन भने हामी व्यापारका लागि पनि योग्य छैनौं । हामी माग्ने शैलीमा व्यापार गरिरहेका छौं । हामीलाई माया गरिदिनुस है, हामीमाथि सहानुभूति राख्नुहोस् है भन्ने शैलीमा व्यापार हुँदैन । यसकारण हामी के स्पष्ट हुनुपर्छ भने हामीले गर्ने व्यापार कस्तो हो ? त्यसको लक्षित बजार कहाँ हो ? व्यापारका क्रममा हुने कानुनी असजिलाको उपचार कसरी हुन्छ ? हाम्रो उत्पादन बजारसम्म पुऱ्याउन समस्या भयो वा हाम्रा उत्पादनको गुणस्तरमा नै समस्या देखियो भने त्यसलाई कसरी समाधान गर्ने भनेर बुझ्न सकेका छैनौं ।

हामीले आर्थिक र वित्तीय तथ्यांक प्रयोगमा धेरै समय बितायौं । उदाहरणका लागि आलु यति परिमाणमा उत्पादन भयो भने यतिबराबर निर्यात हुनसक्छ भनेर तथ्यांकमा सजिलै भन्न सकिन्छ । तर, आलु कसले उत्पादन गर्छ, त्यसलाई बाहिर कसले पठाउने हो, त्यो आलु बेच्न वाह्य बजार कहाँ हो ? ढुवानी कसरी हुन्छ ? बीमालगायत अरू व्यवस्था के छन् ? त्यस्तो आलु बेच्न अन्तर्राष्ट्रिय कानुन र सम्झौताका अवस्था के छन् जस्ता विषय हामीले नजरअन्दाज गर्न सकेका छैनौं । कुनै देशलाई कुनै वस्तुको माग छ, नेपालमा त्यसको उत्पादन पनि छ, तर त्यहाँ पठाउने कसरी भन्ने हामीलाई थाहा छैन । खाली सरकारले गरिदिएन भनेर मात्रै हुँदैन । निजी क्षेत्रले आफैं त्यसका लागि पहलकदमी गरेर समस्या परेका ठाउँमा मात्रै सरकारलाई गुहार्ने हो । तर, हामी सरकारले यो गरेन वा त्यो गरेन भनेर मात्रै अल्झिएर बसेका छौं । हामी सधैं विषयगत समस्या देखाउँछौं । व्यवसायीले पहिले आफैं पहलकदमी लिएर समस्या परेका ठाउँमा यस्तो अडचन फुकाइदेऊ भनेर सरकारलाई भन्न सक्छ । तर, सबै काम सरकारले गर्न सक्दैन ।

यसकारण हामीले नीतिगत तथा कानुनी र व्यावहारिक दुवै खालका समस्या भोगिरहेका छौं । व्यवसायीले वैदेशिक व्यापार र मुख्यगरी वस्तु निर्यातमा आफ्नो भूमिका के हो र के गर्नुपर्छ भन्ने नै पहिचान गर्न सकेका छैनन् । नीतिगत समस्या हो भने त्यसमा सहजीकरणका लागि यी-यी बुँदामा यसरी सुधार गर्नुपऱ्यो भनेर सरकारलाई भन्न सक्नुपर्छ । समग्रमा ऐन नियम भएनन्, सरकारबाट सहयोग भएन भनेर मात्रै बस्ने होइन । तर, हामीकहाँ अहिलेको अवस्था यही छ । निजी र सार्वजनिक क्षेत्रले आफ्नो भूमिका के हो र आफूले गर्नुपर्ने काम के हो भन्ने कुरा बिर्सेर सधैं सरकारलाई दोष लगाएर मात्रै समस्या समाधान हुँदैन । अवस्था उही रहन्छ ।

हामीले व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको ज्ञान राख्नु पनि आवश्यक छ । विश्व व्यापार संगठन होस् वा साफ्टा होस् त्यसका कानुनी प्रावधान नजानिकन हामी निर्यात बढाउन सक्दैनौं । डब्लुटिओका व्यवस्थाले हामीलाई कहाँनेर सहज बनाएको छ अथवा कहाँनेर समस्या पारेको छ भनेर अहिलेसम्म पनि छुट्ट्याउन सकेका छैनौं । डब्लुटिओका

प्रावधानले हामीलाई समस्या पारेको छ भने त्यसका लागि सरकारले पहल गर्नुपर्छ । तर, सबैभन्दा पहिले त कुन प्रावधानले के समस्या पारेको छ वा के प्रावधानबाट कस्तो लाभ लिन सकिन्छ भन्ने स्पष्ट हुनुपर्‍यो । यसमा अस्पष्टता भइरहने हो भने हामी निर्यात बढाउन सक्दैनौं । हामीले सधैं सतही कुरामात्रै गरिरहेका छौं । अर्को उदाहरण, डब्लुटिओले बजार प्रणाली सुधार (मार्केट रिफर्मेसन) का कुरा बोल्छ । तर, बजार सुधारका लागि कसले के-के गर्ने हो ? अथवा बजार सुधार नै भनेको के हो ?

हामीले नीतिगत अथवा कानुनी सुधारका लागि के गर्न सकिन्छ भनेर लामै समय खर्चिन्छौं । तर, आफ्नो व्यावहारिक क्षमता विकासका लागि प्रयास नै गरेका छैनौं । हामीकहाँ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र भन्ने कार्यालय छ । तर, त्यो कार्यालयले के काम गरिरहेको छ र त्यसले गर्दा निर्यात प्रवर्द्धनमा कति टेवा पुगेको छ भन्ने हामीलाई नै थाहा छैन । यस्ता संस्थालाई सहयोगी निकायका रूपमा स्थापित गर्न सकिन्थ्यो । त्यो पनि छैन । हामीकहाँ यिनै र यस्तै नीतिगत अस्पष्टता छन् । तिनै अस्पष्टताका कारण कार्यान्वयनमा समस्या छ । त्यसले कानुनी सुधारका लागि पनि पहल भएको देखिँदैन । कानुनीरूपमा सुरक्षा नपाउनु भनेको मुख ताक्नेमात्रै हो । हामी कमजोर छौं, हामीले सक्दैनौं भन्ने मानसिकताबाट काम हुन सक्दैन । निर्यात प्रवर्द्धनका लागि राज्यले निजी क्षेत्रलाई देखाउँछ भने निजी क्षेत्रले सरकारलाई देखाउँछ । यद्यपि, व्यापार प्रवर्द्धनका लागि बढी जिम्मेवार हुने भनेको निजी क्षेत्रले नै हो ।

नेपाललाई अति कम विकसित (एलडिसी) मुलुकबाट विकासशील मुलुक (डिसी) का रूपमा लैजाने भनिरहेका छौं । संयुक्त राष्ट्र संघ (युएन) ले जसरी अतिकम विकसित, विकासशील र विकसित मुलुकका रूपमा देसलाई परिभाषित गरेको छ, डब्लुटिओले त्यसैलाई हेर्छ र स्वीकार्छ । डब्लुटिओले आफैं एलडिसी र डिसी भनेर चिन्दैन । अन्तर्राष्ट्रिय कानुन एकीकृतरूपमा परिभाषित गर्नका लागि सबैले त्यही स्वीकारेका छन् । अहिले नेपाल अल्पविकसितबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदैछ । अहिले तयारी समय चलिरहेको छ र सन् २०२६ सम्ममा हामी स्तरोन्नति भइसक्नुपर्छ ।

युएनले भन्दैमा स्तरोन्नति गर्नुपर्ने वा हुनुपर्ने भन्दा पनि हामीलाई किन आवश्यक छ भन्ने विषय प्राथमिकतामा राखिनुपर्ने हो । युएनले आफ्ना सदस्य राष्ट्रलाई एउटा मुभमेन्टबाट सञ्चालन गरिरहेको छ र अन्तर र्राष्ट्रिय फोरमहरूमा न्यायका लागि बोल्ने, प्रजातन्त्रका लागि बोल्ने संस्थाका रूपमा युएनको आफ्नै महत्व छ । तर, युएनले निर्धारण गरेका सूचक पूरा गरिसकेपछि र हामी विकासशील मुलुकमा स्तरोन्नति हुँदा पाउने फाइदा के हो भन्ने कुरामा पनि हामी स्पष्ट हुनुपर्छ । विकासशील मुलुक भइसकेपछि हामीले डब्लुटिओबाट पाउने व्यापारसम्बन्धी सुविधा के हुन् र हामीले के गुमाउँछौं र के पाउँछौं भन्ने खोजिनीतिको विषय हो । अरू सार्क, बिमस्टेकलगायत फ्रेमवर्कभित्रको व्यापार र अन्तरदेशीय सम्झौताका आधारमा हुने व्यापारमा हामी विकासशील मुलुकमा स्तरोन्नति हुँदा त्यसको असर देखिँदैन । मुख्य भनेको डब्लुटिओले दिइरहेका सुविधाका विषय हुन् । व्यापारसँग सम्बन्धित अन्तरदेशीय सम्झौताको कुरा गर्दा के भारतले नेपालसँगको व्यापारमा डब्लुटिओका प्रावधान मान्छ त ? अथवा सार्क, बिमस्टेकजस्ता क्षेत्रीय र बहुपक्षीय सम्झौताले पनि अल्पविकसित र विकासशील देशका रूपमा कुनै निश्चित सेवा सुविधा पाउने भन्ने विषय चिन्दैन ।

विकासशील मुलुकमा स्तरोन्नति हुँदा डब्लुटिओले दिइरहेका कम्प्लाएन्स हामी गुमाउँछौ । विकासशील मुलुकलाई डब्लुटिओले अतिकम विकसित मुलुकलाई जस्तो सुविधा दिँदैन । यसकारण स्तरोन्नतिपछि अन्तर्राष्ट्रिय बजारले नेपाललाई फरक तरिकाले हेर्छ भनेर हामीले बुझ्न जरूरी छ । व्यापारमा पाउने सुविधा नपाए पनि स्तरोन्नतिबाट हुने फाइदा भनेको प्रत्यक्ष वैदेशिक लगानीबाट हो । स्तरोन्नति हुँदा वैदेशिक लगानीका लागि वातावरण बन्छ । किनकि, आन्तरिक लगानी वातावरण र अर्थतन्त्रका विभिन्न आयाम सुदृढ भएका कारण नै हामी स्तरोन्नति हुने हो ।

नेपालले अहिले स्तरोन्नति हुन्न भन्न पाउँछ कि पाउँदैन भन्ने पनि प्रश्न छ । युएनको विज्ञ समूहले स्तरोन्नतिका लागि अनुमोदन गरेर नेपाललाई संकल्प गराइसकेको अवस्थामा हामीले गर्नुपर्ने काम के भनेर खोज्न जरूरी छ । यसरी स्तरोन्नति हुँदा व्यापारमा पाइरहेका सुविधा कटौती हुन्छ भनेर स्पष्टसँग भनेको छ । अब हामीले स्तरोन्नतिपछि हाम्रो प्रतिस्पर्धी क्षमता कुन वस्तु तथा सेवामा कहाँनेर छ भनेर खोज्ने कि नखोज्ने ? तर सरकार र निजी क्षेत्र दुवैले अहिलेसम्म पनि स्पष्टरूपमा अहिले अल्पविकसित मुलुक हुँदा के फाइदा पाइरहेको थियो र विकासशील हुँदा के पाउँछ भनेर भन्न सकेका छैनन् ।

अहिले अर्थतन्त्रमा देखिएको विदेशी मुद्रा सञ्चितिको सोझो सम्बन्ध वैदेशिक व्यापारसँग पनि छ । अहिले आयात निकै बढेका कारण विदेशी मुद्रा सञ्चिति घटेर त्यसले अर्थतन्त्रका अरू सूचकलाई पनि प्रभावित तुल्याएको छ । मुद्रा सञ्चिति बढाउन हामीले गरिराखेको भनेको कि वस्तु तथा सेवाको निर्यातबाट हो भने कि जनशक्ति निर्यातबाट हो । त्यसमा पछि ठूलो अंश त रेमिट्यान्सले नै धानिरहेको छ । तर, पछिल्लो समय रेमिट्यान्स मात्रले धानेन । रेमिट्यान्स पनि बैध तरिकाले आइरहेको छैन ।

उपभोग बढेसँगै आयात पनि बढिरहने तर डलर सञ्चिति नबढ्ने हो भने त हामी समस्यामा जान्छौं । हामीसँग डलर पो नभएको त, नत्र हामी महँगा गाडी र विलासिताका वस्तु खरिद गरिरहेकै छौं । अब हामीले हेर्नुपर्ने कुरा के हो भने के हाम्रो आवश्यकता महँगा गाडी र मदिरा हो त ? पक्कै होइन । हामीलाई त औषधी र मेडिकल उपकरण चाहिएको छ । महँगा गाडी किन्दै जाँदा हामी अलि धेरै मूल्य पर्ने उच्च प्रविधिको मेडिकल उपकरण नै किन्न नसक्ने अवस्थामा त पुग्दैनौं ? मुख्य प्रश्न यो हो ।

आपूर्ति शृङ्खला बजारले निर्धारण गर्छ भन्ने मान्यता राखिन्छ । तर, यसमा राज्यको नियमनकारी र निजी क्षेत्रको कार्यन्वयनकारी भूमिका खोज्नु अहिलेको आवश्यकता हो । सँगसँगै अन्तर्राष्ट्रिय कानुन, सन्धि सम्झौताले के भन्छन् र तिनको प्रयोगबाट कसरी अधिकतम लाभ लिने भन्ने सवालमा हामी चुक्न हुन्न । विश्व खाद्य संगठनका प्रावधान निर्यातक मुलुकलाई बढी सहयोगी र काम लाग्ने हुन्छन् । निर्यात गरेर बाहिर पठाउँदा त्यसमा कुनै प्रकारको रोक लाग्छ कि लाग्दैन भनेर डब्लुटिओको प्रावधानले के भन्छ भनेर हेर्न जरूरी छ । डब्लुटिओको व्यवस्थाले बढी वस्तु निर्यात गर्ने देशलाई फाइदा गर्ने हो । यदि हामी निर्यात नबढाउने र लाभ लिन नसक्ने हो भने स्तरोन्नति हुने वा नहुने विषयमाथि बहस गर्नुको कुनै तुक छैन ।


BAJAJ
UNADULTERATED
THRILL
pulsar
N250
INTRODUCTORY PRICE
Rs. 4,89,900/-
pulsar
N160
INTRODUCTORY PRICE
Rs. 3,79,900/-
INTRODUCING THE ALL NEW
N250 AND N160 WITH
ABS
BSVI
COMPREHENSIVE
5 YEAR
WARRANTY
ADVANCED 250CC, 4-STROKE FUEL INJECTED ENGINE
NITROX MONOSHOCK SUSPENSION
300 MM FRONT AND 230 MM REAR, BIGGER-DISC BRAKES
BI-FUNCTIONAL PROJECTORS LED HEAD LAMP
SOLE DISTRIBUTOR FOR NEPAL
Hansraj Hulaschand & Co Pvt. Ltd.
/PulsarNepal
/PulsarNepal
/Company/Golchhagroup
For more information about your nearest dealer please contact.
HELPLINE
166001 75555
98015 75555

# घरजग्गा कारोबार बढ्दा मात्र अर्थतन्त्र चलायमान

**काठमाडौंका लागि अफोर्डेबल घर भनेको त १ करोड वा सवा करोड रुपैयाँसम्मका घर नै हुन् । तर, अहिले यो मूल्यमा चार आना जग्गा पनि आउँदैन । घर कहाँबाट आउँछ ?**



**इच्छाबहादुर वाग्ले**

नेपालको अर्थतन्त्रमा संकट आउनुका कारण धेरैले घरजग्गा क्षेत्रलाई मानिरहेका छन् । तर, सत्य त के हो भने जब-जब घरजग्गा कारोबार बढ्छ, अर्थतन्त्र झन धेरै चलायमान हुन्छ ।

सरकारले घरजग्गा कारोबारबाट उठ्नुपर्ने जति राजस्व उठाउन सकेको छैन । र, पनि अहिले भन्सारपछि सबैभन्दा धेरै राजस्व आउने क्षेत्र घरजग्गा नै हो । वर्षेनि ६० अर्ब रूपैयाँभन्दा बढी घरजग्गा कारोबारबाट मात्रै राज्यले राजस्व पाउँछ ।

तर, अहिले घरजग्गा कारोबार ५० प्रतिशतभन्दा बढी घटेको छ । एकै महिनामा ७०/८० हजारसम्म घरजग्गा किनबेच हुन्थे । अहिले ३०/४० हजारमा सीमित भएका छन् । कारोबार घट्दा अर्थतन्त्र चलायमान हुन सकेको छैन । सबैले २ आना, ४ आना जग्गा कित्ताकाट गरेर बेच्न पाएको भए पैसाको लेनदेन बढ्ने थियो । भूउपयोग नियमावली कार्यान्वयन गर्ने भन्दै कित्ताकाट रोकिँदा यसले घरजग्गा कारोबार मात्रै घटाएन, अर्थतन्त्रमा झन् धेरै चाप पार्‍यो ।

यदि यसलाई व्यवस्थित गरेर सरकारले कम्पनीमार्फत घरजग्गा किनबेच गर्ने, घरजग्गा ब्रोकिङ गर्नेलाई अनुमतिपत्र दिने, करको दर घटाएर दायरा बढाउने काम गरिदिएको भए राज्यले अहिलेको भन्दा तेब्बर राजस्व संकलन गर्न सक्ने अवस्था थियो ।

अर्थतन्त्रमा सुधार भएर घरजग्गा कारोबार बढ्ने होइन, घरजग्गा कारोबार बढेपछि मात्रै अर्थतन्त्र चलायमान हुने हो । यो कुरा सरकारले बुझेर कारोबार सहज बनाएको ३/४ महिनामै अर्थतन्त्रमा सुधार देखिन्छ ।

घरजग्गा व्यवसाय विश्वको पाँचौं ठूलो उद्योग हो । यसलाई पूरै बेवास्ता गरेर वा यो उद्योगलाई पेलेरै जाने भन्ने कुराले राज्यलाई फाइदा गर्दैन ।

विश्व मानचित्रमा पहिलो ठूलो व्यवसायमा खाद्यान्न व्यवसाय छ । दोस्रोमा सूचना प्रविधि, तेस्रोमा शिक्षा र चौथोमा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित व्यवसाय छ । पाँचौ नम्बरमा 'रियलस्टेट' (घरजग्गा) आउँछ ।

गाँस, बास, कपास, शिक्षा र स्वास्थ्य पाइसकेपछि सबैलाई सुरक्षित आवास चाहिन्छ । त्यो भनेको एउटा घरको सपना हो । घरको आवश्यकता निरन्तर हुने कुरा हो । त्यसैले यसको माग कहिल्यै पनि घट्ने देखिँदैन ।

रियलस्टेट व्यवसाय भनेको सिमेन्ट, डन्डी, हार्डवेयर, बिजुली लगायत दर्जनौं किसिमका उद्योगका सामान खपत गर्ने सहायक व्यवसाय पनि हो । हरेक किसिमका उद्योगको उत्पादन हाउजिङ र अपार्टमेन्टले खपत गरिरहेका छन् । हरेक उद्योगको ३० देखि ३५ प्रतिशत उत्पादन हाउजिङ र अपार्टमेन्टले मात्रै खपत गर्ने तथ्यांक छ । यसरी यति धेरै उत्पादनमूलक



उद्योगको उत्पादन खपत गर्ने घरजग्गा उद्योगलाई सरकारले अनुत्पादक उद्योग भन्न मिल्दैन ।

हरेक व्यक्ति ब्रोकर नभई संस्थागत गरे व्यवस्थित

अहिले हरेक मान्छे रियलस्टेट ब्रोकर छन् । जुनसुकै व्यवसाय वा पेसामा लागेको मान्छे पनि रियल इस्टेटमा ब्रोकर छन् । कोही आफैं किनबेचमा संलग्न छन्, कोही मान्छे ल्याइदिएर कमिसन लिने पनि छन् । यसमा अहिले ब्रोकर हुन कुनै योग्यता अनुभव चाहिँदैन । यसमा पनि योग्यता र अनुभव चाहिन्छ भनेर सरकारले तोकिदिनुपर्छ । त्यति गर्ने हो भने अप्रत्यासित मूल्यवृद्धि पनि हुँदैन, व्यवस्थित पनि हुन्छ ।

तर यहाँ त अहिले डाक्टर, शिक्षक, पान पसलेदेखि ठुल्ठूला व्यवसायी पनि रियलस्टेटमा संलग्न छन् । यसले गर्दा मूल्यवृद्धि नियन्त्रण हुन सकेन । किनेको मूल्यभन्दा कममा नबेचेपछि त मूल्य बढ्ने नै भयो । त्यसैले यसलाई व्यवस्थित गर्ने र मूल्यवृद्धि नियन्त्रण गर्ने काम व्यवस्थित हाउजिङ र अपार्टमेन्ट विकास गर्ने संस्थाले मात्र गर्न सक्छन् ।

सरकारले हाउजिङ, अपार्टमेन्ट विकास गर्ने संस्था र हुँदै नभएको जग्गा देखाएर सिधासाधा सर्वसाधारणको पैसा खाइदिने ठगहरूलाई एउटै नजरले हेर्छ । यसले गर्दा पछिल्लो समय हाउजिङ र अपार्टमेन्ट विकास गर्ने व्यक्ति र कम्पनी यो व्यवसायबाट बिस्तारै अन्य व्यवसायमा पलायन भएका छन् । घरजग्गा क्षेत्र अहिले लगामविहीन जस्तै छ । जसले जति सक्यो त्यति पैसा लिएर घरजग्गा किनबेच गरिरहेका छन् । यसले मूल्यवृद्धिलाई मात्रै बढवा दिइरहेको छ ।

नेपालमा हाउजिङ र अपार्टमेन्टको इतिहास

नेपालमा २०५५/५६ पछि मात्रै हाउजिङ निर्माण सुरू भएको हो । नेपालमा हाउजिङ र अपार्टमेन्ट दुवै बाहिरको अनुशरणबाट आएको थियो । विदेशमा जे जसरी हाउजिङ विकास गरिन्थ्यो त्यसैको सिको गरेर नेपालमा पनि सुरुवात भएको हो । हाउजिङसँगै अपार्टमेन्ट पनि त्यही 'डुप्लिकेसन' अनुसार सुरुवात भएका हुन् । तर, हाम्रा हाउजिङ र अपार्टमेन्ट सहर केन्द्रित भए । यसको पनि एउटा कारण छ । सहरमा भए सजिलै बिक्री हुन्छ । सहरभन्दा बाहिर गए त्यसलाई बिक्री गर्न वर्षौं लाग्न सक्छ ।

सहर बाहिर पनि पूर्वाधार राम्रो भइदिएको भए हाउजिङ र अपार्टमेन्ट सहर केन्द्रित नहुन पनि सक्थे । तर, सरकारले न्यूनतम पूर्वाधार नै बनाइदिएन । सहर बाहिर पनि सरकारले बाटो, बिजुली, ढल, यातायात पुऱ्याइदिएको भए त काठमाडौंको चक्रपथबाट ५/१० किलोमिटर पर जानु टाढा होइन । तर, पूर्वाधार नबनेपछि रिङरोडलाई प्यारामिटर बनाएर हाउजिङ बनाउनेले पनि त्यहीभित्र बनाए । किन्ने मान्छे पनि त्यहीभित्र केन्द्रित भए ।

अहिले सहर बाहिर केही विकास हुन त खोजेको छ । तर, अझै पनि व्यवसायीहरु मैले ५/१० किलोमिटर बाहिर गएर हाउजिङ/ अपार्टमेन्ट बनाएँ भने मेरो प्रपर्टी बिक्री हुन्छ कि हुँदैन भन्ने तनावै तनाव लिएर बनाउँछन् । उनीहरु ठूलो जोखिम

महसुस गरेर लगानी गरिरहेका हुन्छन् । त्यो जोखिम महसुस गर्नुको कारण बाहिरतिर कुनै पनि पूर्वाधार नबनेर नै हो ।

बाहिरी चक्रपथको कुरा आयो, त्यत्तिकै सेलायो । स्मार्ट सिटी बनाउने भनेर वर्षौं जग्गा रोक्का राखेर अन्त्यमा कुनै पूर्वाधार नबनाएरै फुकुवा गरियो । यस्ता कुराले रिङरोड बाहिर हाउजिङ/अपार्टमेन्ट जान सकेनन् ।

उपत्यका अझै पनि ठूलै छ । हाउजिङ/अपार्टमेन्टलाई सहरबाट १० किलोमिटर बाहिर लिए पनि हुन्छ । त्यसका लागि त्यहाँ सरकारले सम्पूर्ण पूर्वाधार पुऱ्याइदिनुपर्छ ।

अहिले उपत्यकाभन्दा बाहिर पनि हाउजिङ/अपार्टमेन्ट बन्न सुरू भएका छन् । पोखरा, चितवन, इटहरी, विराटनगर, भैरहवा लगायत सहरमा हाउजिङ/अपार्टमेन्ट बन्न सुरू भएका छन् । तर, अझै पनि घरजग्गा व्यवसायी र खरिदकर्ता दुवैलाई के दुविधा छ भने प्रदेश सरकार रहन्छ कि रहन्न, भोलि प्रदेश राजधानी नै पो सर्ने हो कि भन्ने छ । यसले गर्दा उपत्यका बाहिर सोचे जसरी हाउजिङ/अपार्टमेन्ट विकास हुन सकेका छैनन् ।

जस्तो, लुम्बिनी प्रदेशको राजधानी बुटवल भयो भनेर घरजग्गा व्यवसायीले केही लगानी गरे । तर, बुटवलको राजधानी दाङमा सारिदिँदा बुटवलमा गरिएको लगानी जोखिममा पऱ्यो । त्यहाँका व्यवसायीले असुरक्षित महसुस गरे, धराशयी भएको महसुस गरे । यस्तो अरु प्रदेशमा पनि हुन्छ कि भन्ने डर व्यवसायीलाई छ ।

अहिले उदाएका केही राजनीतिक दलले प्रदेश चाहिँदैन भन्ने सन्देश दिएका छन् । भोलि उनीहरुको बहुमत आयो भने प्रदेशको भविष्य झनै असुरक्षित हुन्छ । यस्तो अवस्थामा उपत्यका बाहिर तत्काल थप लगानी गरिहाल्ने सम्भावना कम हुँदै गएको छ ।

## काठमाडौंमा १ करोडसम्मको घर अफोर्डेबल

अहिले काठमाडौं उपत्यकामा घरको औसत मूल्य अढाइ करोड रूपैयाँ पुगिसकेको छ । तर, मान्छेको आम्दानीको स्रोतले १ करोड रूपैयाँभित्रको घरमात्रै किन्न पुग्छ । नियमसम्मत कमाएर घर किन्ने हो भने १ करोड रूपैयाँभन्दा कम मूल्यको घर हुनुपर्छ । अहिले मानिसको आम्दानी र घरको मूल्यको हिसाब नै मिल्दैन । त्यसैले अहिले कुनै पनि घर 'अफोर्डेबल' छैनन् भन्दा हुन्छ ।

एउटा व्यक्तिको आम्दानीको स्रोतले १ करोड रूपैयाँभित्रको घर किन्न मात्रै पुग्छ । तर, उसले काठमाडौंमा २ करोड ५० लाख घटीमा घर किन्नै पाउँदैन । बाँकी १ करोड ५० लाख रूपैयाँ कहाँबाट ल्यायो ? काठमाडौंका लागि अफोर्डेबल घर भनेको त १ करोड वा सवा करोड रूपैयाँसम्मका घर नै हुन् । तर, अहिले यो मूल्यमा चार आना जग्गा पनि आउँदैन । घर कहाँबाट आउँछ ?

सरकारको पछिल्लो नीतिले त अहिले ४ आना २ दाम भन्दा घटी जग्गा कित्ताकाट गर्न पनि पाइँदैन । तीसौं, चालिसौं वर्षदेखि २ आना २ पैसा सम्म कित्ताकाट गर्न दिने अनि अहिले आएर एकैपटक ४ आना २ दाम घटी कित्ताकाट गर्न नदिने भनिदिँदा ४ आना जग्गा किन्न त अहिले १० किलोमिटर बाहिर जानुपर्छ । त्यहाँ पनि सामान्य मान्छेलाई ४ आना जग्गा जोड्नै हम्मे पर्छ । सामान्य मान्छेले काठमाडौंमा घर किन्ने सपना नै छाडिसके ।

अहिले आउने रेमिट्यान्समध्ये ३० देखि ३५ प्रतिशत घरजग्गामा लगानी हुन्छ । गाउँबाट बजार झर्छन्, बजारबाट सहर । रेमिट्यान्सलाई घरजग्गामा आउन निरूत्साहित गर्नुहुँदैन । यसले अर्थतन्त्र चलायमान बनाउन मद्दत नै गरेको छ ।

## प्रविधि प्रयोगले सस्तो आवास

अहिले विभिन्न प्रविधि आएका छन् । जसले सहज र सरल तरिकाले सस्तो आवास बनाउन सकिन्छ । नेपालीहरु विदेशी प्रविधिमा अभ्यस्त छैनन् । हामी धेरैजसो चिनियाँ प्रविधिमा निर्भर छौं । अब त्यसलाई अलिकति 'मोडिफाइ' गरेर सस्तो आवास बनाउन सक्छौं ।

जापानी प्रविधिलाई हामीले अफोर्ड गर्न सकेका छैनौं । चिनियाँ प्रविधिसँग धेरै विश्वास छैन । त्यसैले यसको बीचको बाटो समातेर काम गर्ने हो भने यो सहज र सरल हुनसक्छ ।

अहिले धेरै देशमा यस्तो प्रविधि प्रयोगमा आएको छ । कोरिया, जापान, चीन र भारतमा यस्ता प्रविधि धेरै प्रयोगमा छन् । यिनै प्रविधि 'फ्युजन' गरेर नेपाली माटो सुहाउँदो प्रविधि विकास गर्ने हो भने भविष्यमा यस्ता घरको माग उच्च हुने देखिन्छ । किनभने, यस्ता घर सस्तो पनि हुन्छ, भोलि अर्कै ठाउँमा बस्न मन लाग्यो भने घर उठाएर अर्कै ठाउँमा लैजान पनि सकिन्छ ।

> **नेपालीहरु विदेशी प्रविधिमा अभ्यस्त छैनन् । हामी धेरैजसो चिनियाँ प्रविधिमा निर्भर छौं । अब त्यसलाई अलिकति 'मोडिफाइ' गरेर सस्तो आवास बनाउन सक्छौं ।**



आफ्नो लागि मात्र ?
सानिमा
फेमिली सुपरसेभिङ्ग खाता
होइन नि, सबै परिवारका लागि !
नेपालमा पहिलो पटक
अस्पताल भर्ना खर्च भुक्तानी गर्नै नपर्ने,
सानिमा बैंकमा खाता खोल्दा
रू. १ लाख सम्मको उपचार बीमा
बीमा प्रदायक
सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
SIDDHARTHA INSURANCE LIMITED
MetLife
उच्च ब्याजदर
रू. ५ हजारको वार्षिक स्वास्थ्य परीक्षण सुविधा
रू. १० लाखको दुर्घटना तथा रू. ३ लाखको ६ घातक रोगहरूको बीमाका साथै विविध बीमा सुविधा
ATM बाट निःशुल्क नगद झिक्न सकिने (VISA)तथा अन्य थुप्रै सुविधाहरू
For more details, please scan
विस्तृत जानकारीका लागि ९८०११९०११९ मा सम्पर्क गर्नुहोला ।
सानिमा बैंक
Connect with us

NIC ASIA
एन आई सी एशिया बैंक लि.

# ४ जनालाई ५ वर्षसम्म कुल रू. ८४ लाख सम्मको बीमा सुनिश्चित गर्ने सर्वश्रेष्ठ बचत खाता



सर्वश्रेष्ठ
बचत खाता

एउटै खातामा प्राप्त गर्नुहोस् सर्वश्रेष्ठ ब्याजदरको साथमा २४ सर्वश्रेष्ठ फाइदाहरु।

## ३ बीमा सम्बन्धी फाइदाहरू
५ वर्षको लागि नि:शुल्क:

- रु. ४० लाखसम्मको घातक रोग बीमा
- रु. ४० लाखसम्मको दुर्घटना बीमा
- रु. ४ लाखसम्मको औषधी उपचार बीमा
  (ओपिडीमा रू. ८० हजार र हस्पिटल भर्ना खर्च रू. ३ लाख २० हजार)

## ३ कर्जा सम्बन्धी फाइदाहरू:

- ब्याजदरमा विशेष सहुलियत
- प्रशासनिक शुल्कमा विशेष सहुलियत
- पूर्व स्वीकृत कर्जा सुविधा

## १८ अन्य फाइदाहरू
५ वर्षको लागि नि:शुल्क:

- ५ वर्षसम्म नि:शुल्क डेबिट कार्ड/मोबाइल बैंकिङ्ग/इन्टरनेट बैंकिङ्ग
- नि:शुल्क लकर सुविधा
- देशभरी रहेका कुनै पनि बैंकको कुनै पनि एटिएमबाट रकम निकाल्न शुल्क नलाग्ने
- स्वीप इन स्वीप आउट सुविधा
- अन्य सर्वश्रेष्ठ फाइदाहरु

सर्वश्रेष्ठ वार्षिक ब्याजदरको साथमा

*शर्तहरु लागू हुनेछन् ।

विस्तृत जानकारीका लागि SBK टाइप गरी ३४४८८ मा SMS पठाउनुहोस् ।

www.nicasiabank.com

Customer Care: 1660-01-77771, 01-5970101

बैंक पनि, साथी पनि
राम्रो पनि, हाम्रो पनि

# अरूभन्दा सामाजिक सुरक्षा कोष अब्बल

**औपचारिक क्षेत्रका १७ हजार ४ सय संघसंस्थाबाट ३ लाख ७५ हजार श्रमिक कोषमा समावेश भएका छन् । यसबाट करिब २६ अर्ब रूपैयाा योगदान रकम संकलन भएको छ ।**



**कपिलमणि ज्ञवाली**

सामाजिक सुरक्षा कोष स्थापना सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन) नियमावली, २०६७ जारी भई २०६७ चैत ७ मा भएको हो । यसले स्थापनाकालदेखि सामाजिक सुरक्षा कर व्यवस्थापन गर्दै आएकोमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि सोही बमोजिम काम गर्दै आएको छ ।

ऐनको प्रस्तावनामा उल्लेखित श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्नु तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्नु कोषका उद्देश्य हुन् । सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराइ उनीहरूको आर्थिक तथा सामाजिक जोखिम न्यूनीकरण गर्ने, सर्वव्यापी सामाजिक सुरक्षा अवधारणालाई मूर्तरूप दिने तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक सुनिश्चित गर्ने दिशातर्फ कोषका कार्यक्रम लक्षित छन् ।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराउन सक्ने व्यवस्था गरेको छ । जसले गर्दा कोषको कार्य क्षेत्र व्यापक बनेको छ ।

सोही ऐनको दफा १० मा औषधी उपचार तथा स्वास्थ्य सुरक्षा योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, बेरोजगार सहायता योजनाका अतिरिक्त कोषले तोकेका अन्य सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने छ भनी कोषले सञ्चालन गर्न सक्ने सामाजिक सुरक्षा योजनाका दायरा किटान गरिएका छन् । ऐनमा उल्लेखित सामाजिक सुरक्षा योजना सञ्चालन गर्न सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ कार्यान्वयनमा आएको छ ।

कोषले योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउन रोजगारदाता तथा श्रमिकको सूचीकरण गर्ने, योगदान रकम संकलन गर्ने, कोषमा जम्मा भएको रकम परिचालन गर्ने, सुविधा योजनाका दाबी भुक्तानी व्यवस्थापन गर्ने, कोषमा आबद्ध स्वास्थ्य संस्थाको सञ्जाल विस्तार गरी गुणस्तरीय र प्रभावकारी स्वास्थ्य उपचार पद्धतिमा पहुँच स्थापित गर्नेजस्ता कार्य गर्दै आएको छ । कोषले गर्ने कार्य सम्पादनलाई प्रविधिमैत्री बनाइ छिटो, छरितो र गुणस्तरीय सेवा प्रवाहमा जोड दिँदै आएको छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कोषबाट हुने व्यवस्था गरिएको सन्दर्भमा यस कोषअन्तर्गतका सामाजिक सुरक्षा योजनालाई अर्थतन्त्रका औपचारिक क्षेत्रका अतिरिक्त अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीका क्षेत्रमा विस्तार गरी योगदानमा आधारित सामाजिक सुरक्षालाई व्यापक र प्रभावकारी बनाउँदै यस प्रणालीलाई समतामूलक र समाजवादउन्मुख

अर्थतन्त्रको एक संवाहकका रूपमा स्थापित गर्न हामी लागिपरेका छौं ।

सामाजिक सुरक्षा कोष औपचारिक शुभारम्भको पाँचौं वर्षमा प्रवेश गरेको छ । पाँचौं वर्ष प्रवेश गरेता पनि हामीले कोषका योजना कार्यान्वयनमा ल्याएको साढे तीन वर्षमात्र भएको छ । अहिलेसम्म हामीले कार्यान्वयन गरेका योजना भनेका औपचारिक क्षेत्रका मात्रै हुन् । औपचारिक क्षेत्रका १७ हजार ४ सय संघसंस्थाबाट ३ लाख ७५ हजार श्रमिक कोषमा समावेश भएका छन् । यसबाट करिब २६ अर्ब रूपैयाँ योगदान रकम संकलन भएको छ । ७३ हजार जनाले विभिन्न चार योजनामा साढे २ अर्ब रूपैयाँबराबरको सुविधा लिइरहेका छन् ।

हामीले कोषमा जम्मा हुने रकम संकलन र योगदानकर्तालाई 'इनरोलमेन्ट' लगायत सबै प्रक्रिया बबरमहलबाट गर्दै आएका थियौं । हामीले अत्याधुनिक प्रविधिका साथै सूचना प्रविधिको सहयोगमा हामीसँग जोडिने र सेवा लिन चाहनेलाई नेपालभरिबाट नै अनलाइन सेवा लिन सक्ने गरी व्यवस्था मिलाएका छौं । सुरूवातमा सबै कुरा 'म्यानुअल पेपर भेरिफिकेसन' गरेरमात्र हुन्थ्यो भने अहिले 'पेपरलेस, क्यासलेस र फेसलेस सर्भिस' दिन सक्षम छौं । नयाँ संस्था भएका कारण हामीले केही नयाँ गरौं न भनेर यो व्यवस्था लागू गरेका हौं र यसले आमजनमानसमा निकै नै राम्रो प्रभाव पारेको छ । हाल सबै किसिमका योगदानकर्ता र संस्थाले आफ्नो कम्पनी तथा व्यक्तिगत अवस्था के कस्तो रहेको छ भनेर अनलाइनरूपमा नै हेर्न सक्छन् ।

समग्रमा योगदानमा आधारित विभिन्न संस्थाका उस्तै किसिमका ५० भन्दा धेरै अवकास कोष छन् । हामी सकेसम्म योगदानकर्ताका सुविधा थप गर्दै जाने र प्रविधिको उच्चतम प्रयोग गर्दै जाने लक्ष्य लिएका छौं । रकम संकलन र सम्बन्धितलाई भत्ता वितरण गर्न हामीले विभिन्न बै□ तथा वित्तीय संस्था तथा विभिन्न वालेटसँग सहकार्य गरेका छौं । जसको फलस्वरूप अहिले हामीमार्फत सातै प्रदेशका कमसेकम पनि एक-एक अस्पतालमा अनलाइन सेवा दिन सक्ने भएका छन् ।

सेवाग्राहीले केही गुनासो गरेका कारण हामीले विभिन्न चरणमा सामाजिक सुरक्षा कार्यविधि पनि परिवर्तन गरेका छौं र यसले अहिले निकै राम्रो भूमिका खेलको पाएका



छौं । सेवाग्राहीलाई सुविधा होस् भन्ने हेतुले ६ वटा प्रदेशमा नयाँ सम्पर्क कार्यालय सुरू गरिसकेका छौं भने सुदूरपश्चिम प्रदेशमा केही समयभित्र सम्पर्क कार्यालय खोल्ने योजना छ ।

पछिल्लो समय हामीले कोषमा योगदान गर्ने योगदानकर्ता 'स्पाउस' (श्रीमान/श्रीमती) लाई समेत उपचार सुविधाको व्यवस्था गरेका छौं । त्यस्तै योगदानकर्तालाई विभिन्न १० किसिमका घातक रोग लागे भने १० लाख रूपयाँसम्मको उपचार कोषले गर्ने निर्णय भएको छ, जुन यसअघि थिएन र कोषको पहिलेका कार्यविधिमा पनि समेटिएको थिएन । त्यस्तै कोषमा आवद्ध भएकाका सन्तति जो विभिन्न ६ विधामा स्नातक तहमा पढ्छन् । हामीले हरेका प्रदेशबाट १२ जनालाई ५ लाखसम्मको छात्रवृत्ति दिने निर्णय भएको छ जुन अरु कुनै पनि यस किसिमका कोषमा छैन ।

"

सामाजिक सुरक्षा कोष नेपाल सरकारको कानुनले निर्दिष्ट गरेको कोष हो र यहाँ कुनै किसिमको हिनामिना हुँदैन र यसको ग्यारेन्टी सरकारले लिन्छ ।

## अहिलेको अवस्था

कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोषले यसअघि नै धेरै किसिमका सेवा सुविधा दिइराखेका छन् । हामी पनि सामाजिक सुरक्षा क्षेत्रमा नवीन तथा युगान्तकारी परिवर्तन गर्न स्थापित भएका कारण केही नयाँ गर्न चाहिरहेका छौं र प्रयास पनि भइरहेको छ । जस्तो, बैक तथा वित्तीय संस्था, सरकारी तथा गैरसरकारी संस्था, बिमा कम्पनी तथा संस्था, व्यापारिक क्षेत्रका संघसस्था तथा निजी विद्यालयलगायत संस्था हामीले हाम्रो

कोषमा ल्याउन धेरै पहल गरेपछि सफलता मिलेको छ । हामीले सबै किसिमका क्षेत्र समेट्ने भनेर लागिपरेका छौं तर हालसम्म केही प्राविधिक कारण प्रयासमा केही बाधा छ तर अबको केही समयभित्रै सबै क्षेत्रलाई सामाजिक सुरक्षा कोषमा समेट्ने छौं ।

## कोषका अवसर

सामाजिक सुरक्षा कोषमा जाँदा नागरिक लागनी कोष तथा कर्मचारी सञ्चय कोषले जे जति सुविधा दिइरहेका छन् त्यो सबै हामी एकद्वार प्रणालीमार्फत दिन सक्ने भएका छौं । कामका बेला हुने दर्घटनामा लाग्ने सम्पूर्ण खर्च, अशक्तता खर्च तथा त्यस्तो किसिमको दुर्घटनामा दिइने आजीवन अशक्तता भत्ता हामीले व्यवस्था गरेका छौं । त्यस्तै केही गरी कामको सिलसिलामा योगदानकर्ताको मृत्यु भए उसको आश्रित परिवारलाई उसको तलबबराबर नै भत्ताको व्यवस्था गरेका छौं । वास्तवमा भन्नुपर्दा अवकाश कोषभन्दा योगदानमा आधारित कोषको धेरै नै महत्व छ र यसले व्यक्तिको जीवन रहुन्जेल त सेवा दिन्छ नै मृत्यु भइसकेपछि पनि उसको आश्रित परिवारलाई पढाइमा तथा जीवन वृत्तिका लागि चाहिने आधारभूत कुराको प्रत्याभूति दिलाउने काममा पनि यस कोषले निकै सहयोग गर्छ ।

सामाजिक सुरक्षा कोष नेपाल सरकारको कानुनले निर्दिष्ट गरेको कोष हो र यहाँ कुनै किसिमको हिनामिना हुँदैन र यसको ग्यारेन्टी सरकारले लिन्छ । योगदान गर्ने व्यक्ति तथा संस्थाको जिम्मेवारी सरकार आफैंले लिने भएकाले यस कोषको विषयमा सरोकारवाला सबै निकाय तथा संस्था निश्चिन्त भएर बस्न म अनुरोधसमेत गर्छु । जस्तो, अन्तर्राष्ट्रिय अभ्यास हेर्ने हो भने रोजगारदाता र श्रमिकमा एक किसिमको विश्वासको वातावरण पैदा हुने र प्रडक्टिभिटि पनि बढ्ने भनेर विभिन्न अन्तर्राष्ट्रिय अध्ययनले देखाएका छन् । यहाँ मुख्यगरी श्रमिकको हक सामाजिक सुरक्षा कोषले लिने भयो, रोजगारदाताको जिम्मेवारी पनि कोषले लिने भइसकेपछि श्रमिक र रोजगारदाताबीच कहिल्यै पनि असमझदारी पैदा हुने भएन । यो भनेको सबैलाई फाइदाको कुरा हो र श्रमिकले पनि म सबैतिरबाट सुरक्षित छु भनेर भन्न सक्ने अवस्था सिर्जना हुनु हो । कोषले यस कुरामा अधिकतम ध्यानदृष्टिले काम गरिरहेको छ ।

> कामका बेला हुने दर्घटनामा लाग्ने सम्पूर्ण खर्च, अशक्तता खर्च तथा त्यस्तो किसिमको दुर्घटनामा दिइने आजीवन अशक्तता भत्ता हामीले व्यवस्था गरेका छौं ।

## अनौपचारिक क्षेत्रमा प्रवेश गर्दैछौं

अहिलेको हाम्रो सवैभन्दा ठूलो चुनौती भनेको अनौपचारिक क्षेत्रमा रहेका व्यक्तिलाई कसरी यस कोषमा ल्याएर आबद्ध गर्ने भन्ने नै हो । यसमा हामीले कार्यविधिमा संशोधन गरेर बोर्डबाट स्वीकृत गर्ने चरणमा प्रवेश गरिसकेकाले अब चाँडै अनौपचारिक क्षेत्रका व्यक्तिलाई यस कोषमा ल्याएर अझ यसको दायरा फराकिलो पार्ने योजनामा लागिसकेका छौं । त्यस्तै अर्को महत्यपूर्ण क्षेत्र भनेको वैदेशिक रोजगारीमा जाने श्रमिकको सवाल पनि हो । सर्सर्ती हेर्दा वैदेशिक रोजगारीमा जाने श्रमिकमध्ये कोही घाइते, कोही अंगभंग तथा मृत्यु नै हुने गरेको देखिएको छ र हामीले यस क्षेत्रलाई र अनौपचारिक क्षेत्रका श्रमिकलाई यसै वर्षदेखि कोषको दायरामा ल्याउने गरी काम गरिराखेका छौं ।

योगदानकताले अरु कोषसँग तुलना गरेर त्यहाँको भन्दा धेरै के पाउँछौं भन्ने किसिमले सोचिरहेको हामी पाउँछौं । म निर्धक्कसाथ भन्छु कि अन्य कोषभन्दा सामाजिक सुरक्षा कोष सबै किसिमले अब्बल र भरोसायुक्त छ । अर्को सामाजिक सुरक्षा साक्षरता पनि कम भएका कारण हामीले यस विषयमा पनि धेरैभन्दा धेरै काम गरेर अगाडि बढ्नुपर्ने आवश्यकता छ ।

त्यस्तै श्रम ऐनले व्यवस्था गरेका आधारभूत तहको तलब सतप्रतिशत दिनुपर्ने प्रावधान रहेकोमा केही साना रोजगारदाताले यो कार्यान्वयनमा समस्या हुने भनेर गुनासो गरेका छन् । यसलाई पनि समयसापेक्ष संशोधन गर्नुपर्ने देखिएको छ । त्यस्तै अनौपचारिक क्षेत्र, वैदेशिक रोजगारको क्षेत्र तथा हाम्रो सेवालाई सूचना प्रविधिमैत्री बनाउने तथा सामाजिक सुरक्षा कोष तथा विभिन्न अस्पताललाई तिनीहरूले दिने सेवा तथा सुविधामा उच्चतम सहजता दिन सक्नु नै अबको कोषको चुनौती हो ।

## अबको बाटो

अबका दिनमा हामी अहिले भएको कार्यविधि तथा नीति नियमलाई गर्नसक्ने परिवर्तन गरेर अगाडि बढ्ने गरी काम गरिराखेका छौं । सेवाग्राहीलाई सामाजिक सुरक्षा कोषबारे जनचेतनाका कार्यक्रम अगाडि ल्याएर अझै धेरै काम गर्नुपर्ने छ । सेवाग्राहीका गुनासा धेरै आइरहन्छन् र त्यसलाई सम्बोधन गर्न व्यावसायिक व्यक्ति तथा संस्थामार्फत कलसेन्टर र प्रविधिमैत्री सामाजिक सुरक्षा कोष अगाडि बढाउन हामी धेरै नै प्रयत्नरत छौं । सबै किसिमका सेवा डिजिटल भए पनि सेवाग्राहीले केही कुरा स्थानीय तहमा नै खोज्ने गरेको देखियो । त्यही भएर हामी सबै प्रदेशमा सम्पर्क कार्यालय खोल्ने गरी अगाडि बढिसकेका छौं भने अब सुदूरपश्चिम प्रदेशमा मात्र बाँकि छ । साथै, सामाजिक सुरक्षाका कार्यक्रम यो कोषको मात्र नभई विभिन्न ट्रेड युनियन, सरोकारवाला सबै तथा सरकारसमेतको काम भएका कारण हामी सबैसँग समन्वय गरेर अगाडि बढिरहेका छौं ।

*(ज्ञवाली सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक हुनु ।)*




## जीवन सहज बनाई दिने 'आफ्नैले त हो नी !

**विशेषताहरू:**

- २० हजार देखी ५ लाख सम्मको Credit Limit
- नेपाल, भारत र भुटानमा चल्ने
- प्रतिष्पर्धी बजारमा सस्तो ब्याजदर
- आफ्नो खातामा पैसा नभए पनि Limit अनुसार आर्थिक कारोबार गर्न सकिने




आफ्नो भनेको आफ्नै हुन्छ

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय, सिंहदरबारप्लाजा, काठमाण्डौ
फोन: ९७७-१-४२५-२५९५ । फ्याक्स: ९७७-१-४२५-२९३१ । rbb.info@rbb.com.np । www.rbb.com.np

# नेपालको अर्थतन्त्र मौद्रिक भइसकेको छैन

राज्यले कुनै एउटा क्षेत्रमा ठूला राजमार्ग बनाउँदैमा रेल विस्तार गर्दैमा आर्थिक वृद्धि हुन्छ भन्ने हुँदैन । हामीले जिडिपीका आधारमा आर्थिक वृद्धि मापन गरिरहेका छौं । त्यसलाई परिवर्तन गर्नुपर्छ ।



केवलप्रसाद भण्डारी

नेपाल श्रीलंका हुन्छ भनेर लामो समयसम्म बहस भए । श्रीलंकाको अर्थतन्त्र केही कमजोर देखियो । विकास पूर्वाधारको तुलनामा त्यति कमजोर थिएन । श्रीलंका राम्रै अर्थतन्त्र भएको देश हो । सन् १९६० को सुरुमा सिंगापुरका प्रधानमन्त्री लि क्वान युले आफ्नो चुनावी घोषणापत्रमा '२० वर्षमा सिंगापुरलाई सिलोन बनाउँछु' भनेर लेखेका थिए । यसले के देखाउँछ भने श्रीलंका राम्रै अर्थतन्त्र भएको देश हो ।

दक्षिण एसियामै श्रीलंका राम्रो देश हो तर उनीहरूकै व्यवस्थापनका कारण कमजोर भयो । नेपाल श्रीलंका हुन्छ वा हुँदैन भनिरहँदा आर्थिक क्षेत्रका कुरामा मात्रै केन्द्रित भए । विकास समग्रमा आर्थिक क्षेत्रमात्रै होइन, राज्यको समग्र विकासलाई अगाडि बढाउन आर्थिक क्षेत्रले सहजीकरण गर्ने हो । अहिले अर्थतन्त्र सुधारात्मक देखिँदै गर्दा पनि धेरै राम्रो छैन ।

मेरो व्यक्तिगत तथा प्रशासनमा लामो समय काम गरेको आधारमा म आफैंले हेर्दा विकासको वितरणमा लामो समय आमनागरिकको अपेक्षा सेवा सुविधा जे पाउनुपर्ने हो त्यसआधारमा हामी कमजोर राज्यकै रूपमा छौं । शिक्षा, खानेपानी, स्वास्थ्य, अन्य सेवा सुविधा जसरी नागरिकले आफ्नो हकका रूपमा अथवा निश्चित मूल्य तिरेर प्राप्त गर्नुपर्छ । त्यो दिन नसकेकै कारण कमजोर अवस्था हो ।

विदेशी मुद्रा सञ्चिति कति छ, आयात कति भ्याउँछ भन्ने मात्रै हेरेर हुँदैन किनभने नेपालको अर्थतन्त्र त्यति धेरै मौद्रिक भइसकेको छैन । हाम्रा अनौपचारिक क्रियाकलाप अनौपचारिक व्यवहार नै अनौपचारिक अर्थतन्त्र रहन्छन् । जुन हाम्रो परम्परागत जीवन प्रणाली छ, त्यसबाट ठूलो जनसंख्याको हिस्सा बाहिर आएको छैन । त्यसैले मौद्रिक नीति ल्याएर विकासको गति अथवा बैंकिङ क्षेत्रलाई बदल्छु भन्ने सोच नै ठिक छैन किनभने मौद्रिक नीति यस्तो आउनुपर्‍यो कि आममानिसको गोजीमा पैसा कसरी पुग्छ भन्नुपर्‍यो ।

उसले आफू बाँच्न पैसा कमाउन सक्नुपर्छ । उसले बाटोमा उभिएर गाडी भाडा तिरेर काममा जान सक्छ कि सक्दैन, बेलुकाको खाना किन्न सक्छ कि सक्दैन, त्यसका लागि बजार कति व्यवस्थित छ ? सामानको मूल्य, त्यसमा लाग्ने करलगायत सबै नियन्त्रण गर्ने विषय छन् । त्यसैले समग्रमा मानिसले पाउने आधारभूत सेवा सुविधा समयमा स्तरीय नपाउनुको दृष्टिले हेर्दा हामी कमजोर अवस्थाकै देखिन्छौं ।

तर, यसबाट उठ्नु छ । उठ्नका लागि हामीलाई अवसर छ । एउटा नयाँ संविधानले केही आधारभूत अधिकार दिएको छ जसमा राज्यले काम गरिरहेको छ । अर्को, हामी अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएका छौं । यसका लागि हामीलाई ५० वर्ष लाग्यो ।

सन् १९७१ मा हामी अतिकम विकसित

मुलुकको सन्दर्भमा रहेर २०२१ सम्म यही वर्गमा रमाइरह्यौं । त्यसका फाइदा लियौं । अझै ४/५ वर्ष हामीलाई त्यो अवधि छ । त्यसबीचमा हामीले हाम्रो अर्थतन्त्रलाई सुधार गरेर विकासको सेवा सुविधा, आमनागरिकको अवस्था, आर्थिक जोखिम, मानवीय सम्पत्तिलगायतमा सुधार गऱ्यौं । अतिकम विकसितबाट स्तरोन्नति हुने विषयलाई पनि आर्थिकरूपमा खाली प्रतिव्यक्ति आयमा मात्रै हेऱ्यौं । तर, यसमा पनि तीन सूचक छन् । पहिलो प्रतिव्यक्ति आयलाई मात्रै हेर्दा दोस्रो आर्थिक जोखिम र तेस्रो मानवीय सम्पत्तिमा भने सुधार भएको हुँदैन । अहिलेको हाम्रो विकासको गतिले ती आर्थिक जोखिममा र मानवीय सम्पत्तिमा खासै ध्यान नदिएको देख्दा त्यो पनि उपेक्षित छ । त्यो समेटिनुपर्छ । त्यतातिर हामीले काम गर्नुपर्छ ।

बैंकिङ तरलता पर्याप्त भयो, बैंकमा ऋण पाइएको छ, आयात गर्न पाइएको छ भन्ने कुराले देश विकासका लागि सम्बोधन गर्दैन । हामी आधारभूत कुरालाई नहेरी सौन्दर्यका अन्य क्षेत्रलाई हेरिरहेका छौं । त्यसैले समग्रमा हामी तलै छौं । यसमा हामी काम गरिरहेका छौं । यसमा काम गऱ्यौं भने माथि जान सक्छौं ।

जस्तै, दिगो विकासको पाँचौं लक्ष्यमा लैङ्गिक समानता छ । त्यसमा राम्रो लगानी गर्ने सरकारले त्यसपछिका चुनाव जितेका अन्य देशका धेरै उदाहरण छन् । हामीले पनि एसडिजीमा आधारित भएर गरिबी, भोकमरी, शिक्षा, स्वास्थ्य, पानी, लैङ्गिक समानता लगायत विषयमा ध्यान दियौं भने आमनागरिककै जीवनस्तरमा सुधार आउँछ ।

हिजोका दिनमा राजनीतिक दलले जेमा काम गरेका थिए त्यसमा जनमत कमजोर देखियो । जनताले पत्याएनन् । त्यसो हुँदा हाम्रो विकासको लक्ष्य के हो, सहस्राब्दी विकास लक्ष्य, नयाँ संविधान कार्यान्वयन, संघीय संरचना कार्यान्वयनलाई आधार मानेर जाने हो भने यसमा बैंक वित्तीय संस्थाले फाइनान्सिङ गरेर जानुपर्छ । किनभने, एसडिजीको फाइनान्सिङमा ठूलो ग्याप छ । एसडिजीको फाइनान्सिङ सरकारले मात्रै गर्ने होइन । यसमा निजी क्षेत्र र व्यक्तिगतरूपमा पनि लगानी हुनुपर्छ । एलडिसी ग्र्याजुएसनअन्तर्गत विकास पूर्वाधारमा काम गर्नु छ । शिक्षा, स्वास्थ्य, खानेपानीका क्षेत्रमा राज्यले मात्रै लगानी गरेर पुग्दैन । निजी क्षेत्रले पनि लगानी गर्नुपर्छ । यसले रोजगारी सिर्जना गर्छ । जसबाट आय हुन्छ । यस्तो कार्य 'चेन' (साङ्लो) मा हुन्छ ।

अर्को कुरा, राज्यले कुनै एउटा क्षेत्रमा ठूला राजमार्ग बनाउँदैमा रेल विस्तार गर्दैमा आर्थिक वृद्धि हुन्छ भन्ने हुँदैन । हामीले कूल गार्हस्थ उत्पादन (जिडिपी) का आधारमा आर्थिक वृद्धि मापन गरिरहेका छौं । त्यसलाई परिवर्तन गर्नुपर्छ । राजमार्ग, रेलमार्ग निर्माण गर्दैमा वृद्धि हुँदैन । त्यसैले यसलाई फेर्नुपर्छ । मानवीय आकृति नभएको विकासको अर्थ छैन । हामीले एसडिजी गोलका लागि काम गर्नुको सट्टा सामान्य हिसाबले डाँडाकाँडा खनिरहेका छौं । ठूलो पैसा यसरी नै खर्च भएको छ । जसले गर्दा भूक्षय, जलवायु परिवर्तन भइरहेको छ । त्यो पैसा जसरी आयो त्यसरी नै खर्च भयो । पैसाको आफ्नो प्रकृति हुन्छ । सजिलै आयो भने सजिलै सकिन्छ ।

## विकासका लागि लगानी

विकासका लागि लगानी एकदमै जरूरी छ । राज्यले गर्ने लगानी, निजी क्षेत्रले गर्ने लगानी र व्यक्तिले गर्ने लगानी आवश्यक छ । व्यक्तिले गर्ने लगानी परिवारको स्वास्थ्य, शिक्षा, खानेपानीमा होला । अरु पढाइमा होला । राज्यले गर्ने लगानी सेवा सुविधा, पूर्वाधार, बाटो बनाउने, पुल बनाउने, सिँचाइ उपलब्ध गराउने, कृषिमा अनुदान उपलब्ध गराउनेमा हुन्छ ।

राष्ट्रिय योजना आयोगले आवधिक योजना बनाउँछ । पाँच वर्षमा कति लगानी गर्ने भनेर योजना बनाउँछौं । त्यसैका आधारमा वार्षिक बजेट तयार पार्छौं । त्यही फ्रेममा वार्षिक बजेटको सिलिङ दिन्छौं र काम गर्छौं । विकास लक्ष्य हासिल गर्न सरकारसँग निजी क्षेत्रको पनि समानरूपमा लगानी हुनुपर्छ । निजी क्षेत्रलाई लगानी गर्न वातावरण बनाउने, सहजीकरण गर्ने, संरचना सुधार गर्ने, सबै काम सरकारको हो ।

उसले कसरी लगानी गर्छ, बैंकबाट ल्याउँछ अथवा बाहिरबाट ल्याउँछ, त्यसका लागि वातावरण बनाइदिने हो । सरकारले आफ्नो तर्फबाट वार्षिक १७ खर्ब लगानी गर्ने लक्ष्य लिँदा ४ खर्बहाराहारी विकास खर्च हुन्छ ।

चालू खर्च धेरै नहुनु राम्रो हो तर धेरै भयो भन्दैमा पनि नराम्रै होइन । चालूको पैसा पनि बजारमै आउँछ । धेरै समयदेखि हरेक वर्ष ७/८ खर्ब खर्च हुन सकेको छैन । त्यो पैसा निकासा हुनुपऱ्यो । हाम्रो खर्चको प्रवृत्तिलाई हेर्ने हो भने हरेक वर्ष घटेर गइरहेको छ । सुधार हुन सकिरहेको छैन ।

**ठेक्कापट्टा राजनीतिक दल, कार्यकर्ता, उपभोक्ता समूह, ओभरसाइड एजेन्सी, भेन्डर, सप्लायर्स सबैको चासोको विषय भएको छ ।**

ठेक्कापट्टा राजनीतिक दल, कार्यकर्ता, उपभोक्ता समूह, ओभरसाइड एजेन्सी, भेन्डर, सप्लायर्स सबैको चासोको विषय भएको छ । धेरै नै स्वार्थ बाझिँदा कति ठूला खरिद हुन सकेनन् । आर्थिक वर्ष सुरू भयो । चुनाव सम्पन्न भइसक्यो । ठूला टेन्डर एउटा पनि खुल्न सकेको छैन । नयाँ सरकार आएर अघिल्लो बजेटलाई कत्तिको कार्यान्वयन गर्छ, हेर्न बाँकी छ । तर, बजेटको निरन्तरता भएन भने फेरि गाह्रो छ ।

जेठमै बजेट बन्नुको अर्थ के थियो भन्दा आर्थिक वर्ष सकिनु ४५ दिन पहिला तयारीको काम सकियोस् भन्ने थियो । सरकारले साउन १/२ गते नै टेन्डर निकालोस् भनेर हो । पहिला साउनमा बजेट आउँदा पनि कात्तिक/मंसिरमै टेन्डर आह्वान हुन्थ्यो । अहिले जेठमै आउँदा पनि त्यही छ । यसमा केही 'ब्युरोक्रेसी ट्रेन्ड' ले गर्दा पनि हो । ब्युरोक्रेसीमा कर्मचारीतन्त्रमात्रै पर्दैन, शासन गर्ने मन्त्रिपरिषद पनि पर्छ । यो परिवर्तन हुनै नचाहेको संरचना हो । चाहेको भए यसलाई रोकेको केहीले पनि छैन । तर, परिवर्तन हुन जरूरी छ । परिवर्तन भए भने झन् कमजोर हुँदै जाला । यसमा काम गर्ने मन्त्री, मन्त्रिपरिषद पनि पर्छन् । प्रणालीमा बसेपछि राजनीतिक नेतृत्व पनि हो । पछिल्ला समय हामीले अनुभव गरेको राजनीतिक नेतृत्वबाट हल्ला निर्णय गर्ने र अप्ठ्यारोमा पर्ने गरेको पाइन्छ ।

## उत्पादन र उत्पादकत्व

हाम्रोमा उत्पादन र उत्पादकत्वमा समस्या छ । आधारभूत कुरा नै खरिद गरिरहेका छौं । उत्पादन गर्न सकिरहेका छैनौं । औद्योगिक संस्कृतिमा जान सकेका छैनौं । औद्योगिक क्रान्तिले हामीलाई छोएको छैन । केही व्यावसायिक घरानाले मात्रै उत्पादन गरेर पुग्दैन ।

उत्पादन र उत्पादकत्व बढाउन कामको तरिका फेरिनुपर्छ । हामी सरकारी काम गर्नेदेखि लिएर कारखानामा काम गर्ने सबै एकै हुन् । 'ब्लु र ह्वाइट कलर' भन्नेमात्रै फरक हो । निश्चित समय पूरै काम गर्नुपर्ने हो । तर, अफिसमा आएर अन्य गतिविधिमा संलग्न हुन्छन् । ट्रेड युनियनमा लाग्छ, खाजा खाएर बस्छ । त्यति नै काम भारतबाट ल्याएका मजदुर ल्याएर गराउँदा राम्रो गरिरहेको बनाइरहेका छन् ।



स्वास्थ्य र प्रशासनिक सेवामा १० बजे अफिस पुग्नुपर्छ भन्ने छ । तर, समयमा नआउने र आए पनि पत्रपत्रिका बढेर बस्ने, काममा फोकस नहुने प्रवृत्तिले उत्पादकत्व बढाउन सकेको छैन । तपाईंले घरमा आठ घन्टा काम गर्न ज्यामी ल्याउनुभएको छ भने पूरै समय खाजापानीको पनि समय नदिई काममा लगाउनुहुन्छ । हामी घरमा काम गर्न आउनेलाई पल्लो घरको मान्छेसँग कुरा गर्दा प्रश्न गर्छौं तर जनताले 'सिभिल सर्भिस' गरिरहेका कर्मचारीलाई यही प्रश्न गरिरहेका छैनन् । यो समस्या सरकारी कर्मचारी, प्रहरी, सेना, संस्था, निजी क्षेत्र सबैतिर उही छ । कामप्रतिको लगावले उत्पादकत्व बढाउने हो । यसका लागि 'कल्चर' बनाउनुपर्छ ।

कृषितर्फ हिजोका दिनमा हामी निर्यात गर्थ्यौं । यसबीचमा खेतीयोग्य जमिन सिँचाइ बढेको हिसाबले उत्पादन बढ्नुपर्ने हो, बढिरहेको छैन । जनसख्या बढेअनुसार खेतीयोग्य भूमि पनि बढेको छ तर खेतमा काम गर्ने नै छैनन् । पहिला परम्परागत प्रणाली प्रविधिकरण गर्नुपर्थ्यो, भएन । हाम्रो जमिनको प्रकृति खण्डिकृत छ । यसले प्रविधि प्रयोग गरेर ठूलोमात्रामा खेती गर्न गाह्रो छ ।

राज्यले कृषिप्रधान मुलुक हो भने कृषि उत्पादन देखाउनुपर्‍यो । कृषिप्रधान राज्य भन्ने २५ प्रतिशत चामल आयात गरेर हुँदैन । यसैगरी अन्य खाद्यान्न पनि आयात भएको छ । यसरी कृषिप्रधान देश भइँदैन । दूधदहीको त्यस्तै अवस्था छ । कुखुरामा आत्मनिर्भर भने पनि दाना, औषधी सबै बाहिरबाटै आउँछ । धेरै कुरामा राज्यले आफ्नो काम छाड्दै-छाड्दै गइरहेको छ ।

अहिलेको अवस्थामा हामीलाई संकट छ । भयावह आत्तिने किसिमको होइन । तर, आमनागरिकको जीवन कठिनाइमा छ । धेरै पहिलाको एउटा अध्ययनमा नेपालका ४० जिल्लाका २० प्रतिशत जनसंख्यालाई त्यहीँको उत्पादनले पुग्दैन । अहिले यो अझै बढेको छ ।

आधारभूत कुरा पुर्‍याउन राज्यले काम गर्नैपर्छ । त्यसैले समुन्नतितर्फ जाँदा पहिलो कुरा शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता आधार भूत विषयमा ठूलो लगानी गर्नुपर्छ । त्यसपछि बाटो बनाए हुन्छ । हामीले विकासको मोडल फेर्न आवश्यक छ । अब पनि यही मोडलमा अगाडि बढ्ने हो भने समृद्ध हुँदैनौं । झन् स्रोत दोहन हुन्छ । यो भनेको नागरिकप्रति राज्यको अन्याय हो । राज्यले एकैपटक ठूला कुरा गर्नु पनि हुँदैन । शिक्षा, दिक्षा, खानेपानी, स्वास्थ्य, यातायात, रोजगारी, कृषि उत्पादन, स्किल, खान पुग्ने अन्न, अन्न उत्पादनका लागि मल, बीउलगायत हेर्नुपर्‍यो ।



बनाउन सबैलाई सबल
छ माछापुच्छ्रे बैंकको डिजिटल
INTERNET BANKING
POS
ONLINE ACCOUNT OPENING
WE CHAT
DOLLAR CARD
DEBIT CARD
REMITAP
QR CODE
CREDIT CARD
MBL MOBILE MONEY(M3)
माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित


Hero
LEAD THE GAME
GET READY TO TAKE A LEAP WITH THE REVOLUTIONARY GLAMOUR XTEC.
POWERED BY RIDE SMART FEATURES, IT'S A PERFECT BLEND
OF SMART TECHNOLOGY, POWER-PACKED PERFORMANCE AND
JAW-DROPPING STYLE. GO, LEAD THE GAME.
INTRODUCING
GLAMOUR XTEC
WITH RIDE SMART FEATURES
NAVIGATION ASSIST
SIDE STAND ENGINE CUT-OFF
BLUETOOTH CONNECT
BUILT-IN MOBILE CHARGER
INTRODUCTORY PRICE*
NPR. 2,77,500
BOOK NOW
JYOTI
NGM
CUSTOMER CARE
Toll Free No.: NTC: 16600122033
Ncell: 9801571023
customercare@ngmhero.com
www.facebook.com/ngmheromotocorp
फ्री हेल्मेट
NGM connect
GET IT ON Google play
Corporate 9801902885 • Kathmandu Valley Balaju 4961786 • Balkumari 5186184 • Bhaktapur 6613112 • Buddhabari 4104540, 4104541 • Gatthaghar 6638444 • Gyaneshwor 4528970 • Kantipath 5325377, 5366517 • Kumaripati 5408781
Mitra Park 5241224, 5241033 • Ravibhavan 4670812
Outside of Valley Birtamod 590195 • Surungha 553010 • Damak 9824059480 • Biratnagar 590563 • Urlabari 540074 • Biratnagar 503095 • Biratchowk 545227 • Inaruwa 566498 Dharan 573002 • Itahari 587580 • Birgunj 529667 • Rajbiraj 533542
Lahan562201 • Mirchaiya 550803 • Janakpur 9818056443 • Janakpur 527426 • Dhanushadham 414063 • Jaleshwor 521095 • Bardibas 550552 • Gaushala 556186 • Malangwa 521711 • Chandranigapur 540739 • Gaur 521109
Simara 9817227685 • Kalaiya 590896 Bharatpur 590457 • Banepa 665568 • Dhading 9860306631 • Trisuli 9851105677 • Hetauda 525386 • Narayangarh 532255 • Parsa 582862 • Pokhara 589389 • Damauli 563477 • Walling 412030
Pokhara 522905 • Baglung 520174 • Kawasoti 541001 • Bhairahawa 574290 • Butwal 437909 • Gulmi 520142 • Rampur 400639 • Bardghat 580727 • Parsa 9804429335 • Parasi 590865 • Butwal 542725 • Bhairahawa 573930 • Jeetpur 550160
Taulihawa 561330 • Pyuthan 460464 • Lamahi540863 • Tulsipur 9847960325 • Gulariya 420093 • Nepalgunj 551598 • Kohalpur 540280 • Surkhet 525196 • Dhangadhi 417115 • Attariya 551244 • Tikapur 560426 • Mahendranagar 520745

# अब बैंक धाउन नपर्ने, जुनसुकै स्थानबाट VIP कार्डको लागि Apply गर्न सकिने

Mega VIP Card

## PROCESS

**STEP 1**
Visit Mega Bank official webpage (www.megabanknepal.com)

**STEP 2**
Select Prepaid Int. Card Request on the main menu

**STEP 3**
Enter required information and select 'send' button to apply for the Mega Prepaid Int. Card

## APPLY ONLINE NOW

eCommerce transaction up to USD **$500/-** per year

- Secure and Hassle Free
- Zero Top up Fee
- Zero Transaction Fee



The Banker — Bank of the Year 2019 — NEPAL

ISO 9001:2015 Certified Bank

विश्वास जित्दै अघि बढ्दै, हलोदेखि हाइड्रोसम्म

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेड: राइजिङ मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९, फोन: ०७७-९८५१२०७७१५, टोल फ्री नं. १६६००१०००२५

# सञ्चिति बढाउन आयात नियन्त्रण र आन्तरिक उत्पादन जरूरी

**अहिले नेपालमा देखिएको समस्या पनि धेरै वर्षपछि भुक्तानी सन्तुलन अलि बढी नै बिग्रिएकाले हो । यस क्रममा केही समयअघि मात्रै विदेशी मुद्रा सञ्चिति 'क्रिटिकल' अवस्थामै पुग्यो । सामान्यतया अन्तर्राष्ट्रिय मापदण्डअनुसार कति महिनाको आयात धान्न सक्ने भन्ने कुराले अर्थ राख्छ ।**



कृष्णबहादुर मानन्धर

मुलुकको आर्थिक स्थायित्व, वित्तीय स्थायित्व, मुद्रास्फीति लगायत परिसूचक शोधनान्तर (बयालेन्स अफ पेमेन्ट) सँग प्रत्यक्ष तथा अप्रत्यक्ष गाँसिएको हुन्छ । सबै मुलुकमा जुनबेलासम्म शोधनान्तर अर्थात भुक्तानी सन्तुलनमा कुनै समस्या आउँदैन तबसम्म सामान्यतया आर्थिक संकट भोग्नु पर्दैन । श्रीलंकामा आएको समस्या नै शोधनान्तर स्थिति बिग्रिएकोले र विदेशी मुद्रा सञ्चिति सकिएर गाह्रो भएको हो । अहिले नेपालमा देखिएको समस्या पनि धेरै वर्षपछि भुक्तानी सन्तुलन अलि बढी नै बिग्रिएकाले हो । यस क्रममा केही समयअघि मात्रै विदेशी मुद्रा सञ्चिति 'क्रिटिकल' अवस्थामै पुग्यो । सामान्यतया अन्तर्राष्ट्रिय मापदण्डअनुसार कति महिनाको आयात धान्न सक्ने भन्ने कुराले अर्थ राख्छ । मापदण्डअनुसार विगत कैयौं वर्षदेखि सञ्चिति सहज अवस्थामै हुन्थ्यौं किनभने ९, १०, ११, १२ महिनासम्मको आयात धान्न सक्ने अवस्थामा हुन्थ्यौं । तर, अहिलेको अवस्थामा सञ्चिति घटेर ६ महिनालाई मात्र पुग्ने अवस्थासम्म आयो ।

## आयात धान्ने अवधि घट्दा हुने संकट

मुलुकले आयात गर्ने क्षमता ६ महिनासम्मलाई मात्र धान्ने विदेशी मुद्रा भए संकट उत्पन्न हुनथाल्छ किनभने विदेशी मुद्रा सञ्चिति क्रमशः कम हुँदै गए भोलिका दिनमा यो गति रोक्न सकिएन भने वा सुधार गर्न सकिएन भने आयातकर्तालाई पर्याप्त विदेशी मुद्रा दिन नसक्ने पनि हुनसक्छ । यस्तै विदेश पढ्न जानेलाई पनि दिन सक्दैनौं । साथै, हामीले भारतीय रूपैयाँलाई १.६ ले स्थायित्व दिइरहेका छौं, त्यो पनि कायम राख्न गाह्रो हुन्छ । यस्तो कुरा नेपालले विगत (२०४२ सालमा) भोगेको थियो । २०४२ साल मंसिरमा अहिले जस्तै आयात बढ्दै गयो, व्यापार घाटा बढ्दै गयो, मनी सप्लाइ (मुद्रा प्रदाय) बढ्दै गयो । यसो हुँदा केन्द्रीय बैंकसँग भएको सञ्चिति घट्दै गएर त्यतिबेला क्रिटिकल लेभलमा पुगेको थियो । यसपछि हामीले भारतीय मुद्रासँग अवमूल्यन गर्नुपरेको थियो । तत्कालीन समयमा भारू सय नेपाली १ सय ४२ रूपैयाँबाट १ सय ७० रूपैयाँमा पुगेको थियो । स्रोतको परिणामस्वरूप यसपछिका वर्ष २०४३, २०४४, २०४५, २०४६ सालसम्म नेपालको अर्थव्यवस्था निकै बिग्रेको थियो । बिग्रिनुको मुख्य कारण अवमूल्यनमार्फत मुद्रास्फीति बढी भएर नै हो । यसर्थ, अहिले पनि नेपालसँग भएको सञ्चिति जुन तहले घटिरहेको छ, त्यसलाई कुनै न कुनै किसिमले रोकथाम गर्न सकिएन भने २०४२ सालतिरको जस्तै घटना दोहोरिने सम्भावना हुन्छ । अहिले यस्तो हुनुको कारण गएको सालमा २-३ परिसूचक हेर्न सकिन्छ ।

अघिल्लो आर्थिक वर्षको तीन महिनामा शोधनान्तर १ सय १ अर्बको बचतमा थियो

तर पछिल्लो वर्ष ८७ अर्बले घाटा भयो । धेरै वर्षपछि गत वर्ष यो परिमाणको घाटा भएको हो । आयात असाध्यै बढेर शोधनान्तर घाटा भएको हो । पहिलाको तुलनामा ४ सय ८० अर्ब आयात बढ्यो । आयात बढेका कारण व्यापार घाटा बढ्यो जसले शोधनान्तर घाटा चुलियो । शोधनान्तर घाटा उच्च हुँदै गएपछि समग्र अर्थतन्त्र समस्यामा पर्ने छाँट देखियो । सञ्चितिमा पनि चाप पर्‍यो । यसको मुख्य कारण कोभिडबाट अर्थतन्त्र अलि–अलि पुनरूत्थान गर्न जरूरी थियो । यसका लागि सहुलियत दिनुपर्ने नै थियो । यसैले ब्याजदर निकै कम भयो । राष्ट्र बैंकबाट मौद्रिक नीति पनि अलि विस्तारकारी भयो । त्यसले गर्दा अर्थतन्त्र त रिभाइबल भयो तर यस सँगसँगै मौद्रिक विस्तार निकै बढी हुन गयो ।

यद्यपि, अहिले चालू आव असोजमा आएर शोधनान्तर बचतमा गएको छ । यो १४ महिना अघिसम्म घाटामा थियो । लामो समयपछि नेपाल भित्रिने विदेशी मुद्रा बढ्दा शोधनान्तर स्थिति बचतमा पुगेको हो । शोधनान्तर स्थिति आर्थिक वर्ष २०७९/८० असोजमा १२ अर्ब ४३ करोड रूपैयाँले बचतमा पुगेको छ । गत आवको सोही अवधिमा शोधनान्तर स्थिति ८७ अर्ब ७१ करोड रूपैयाँले घाटामा थियो । अमेरिकी डलरमा गत आव असोजमा ७४ करोड १२ लाखले घाटामा रहेको शोधनान्तर स्थिति अहिले बढेर ९ करोड १८ लाखले बचतमा छ ।

अहिले यो अवस्थामा सुधार हुनुको मुख्य कारण मुलुक भित्रिने रेमिट्यान्समा वृद्धि हुनु र आयातमा नियन्त्रण हुनु हो । साथै निजी क्षेत्रमा प्रवाह हुने कर्जा कसिलो गर्दा पनि आयात कम भई व्यापार घाटा पनि केही नियन्त्रण भएकाले हो । साथै, गत वर्षको तुलनामा रेमिट्यान्स ४० अर्ब रूपैयाँले बढेको छ । रेमिट्यान्स वृद्धि सधैं हुन सक्ने होइन । गत वर्ष तीन महिनामा २ खर्ब ४० अर्ब रूपैयाँ रेमिट्यान्स आएकोमा यसपालि १६.८ प्रतिशतले वृद्धि भई २ खर्ब ८१ अर्ब ५ करोड भित्रिएको छ । रेमिट्यान्स वृद्धि शिथिल भएर पनि जानसक्छ ।

अहिले सञ्चितिको मुख्य स्रोत रेमिट्यान्स नै बनेको छ किनभने निर्यात नगण्य नै छ । पर्यटनतर्फ पनि सधैं ८–१० लाखहाराहारी पर्यटक आउने हुन् । यसर्थ वर्षौंदेखि हामी रेमिट्यान्समै भर पर्नुपरेको छ । प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) पनि सञ्चितिका स्रोत हुन् । तर, यो रेमिट्यान्सको तुलनामा साह्रै कम छन् । एफडिआईको सम्बन्धमा प्रतिबद्धता र आएको रकममा धेरै नै फरक हुने गर्छ ।

> **शोधनान्तर घाटा उच्च हुँदै गएपछि समग्र अर्थतन्त्र समस्यामा पर्ने छाट देखियो । सञ्चितिमा पनि चाप पर्‍यो । यसको मुख्य कारण कोभिडबाट अर्थतन्त्र अलि–अलि पुनरूत्थान गर्न जरूरी थियो । यसका लागि सहुलियत दिनुपर्ने नै थियो ।**

नेपालले लिने ९९ प्रतिशत ऋण एसियाली विकास बैंक (एडिबी) र विश्व बैंकबाट हो । यो ऋण परियोजनासँग सम्बन्धित हुन्छन् । यसबाट प्राप्त हुने विदेशी मुद्रा परियोजनामा खर्च गर्नलाई मात्रै हुन्छन् । यो खर्च गर्ने भनेको घुमिफिरी आयातमै जाने हो । यसर्थ, यसले विकासका क्रियाकलाप बढाउन आयात नै गर्दा आएको पैसा बाहिरिन्छ । यसले पूर्वाधार विकास, आर्थिक विकासमा सहयोग पुर्‍याए पनि विदेशी मुद्रा सञ्चितिमा खासै मद्दत पुग्दैन ।

विगत ४–५ वर्ष यता हामीलाई सञ्चितिमा सजिलो हुनुको कारण व्यापार घाटाभन्दा बढी रेमिट्यान्स आउनु हो । तर, पछिल्लो समय गाह्रो हुनुको कारण आएको रेमिट्यान्सले अत्यधिक हिस्सा वृद्धि हुँदै गरेको आयातमा खर्चनु परेकोले हो ।

मुलकको आयात धान्ने अवधि ६ महिनाभन्दा तल गए आर्थिक संकट आइहाल्ने होइन तर कठिनाइ सुरू हुन्छ । ६ महिना भनेको एक किसिमको न्यूनतम हो । यसकारण हरेक देशले योभन्दा बढी ७–८ महिना धान्ने अवधि पुग्ने गरी कायम गर्न जरूरी हुन्छ । यसैले नेपालको सञ्चिति पनि जोखिमको तहमै पुगेको मान्नुपर्छ । यो भन्दा तल गए अर्थतन्त्र व्यवस्थापनप्रति, बैंकप्रति विश्वास कम भएर गएपछि विनिमय दर स्थिर रहन्छ भन्नेमा विश्वास कम पनि हुन सक्छ । यद्यपि, चालू आर्थिक वर्ष तीन महिनामा यस्तो सञ्चिति करिब ८.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने तहमा पुगिसकेको छ ।

## अहिलेको ब्याजदरले अर्थतन्त्रमा सुधार

पछिल्लो समय विभिन्न किसिमले आयातमा रोक लगाएको, ब्याजदर बढाउनेतिर लागेको कारण नेपालको विदेशी मुद्रा सञ्चिति खतराको तहमा पुग्नबाट जोगिएको हो । ब्याजदर बढेकाले मौद्रिक विस्तारमा संकुचन आयो । गत आवको तीन महिनामा निजी क्षेत्रको कर्जा ३ खर्ब ३० अर्बले बढेको थियो भने अहिलेको तीन महिनामा ७७ अर्बमात्रै वृद्धि भयो । बैंकको ब्याजदर बढ्दा आयात पनि नियन्त्रित भयो । ब्याजदरकै चापले निजी क्षेत्रमा जाने कर्जा सही ठाउँमा आयो । आयात कम भएकाले व्यापार घाटा पनि स्वाट्टै कम भयो । व्यापार घाटा ४ खर्ब १३ अर्बबाट करिब ३ सय ६० अर्बमा मात्र झर्‍यो । यसकारण अहिले सञ्चिति ८.३ महिनाको वस्तु तथा सेवा धान्न पुग्ने भएको छ । यसर्थ, अब मुलुक संकटबाट समाधानतर्फ उन्मुख भएको ठान्न सकिन्छ ।

यसैले अब ब्याजदर अलि खुकुलो र विस्तारकारी मौद्रिक नीति भयो भने फेरि सञ्चितिमा चाप परेर ८ महिना धान्नेबाट ६ महिनामा पनि झर्न सक्छ । यसैले विनिमय दरलाई स्थिरता दिने, आर्थिक स्थायित्व ल्याउने, शोधनान्तरलाई समस्यातिर नलैजाने हो भने आयात कम गर्नैपर्ने हुन्छ । अहिलेको अवस्थामा आयातलाई सही ठाउँमा ल्याउने एउटा उपयुक्त माध्यम ब्याजदर हो । पछिल्लो समय ब्याजदर घटाउन माग भएको छ । तर, केही समय ब्याजदर सोहीअनुसार राख्न जरूरी देखिन्छ । यसो नगरे फेरि हामी २–३ महिनामा पुरानै अवस्थामा नफर्किउँला भन्न सकिन्न । अधिकांश सूचक हेर्दा ब्याजदर अहिलेकै स्थितिमा केही समय स्थिर राख्नुपर्ने देखिन्छ ।

## सञ्चिति बढाउन पाच वर्षे योजना

मुलुक विकासका लागि विदेशी मुद्रा सञ्चिति बढाउन जरूरी छ । तर, वर्षौंदेखिका मुख्य दुई–तीन समस्या छन् । आयात बढ्दै

गरेका कारण सरकारको राजस्व राम्रोसँग उठ्यो । अर्थव्यवस्था सबल भएकाले, आर्थिक गतिविधि बढेका कारण भन्दा पनि आयातमै आधारित भएर राजस्व  बढ्न पुग्यो । जसका कारण शोधनान्तरदेखि सञ्चितिमा असर पर्‍यो । जिडिपीको प्रतिशत तुलनामा राजस्व संकलन राम्रैसँग उठ्यो । उठेको राजस्व विकासमा भन्दा साधारण खर्चमा बढी गएको देखिन्छ । जसले गर्दा अर्थव्यवस्थामा त्यसको नकारात्मक असर परेको हो । राजस्व संकलनबाट सरकारको खर्च नै बढी भयो तर यो साधारण खर्चमा मात्रै बढी भयो । यसले गर्दा  मुलुकको अर्थतन्त्रले गति नै लिन पाएन । किनभने, तत्काल खर्च गर्दै जाने, यसरी खर्च गरेको पैसाले नेपालको भित्री आर्थिक क्रियाकलाप नबढी आयातमात्रै बढेपछि यसको फाइदा बाहिर गयो । जसले नेपालको आर्थिक वृद्धिदर सार्क राष्ट्रमै औसतमा निकै कम छ । यसले गर्दा आर्थिक रूपान्तरणमा चुनौती भएको हो ।

दिर्घकालीनरूपमा जाने हो भने विकास खर्च बढाउनुपर्छ र साधारण खर्च कटौती गर्नुपर्छ । यसो गरे आफसेआफ आर्थिक गतिविधिलाई बढोत्तरी गर्छ । यसले आयातलाई पनि नियन्त्रण गर्छ । यसले विदेशी मुद्रा सञ्चितिमा पनि सहायता गर्छ । सरकार विकासमुखी भएर काम गरे त्यसले स्वतः तरलतामा सहजता ल्याउँछ । यसो भए स्वतः ब्याजदर पनि घट्दै जान्छ । जसले आर्थिक गतिविधि ठिक ठाउँमा आउँछ ।

## रेमिट्यान्स सञ्चितिको मुख्य स्रोत

कूल गार्हस्थ उत्पादन (जिडिपी) को करिब ३५ प्रतिशत रेमिट्यान्स आइरहेको छ । यो ठूलो अवसर हो । रेमिट्यान्स आएका कारण मान्छेको हातहातमा पैसा आएको छ । यो पैसा आयातमा भन्दा स्थानीयरूपमा बनेका सामानमा खर्च हुने परिस्थिति निर्माण गर्न जरूरी छ । अहिले मुलुकभित्र पनि सडक निर्माण भएका छन्, बजार ठूलो भएको छ । मान्छेसँग किन्ने क्षमता पनि बढेकाले अर्थतन्त्र बढेमा मुलुक रूपान्तरण गर्न सम्भव छ । हामी स्वदेशी उत्पादनमा चुक्न भएन । उद्योगदेखि उत्पादन लगायत सुविधा भए आन्तरिक बजारलाई चाहिने सामान यहीँ पाइन्छ । आयातमा कम भर परे सञ्चितिमा दबाब पर्दैन । उल्टै जोगिन्छ । तर, नेपालमा औद्योगीकरण हुन नसक्नुको कारण जग्गा महँगो हुनु पनि हो । जसले उद्योग खोल्दा जग्गाको मूल्य बढी हुँदा समग्र उद्योगको लागत खर्च बढ्दा उत्पादन महँगो पर्ने र आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्ने स्थिति छ । यसैले यसमा पनि सुधार गर्न जरूरी छ ।

## भारतसागको स्थिर विनिमय दर र सञ्चिति

विदेशी मुद्रा सञ्चितिमा ह्रास हुँदै गएपछि भारतीय रूपैयाँको विनिमय दर कत्तिको स्थिर हुन्छ, कति वर्षसम्म टिक्छ भन्ने धेरैको जिज्ञासा भएको देखिन्छ । साथै, नेपालले भारतको मुद्रासँग पेग (स्थिर विनिमय) गरेकालाई अब पुनरावलोकन गर्ने बेला आएको हो कि भन्ने कुरा पनि सुनिन्छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) र विश्व बैंकको अध्ययन र हाम्रो अनुभवले नेपालको आर्थिक गतिविधि, व्यापार कुनै देशसँग बढिभन्दा बढी हुने गरेको छ भने पेग गरेको राम्रो हो । योबाहेक विकल्प छैन । त्यसैले जसरी नेपालको भारतसँग अत्यधिक व्यापार भइरहन्छ, तबसम्म भारतसँगको पेगले राम्रो नै गर्छ । त्यही भएर भारतसँगको स्थिर विनिमय दरलाई निरन्तरता दिइएको हो । अर्कातर्फ पेग कत्तिको दिगो र परिवर्तनको सम्भावना रहने भन्ने कौतुहलता पनि छ ।

नेपाल राष्ट्र बैंकसँग पर्याप्त विनिमय सञ्चिति भएसम्म स्थिर विनिमय दर परिवर्तन गर्नुपर्ने आवश्यकता हुँदैन । अहिले भएजस्तै सञ्चिति ८ महिनाबाट बाट ७ महिना, ७ बाट ६, ६ बाट ५, ५ बाट ४ हुँदै गयो भने स्थिर विनिमय दर (पेग) लाई छाड्नुपर्ने पनि हुन्छ । पेग हटाएको २-४ वर्ष भने अर्थतन्त्रमा उथलपुथल आउन सक्छ । यसैले धान्न सक्ने बेलासम्म पेगलाई चलाउनु हुँदैन । अहिलेसम्म नचलाउनुको कारण पनि यही हो । अहिलेसम्म पेगलाई धान्न सक्ने सञ्चिति भएर नै हो । यसअघि सञ्चिति घट्दै गयो भने पेग १.६ मा कायम राख्न कठिन हुन्छ । यसो भयो भने १.७०/१.८० सम्म जानुपर्ने अवस्था पनि आउथ्यो होला । यसो भयो भने २-४ वर्षसम्म अर्थतन्त्रमा अस्थिरता आउँथ्यो ।

(मानन्धर नेपाल राष्ट्र बैंकका पूर्वडेपुटी गभर्नर हुन् ।)

मुलुकको कूल विदेशी मुद्रा सञ्चिति र आयात धान्ने क्षमता कुन वर्षमा कति ?

| आर्थिक वर्ष | कूल विदेशी विनिमय सञ्चिति (रू. अर्बमा) | कूल विदेशी विनिमय सञ्चिति (अमेरिकी डलरमा) | वस्तु आयात धान्ने क्षमता (महिनामा) | वस्तु तथा सेवा आयात धान्ने क्षमता (महिनामा) |
|---|---|---|---|---|
| आव २०७३र७४ असार मसान्त | १,०७९ .४ | १०,४९४ .२ | १३ .२ | ११ .४ |
| आव २०७४र७५ असार मसान्त | १,१०२ .६ | १०,०८४ .० | १० .८ | ९ .४ |
| आव २०७५र७६ असार मसान्त | १,०३८ .९ | ९,५०० .० | ८ .९ | ७ .८ |
| आव २०७६र७७ असार मसान्त | १,४०१ .८ | ११,६४६ .१ | १४ .४ | १२ .७ |
| आव २०७७र७८ असार मसान्त | १,३९९ .० | ११,७५२ .६ | ११ .२ | १० .२ |
| आव २०७८र७९ असार मसान्त | १,२१५ .८ | ९,५३५ .० | ७ .८ | ६ .९ |
| आव २०७९र८० असोज मसान्त | १,२४६ .२ | ९,४७९ .१ | ९ .६ | ८ .३ |

स्रोत : नेपाल राष्ट्र बैंक




**For more details:** Tel: 01-4235888 Email: consumer.sales@subisu.net.np

SUBISU INTERNET
www.subisu.net.np

clear tv
www.cleartv.com.np

# भिखारी धनी र व्यापारी गरिब बन्दैन

वित्तीय प्रणालीमा तरलता अभाव, बढ्दो ब्याजदर तथा आयात निरुत्साहनका कारण पछिल्लो दिन बजारमा माग अत्यधिक घट्न पुगेको छ । यसमा सुधार ल्याउन ब्याजदरलाई स्थायित्वतर्फ लैजानु आवश्यक छ ।



जनार्दन बराल

आर्थिक वर्ष २०७६/७७ मा २.४ प्रतिशत ऋणात्मक खुम्चिएको अर्थतन्त्र २०७८/७९ मा आइपुग्दा ५.८ प्रतिशतले उक्सिएपछि नीतिनिर्माताले पनि कोभिडपछिको पुनरुत्थानले गति लिएको सम्झिएका थिए । कोभिड प्रभाव कम भएसँगै देशमा तीव्ररूपमा माग बढेको थियो । त्यहीरूपमा औद्योगिक उत्पादनले पनि गति लिएको थियो । कोभिडकालमा खासगरी नेपाल राष्ट्र बैंकले ब्याजदर कम दिएको सहुलियतले ब्याजदर सस्तो भई तीव्र कर्जा प्रवाह भएको थियो । त्यसले आयात व्यापारलाई पनि उत्तिकै प्रोत्साहन गरेको थियो ।

ठ्याक्कै एक वर्षअघि २०७७/७८ को पहिलो त्रैमासमा अघिल्लो वर्षको तुलनामा कर्जा ३० प्रतिशतले बढेको थियो । जबकि, केन्द्रीय बैंकले त्यसलाई १९ प्रतिशतमा सीमित राख्ने लक्ष्य निर्धारण गरेको थियो । बैंक तथा वित्तीय संस्थाबाट ऋणीले ६ प्रतिशतसम्म ब्याजमा कर्जा पाउने अवस्था सिर्जना भएको थियो, जुन मूलतः आयातमा प्रयोग भयो । त्यस अवधिमा मुलुकको आयात ६४ प्रतिशतले बढेको थियो । त्यसरी उच्चरूपमा आयात बढ्ने तर रेमिट्यान्स र पर्यटन आयमा सुस्तता आएपछि मुलुकले मुख्यतः दुई गम्भीर आर्थिक समस्या सामना गर्नुपर्‍यो ।

पहिलो, चालू खाता घाटा तथा भुक्तानी सन्तुलन भयावहरूपमा नकारात्मक बनेपछि मुलुकको विदेशी मुद्रा सञ्चिति डरलाग्दो रूपमा घट्न पुग्यो । दोस्रो, मुलुकले अघिल्लो आर्थिक वर्षभरि नै विदेशी मुद्रा सञ्चितिमा दबाब खेप्नुपर्‍यो ।

२०७८/७९ को अन्त्य अर्थात गत असार मसान्तसम्म चालू खाता ६ खर्ब २३ अर्ब ३३ करोडले घाटामा थियो, जुन कूल गार्हस्थ उत्पादन (जिडिपी) को करिब १३ प्रतिशत हो । नेपालमा भुक्तानी सन्तुलनसम्बन्धी तथ्यांक राख्न थालेयता जिडिपीमा चालू खाता घाटाको अनुपात कहिल्यै पनि यति ठूलो भएको थिएन, यति धेरै हुनु वास्तवमै कहालीलाग्दो नै हो ।

अर्कातिर, २०७७ असारमा करिब १६ महिनाको वस्तु तथा सेवा आयात धान्ने विदेशी मुद्रा सञ्चिति रहेकोमा त्यसमा निरन्तर पहिरो गएर २०७८ पुसमा साढे ६ महिनाको मात्रै आयात धान्नेमा झरिसकेको थियो । २०७९ असार मसान्तमा शोधनान्तर घाटा नै २ खर्ब ५५ अर्ब २६ करोड पुगेको थियो । वस्तु आयात २४.७ प्रतिशतले वृद्धि भई १९ खर्ब २० अर्ब पुगेको थियो । रेमिट्यान्स ४.८ प्रतिशतले मात्रै बढेपछि निरन्तर विदेशी मुद्रा सञ्चितिमा दबाब परिरहेको थियो । गत आर्थिक वर्ष सुरुदेखि निरन्तर ओरालो लागेको अर्थतन्त्रको ग्राफमा सुधार नहोला कि भन्ने डर जनमानसमै परेको थियो ।

अर्कातिर, निक्षेप र कर्जाको असन्तुलनका कारण मुलुकको वित्तीय प्रणालीमा लगानीयोग्य

रकमको तीव्र अभाव भयो । कोभिडमा सहुलियतस्वरूप बैंकहरूले निक्षेप तथा पुँजीको ८५ प्रतिशतसम्म ऋण दिन पाउने व्यवस्था रहेकोमा राष्ट्र बैंकले गत आर्थिक वर्ष मौद्रिक नीतिमार्फत त्यसलाई हटाएर निक्षेपको ९० प्रतिशतमात्रै ऋण लिन पाउने व्यवस्था गऱ्यो । सिडी रेसियो ९० प्रतिशत कायम गरिएपछि आर्थिक वर्ष सुरूमै अधिकांश बैंकको सिडी रेसियो त्यसमाथि थियो । तर, पनि पहिलो त्रैमासमै ३० प्रतिशतभन्दा बढी कर्जा प्रवाह भएको थियो । पहिलो त्रैमासको आक्रमक कर्जा विस्तारको असर त्यसपछिका त्रैमासमा पऱ्यो । बैंकहरु कर्जा प्रवाह गर्न नसक्ने अवस्थामा पुगे । त्यो समस्या आजका दिनसम्म पनि कायम छ । र, मुलुक न्यून ब्याजदरको युगबाट उच्च ब्याजदरको युगमा प्रवेश गरेको छ ।

तर, चालू आर्थिक वर्ष सुरू भएपछि भने अर्थतन्त्रका परिसूचक सकारात्मक बन्दै आएका छन् । पहिलो त्रैमास अर्थात असोज मसान्तसम्मको तथ्यांक हेर्दा अर्थतन्त्र अब सम्हालिएर आगामी दिनमा आर्थिक स्थायित्वको दिशामा जाने पर्याप्त आधार निर्माण भएको छ । गत आर्थिक वर्षभरि बढ्न नसकेको विदेशी मुद्रा सञ्चिति अनुपात यो वर्ष सुरूदेखि नै बढ्न थालेको छ । पहिलो त्रैमासमा नेपालसँग भएको विदेशी मुद्राले ८.३ महिनाको वस्तु तथा सेवा धान्न सक्ने देखिन्छ । राष्ट्र बैंकले कम्तिमा सात महिनाको वस्तु तथा सेवा धान्न सक्ने विदेशी मुद्रा सञ्चिति कायम गर्ने लक्ष्य निर्धारण गरेको छ । चालू आर्थिक वर्षमा आयात घटिरहेको तथा रेमिट्यान्स उच्च दरमा बढिरहेकाले यो क्रम निरन्तर रहेको अवस्थामा विदेशी विनिमय सञ्चितिमा निकै राम्रो प्रभाव पर्ने देखिन्छ ।

गत वर्ष पहिलो त्रैमासमा शोधनान्तर स्थिति ८७ अर्ब ७१ करोडले घाटामा रहे पनि यो वर्ष सोही अवधिमा सुधार भई शोधनान्तर घाटा १२ अर्ब ४३ करोडले बचतमा छ । चालू खाता घाटा पनि गत वर्ष असोज मसान्तसम्म १ खर्ब ५० अर्ब रहेकोमा यो वर्ष ३४ अर्ब २८ करोड मात्रै छ । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले यो आर्थिक वर्ष चालू खाता घाटा कूल गार्हस्थ उत्पादन (जिडिपी) को ६.३ प्रतिशतमा सीमित हुने तथ्यांक सार्वजनिक गरेको छ । आगामी आर्थिक वर्ष त्यो ५.७ प्रतिशतमा झर्ने प्रक्षेपण विश्व बैंकको छ । यो तथ्यांकले मुलुकले सामना गरिरहेको विदेशी मुद्रा अभावको समस्या आगामी दिनमा समाधान हुँदै जाने आधार दिएको छ ।

विदेश जाने कामदार संख्या बढ्दै गएकाले रेमिट्यान्स आप्रवाहमा बढोत्तरी हुने कारण चालू खातामा सुधार हुने अपेक्षा विश्व बैंकको छ । चालू आर्थिक वर्ष पहिलो त्रैमासमा रेमिट्यान्स वृद्धि १६.८ प्रतिशत देखिएको छ । गत आर्थिक वर्ष विदेश जाने नयाँ कामदारको संख्या करिब चार गुणा र पुनः श्रम स्वीकृति लिनेको संख्या दोब्बरले बढेको थियो । चालू आवको पहिलो तीन महिनामा पनि त्यो संख्या क्रमशः १ सय २३ प्रतिशत र ६६ प्रतिशतले बढेको छ । त्यसो हुँदा आगामी दिनमा रेमिट्यान्सको आप्रवाहमा स्वाभाविकरूपमा क्रमिक वृद्धि हुनेछ । त्यसले मुलुकको विदेशी मुद्रा सञ्चितिसम्बन्धी समस्या समाधानमा भूमिका खेल्ने नै छ ।

अर्कातिर, नेपालको पर्यटन क्षेत्रमा क्रमशः सुधार भई सामान्य अवस्थामा फर्किन लागेको छ । यो असोजमा साढे ८८ हजार पर्यटकले नेपाल भ्रमण गरेका छन् । यही क्रमले निरन्तरता पाए करिब ११ लाख र अलिकति सुधार भए १२-१३ लाख पर्यटक आउनेछन् । पोखरा र भैरहवामा अन्तर्राष्ट्रिय विमानस्थल तयार भइसकेकाले तिनले पक्कै पनि पर्यटन आवागमनमा सकारात्मक प्रभाव पर्ने छ । पर्यटनबाट हुने आयसमेत बढ्दा निश्चय पनि विदेशी मुद्रा आर्जनमा प्रगति हुनेछ ।

आकासिँदो ब्याजदर तथा महँगिँदो आयातका कारण मुलुकको पैठारी व्यापारमा ठूलो कमी आएको छ । चालू आर्थिक वर्षमै व्यापार गत वर्षको तुलनामा घाटा एक तिहाइ अर्थात ३३ प्रतिशतले घट्ने र अर्को आर्थिक वर्षमा त्यो पुनः ३०.४ प्रतिशतले कमी हुने प्रक्षेपण विश्व बैंकको छ । खासगरी विश्वव्यापी रूपमा भएको वस्तु मूल्यवृद्धि सामान्य अवस्थामा फर्कंदा मुलुकको आयातको बिल स्वाभाविकरूपमा कम हुनेछ । अर्कातिर, मुलुकभित्र ब्याजदर उच्च भएकाले आयातको लागत महँगो पर्न गई त्यो निरूत्साहन भइरहेको छ ।

यही वर्षबाट नेपाल विद्युतको नेट निर्यातक बन्ने भएपछि स्वाभाविकरूपमा त्यसले निर्यातमा ठूलो योगदान गर्ने छ । नेपालले आगामी आर्थिक वर्ष अन्तिमसम्ममा ६ हजार ५ सय मेगावाट विद्युत उत्पादन क्षमता पुऱ्याउने लक्ष्य लिएको छ । त्यो लक्ष्य पूरा हुँदा पेट्रोलियम पदार्थको आयात घट्ने छ । मुलुकमा विद्युत उपलब्धता हुँदा उत्पादनमूलक उद्योगको उत्पादन लागत घट्न गई निर्यात बढ्ने आँकलन पनि विश्व बैंकले गरेको छ । मुलुकको उत्पादनमूलक क्षेत्रको वृद्धिदर चालू आर्थिक वर्ष ८.९ प्रतिशत र आगामी आर्थिक वर्ष ९.२ प्रतिशत हुने प्रक्षेपण विश्व बैंकको छ । यस्तो अवस्थामा मुलुकको व्यापार घाटा कम हुने आँकलन हो ।

मुलुकको ऋण यस अवधिमा बढेको छ । तर, अबका दिनमा यसमा ठूलो वृद्धि हुने देखिँदैन ।

**नेपालको पर्यटन क्षेत्रमा क्रमशः सुधार भई सामान्य अवस्थामा फर्किन लागेको छ । यो असोजमा साढे ८८ हजार पर्यटकले नेपाल भ्रमण गरेका छन् । यही क्रमले निरन्तरता पाए करिब ११ लाख र अलिकति सुधार भए १२-१३ लाख पर्यटक आउनेछन् ।**

चालू आर्थिक वर्ष जिडिपीमा ऋणको अंश ४१ प्रतिशत पुग्ने र आगामी वर्ष घटेर ४०.९ प्रतिशत कायम हुने प्रक्षेपण छ । यद्यपि, अर्थतन्त्रको आगामी दिशा भने अझै पनि अनिश्चित नै छ ।

नेपाल राष्ट्र बैंकले गत वर्षदेखि नै मौद्रिक नीति कसिलो बनाएको हो, जसलाई निरन्तरता दिँदा मुलुकको विदेशी मुद्रासम्बन्धी समस्या समाधान हुँदै जानेछ । विदेशी मुद्रा सञ्चितिसँग सम्बन्धित समस्या समाधान हुँदै जाँदा बिस्तारै आयातमा लाग्दै गएको प्रतिबन्ध पनि हट्ने आँकलन गर्न सकिन्छ । आइएमएफ र विश्व बैंकले पनि त्यो सिफारिस गरेका कारण सरकारलाई त्यसो गर्नुपर्ने दबाब पनि छ ।

तर, वित्तीय प्रणालीमा तरलता अभाव, बढ्दो ब्याजदर तथा आयात निरूत्साहनका कारण पछिल्लो दिन बजारमा माग अत्यधिक घट्न पुगेको छ । यसमा सुधार ल्याउन ब्याजदरलाई स्थायित्वतर्फ लैजानु आवश्यक छ । कोभिडको सहुलियतका कारण घटेको ब्याजकै हाराहारीमा अब ब्याजदर कायम हुन गाह्रो छ, किनभने कर्जाको ब्याज अहिले १६.१७ प्रतिशत पुगिसकेको छ । यो विगत एक दशककै सबैभन्दा बढी हो । तर, सञ्चितिमा सुधार हुँदै जाँदा बजारमा बिस्तारै तरलता प्रवाह बढ्ने छ, ब्याजदर पनि सम्हालिँदै जानेछ र मागमा पनि वृद्धि हुने आँकलन गर्न सकिन्छ ।

तर, दशकौंदेखि जकडिएको मुलुकको अर्थतन्त्रको संरचनात्मक समस्या आजको भोलि समाधान हुँदैन । त्यसका लागि गम्भीर किसिमको सुधार आवश्यक छ । मुलुकमा नयाँ–नयाँ निर्वाचनपछि सरकार बन्दै गरेको परिप्रेक्ष्यमा अर्थतन्त्रलाई दिशानिर्देश गर्न केही गम्भीर कदम चाल्नु आवश्यक छ ।

## डिमोनिटाइजेसन

मुलुकको अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउन तथा तरलता समस्या दिर्घकालीनरूपमा समाधान गर्न नोटबन्दी महत्वपूर्ण उपाय हुनसक्छ । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले ८ नोभेम्बर २०१६ मा घोषणा गरेको नोटबन्दीले ठूला व्यापारी एवं सर्वसाधारणले राखेको नगद बैंकिङ प्रणालीमा लैजान र भारतीय अर्थतन्त्रलाई धेरै हदसम्म औपचारिक बनाउन सफलता प्राप्त गरेको थियो । त्यसले भारतीय अर्थतन्त्रलाई ' क्यासलेस' बनाउन निकै मद्दत गरेको थियो । कालो धन निस्क्रिय गर्न त्यो रकमले खास योगदान गर्न नसक्ला, तर अनौपचारिक क्षेत्रमा रहेको रकम बैंकिङ प्रणालीमा ल्याउन भने यो कदम निकै नै प्रभावकारी हुनेछ । यसका लागि बलियो म्यान्डेटसहितको सरकार चाहिने भएकाले अब बन्ने सरकारले त्यसका लागि उपयुक्त हुनसक्छ ।

## आयको स्वयं घोषण (भिडिआइएस)

नेपालमा भिडिआइएस पटक-पटक घोषणा भए पनि अहिलेसम्म सफल बन्न सकेको छैन । यस्तो कार्यक्रमअन्तर्गत एकपटकका लागि निश्चित कर तिराएर नागरिकलाई आफ्नो आय घोषणा गर्न दिने र त्यसो गर्दा आयको स्रोत नखोजिने व्यवस्था गरिन्छ । त्यसले राज्यमा नागरिकको सम्पत्ति अभिलेखीकृत हुने मात्र होइन, सरकारले राजस्व प्राप्त गर्ने तथा बैंक तथा वित्तीय संस्थामा नगद थपिन सक्छ ।

मुलुकमा नीतिगत स्थिरता नभएका कारण भिडिआइएस यो कार्यक्रम सफल भएको छैन । कुनै सरकारले यस्तो व्यवस्था ल्याएर नागरिकले आफ्नो आय घोषणा गऱ्यो र कर पनि तिऱ्यो, तर त्यसपछि आउने अर्को सरकारले त्यो नीति फेरिदियो भने के गर्ने भन्ने आत्मविश्वास उद्योगी-व्यापारीसँग छैन । त्यसो हुँदा यो कार्यक्रम सफल बनाउन सबैभन्दा पहिला नीतिगत स्थिरता कायम हुनुपर्छ । सरकारप्रतिको विश्वास नागरिकमा हुनुपर्छ ।

## नेपाली मुद्राको अवमूल्यन

नेपाली रूपैयाँ र भारतीय रूपैयाँबीच विगत लामो समयदेखि स्थिर विनिमयदर प्रणाली (पेग्ड एक्सचेन्ज रेट० कायम छ । नेरू र भारूबीचको अहिले कायम विनिमय दर २०४९ सालमा तय भएको हो । तर, अहिले आएर त्यसको वास्तविक दरमा ठूलो फेरबदल आइसकेको छ । अनौपचारिक बजारमा १ सय भारूबराबर १ सय ७० नेरूसम्ममा कारोबार भएको थियो । त्यसले के देखाउँछ भने नेरूको अहिलेको मूल्य बढी हो । यस्तो अवस्थामा यदि नेरूको दर पुनरावलोकन गर्ने हो भने यसलाई थप कमजोर बनाउनुपर्ने हुन्छ । नेरूलाई थप कमजोर बनाउनु भनेको भारतलगायत सबै मुलुकबाट आउने विदेशी सामानको मूल्य नेपालमा बढाउनु हो । विदेशी सामानको मूल्य बढ्दा त्यसको खपत कम हुन्छ र आयात नियन्त्रण गर्न सकिन्छ । यसले नेपाली वस्तु विदेशी बजारमा सस्तोमा पठाउन सकिने भएकाले निर्यात गर्ने क्षमता बलियो हुँदा फाइदा हुन्छ । अहिले नेपालको निर्यात गर्ने आधार कमजोर छ । तर, आउने दिनमा यही कारण निर्यात वृद्धिको ढोका पनि खुल्न सक्छ ।

## डलरको स्रोत अभिवृद्धि

मुलुक अहिले रेमिट्यान्सको धरापमा छ । मुलुक भित्रिने विदेशी मुद्राको सबैभन्दा ठूलो स्रोत रेमिट्यान्स हो । रेमिट्यान्स घट्नेबित्तिकै मुलुकमा विदेशी मुद्रा सञ्चितिमा गएको पहिरोले पनि यो धरापबाट मुलुक निस्किनुपर्ने सन्देश दिएको छ । त्यसका लागि विदेशी मुद्रा आर्जनका वैकल्पिक स्रोतको खोजी आवश्यक छ । पर्यटन, वैदेशिक लगानी, ऋण तथा अनुदान सहयोग मुलुकमा विदेशी मुद्रा भित्र्याउने माध्यम हुन् । मुलुकमा पर्यटक र लगानी भित्र्याउन भौतिक तथा नीतिगत सुधारका काममा ढिला गर्नु हुँदैन ।

मुलुकमा समाजवादउन्मुख 'लाइसेन्सराज' हाबी भएका कारण विदेशी लगानी आकर्षित हुन सकेको छैन । नेपालको उत्पादनले भारतमा भन्साररहित प्रवेश पाउने हुनाले यहाँ उत्पादनमूलक क्षेत्रमा लगानीका अथाह सम्भावना छ । अर्कोतिर, जलविद्युतका क्षेत्रमा ठूलो विदेशी लगानी आकर्षित गर्दा त्यसको निर्यातबाट समेत रेमिट्यान्सबराबरकै वा त्यसभन्दा पनि बढी विदेशी मुद्रा भित्र्याउन सकिन्छ । तर, यस क्षेत्रमा पनि खुला हृदयले विदेशी लगानी ल्याउन सकिएको छैन । प्राकृतिक स्रोतमा आधारित सिमेन्ट, गिटी, ढुंगा, बालुवालगायत निर्यातबाट अहिले गणना गर्न नसकिने किसिमको विदेशी मुद्रा भित्र्याउन सकिन्छ । तर, खासगरी गिटीबालुवाको वैधानिक निर्यात रोकेर तस्करलाई संरक्षण गर्ने नीति सरकारले लिएको छ ।

मुलुक नि:सन्देह आर्थिक संकटमा छ । तर, समुन्नति सन्निकट छ । तर, त्यसका लागि व्यापार गरेर विदेशको पैसा आफ्नो मुलुकमा ल्याउनुपर्छ । संसारमा जुन मुलुक धनी भएका छन्, आफूसँग भएका सामान निर्यात गरेर अर्थात व्यापार गरेर नै भएका छन् । तर, नेपालले आजसम्म व्यापार गर्ने होइन, मागेर गर्जो टार्ने किसिमको आर्थिक नीति अवलम्बन गर्दै आएको छ । नीतिनिर्माताले बुझ्नुपर्ने कुरा के हो भने भिखारी धनी र व्यापारी गरिब भएका उदाहरण संसारमा विरलै पाइन्छन् ।








Gharipatan (nearby Airport), Pokhara 061-466652, 9851054404
info@jalmahalpokhara.com | facebook.com/jalmahalpokhara

# व्यापार घाटा अन्त्य गर्न कृषिमा प्राथमिकता

नेपालको अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्न र नेपालको व्यापार घाटा अन्त्य गर्न कृषिलाई प्राथमिकता दिई कृषिलाई उद्योगसँग जोड्ने तथा व्यावसायीकरण र यान्त्रिकरण गरी कृषिको औद्योगिक विकास गर्न जरूरी छ ।



जनार्दन शर्मा
'प्रभाकर'

स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित निर्वाचनमार्फत आममतदाताले संविधानको रक्षा, स्थिरता र समृद्धिका पक्षमा आफ्नो जनमत भर्खरै मुखरित गरेको अवस्था छ । आगामी पाँच बर्षका लागि प्राप्त जनमतले नेपालको स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान र जनतामा आधारित विकास मोडल स्थापित गर्न धेरै नै महत्वपूर्ण हुने मेरो विश्वास छ । सामाजिक र आर्थिक रुपान्तरणको आधार तयार गर्ने तथा उच्च आर्थिक विकासलाई प्राथमिकता दिने कार्यसूची जनताले दिएका छन् । त्यसैले अबका दिनमा प्राप्त जनादेशअनुसार मुलुकको सर्वाङ्गीण विकासका लागि राष्ट्रिय सहमति आवश्यक छ ।

गत आर्थिक वर्ष २०७८/७९ को कूल वैदेशिक व्यापार स्थिति समीक्षा गर्ने हो भने अर्थतन्त्र कति हदसम्म परनिर्भर छ भन्ने प्रष्ट हुन्छ । गत आवमा २१ खर्ब २० अर्ब रूपैयाँको कूल वैदेशिक व्यापार हुँदा देशले १७ खर्ब २० अर्ब रूपैयाँको वैदेशिक व्यापार घाटाको स्थिति सामना गनुपऱ्यो । हामीले मुस्किलले २ खर्बको वस्तु तथा सेवा निर्यात गर्न सक्यौं । अघिल्लो वर्षसँग तुलना गर्ने हो भने निर्यात व्यापारमा ४१ प्रतिशतले छलाङ मारेको हो तर पनि यो अत्यन्तै न्यून हो । हामीले दिगो प्रणाली विकास गरी मुलुकबाट निर्यातको अथाह सम्भावना खोज्नुको विकल्प छैन भन्ने कुरा गत आवको यो तथ्यांकले नै प्रष्ट पारेको छ । त्यसैले सरकारले चालू आव २०७९/८० को बजेट निर्माण गर्दा नै 'आत्मनिर्भर नेपाल' अवधारणा कार्यान्वयन गर्ने गरी कार्यक्रम तय गरिएको छ ।

गत आवमा हामीले भोगेको समस्याबाट मुलुकलाई बाहिर निकाल्न चालू आवको बजेटले नै मुख्य भूमिका खेलेको हो । सरकारले सही ढंगले अल्पकालीन तथा दिर्घकालीन नीति कार्यान्वयन गर्दै अर्थतन्त्रलाई थप समस्यामा पर्न नदिई अहिलेको सुधारिएको स्थितिमा ल्याएको सबैलाई विदितै छ । चालू आर्थिक वर्षको बजेटले उत्पादन वृद्धि, रोजगारी सिर्जना र आयात प्रतिस्थापन भन्ने मूल नीति लिएको छ । त्यस नीतिअन्तर्गत मुख्यरूपले कृषि र औद्योगिक क्षेत्रलाई प्राथमिकतामा राखिएका छन् । कृषि क्षेत्रलाई प्राथमिकता दिइरहँदा यसलाई औद्योगीकरण र यान्त्रिकरण गर्न मूलआवश्यकता हो । यसैका लागि बन्द रहेको कृषि यान्त्रिकरण कारखाना सञ्चालनमा ल्याउन सरकारका तर्फबाट ठोस पहलकदमी लिइएको अवस्था छ ।

सरकारअन्तर्गत रहेको कृषि औजार कारखाना अवलोकन गर्दा चल्दै गरेको कारखाना बन्द भएको अवस्थामा पाएको थिएँ । त्यही ठाउँबाट मैले कारखाना सञ्चालनमा ल्याइने छ भनेर घोषणा गरेँ र सञ्चालनका लागि राष्ट्रिय आविष्कार केन्द्रलाई जिम्मा दिइएको अवस्था छ । यो कदमले स्वदेशमै यान्त्रिकरण

कारखाना सञ्चालनमा आई आवश्यक उपकरण निर्माणमा सघाउ पुग्ने नै छ । अर्कातिर, यान्त्रिकरण प्रयोगबाट उत्पादनमा वृद्धि भई आयात प्रतिस्थापनमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ ।

त्यसैगरी बजेटमार्फत लघुबित्त कोष निर्माण गर्ने विषयलाई प्राथमिकता दिइएको छ । सरकारी संस्थानमा भएको पैसा कोषमा लगानी गर्ने भनिएको छ । साना किसानलाई उनीहरूको घरदैलोमै पुगेर कर्जा उपलब्ध गराउन कोषको उपयोग गरिने छ । गरिबलाई महँगोमा ब्याज दिइरह्यो र उनीहरूको जीवनस्तर सुधारमा प्रतिकूल प्रभाव परिरह्यो भन्ने सन्दर्भमा यो कार्यक्रम ल्याइएको हो । जहाँ सबैभन्दा कमजोर वर्ग छ, त्यहाँ सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्छ भन्ने उद्देश्यले यो कोष ल्याइएको हो ।

चालू आवको बजेटमार्फत अरु कसैलाई होइन, आफैं (सरकार) लाई चुनौती थपेका छौं । हामी लक्ष्यमा आधारित छौं । बजेटमार्फत २० प्रतिशत आयात प्रतिस्थापन गर्ने, आधारभूत कृषि उत्पादन धान, मकै, गहुँ, तरकारी र फलफूल आयात आगामी वर्ष न्यूनतम ३० प्रतिशतले कम गर्ने, आगामी वर्ष निर्यात दोब्बर गर्ने र आगामी पाँच वर्षभित्र व्यापार सन्तुलन कायम गर्ने, मर्यादित रोजगारी वार्षिक ३० प्रतिशतका दरले वृद्धि गर्ने, भूमिहीन दलितलाई आगामी तीन वर्षभित्र आवास उपलब्ध गराउने, वार्षिक ८ लाख नेपालीलाई निरपेक्ष गरिबीको रेखाबाट माथि ल्याउने र स्वास्थ्य तथा शिक्षा क्षेत्रको गुणस्तर सुधार गरी मानव विकास सूचकांक ०.६५० पुऱ्याउने लक्ष्य छ ।

हामीले यसरी नीतिगत भन्दा पनि ठोस लक्ष्य राखेर बताएका छौं । यो भनेको सरकारलाई चुनौती हो । यो कार्यान्वयनका लागि राखिएको चुनौती हो । यसको सामना गर्ने सरकारको आत्मविश्वास छ । सिङ्गो सरकारी संयन्त्र तथा कर्मचारीतन्त्र सबैलाई उत्साह र उत्प्रेरित गरेर अगाडि लैजानुको अर्थ लक्ष्य पूरा गर्नका लागि हो ।

कूल गार्हस्थ उत्पादन (जिडिपी) मा निजी क्षेत्रको योगदान ७० प्रतिशतभन्दा बढी छ । त्यसैले उत्पादनका लागि निजी क्षेत्रलाई उत्साहित बनाउने कुरा अगाडि सारिएको छ । अनावश्यक मालवस्तु आयातका लागि होइन, उत्पादनका लागि भनेर निजी क्षेत्रको धेरै माग सम्बोधन गरेका छौं । योसँगै सम्भवतः उद्योगधन्दाहरु गुणात्मकरूपले स्थापना हुनेछन् भन्ने विश्वास छ । हामीले विद्युत महशुलमा



छुट दिने कुरा विशेष गरी सिमेन्ट उद्योगलाई लक्षित गरेका छौं । हामीसँग चुनढुङ्गा छ । त्यसलाई सिमेन्ट बनाएर निकासी किन नगर्ने ? जबकि, यसको निकासीको प्रचुर सम्भावना छ । यसका लागि हामीले नगद अनुदानको कुरा पनि गरेका छौं भने अर्कातिर वार्षिकरूपमा १० करोडसम्म विद्युत खपत गर्ने उद्योगलाई महसुलमा २ देखि १५ प्रतिशतसम्म छुट दिने व्यवस्था गरेका छौं । यसको उद्देश्य भनेको उद्योगहरु स्थापना हुन्, रोजगारी सिर्जना होस् र आयात प्रतिस्थापनका साथै निकासी गर्ने अवस्थामा पुऱ्याउन सकौं भन्ने हो ।

> संविधानले प्रदान गरेको समाजवादलाई नेपाली विशेषतामा आधारित मौलिकता र खाका तयार पारी गठबन्धन दलमा सहमतिसहित राष्ट्रिय सहमति कायम गर्न पहल गर्नु अहिलेको आधारभूत आवश्यकता हो ।

## निष्कर्ष

संविधानले प्रदान गरेको समाजवादलाई नेपाली विशेषतामा आधारित मौलिकता र खाका तयार पारी गठबन्धन दलमा सहमतिसहित राष्ट्रिय सहमति कायम गर्न पहल गर्नु अहिलेको आधारभूत आवश्यकता हो । नेपालको विकासको सन्दर्भमा आमसमुदायमा आधारित विकासको मोडल कार्यान्वयन हुनुपर्छ । ठेक्का प्रणालीमा जनताको सहभागिता सुनिश्चित हुनुपर्छ ।

नेपालको अर्थतन्त्रलाई उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्ने र नेपालको व्यापार घाटा अन्त्य गर्ने कृषिलाई प्राथमिकता दिई कृषिलाई उद्योगसँग जोड्ने तथा व्यावसायीकरण र यान्त्रिकरण गरी कृषिको औद्योगिक विकास गर्न जरूरी छ । नेपालको जलस्रोतलाई 'ग्रिन हाइड्रोजन' र 'ग्रिन एमोनिया' मा बदल्दै इन्धन आयात गर्ने नेपाललाई इन्धन निर्यात गर्ने देशमा बदल्ने अजेन्डा कार्यान्वयन गर्नुपर्छ ।

हिमाल, पहाड, तराई सबै क्षेत्रमा



# बजेटका विशेषता

| |
|---|
| आत्मनिर्भरताका लागि कृषि उत्पादनको राष्ट्रिय अभियान वर्ष |
| किसानसँग सरकार |
| किसान हित कोष |
| खाद्य सुरक्षाका लागि बीउ सुनिश्चितता अभियान |
| कृषि जैविक विविधता वर्ष |
| उत्पादनमा वृद्धि : मुलुकको विकास र समृद्धि |
| आफ्नै उत्पादन आफ्नै उपभोग |
| मेक इन नेपाल तथा मेड इन नेपाल |
| एक स्थानीय तह, एक विशिष्ट उत्पादन |
| खेतदेखि कारखाना |
| सहकारीको मन्त्र : आत्मनिर्भर अर्थतन्त्र |
| जनताको रहर : हरित सहर |
| शिक्षासँगै सीप |
| हाम्रो विद्यालय : हाम्रो जिम्मेवारी |
| प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार : समृद्धिको आधार |
| राज्यको अभिभारा : एक घर एक धारा |
| बिजनेस इन्क्युबेसन सेन्टर |
| महिला पहिला |
| नेपालको सपना : परिवर्तनकारी पूर्वाधार योजना |
| चार भञ्ज्याङ, चार सुरूङमार्ग |
| एलपी ग्यास छोडौं, बिजुली जोडौं |
| नदी किनाराका गह्रा, सधैं हराभरा |
| साइबर सुरक्षाको सुनिश्चितता : एक्काइसौं शताब्दीको आवश्यकता |
| उद्यमी गृहिणी कार्यक्रम |
| एक घरपरिवार, एक रोजगार |
| एक बस्ती, एक आर्थिक पहिचान |
| एक वडा, एक बजार |
| एक परिवार, एक बिमा |

खेलकुदका पूर्वाधार तयार गरी खेल पर्यटनमार्फत मुलुकमा आर्थिक उपार्जनको नयाँ स्रोत विकास गर्नुपर्छ । सगरमाथा र रूबी भ्यालीसम्म पुग्न नयाँ प्रविधिमा आधारित यातायात विकास गरी गुणात्मक पर्यटक भित्र्याउने विषय चालू आवको बजेटमै व्यवस्था गरिएको छ ।

गाउँ र सहरको दुरी घटाउने किसिमका पूर्वाधार विकास गर्ने र मुलुकको जुनसुकै ठाउँबाट काठमाडौंमा १० देखि १५ घन्टासम्म पुग्न सकिने सडक पूर्वाधारको आवश्यकता छ । यस्ता राष्ट्रिय महत्वका परियोजना अघि बढाउन राष्ट्रिय सहमतिसहितको बहस आवश्यक छ ।

उत्पादनमुखी अर्थतन्त्रमा जोड, आपूर्ति व्यवस्थामा सुधार, महँगी नियन्त्रण र भ्रष्टाचार गर्नेलाई कारबाहीका लागि अग्रसरताको खाँचो छ । अत्यधिक मात्रामा विप्रेषणमा आधारित अर्थतन्त्रलाई आगामी दिनमा उत्पादनशील अर्थतन्त्रमा रूपान्तरण गर्न औद्योगिक क्षेत्रलाई उच्च प्राथमिकता दिने र कर चुहावट रोक्ने भूमिका निर्वाह गर्नुपर्छ ।

वैदेशिक सहायतालाई राष्ट्रिय हितका क्षेत्रमा परिचालन गर्ने र द्विपक्षीय तथा बहुपक्षीय हितमा उपयोग गर्ने नीति प्रभावकारी कार्यान्वयन गर्नुपर्ने दायित्व छ । जलवायु परिवर्तनका कारण मौसममा देखिएको परिवर्तनले समस्या भोग्नुपरिरहेको अवस्था समाधान गर्न तराई-मधेशमा सबै नदीमा हरित करिडोर निर्माण गर्ने, पहाडी भूभाग सुरक्षित बसोबास र ग्रामीण अर्थतन्त्रको विकास र हिमालको संरक्षण गर्न अन्तर्राष्ट्रिय विकास फोरममा नीतिगत हस्तक्षेप गरी जलवायु परिवर्तनमा योगदान गर्ने राष्ट्रबाट क्षतिपूर्ति भराइ नेपाललाई सुरक्षित गर्नुपर्ने दायित्व छ ।

संविधानको भावनाअनुसार भूमिहीनलाई भूमि उपलब्ध गराउने तथा विकासको मुख्य उद्देश्य मानव विकास र त्यसको मुख्य आधार श्रम नै भएकाले श्रम संस्कृतिलाई प्रोत्साहन तथा सम्मान गर्ने नीति चाहिएको छ । लोक कल्याणकारी राज्यको मान्यताअनुसार सामाजिक सुरक्षाको दायरा विस्तार गर्न, महिला र दलितविरूद्धको कानुनमा परिवर्तन गर्नु जरूरी छ । युवाको अधिकार र शिक्षा तथा रोजगारको अवधारणालाई व्यावहारिक रूप दिनु जरूरी छ ।

*(लेखक शर्मा अर्थमन्त्री हुन् ।)*

HBL
मुद्दती खाता




# अब आयो चाडपर्वको लहर, अधिकतम ब्याजको बहार

**12.133%** p.a.
Personal Fixed Deposit

**13.133%** p.a.
Himal Remit Fixed Deposit

मासिक ब्याज भुक्तानी

*Conditions apply.

**Contact nearest branch or, call 4227749/4246218 for more details.**

Offer valid for limited period only.

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

himal@himalayanbank.com | www.himalayanbank.com

QR SCAN FOR MORE DETAILS.

himalayanbankltd | @himalayanbanknp | Himalayan Bank Ltd. | Himalayan Bank (Viber)

# आयात प्रतिबन्ध र राजस्व चाप

खुला अर्थतन्त्रमा बसेको मुलुक भएको नाताले एकैपटक बन्द गर्दा त्यसको असर केही पर्न सक्ला । तर, चार वस्तुकै कारण अर्थतन्त्रमै समस्या होइन, त्यो अध्ययनको विषय हुनुपर्छ ।



**तोयम राया**

व्यापारको सन्दर्भमा भन्सार विभागले सार्वजनिक गरेको चार महिनाको तथ्यांक हेरौं । चार महिनामा मुलुकभित्र आयात १८.८ प्रतिशत, निर्यात ३३.३० प्रतिशत र व्यापार घाटा १५.८८ प्रतिशत घटेको देखिन्छ । के कारण कमी आयो, त्यो विश्लेषण गर्न जरूरी छ । सरकारले केही वस्तु आयातमा वन्देज लगाएको अवस्था छ । गत वैशाखदेखि १० वस्तु आयातमा वन्देज लाग्यो । भदौमा ६ वस्तुको वन्देज खुला भयो । अहिले चार वस्तुको वन्देज यथावत छ । त्यही कारण आयात घटेको हो ।

वन्देजले आयात घट्नु नै पर्छ किनभने चार वस्तुको आयात करिव ८ महिनादेखि वन्द छ । अन्य वस्तुका हकमा पनि करिव पाँच महिना आयात वन्देज गरेकै हो । त्यस्तै, बन्देज गरिएका वस्तुबाहेकका हकमा पनि हेर्नुपर्ने हुन्छ । त्यसका लागि हरेक वस्तुको 'एचएस कोड' अनुसार हेर्नुपर्छ । त्यसरी हेर्दा उपभोग्य वस्तु आयात घट्दैनन् । यदि घट्यो भने मुलुकको जनसंख्या घटेको हुनुपर्छ । अथवा, ती वस्तुका विकल्पमा अन्य वस्तु उत्पादन भएको हुनुपर्छ । अथवा, ती वस्तु स्वास्थ्यका लागि हानिकारक भनेर बाहिर आउनुपर्‍यो, अन्यथा उपभोग्य वस्तुको आयात घट्दैन ।

औद्योगिक वस्तुका हकमा सिमेन्ट उद्योगको कुरा गर्ने हो भने ६०/७० प्रतिशत उत्पादन घट्यो भन्ने छ । अहिले क्लिंकर स्वदेशमै उत्पादन हुन्छ, त्यही भएर आयात कम हुन्छ । त्यसले पनि आयात केही घटेको हुनसक्छ । अहिले धान पाकेर भित्र्याउने बेला भइसकेको छ । चामल आयात केही घट्न सक्छ । हरियाली सिजनमा नेपालमा पनि प्रशस्तै तरकारी उत्पादन हुन्छ । त्यो कारण पनि तरकारी आयात घटेको हुनसक्छ ।

त्यस्तै खुला सीमाले भन्सार नाकाबाट नआएका वस्तुको अभिलेख हुँदैन । भन्सार बाहिरबाट आएर पनि आयात घटेको हुनसक्छ । त्यसकारण आयात घटेको विषय अध्ययनको विषय हो । कारण जेसुकै भए पनि आयात घट्नु राम्रै मान्नुपर्छ ।

अब निर्यातको कुरा गरौं, सरकारले केही वस्तुमा नगद अनुदान दिएको छ । त्यसका लागि कार्यविधि पनि परिमार्जन गरेको छ । त्यति गरेपछि निर्यात बढ्ने आसा राखेका थियौं, त्यसमा हामी अध्ययन गरिरहेका छौं । विगत वर्षमा निर्यात भएका वस्तुमध्ये कुन/कुन वस्तु घटे, किन घटे भन्नेमा चार महिनाको तथ्यांक पनि हेर्दैछौं । किन घटे भन्ने खोजीको कुरा हो । निर्यात घट्नु भनेको राम्रो पनि होइन । निर्यात घट्नु चिन्ताको विषय हो । त्यसको अध्ययन गरिरहेका छौं ।

विदेशी मुद्रा सञ्चितिको कुरा गर्दा चैत महिनाकै हाराहारीमा छौं । बन्देज भएका चार वस्तु (सवारीसाधन, मोटरसाइकल, आइफोन र मदिरा) सबै विदेशी मुद्रा खर्च हुने वस्तु हुन् ।

आयात बन्द गर्नुको कारण मुद्रा सञ्चिति बढाउनु नै हो । यी चार वस्तु कहिलेसम्म बन्द गर्ने भन्ने कुरा पनि रहन्छ । लामो समयसम्म आयात बन्द गर्दा अर्थतन्त्रलाई समस्या पार्न सक्छ ।

केही पक्षले आर्थिक मन्दीको बाटोमा भनिरहँदा मन्दीमा कुन/कुन पक्षलाई हेर्ने भन्ने पनि प्रश्न रहन्छ । सामान्यतः बजारमा सामानको किनमेल घटेको छ/छैन भन्ने हुन्छ । निर्माणका काम घटेका छन् । विशेषगरी निजी क्षेत्रको घटेको छ । तर, सरकारी क्षेत्रको काम घटेको छैन । बजेटकै कुरा गर्दा पुँजीगत खर्च थोरै मात्रै कम भएको छ । तर, यो पुँजीगत खर्च हुने समय होइन, आर्थिक वर्ष भर्खर सुरू भएको छ ।

यही वर्ष र अघिल्लो वर्षगरी दुई चुनाव भयो । भर्खर चुनाव सकिएको छ । चुनावमा केही खर्च हुन्छ नै । त्यसले पनि आर्थिक गतिविधि उठ्छ । त्यही कारण उपभोग्य वस्तुमा धेरै असर गरेको पक्षमा छैनौं । बन्देज लगाइएका चार वस्तुका कारण आर्थिक गतिविधिमा असर पुग्छ भन्ने छैन । खुला अर्थतन्त्रमा बसेको मुलुक भएको नाताले एकैपटक बन्द गर्दा त्यसको असर केही पर्न सक्ला । तर, चार वस्तुकै कारण अर्थतन्त्रमै समस्या होइन, त्यो अध्ययनको विषय हुनुपर्छ ।

अहिले सुनचाँदीका हकमा राष्ट्र बैंकले निगरानी गरिरहेको छ । सुनको दैनिक आयत कोटा १० किलो छ । कोटा तोक्ने राष्ट्र बैंक हो । सुनको दैनिक माग ३० किलो पनि थियो । सुन आर्थिक गतिविधिमात्रै नभई केका लागि खपत भइरहेको छ, त्यो पनि हेर्न जरूरी छ । सुन आयात गरेर भ्यालुएड भई निर्यात भए, कोटा बढाउन तयार नै छौं । सुन होस् वा चाँदी भ्यालुएड भएर निकासी भए त्यो खोल्न सकिन्छ । त्यस विषयमा राष्ट्र बैंकसँग पनि छलफल गर्दैछौं ।

नेपालको अर्थतन्त्र आयातमा आधारित छ । बन्देज भएका वस्तु उच्चदरमा राजस्व आउने वस्तु हुन् । त्यसकारण राजस्वमा चाप परेको छ । गत वर्षको राजस्वसँग दाँज्ने हो भने धेरै घटेको छ । अब सञ्चिति बचाउने नाममा राजस्वलाई सधैं चुनौती दिने हो कि होइन, त्यसमा पनि प्रश्न छ । यी सबैलाई अध्ययन गर्न जरूरी छ ।

विदेशी मुद्रा सञ्चितिका सन्दर्भमा अर्थ मन्त्रालय, राष्ट्र बैंकसँग परामर्श गर्नुपर्छ । विदेशी मुद्रा सञ्चिति नियन्त्रण गर्ने मुख्य निकाय अर्थ र राष्ट्र बैंक नै हो । राष्ट्र बैंकले ठिक अवस्थामा रहेको जानकारी दिए आयात छिट्टै खुल्छ ।

नेपाल विश्व व्यापार संगठन (डब्लुटिओ) को सदस्य पनि हो । धेरै कुरामा व्यापार सहजीकरणको कुरा पनि गर्‍यो । अहिले विभिन्न नाकामा आइसिपी बनाइराखेका छौं । एकद्वार प्रणाली कार्यान्वयन भएको छ । आयात निर्यातका लागि आइसिपी बनाउने आफैंमा सहजता हो । हिजो भन्सार नाकामा सानो यार्ड हुन्थ्यो । अहिले वीरगन्ज नाकामा हेर्दा निकै ठूलो यार्ड छ । धेरै सहज छ । तथापि, यार्ड भौतिक पूर्वाधार बनाएरमात्रै पुग्दैन । निर्यात गर्ने वस्तु के-के छन्, त्यसलाई पनि हेर्नुपर्ने हुन्छ ।

चुनौतीका कुरा गर्दा धेरै मुलुकले कृषि उत्पादनमा अनुदान दिएका छन् । हामी डब्लुटिओको सदस्य पछि मात्रै भयौं, त्यस कारण धेरै अनुदान दिन सक्दैनौं । अनुदान दिन नसक्नुका दुई कारण छन् । सदस्य भएकै नाताले प्रावधान पालना गर्नुपर्‍यो । अर्को, हाम्रो अर्थतन्त्रले पनि त्यो दिन सक्दैन । हामी त्यहाँ कति खर्च गर्न सक्छौं भन्ने पनि प्रश्न छ । त्यही कारण चुनौती छ ।

निर्यातका हकमा भ्यालुएड कति गर्न सकिन्छ, त्यसतर्फ ध्यान दिनुपर्छ । हामी दुई ठूला देशको बीचमा छौं, त्यहाँ उत्पादन बढी हुन्छ । एउटै उद्योगले १ लाख पिस बनाउँछ, हामी १० हजार पिस बनाएर प्रतिस्पर्धा गर्न सक्दैनौं । त्यसकारण हामीले परम्परागत वस्तुमा जोड दिनुपर्छ । कतिपय वस्तुलाई हामीले विदेशमा चिनाउन सकेनौं । हाम्रो बजार सानो भयो । हाम्रो उत्पादन चिनाउनकै लागि विश्वमा ठुल्ठूला व्यापार मेलामा सहभागिता जनाउन सकेनौं ।

व्यापार प्रवर्द्धनका लागि 'विज्ञ युनिट' नै बनाउने आवश्यकता भइसकेको छ । हुन त वाणिज्य मन्त्रालयअन्तर्गत व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र पनि छ । तर, केन्द्रलाई साधन स्रोत सम्पन्न बनाउनुपर्छ । त्यो पनि चुनौती नै हो । मन्त्रालयले नीतिमात्रै हेर्छ । विज्ञापन गर्दै हिंड्ने मन्त्रालय होइन ।

*(राया वाणिज्य तथा आपूर्ति सचिव हुन् ।)*

निर्यातका हकमा भ्यालुएड कति गर्न सकिन्छ, त्यसतर्फ ध्यान दिनुपर्छ । हामी दुई ठूला देशको बीचमा छौं, त्यहाँ उत्पादन बढी हुन्छ । एउटै उद्योगले १ लाख पिस बनाउँछ, हामी १० हजार पिस बनाएर प्रतिस्पर्धा गर्न सक्दैनौं ।

# सुधारबाट निखार ल्याउनुपर्ने वित्तीय संघीयता

बजेट कार्यान्वयन सुरू भएको पहिलो दुई महिनामै संशोधन र रकमान्तरको माग हुने गरेको छ । अनुदान वितरण, राजस्व बाँडफाँट, रोयल्टी बाँडफाँटमा खासै समस्या छैन । मात्र ढुंगा, गिटी, बालुवाको ठेक्का लगाउने विषयमा विवाद छ ।



नेत्र सुवेदी 'प्रयास'

संघीयताको वित्तीय पाटो हो वित्तीय संघीयता । जसलाई सिंगो संघीय मोडलको मेरूदण्ड नै मानिन्छ । मस्ग्रेभ एन्ड ओट्सका शब्दमा भन्नुपर्दा वित्तीय संघीयता मूलतः सार्वजनिक क्षेत्रका काम र वित्तीय स्रोतलाई सरकारका विभिन्न तहबीच बाँडफाँट गर्ने विषयसँग सम्बन्धित छ । हाम्रो संविधानले नै वित्तीय संघवादको स्वरूप सम्बन्धमा उल्लेखमात्र गरेको छैन कि कुन तहले कुन कर लगाउन पाउने, राजस्व बाँडफाँट, ऋण परिचालन अधिकार र अन्तरसरकारी वित्तीय हस्तान्तरणसमेत कसले के आधारमा गर्ने भन्ने व्यवस्थासमेत गरेको छ । साथै, वित्तीय संघीयताको स्वास्थ्य परीक्षणका लागि दक्षता, जवाफदेहिता, व्यवस्थापन गर्न सकिने वा नसकिने र स्वायत्तताको कोणबाट हेरिनुपर्ने भनी विद्वान किन्केडले अगाडि सारेका चार आधार मननयोग्य नै छन् । काम, जनशक्ति, वित्तीय स्रोत सँगसँगै जानुपर्ने भन्ने मान्यताअनुसार हामीकहाँ कार्यजिम्मेवारी, संरचना निर्माण तथा निर्णय, योजना, बजेट, क्षमतासम्बद्ध केही कमिकमजोरी देखिएका छन्, जसलाई सुधार गर्न सकिन्छ ।

अग्रगामी व्यवस्था, सुस्त कार्यान्वयन

वर्तमान संविधानले मूलतः संघीयता, गणतन्त्र, समावेशिता र विकासको दिशाबोध गरेको छ । साझा अधिकारको सूचीमा समान बुझाइ अझ पनि भएको छैन । संविधानप्रदत्त मौलिक हक, नीति निर्देशक सिद्धान्त तथा नीति र राज्य संरचना तथा संघीयता कार्यान्वयनसँग जोडिएका अन्य व्यवस्थाले नै संघीयता कार्यान्वयनका लागि मार्गदर्शक व्यवस्था हुन् । संविधान कार्यान्वयनको मुख्य जड नै संघीयता कार्यान्वयन हो र संघीयता सफल बनाउनु नै मुख्य राष्ट्रिय लक्ष्य पनि हो । हामीले अपनाएका मौलिक विशेषतासहितको संघीय स्वरूपभित्र अपेक्षा धेरै र ठूला छन् तर कार्यान्वयनको गति भने बयलगाडाको जस्तै सुस्त भएको छ ।

राष्ट्रियसभाले २०७९ जेठ १९ मा पारित गरेको संघीयता कार्यान्वयनसम्बन्धी संकल्प प्रस्ताव कार्यान्वयनको कार्ययोजना नेपाल सरकारको मन्त्रिपरिषद बैठकबाट स्वीकृत भएकाले नेपाल सरकारले उक्त कार्ययोजनामा रहेका क्रियाकलाप कार्यान्वयनका लागि पहल सुरू गरेको छ । सबै प्रदेशका आर्थिक मामिला हेर्ने प्रदेश सचिवहरु रहेको संघीय अर्थ मन्त्रालयले राखेको कार्यक्रममा लेखक स्वयं सहभागी भएको र कार्यदल बनाइ सहभागितामूलक वित्तीय संघीयतासम्बन्धी सुधार कार्ययोजना कार्यान्वयनमा लैजाने निर्णय भएबाट सुस्ताएको संघीयता कार्यान्वयन सुधार गर्नुपर्ने कामले गति लिने आसा गर्न सकिन्छ । उल्लेखित १५ बुँदे कार्ययोजनामा समेटिएका वित्तीय संघीयतासम्बन्धी विषयलाई मात्र हेर्दा पनि खासगरी सरकारका तहका कार्यक्षेत्रमा देखिएको दोहोरोपनलाई कानुनी माध्यमबाट

अन्त्य गर्ने, अब आइन्दा अधिकार र कार्यबोझका आधारमा मात्र संस्थागत संरचना निर्माण गर्ने, ससर्त अनुदानका नाममा स-साना योजना तथा कार्यक्रम बाँडफाँट गर्ने प्रवृत्ति बन्द गराउने, सहभागितामूलक योजना तर्जुमा पद्धति प्रयोगमा ल्याउने, प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिणाम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम हुने संविधानको व्यवस्था कार्यान्वयनमा ल्याउने, प्रदेशमा रहने मन्त्रालय र मन्त्री संख्यालाई चुस्त बनाउन आवश्यक गृहकार्य गर्ने र सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ को प्रतिवेदन सार्वजनिकीकरण र कार्यान्वयन गराउने जस्ता आधारभूत विषय परेका छन् । यहाँनेर खाँचो भनेको मात्र सबै तहका सरकारमा प्राप्त सुझाव कार्यान्वयन गर्ने इच्छाशक्ति र सक्रियताको देखिन्छ ।

## सुधार आवश्यक

हामीकहाँ तीनवटै तहबाट राज्यशक्तिको प्रयोगको अभ्यास भइरहेको छ । विकासका सम्भावनाको स्थानीयकरण, तत्काल उपलब्ध गराउनुपर्ने आधारभूत सेवा सक्दो नजिकबाट प्रवाह र साझा सरोकारका सवालमा माथिल्लो तहबाट सहजीकरण हुने प्रणाली नै संघीयता भएको हुँदा यो भयो या भएन वा कुन हदसम्म भयो भनेर पनि समीक्षा गर्नुपर्ने हुन्छ । सरकारका तल्ला तहमा सक्षमताको तह केही तलमाथि होला तर समग्रमा संघीयता कार्यान्वयन निराशाजनक छैन । कोभिड-१९ महामारीमा भएको व्यवस्थापन, कृषि पशुपालनका लागि भए गरेका पहल, नवप्रवर्तनकारी विकास अभ्यास, रोजगारी सिर्जना हुने काम सुरूवात गर्न प्रदेश र स्थानीय तह कम्मर कसेरै लागेका छन् । मुलुक सकारात्मक दिशामा नै उन्मुख छ । भनिन्छ कि कानुन र पैसा दुवैमा मुख्य नियन्त्रण राज्य संरचनासँग हुन्छ । यी दुईको सुव्यवस्थापनले विशेष अर्थ राख्दछ । लागत प्रभावकारी संरचना र उत्पादक क्षेत्रका लागि सहयोगी हुने नीति तथा कार्यक्रममार्फत आयोजनामा बजेट विनियोजन र कार्यान्वयन हुन सक्दा मात्र वित्तीय स्रोतको कुशल प्रयोग हुन सक्दछ ।

सार्वजनिक खर्च दक्षतापूर्वक र प्रभावकार ीरूपमा अघि बढाउन सकिएको छैन । वित्त परिषदको बैठक समयमा बसेको छैन । बजेट कार्यान्वयन सुरू भएको पहिलो दुई महिनामै संशोधन र रकमान्तरको माग हुन गरेको छ । अनुदान वितरण, राजस्व बाँडफाँट, रोयल्टी बाँडफाँटमा खासै समस्या छैन । मात्र ढुंगा, गिटी, बालुवाको ठेक्का लगाउने विषयमा विवाद छ । यसमा संघीय तहबाटै जारी ऐन र कार्यविधि बाझिएको छ । विज्ञापन शुल्क र मनोरञ्जन कर उठाउन पनि स्थानीय तह सफल देखिँदैनन् । स्थानीय तह र प्रदेशका लागि आम्दानीको महत्वपूर्ण स्रोत ठानिएका यी विषय केही वर्षदेखि नै अलमलको अवस्थामा रहेको प्रतित हुन्छ ।

प्रदेश र स्थानीय तहका विभिन्न छलफल कार्यक्रममा उठ्ने गरेका सवाल र प्राप्त हुने सुझाव नियाल्दा मोटामोटी पूर्वाधार विकासमा तीन चौथाइ बजेट खर्च भइरहेको तर आर्थिक सामाजिक क्षेत्र छायामा परेको, उपभोगमुखीबाट उत्पादनमुखी बन्ने विषयले प्राथमिकता पाउनुपर्नेमा नपाएको, प्रदेश र स्थानीय तहको सबलता वा कार्यसम्पादन देखाउने तथ्यांकीय आधार बनिनसकेको र सबै प्रदेशले आर्थिक सर्वेक्षण प्रकाशित गर्नसमेत नसकेको अवस्था छ । विगत पाँच वर्षमा अनुदानलाई नतिजामुखी बनाउने उपाय अवलम्बन गरिएको पाइँदैन । गैरसरकारी संस्था वा सहकारी संस्था सिधै स्रोत हस्तान्तरण हुने गरेको छ तर ती कामबाट प्रदेश वा स्थानीय तहलाई प्राप्त हुने योगदान सम्बन्धमा विचार गरिएको पाइँदैन । प्रदेश तहबाट संघीय कार्यालयलाई अनुदान दिने गरेकोमा महालेखा परीक्षकको प्रतिवेदनमै प्रश्न उठाइएको अवस्था छ । वित्तीय संघीयताको कुरा गर्दा कुनै मुलुक विशेषको ढाँचा जस्ताको तस्तै लागू गर्नुभन्दा पनि नेपालको माटो सुहाँउदो मोडलले महत्व पाउनुपर्ने देखिन्छ । नेपालमा हालसम्म सम्भव भएका कार्यपरिणाम र असल अभ्यासको समेत उचित बजारीकरण वा प्रचारप्रसार गरि नुपर्दछ । राष्ट्रिय सन्दर्भमा वित्तीय संघीयताको हालसम्मको प्रयोगको समीक्षा हुनुपर्दछ । सर्सर्ती हेर्दा संविधानको धारा ५९ र ६० मा उल्लेखित विषयमा केही अपवादबाहेक पूर्णकार्यान्वयनमा आएको छ । हामी कमजोर छैनौं ।

## सुधारमा हुनुपर्ने काम

राष्ट्रिय सभाबाट गठित संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन विशेष समितिले सबै प्रदेशमा समेत कार्यशाला गोष्ठी गरी उपलब्ध पूर्वसाहित्यको अध्ययन समेतका आधारमा ३२ बुँदे सिफारिससहितको प्रतिवेदन बुझाएको छ । मिडियामार्फत जानकारीमा आएका प्रमुख सुझावमा संघीय तहमा मन्त्रालयको संख्या १५ कायम गर्ने र हाल रहेका आधाभन्दा बढी विभाग खारेज गर्नुपर्ने, औचित्य र कार्यबोझ समेतका आधारमा प्रदेशमा कम्तिमा पाँच र बढीमा प्रदेशसभा सदस्यको १० प्रतिशत संख्यामा मन्त्री

**हामीले अपनाएका मौलिक विशेषतासहितको संघीय स्वरूपभित्र अपेक्षा धेरै र ठूला छन् तर कार्यान्वयनको गति भने बयलगाडाको जस्तै सुस्त भएको छ**

कायम गर्ने, स्थानीय तहमा कार्यरत रहने प्रमुख प्रशासकीय अधिकृत पदमा उपसचिवभन्दा तल्लो दर्जाको नहुने कानुनी व्यवस्था गर्ने र उक्त पदको व्यवस्थापनको जिम्मेवारी प्रदेश तहलाई दिनुपर्ने भनिएको छ ।

प्रदेश र स्थानीय तहमा कार्यरत रहने संघीय कर्मचारीलाई दुई वर्ष सेवा अवधि नपुगी सरूवा गर्न नहुने भनिएको छ । संघले ५ करोड र प्रदेशले ५० लाखभन्दा कम रकमको आयोजना छनौट गर्न नहुने जसभित्र सडकतर्फ संघले १५ करोडमाथि र प्रदेशमा २ करोडभन्दा माथि तथा खानेपानीतर्फ ७ करोडभन्दा बढी र प्रदेशतर्फ ५० लाखभन्दा बढीका आयोजनामात्र छनौट गर्नुपर्ने भनिएको छ ।

कुन स्तरको आयोजनामा कुन तह केन्द्रित हुने भन्ने विषयमा धेरै आलोचना भएको सन्दर्भमा समितिले संघले राष्ट्रिय गौरव र अन्तरप्रादेशिक आयोजनामा र प्रदेशले प्रदेश गौरव र अन्तरस्थानीय तहका आयोजना छनौट गर्न उपयुक्त हुने सुझाएको छ । संघीयतालाई मजबुत र दिगो बनाउन समितिले औंल्याएका सुझाव प्राथमिकतापूर्वक कार्यान्वयनमा लैजानुपर्ने देखिन्छ ।

वित्तीय संघीयता कार्यान्वयनलाई प्रदेश र स्थानीय तहमा संस्थागत रूप दिन चाल्नुपर्ने प्रमुख कदमका कुरा गर्दा बजेट प्रक्रियामा निपूर्ण व्यक्तिलाई रोस्टरमा राखी विज्ञताको प्रयोग गरिनु उपयुक्त हुन्छ जसले गर्दा बजेट निर्माणका चरण सम्बन्धमा प्रष्टता आउन सक्छ । साथै, बजेट तयारीको नमुना कार्यविधि पनि संघीय अर्थ मन्त्रालयको बजेट महाशाखाले तयार गरी उपलब्ध गराउन सक्छ । जति उठ्नुपर्ने हो त्यति उठ्ती भइरहेको छैन । यसका लागि राजस्व चुहावट नियन्त्रण समिति र संयन्त्र प्रयोगमा ल्याउनु आवश्यक छ । स्थान विशेषको सम्भावनाका आधारमा लगानी मोडल प्रयोगमा आउन सक्ने हुँदा सार्वजनिक निजी साझेदारी संघीय कानुनको मर्मसँग नबाझ्ने गरी प्रदेश र स्थानीय तहले पनि कानुन बनाइ एकद्वार इकाई प्रयोगमा ल्याउन सक्दछन् । जसरी अनुदानको बाँडफाँटलाई अन्तिम रूप दिँदा संघीय र प्रदेश तहका अर्थ मन्त्रालय र योजना आयोगबीच सहकार्य आवश्यक पर्दछ ।

त्यसैगरी अलग सरकार भए पनि न्यूनतम वित्तीय व्यवहार सम्बन्धमा संसदीय निर्देशन पालना हुनुपर्दछ । साथै, वित्तीय व्यवस्थापनको विषय प्रदेशसभाका साथै नगर तथा गाउँसभाको समेत प्राथमिकताको विषय हुनुपर्दछ । त्यस्तै संघीय अर्थ मन्त्रालय र वित्तीय संघीयतामा जोडिएका अन्य निकाय एवं प्रदेश तहका पदाधिकारीबीच कमसेकम दुई महिनामा एकपटक अन्तर्क्रिया हुनु आवश्यक देखिन्छ । विनियोजन दक्षता र कार्यान्वयनको अवस्था निगरानी संयन्त्रको समेत प्रावधान आवश्यक पर्दछ । समयमा परियोजना सम्पन्न गर्ने विषय र अधुरा आयोजनालाई आवश्यकता यकिन गरी सम्पन्न गर्ने विषय पनि कम महत्वपूर्ण छैनन् ।

विश्व बैंक र फोरम फर फेडेरेसन लगायत विकास साझेदारका सहयोगमा गरिएको र नेपाली सरकारी अधिकारी संलग्न वित्तीय संघीयतासम्बन्धी ज्ञान आदानप्रदान अध्ययन कार्यक्रमले हालसम्म संघीयता सफलतापूर्वक लागू गरिएका ब्राजिल, केन्या र स्विजरल्यान्डको भ्रमणसमेतका आधारमा सिकिएका पाठ र आगामी दिनमा चाल्नुपर्ने सुधारका विषय आफ्नो प्रतिवेदनको मस्यौदामा समेटेको छ ।

नेपालमा प्रयोगमा ल्याइएको तीन तहको संरचनामा वित्तीय संघीयताका सवाल पहिचान गर्न र सम्बोधन गर्ने विषय, स्रोतको सन्तुलित प्रवाहको संयन्त्रका साथै सदुपयोग क्षमतामा पनि उत्तिकै ध्यान दिनुपर्ने सुझाव यसमा परेको छ । राज्यले विभिन्न माध्यमबाट संकलन भएको राजस्वको ठूलो हिस्सा प्रदेश र स्थानीय तहलाई पारदर्शी ढंगले बाँडफाँट भएमात्र जनताको नजिकको सरकारी संयन्त्रबाट हुने सेवा प्रवाह र विकास व्यवस्थापन सुदृढ हुने आसा गर्न सकिन्छ ।

ससर्त अनुदानको रकम खासगरी राष्ट्रिय विकास नीतिको कार्यान्वयन र राखिएका लक्ष्य पूरा गर्न प्रयोग गरिने हुँदा ती लक्ष्यबारे सबै तहलाई सुसूचित गरी कामसँगै स्रोतसमेत हस्तान्तरण गर्ने नीति लिइनु उपयुक्त हुने अनुभवले देखाएको छ । आन्तरिक आम्दानी बढाएर विनियोजन हुने स्रोतको ठूलो हिस्सा बनाउन सके विनियोजन दक्षता र नवप्रवर्तन सम्भव हुने देखिन्छ ।

वित्तीय संघीयताको फराकिलो अवधारणामा वित्तीय स्वायत्तता, खर्च गर्ने लचकता र जवाफदेहिता एकापसमा सँगसँगै अगाडि बढाइनुपर्दछ । बजेट विनियोजन र खर्चपछि नागरिकको जीवन र जीविकामा के कस्तो सकारात्मक परिवर्तन ल्याउन सक्यो भन्ने कोणबाट अनुगमन र समीक्षा गरिनुपर्दछ । समग्रमा मुलुककै आर्थिक सामाजिक सुधारको नियमित अनुगमन गरी देखिएका समस्या समाधान खोज्ने खालको एकीकृत र चुस्त संयन्त्रले निरन्तर काम गर्नु उपयुक्त हुन्छ । अन्तरसरकारी समन्वय होस् वा वित्त हस्तान्तरणका थप सुदृढ विधि नै किन नहुन् यी सबैले वित्तीय संघीयता थप कामयाब बनाउन सहयोगी हुन्छन् ।

खासगरी प्रदेश र स्थानीय तहको प्रारम्भिक कार्यसम्पादनमा देखिएका वित्तीय जोखिमको अवस्था समयमै सम्बोधनका लागि खरिद प्रणालीसम्बन्धी क्षमता विकास, अभिलेखको उचित व्यवस्थापन र आन्तरिक नियन्त्रण महत्वपूर्ण औजारका रूपमा प्रयोग गर्नु आवश्यक देखिन्छ । संघीयतालाई राम्रोसँग हिँडाउने जिम्मा पाएका प्रशासनिक जनशक्तिलाई मार्गदर्शन गर्ने निजामती कानुन जारी गर्न ढिलाइ भइरहेको र यसले पनि स्रोतको सुव्यवस्थापनमा असर गरेको ठम्याइ उक्त प्रतिवेदनमा छ ।

## टुंगो कुरा

कमजोर वित्तीय संघीयतारूपी मेरूदण्डमा संघीयता सबल बन्ने कुरै आउँदैन । जिम्मेवारी निर्धारणअनुसार सबै तहले आफूलाई सीमाबद्ध गर्नैपर्दछ । वित्तीय अनुशासन कमजोर रहेकाले वित्तीय सुशासनका उपाय अवलम्बन गर्नुपर्दछ । आम्दानी कम देखिएकाले सबल बनाउने औजार तयार गर्नुपर्दछ । चालू खर्चसमेत धान्न नसक्ने स्थानीय तहले 'कर तिर्नु नपर्ने पालिका' भनेर सस्तो लोकप्रियता बटुल्न खोज्नु उचित होइन ।

स्रोतको खोजी र उत्पादन वृद्धि हुने खालका कार्यक्रम अघि बढाउनुपर्ने छ । सहकार्य र स्रोतमा साझेदारीका लागि विभिन्न सम्भावनाबारे अध्ययन, अनुसन्धान र निरन्तर सम्वाद गर्नुपर्ने देखिन्छ । पूरा हुनै लागेको पहिलो पाँच वर्ष अवधिको प्रगति समीक्षासमेत गर्दै संघीयताकै मुख्य आधारका रूपमा रहेको वित्तीय संघीयताका आयाममा परिणाम आउने खालका सुधार गर्न ढिला गर्नु हुँदैन । दोषारोपण होइन, आपसी सहकार्यबाट नै वित्तीय संघीयता सफल हुन्छ ।

*(सुवेदी लुम्बिनी प्रदेशको अर्थ तथा सहकारी मन्त्रालयका सचिव हुन् ।)*


DishHome
FIBERNET
200 Mbps
Rs. 870 per month
UNLIMITED
BANDWIDTH
Presenting the New Bandwidth at Attractive Rate
ENJOY THE FASTEST INTERNET EVER
75 Mbps
Rs.595/-
(Per Month)
100 Mbps
Rs.687/-
(Per Month)
150 Mbps
Rs.824/-
(Per Month)
250 Mbps
Rs.916/-
(Per Month)
ग्राहक सेवा केन्द्र:
NTC टोल नं: १६६० ०१ २२०००
Ncell नं: ९८०११२५०००
CDMA नं: ०१-४२१८६६६
4K STREAMER
itv
XVOD
Streaming Video On Demand
DishHome GO
Download Happiness
DishHome

# बजारीकरण महिला उद्यमीका प्रमुख समस्या

**आफूले उत्पादन गरेका सामानलाई 'ब्रान्डिङ' गर्न नसक्नु अर्को चुनौती हो । उनीहरूले सामान त उत्पादन गर्छन् । तर, त्यसलाई ब्रान्डिङ गर्न नसक्दा बजारीकरण गर्न सकेका छैनन् ।**



**निरु रायमाझी**

उद्यमशिलताले समृद्धिमात्र नभई मानिसमा आत्मविश्वास, आत्मनिर्भर, सम्मानको आँच बढाइ जीवनलाई अर्थपूर्ण बनाउँछ । उद्यम तथा व्यवसाय एक पुरुषप्रधान विषय भए पनि पछिल्लो समय सोच परिवर्तनका कारण नेपाली महिला पनि उद्यमशिलतामा आकर्षित भएको पाइन्छ । यसको मुख्य कारण भनेको शिक्षा, चेतना, सामाजिक परिवर्तन, महिलामैत्री प्रणाली/नीति नियम, पूर्वाधार विकास, विकसित राष्ट्रहरूका प्रभाव आदि हुन् ।

महिलाहरु अक्सर गरी हस्तकला, खाद्य उत्पादन, सिलाइबुनाइ र अन्य परम्परागत उद्योगमा संलग्न हुन्थे भने पछिल्ला समयमा अन्य गैरपरम्परागत क्षेत्रमा पनि रूचि राखेर संलग्न भएको पाइन्छ । इन्जिनियरिङ व्यवसाय, जलविद्युत, होटल, पर्यटन, सूचना प्रविधि, आदिमा पनी महिलाहरु रूचिसाथ संलग्न भएका छन् ।

पुरूष उद्यमीका तुलनामा महिला उद्यमीलाई अहिले पनि धेरै चुनौती छन् । यसले उद्यमशिलतातर्फ महिलाको आकर्षण जति मात्रामा बढ्नुपर्ने हो, त्यो बढेको छैन । यसको मुख्य कारण भनेको वित्तीय पहुँच हो । धेरैजसो महिलाले आफैसँग भएको थोरै रकम लिएर उद्यम सुरू गरेका छन् । उनीहरूले व्यावसायिक योजना बनाएर ठूलोमात्रामा ऋण लिई व्यवसाय गरेको देखिँदैन ।

सरकार तथा केन्द्रीय बैंकले महिला उद्यमशिलता बढाउन विभिन्न योजना ल्याएको पाइन्छ । राष्ट्र बैंकले ल्याएको महिला उद्यमी सहुलियत कर्जा उपभोग धेरैले गर्न सकेका छैनन् । यसको कारण भनेको महिलाहरूको नाममा घरजग्गा नहुनु हो । बैंकमा ऋण माग्न आवेदन दिए पनि धेरै महिला दिदीबहिनीलाई सहुलियत कर्जाका लागि बैंकहरूले नपत्याएको गुनासो गर्दै आएका छन् ।

महिलाले सामान उत्पादन गरिसकेपछि पनि बजारीकरणको अभाव झेल्नुपरेको छ । दुर्गममा महिलाले धेरै राम्रा सामान उत्पादन गर्छन्, तर उक्त सामान बजारीकरण गर्न सकिरहेको अवस्था छैन । साथै, कस्तो सामान उत्पादन गर्दा बजारीकरण गर्न सकिन्छ भन्ने ज्ञानको अभाव पनि छ भने परम्परागत तरिकाले सामान उत्पादन हुँदै आएकाले धेरै मात्रामा माग आयो भने आपूर्ति गर्न समस्या छ ।

कामदार र प्रविधि अभावले पनि यस्तो समस्या भएको आँकलन छ । समग्रमा भन्नुपर्दा गुणस्तरीय उत्पादन गर्न नसक्नु, लेबलिङ/प्याकेजिङ कार्यान्वयन नहुनु, सामान ढुवानीका लागि यातायात समस्या र बजार व्यवस्थाका कारण महिला उद्यमीका उत्पादन प्रतिस्पर्धी हुन मुस्किल भएको छ ।

आफूले उत्पादन गरेका सामानलाई 'ब्रान्डिङ' गर्न नसक्नु अर्को चुनौती हो । उनीहरूले सामान त उत्पादन गर्छन् । तर, त्यसलाई



ब्रान्डिङ गर्न नसक्दा बजारीकरण गर्न सकेका छैनन् । यसका लागि विशेष अभियान सञ्चालन गर्नु आवश्यक छ । ब्रान्डिङ अभावका कारण गुणस्तरीय सामान उत्पादन गरेर पनि महिलाले आफ्नो उद्यमलाई उचाइमा पुऱ्याउन सकेका छैनन् । जसले ब्रान्डिङ गर्न सके उनीहरूले बजार पनि पाउँदै आएका छन् ।

ब्रान्डिङ गर्न र त्यसलाई बजारीकरण गर्नका लागि महिला उद्यमीलाई सहजीकरण गर्नु आवश्यक छ । त्यस्तै पछिल्लो समय बजारीकरणको सबैभन्दा प्रभावकारी माध्यम 'डिजिटल मार्केटिङ' बनेको छ । यसबारे महिला दिदीबहिनीलाई ज्ञान अलि कम छ । प्रविधिमा महिला उद्यमीलाई अभ्यस्त बनाउनु आवश्यक छ । महिला उद्यमीको अर्को चुनौती सामाजिक कारण पनि हो । उनीहरूलाई घरको कामकाज, बालबच्चाको रेखदेख गर्नुपर्ने भएकाले पनि समय व्यवस्थापन गर्न मुस्किल पर्छ ।

मुलुकमा स्रोतसाधनको अथाह मुहान छन् । त्यसको अहिलेसम्म प्रविधि र सीपका कारण राम्रोसँग सदुपयोग हुन सकेको छैन । उदाहरणका लागि सिस्नोलाई लिन सक्छौं । यो हाम्रो मुलुकको हिमाली, पहाडी र तराईका अधिकांश भूभागमा प्रशस्त पाइन्छ । अहिले त्यसबाट केही सामानहरू उत्पादन भए पनि विश्वबजारमा पठाउन मिल्ने खालको उच्चगुणस्तरीय उत्पादन अझ भएको छैन । प्रविधि प्रयोग गरेर सिस्नोबाट धेरै राम्रा सामान बनाउन सकिन्छ जुन निर्यातका निमित्त अत्यन्त उपयुक्त हुन्छ ।

त्यस्तै कृषिमा धेरै महिला आबद्ध छन् । तर, कृषिलाई व्यावसायिक बनाउन सकिएको छैन । कृषिलाई व्यावसायिक बनाउनु अत्यन्त आवश्यक छ । बिस्तारै महिला उद्यमीको संख्या बढ्दै गएको भए पनि जति बढ्नुपर्ने हो, त्योअनुसार गुणात्मक र गुणस्तरीय हिसाबले बढेको छैन ।

महिला उद्यमी महासंघले महिला उद्यमशिलता बढाउन र महिलाको आर्थिक सामाजिक सशक्तिकरणका लागि पहल गर्दै आएको छ । महिलालाई उद्यममा आउन प्रोत्साहन गर्नेदेखि क्षमता अभिवृद्धि गर्ने र उनीहरूको सेवा/उत्पादन बजारीकरणसम्म गर्ने काम महासंघले गर्दै आएको छ । महिला उद्यमशिलतालाई प्रोत्साहन गर्न सरकारले योजना नल्याएको भने होइन ।

सरकारले महिला उद्यमशिलता विकास, प्रवर्द्धन तथा वित्तीय सहजीकरणका लागि विभिन्न योजना तथा सहुलियतको व्यवस्था गर्दै आएको छ । सरकारले ल्याएका योजना भने वास्तविक महिला उद्यमीको पहुँचसम्म पुग्न सकेको छैन । त्यसतर्फ सरकारको ध्यान जानु आवश्यक छ ।

उद्यमशिलताका लागि महिलाले झेल्दै आएका समस्यामा सरोकारवाला निकायले गम्भीरतापूर्वक चासो देखाएको पाइँदैन । सामाजिक विभेद त वर्षौंदेखिको समस्या हो जसले गर्दा महिलालाई उद्यमशिलतातर्फ आकर्षित र सहयोग गर्न ल्याइएका कतिपय कार्यक्रममा महिला सहभागिता ज्यादै न्यून हुन्छ । यसतर्फ सबैले सोच्नु आवश्यक छ ।

त्यस्तै महिलालाई आर्थिक पहुँचका लागि वित्तीय शिक्षा दिएर उद्यमतर्फ आकर्षित गर्नुपर्छ । महिलाको आत्मविश्वास जगाएर उद्यम गर्न प्रेरणा दिने हो भने महिला उद्यमीको संख्या बढ्दै जान्छ । यसले उद्यमी महिलाको परिवारको आर्थिक अवस्था त सहज बनाउने नै छ । यसका साथै मुलुकको अर्थतन्त्र पनि सबल र दिगो बन्दै जाने छ ।

'स्वदेशी खाऔं, स्वदेशी लगाऔं, स्वदेशी उपयोग गरौं र उद्यमशिलता बढाऔं'

*(लेखक महिला उद्यमी महासंघ नेपालका अध्यक्ष हुन् ।)*

सामाजिक विभेद त वर्षौंदेखिको समस्या हो जसले गर्दा महिलालाई उद्यमशिलतातर्फ आकर्षित र सहयोग गर्न ल्याइएका कतिपय कार्यक्रममा महिला सहभागिता ज्यादै न्यून हुन्छ । यसतर्फ सबैले सोच्नु आवश्यक छ ।

# 'लक्जरियस डेस्टिनेसन' बन्दै नेपाल

हाम्रो मुलुकमा पर्यटन क्षेत्र दुई–चार वर्ष राम्रोसँग सञ्चालन हुने फेरि वाह्य र आन्तरिक कारणले प्रभावित हुँदै आएको इतिहास छ । अब जनयुद्धबाट मुक्त भएर बिस्तारै १० लाख पर्यटक भित्र्याउने योजना अगाडि बढाइएको थियो ।



**विजय अमात्य**

साढे चार दशक अगाडि नेपाल विदेशी पर्यटकका लागि भ्रमणको नयाँ केन्द्रविन्दु बनेको थियो । त्यतिखेर पर्यटक पनि त्यही किसिमका आउँथे । होटल धेरै थिएनन् । पोखरामा फिसटेल र क्रिस्टल होटल थिए । काठमाडौंमा सोल्टी, अन्नपूर्ण, याक एन्ड यती सँगसँगै राम्रा होटल थपिँदै गए ।

त्यतिखेर आउने विदेशी पर्यटक भनेकै 'एक्सप्लोरर' थिए र पैसा पनि राम्रै खर्च गर्थे । जो मान्छे आफ्नो देशबाट बाहिर जान्छ र कम्तिमा एक रात बसेर 'साइट सिइङ' का लागि पैसा खर्च गर्छ, तिनलाई नै पर्यटक मानिन्छ । त्यतिखेर पर्यटकको गुणस्तर एकदम राम्रो थियो ।

त्यतिखेर नेपालमा हवाई उडान सेवा दिने भनेको नेपाल वायुसेवा निगममात्र थियो । त्यतिखेर 'कन्कर्ड' कम्पनीको जहाजले चार्टर उडानमार्फत विदेशी पर्यटक ल्याउँथ्यो । सानो विमानस्थलमा 'सबसोनिक स्पिड' मा जहाज अवतरण गर्दा अचम्म मानिन्थ्यो । त्यसपछि 'बोइङ ७४७' मार्फत पनि चार्टर उडानबाट पर्यटक ल्याइन्थ्यो ।

त्यतिखेर पर्यटन क्षेत्रसँग जोडिएका पूर्वाधार राम्रो थिएन । काठमाडौं-पोखराकै बाटो राम्रो थिएन । ट्रेकिङ फस्टाए पनि त्यति राम्रो थिएन । बीचमा एकपटक 'गल्फ वार' (खाडी युद्ध) भयो । जसले गर्दा जहाज आउजाउमै प्रभाव परेको थियो ।

त्यतिखेर तत्कालीन सरकारले रोजगारी सिर्जनाका लागि तीनवटा क्षेत्र अगाडि सारेको थियो । ऊर्जा, कृषि र पर्यटन क्षेत्रलाई बढावा दिएको थियो । सन् १९८० मध्यतिर सरकारले कृषि क्षेत्रलाई प्रमुख रोजगारीको क्षेत्र मानेको थियो । तर, कृषिले मात्र रोजगारी सिर्जना नभएपछि पर्यटन क्षेत्रलाई पनि विस्तार गर्ने नीति लियो ।

त्यतिखेर सहजै इजाजतपत्र उपलब्ध गराएर धेरै ट्राभल एजेन्सी, होटल सञ्चालनमा आए । सन् ९० को दशकमा राजपरिवार हत्याकाण्ड, भारतीय वायुसेवा कम्पनीको 'हाइज्याक' लगायत दुर्घटनाले बिस्तारै पर्यटक आवगमनमा कमी आयो ।

त्यसपछि मुलुकमा जनयुद्धको समयमा पनि पर्यटन क्षेत्र प्रभावित भयो । तर, त्यो समयमा पर्यटकसँग चन्दा असुल भए पनि अराजक गतिविधि भने भएनन् । सन् २००६ मा शान्ति सम्झौता भएपछि २००८ मा 'भ्रमण वर्ष' सुरू भयो । २००७ बाट विदेशी पर्यटक आवगमनले 'पिक अप' लियो । भ्रमण वर्षमा करिब ५ लाख पर्यटकले नेपाल भ्रमण गरेका थिए ।

हाम्रो मुलुकमा पर्यटन क्षेत्र दुई-चार वर्ष राम्रोसँग सञ्चालन हुने फेरि वाह्य र आन्तरिक कारणले प्रभावित हुँदै आएको इतिहास छ । अब जनयुद्धबाट मुक्त भएर बिस्तारै १० लाख पर्यटक भित्र्याउने योजना अगाडि बढाइएको थियो । फेरि, विनाशकारी भूकम्प, भारतले जारी गरेको

नाकाबन्दीले पुनः प्रभावित भयो ।

२०१९ मा करिब ११ लाख पर्यटक भित्रिएको अवस्था थियो । तर, कोभिड संक्रमण सुरु भएसँगै साढे दुई वर्ष समग्र मुलुक नै प्रभावित भयो । अहिले बिस्तारै पिक अप लिइरहेको छ ।

पर्यटकीय हिसाबले नेपाल आफैमा एउटा 'ब्रान्ड' हो । तर, पर्यटकले नेपाललाई हिमालका लागिमात्र पहिचान गर्दै आएका छन् । हिमालका रुपमा मात्र पहिचान लिँदै गर्दा कतिपय विदेशी पर्यटकले आफ्नो उमेरका कारण पनि नेपाल भ्रमण गर्न गाह्रो हुने हो कि भनेर सोच्दै आएका छन् ।

**हामीले विश्वभरि अहिलेसम्म यस्तो सन्देश दिन सकेका छैनौं कि नेपालमा हिमालबाहेक अरू पनि पर्यटकीय गतिविधिका अनुभव लिन सकिन्छ । कोभिडयता 'एक्सपिडिसन' सँगै 'कल्चर टुर' का लागि आउने विदेशी पर्यटक संख्या वृद्धि भएको छ ।**

हामीले विश्वभरि अहिलेसम्म यस्तो सन्देश दिन सकेका छैनौं कि नेपालमा हिमालबाहेक अरु पनि पर्यटकीय गतिविधिका अनुभव लिन सकिन्छ । कोभिडयता 'एक्सपिडिसन' सँगै 'कल्चर टुर' का लागि आउने विदेशी पर्यटक संख्या वृद्धि भएको छ । यो 'ट्रेन्ड' सँगै पर्यटकहरु अहिले आफ्नो स्वास्थ्यमा पनि थप सचेत भएका छन् । पछिल्लो समय नेपाल भ्रमणमा आउने पर्यटकले आफ्नो स्वास्थ्यलाई मध्यनजर गर्दै अलि बढी पैसा तिरेर ठूले होटलमा बस्न थालिसकेका छन् ।

यो ट्रेन्ड अबका दिनमा पनि निरन्तर हुने देखिएको छ । नेपालमा 'लक्जरी अकोमोडेसन' सेवा लिने पर्यटक वृद्धि हुँदै गएका छन् । हाम्रो कोरा ट्राभलमार्फत आउने अधिकांश पर्यटक नै काठमाडौंका द्वारिकाज, चितवनको मेघौली सेराइ, पोखराको फिसटेल, कोङ्दे, मुस्ताङको सिन्तामणिमा बस्ने खालका आउन थालेका छन् ।

कुनै पनि मुलुकको पर्यटन क्षेत्रलाई प्रभावकारी चलाउन ६ वटा कुरालाई ध्यान दिनु आवश्यक छ । सबैभन्दा पहिला आकर्षणको केन्दविन्दु पहिल्याउनु आवश्यक छ । यसअन्तर्गत मानव निर्मित र प्राकृतिक सम्पदा पर्न आउँछन् । हामीसँग यी दुवै छन् । दोस्रो भनेको पर्यटन लक्षित पूर्वाधार विस्तार । पर्यटक आउजाउ गर्ने, बस्ने, खाने सुविधा पर्न आउँछ । पहुँचको कुरा गर्दा हाम्रो मुलुकमा सडकमार्ग र हवाईमार्गको उचित सुविधा छ । तेस्रो कुरा भनेको बजारीकरण हो । हामीसँग पर्यटक लक्षित विभिन्न उत्पादन भए पनि मुलुक बजारीकरणमा चुक्दै आएको छ । ठूलो कमजोरी भनेको यथार्थ तथ्यांक संकलन गर्न सकिएको छैन । कुन मुलुकबाट कति पर्यटक आए भन्ने तथ्यांक छ तर त्यसलाई 'रिफाइन' गर्नु आवश्यक छ ।

अमेरिका, युरोप, जर्मनी, फ्रान्सलगायत 'ट्रेडिसनल मार्केट' मा सधैं 'फोकस' गर्नु आवश्यक छ । अर्को भनेको 'इमर्जिङ मार्केट' हो । अहिलेको समय सबैभन्दा बढी फोकस भारत र बंगलादेशमा गर्नु आवश्यक छ । दुवै मुलुक नजिकै छन् । भारत नेपालका लागि पहिला, आज र भोलिका दिनमा पनि पर्यटकीय हिसाबले उत्तिकै प्रबल छ । भारतमा क्रयशक्ति धेरै छ । यसलाई 'टार्गेट' गर्नु आवश्यक छ । हालै 'रिलिज' भएको भारतीय चलचित्र 'उँचाइ' नेपालको पर्यटन क्षेत्रमा थप टेवा पुग्ने देखिएको छ । ट्रेडिसनल र इमर्जिङ मार्केटलाई बराबर प्राथमिकता दिनु आवश्यक छ ।

अर्को ध्यान दिनुपर्ने कुरा भनेको मानव श्रमसाधन विस्तार हो । अहिले कस्तो छ भने, यहाँ तालिम लिएका पढेका अधिकांश जनशक्ति विदेश पलायन हुँदै आएका छन् । अहिले होटल उद्योगमा के भइरहेको छ भने, कोभिडको समय अधिकांश होटलले आफ्ना जनशक्ति बिदाइ गरे । अहिले फेरि मार्केटले गति लिन सुरु गरेपछि दक्ष जनशक्ति अभाव भइरहेको छ ।

सरकारका तर्फबाट दिगो नीति तयार हुनु आवश्यक छ । अहिले पनि दुई दशक अगाडिको नीतिअनुसार पर्यटन क्षेत्र चलिरहेको छ । भविष्यमा 'ग्रिन टुरिज्म' अवधारण अगाडि बढाउनु आवश्यक छ । हामीले अहिले भइरहेको पर्यटन उद्योगलाई राम्रो बनाएर नयाँ पुस्तालाई हस्तान्तरण गर्दा उनीहरुमा अझै नयाँ ऊर्जा थपिने छ ।

अबको पर्यटन दिगोरुपमा अगाडि बढाउनुपर्ने छ । पैसाले मात्र होइन, 'इको फ्रेन्डली', मानव श्रमसाधन केन्द्रित हुनु आवश्यक छ । पहिला-पहिला 'टुर आइटिनरी' मात्र बिक्री गरिन्थ्यो । अबको विश्वबजारले अनुभवको माग गर्दै आएको छ । हामीले हाम्रो कम्पनीबाट 'टुर प्याकेज' भन्दा पनि ' एक्सपिरियन्स' (अनुभव) लाई प्राथमिकता दिएका छौं ।

हरेक विदेशी पर्यटकले यो महसुस गरून् कि 'ओहो, मैले पाएको जीवनमा यस्तो राम्रो मुलुकको भ्रमण गरेछु' र उसको अनुभवले अरु विदेशी पनि नेपाल आउन आतुर हुन्छन् । खुसीको कुरा के छ भने नेपाल 'लक्जरियस टुरिस्ट डेस्टिनेसन' मा विस्तार हुन थालेको छ । अहिले हवाई यातायातबाहेक पाँच रातको १ हजार ७ सय अमेरिकी डलर पर्न आउने होटल, रिसोर्टमा बस्न आउने पर्यटकको माग उल्लेख्य छ । आतिथ्य सेवामा पैसाभन्दा पनि इमानसहितको सेवालाई प्राथमिकता दिनु आवश्यक हुन्छ । सेवामा कुनै सम्झौता नगरेपछि लाग्ने शुल्क लिँदा कोही पनि पर्यटक पैसा तिर्न हिच्किचाउँदैनन् । यस्ता पर्यटकको माग उल्लेख्य छ । यसबाट फाइदा भनेको व्यवसायीलाई मात्र होइन अन्तर्राष्ट्रिय बजारमै मुलुकको प्रचारप्रसार राम्रो हुने हो । हिल्टन, सेराटनलगायत अन्तर्राष्ट्रिय ब्रान्ड आउने क्रम जारी छ । यसबाट पनि मुलुकको राम्रो प्रचारप्रसार हुनेछ ।

एउटा विदेशी नेपाल आउँदा चाहने भनेको 'अन टाइम फ्लाइट', त्यसपछि राम्रो गाडीमा आउजाउ, राम्रो व्यवहार, स्वस्थकर खानपिन, बसाइ, घुमघाम हो । पूर्वाधार विस्तारका लागि सुविधा दिने भनेको सरकारले नै हो । जस्तै, खप्तड, राराजस्ता पर्यटकीय गन्तव्यमा पर्यटक लक्षित सुविधासम्पन्न होटल-रिसोर्ट तयारीका लागि सरकारले १० वर्षका लागि कर छुट दियो भने त्यो क्षेत्रको प्रवर्द्धनसँगै रोजगार सिर्जना हुनसक्छ नि! 'मेनुफ्याक्चर कम्पनी' को

तुलनामा पर्यटन उद्योगमा कार्यरत कर्मचारीको तलब धेरै छ। तर, हामी एउटै ठाउँमा केन्द्रित हुनु हुँदैन। काठमाडौंमा होटल धेरै आए। अब सरकारले कुनै योजना बनाउन सक्दैन। अब 'प्राइसवार' (मूल्य युद्ध) भन्दा पनि 'ब्लड बाथ' सिर्जना हुने अवस्था देखिएको छ। एउटा होटलले अर्को होटलको मान्छे तान्नुपदा त कुनै न कुनै होटल त भासिन्छ नि!

अब सरकारले 'माइस' (मिटिङ, इन्सेन्टिभ, कन्फ्रेन्स र एक्जिबिसन) पर्यटनलाई प्राथमिकता दिनु आवश्यक छ। अहिले नेपालमा माइसको इन्सेन्टिभमात्र कायम हुँदै आएको छ। अब सरकारले अन्तर्राष्ट्रियस्तरको सभाहललाई प्राथमिकता दिनुपर्छ। योसँगै अन्तर्राष्ट्रियस्तरको अवलोकन क्षेत्र तयार गर्नु आवश्यक छ। यस्तो पूर्वाधार विस्तार गर्दा छेउछाउमा रहेका होटल, रेस्टुरेन्टले सेवा दिने अवसर पाउँछन्।

अबको भविष्य भनेको काठमाडौं, पोखरालगायत प्रमुख सहरका लागि 'माइस टुरिज्म' र काठमाडौं बाहिरका लागि 'सस्टेनेबल टुरिज्म' को अवधारणा अगाडि बढाउनु आवश्यक छ।

हाम्रोमा के भयो भने सम्भाव्यता अध्ययन नै नगरी होटल निर्माणमा खर्च भइरहेको छ। हाम्रो मुलुकमा पाँच वर्षपछि आउने पर्यटकको उमेर, चाहना केन्द्रित अध्ययन गरिएको पाइएको छैन। रोजगारी सिर्जना गर्ने भन्दै त्यसै होटल खोलेर त भएन नि!

पर्यटक पैसा खर्च गर्न नेपाल आउने हो। हामीले आफ्नो सेवा, गन्तव्यअनुसार आफ्नो मूल्यवृद्धि गर्नु आवश्यक छ। त्यो रकम सम्बन्धित स्थानीयलाई नै लाभ हुने गरी खर्च गर्नु आवश्यक छ। उनीहरु फाइदामा गएपछि सेवा पनि चुस्त हुने हो।

सामान्यतयाः पर्यटकले तीन रात काठमाडौं, दुई रात चितवन, दुई रात पोखरा, चार रात लज ट्रेकिङको आइटिनरी लिँदै आएका छन्। पछिल्लो समय २१ रात बस्ने पर्यटक आउन थालिसकेका छन्। यी पर्यटक काठमाडौं, चितवन, पोखरा, तानसेन, नगरकोट, धुलिखेललगायत गन्तव्य भ्रमणमा आइरहेका छन्।

हामीले पर्यटकलाई भन्ने भनेकै 'यु स्पेन्ड योर एन्टायर होलिडेज इन नेपाल। आइ एम गोइङ टु डिजाइन स्पेसल आइटिनरी फर यु। ह्वेर यु सि द बेस्ट अफ दिस कन्ट्री।' संसारमा २ सय १० वटा मुलुक छन्। नेपालमात्र घुम्नुपर्छ भन्ने छैन। फर्किफर्की नेपाल भ्रमण गराउने वातावरण सिर्जना गर्नु हाम्रो जिम्मेवारी हो।

यहाँ आउने पर्यटक भनेकै हाम्रा लागि सम्बन्धित मुलुकका राजदूत हुन्। प्रत्येक पर्यटकले यहाँ लिएको अनुभव आफ्नो देश गएर सुनाउँछन्। त्यही अनुभव सुनेर आउने पर्यटक वृद्धि हुनु नै हाम्रा लागि प्राप्ति हो।

हाम्रो सम्पत्ति भनेको प्राकृतिक सम्पदा, 'वाइल्ड लाइफ' र हाम्रो व्यवहार हो। यसलाई पर्याप्त चलायमान गर्न सक्नुपर्छ। नियन्त्रित पर्यटनभन्दा पनि योजनाबद्ध र दिगो पर्यटनमा विश्वास राख्दै अगाडि बढ्नुपर्छ।

## 'पर्यटन दशक' नारामा मात्र सीमित हुनुभएन

हामी पर्यटन प्रवर्द्धन लक्षित आकर्षक नारा त लिएर आउँछौं, तर हाम्रो कमजोरी भनेकै कार्यान्वयन गर्न नसक्नु हो। हामीले यसका लागि हाम्रोभन्दा पनि राम्रो मान्छेलाई नेतृत्व दिनु आवश्यक छ। हामीलाई 'टाइम फ्रेम' मा काम गर्ने मान्छे चाहिन्छ। अहिले विदेशी पर्यटकले प्रतिदिन ४५ देखि ४६ अमेरिकी डलर खर्च गर्छन्। यसलाई वृद्धि गरेर १ सय २५ डलर पुऱ्याउनु आवश्यक छ।

हामीकहाँ तीन रात बस्न आउने पर्यटकलाई पनि २० रात बस्ने पर्यटकसँग जोडेर औसत समयावधि निकाल्ने गरिएको छ। सरकारले 'लङ स्टे' पर्यटकलाई जोड दिन पूर्वाधार विस्तार गर्नु आवश्यक छ। अझै अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीलाई भित्र्याउनु आवश्यक छ। अहिले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको पाँच महिना भइसक्यो। तर, भैरहवामा पर्यटक आउँदैनन्। वैदेशिक रोजगारीमा आउजाउ गर्ने यात्रुमात्र छन्।

भैरहवासँगै पोखरामा पर्यटक आउने वातावरण सिर्जना गर्ने भनेको सरकारले नै हो। यसका लागि द्रुतगामी योजना बनाउनु आवश्यक छ। जस्तै, काठमाडौं–नगरकोट सडकखण्ड नौ वर्षदेखि रूग्ण अवस्थामा छ। ठेकेदार नै समात्न नसक्ने कस्तो स्थिति हो? यस्ता कुरा हेर्नुपऱ्यो।

## योग्य जनशक्ति मुलकमै परिचालन गर्नुपर्छ

पर्यटन क्षेत्रमा सधैं उही मान्छे रहिरहन्छ भन्ने छैन। हाम्रो 'स्कुलिङ' नै अचम्मको छ। अधिकांश पाँचतारे होटलमा नेपाली महाप्रबन्धक (जिएम) पाउनै मुस्किल छ। हाम्रै देशको मान्छे ठूला होटलको जिएम छ भन्दा कस्तो गौरव महसुस हुन्छ। तर, मेनेजरभन्दा माथि पदमा छैनन्।

यहाँको शैक्षिक प्रणाली विस्तार गर्दै यहाँ पढेर अनुभव बटुलेका दक्ष जनशक्तिलाई विदेश पलायन हुने वातावरणमा रोक लगाउनु आवश्यक छ। कुनै समय नेपाललाई ट्रेकिङ, वाइल्ड लाइफ, ऱ्याफ्टिङ, कायाकिङको पायोनियर मानिन्थ्यो। तर, अहिले यी क्षेत्रमा पछिल्लो समय नेपाल पछाडि पर्दै गएको छ।

यदि रोजगारी वृद्धि गर्नु छ भने हामीले आफ्नो जनशक्तिलाई 'इकोलोजिकल ट्रेनिङ' दिनु पनि आवश्यक छ। हामीले दिँदै आएको खानपिनको स्तर वृद्धि गर्दै लानु आवश्यक छ। सर्वप्रथम त खाना 'हाइजेनिक' हुनपर्छ। 'पोर्सन' पनि उही किसिमको हुनुपर्छ।

अब चितवनको वाइल्डलाइफ 'एरिया' कै कुरा गरौं न। कुनै समय पर्यटकको प्रमुख आकर्षण बनेको चितवनको वाइल्ड लाइफ एरिया अहिले बन्द हुँदा साखै गुमेको छ।

नेपालको पर्यटन क्षेत्रको भविष्य उज्ज्वल देखिएको छ। हामीले गर्नुपर्ने भनेको पुनर्संरचना हो। नेपाल पर्यटन बोर्ड पर्यटकीय गन्तव्य प्रवर्द्धनका लागि स्थापना गरिएको थियो। पहिला पर्यटन विभागबाट प्रचारप्रसार र प्रवर्द्धनको काम पर्याप्त मात्रामा नभएको भन्दै बोर्ड स्थापना भएको थियो। तर, बोर्ड यतिखेर सरकारी कार्यालयमा परिणत भइसकेको बराबर छ। नेपाललाई 'सिजन' मा मात्र नभई वर्षैभरि पर्यटक भित्र्याउन बोर्डले महत्वपूर्ण भूमिकामा रहनु आवश्यक छ। पर्यटकीय हिसाबले नेपालमा प्रबल सम्भावना छ। कुन मुलुकबाट कस्ता पर्यटक कसरी ल्याउने भन्ने विषयमा अध्ययनअनुसार कार्यान्वयन गर्नु आवश्यक छ।

'भिजिबिलिटी' नै पर्यटन प्रवर्द्धनको मुख्य साँचो हो। अर्को कुरा भनेको सञ्चार 'लाइफलाइन' हो। तेस्रो कुरा भनेको गति हो। नेपाल भ्रमणमा आउने पर्यटकसँग नियमित सञ्चारमा बस्नु आवश्यक छ। चौथो कुरा भनेको सम्बन्ध व्यवस्थापन हो। पर्यटन प्रवर्द्धनका लागि विभिन्न मुलुकसँग निरन्तर सम्बन्ध व्यवस्थित गन पर्यटन बोर्डको प्रमुख जिम्मेवारी रहेको छ।

(अमात्य कोरा टुर्सका प्रमुख कार्यकारी अधिकृत हुन्।)

BOK SMART
SAVINGS ACCOUNT

# कारोबार अब अझ फटाफट

छुटै छुट अनि धेरै सुबिधा,
**BOK Smart** ले बनाँउछ कारोबारमा अझ सहजता

## ७.६५३ %

### विषेशताहरू:

- मोबाईल बैंकिङ्ग शुल्कमा ५०% छुट
- डेबिट कार्ड जारी शुल्कमा ५०% छुट
- BOK e-com Dollar Card जारी शुल्कमा ५०% छुट

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.
*we make your life easier*

# 'पोस्ट प्यान्डेमिक' उडान

हवाई यातायातको आकार फराकिलो हुँदै जानुमा तत्कालीन सरकारले २०४९ सालमा सबैलाई आकास खुला गर्दै अवलम्बन गरेको उदार हवाई नीति मुख्य र प्रमुख कारण हो ।



विजय श्रेष्ठ

नेपालीले आकासमा पहिलोपटक जहाज उडेको दृश्य हेरेको सात दशक पूरा भइसकेको छ । चार सिटमात्रै भएको 'बिचक्राफ्ट बोनान्जा' जहाजमा भारतीय राजदूत सरजितसिंह महथिया काठमाडौं गौचरणमा पहिलो हवाई यात्रुका रूपमा पहिलोपटक अवतरण भएयता नेपाली उड्डयन क्षेत्रले तय गरेको आकासको बाटोमा थुप्रै स्वदेशी तथा विदेशी घटना, दुर्घटना महामारीको सामना गरिसकेको छ ।

विसं २००६ सालबाट सुस्त गतिमा सुरू भएको नेपालको हवाई यातायात इतिहास कोराना संक्रमणकालसम्म आइपुग्दा वार्षिक अधिकतम १ लाख २९ हजार उडान अनि ७३ लाख यात्रु-आवागमन गराएको रेकर्ड कायम भइसकेको छ ।

चौपाया चर्ने गौचर मैदान, जेट जहाज अवतरण गराउने 'अन्तर्राष्ट्रिय विमानस्थल' मा परिणत भएपछि त्यो पूर्वाधार दैनिक कम्तिमा १ सयहाराहारी उडान हुने अन्तर्राष्ट्रिय प्रवेशद्वार भइसकेको छ ।

आजको दिनमा नेपालसँग त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलबाहेक थप दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल अनि अन्तर्राष्ट्रिय उडान गर्ने २ ९ वायुसेवा तथा आन्तरिक उडानमा नौवटा वायुसेवा जोडिएका छन् । सात दशकपछि नेपालले दोस्रो अन्तर्राष्ट्रिय हवाई प्रवेशद्वारका रूपमा भैरहवाबाट उडान सुरू गरिसकेको छ ।

हवाई यातायातको आकार फराकिलो हुँदै जानुमा तत्कालीन सरकारले २०४९ सालमा सबैलाई आकास खुला गर्दै अवलम्बन गरेको उदार हवाई नीति मुख्य र प्रमुख कारण हो ।

२०४९ अघि सरकारी स्वामित्वको तत्कालीन शाही नेपाल वायुसेवा निगम (हालको नेपाल वायुसेवा निगम) को एकाधिकार थियो । त्यसबेला नेपाल भ्रमणमा आएका पर्यटकलाइ लुक्ला, जोमसोम, पोखरालगायत गन्तव्य जहाजमा पठाउन धेरै गाह्रो थियो । निगम जहाजको टिकट लिन व्यवसायीहरु राति १/२ बजे नै न्युरोडस्थित निगमको केन्द्रीय कार्यालयमा लाइन बस्न जान्थे । त्यत्रो गर्दा पनि सजिलै टिकट हात पर्दैनथ्यो । धाउँदा-धाउँदा टिकट पाइँदैनथ्यो । ट्राभल एजेन्सीका कर्मचारीलाई हैरान थियो ।

सगरमाथा सबैको आर्कषणको केन्द्र । त्यहाँ पुग्न लुक्ला विमानस्थलमा मध्याह्न १२ बजेपछि हावाको गति बढ्ने कारण देखाउँदै निगमका पाइलट 'ट्वीनअटर' जहाज थन्काउँथे । मार्केटिङ विभागले उडान राख्दैनथ्यो । पर्यटक जाने हिमाली भेगमा मात्रै होइन, त्यसताका सुगम रूटमा पर्ने सहर आउजाउ गर्न पनि सजिलै हवाई टिकट पाइँदैनथ्यो ।

जब सरकारले निजी क्षेत्रका लागि आकास खुलायो । निजी क्षेत्रको लगानीमा आन्तरिक गन्तव्यमा नेपाल एयरवेज, नेकोन एयर, एभरेस्ट एयर, कस्मिक एयर आदि वायुसेवा खुले ।

नेपाल एयरवेजले चिनियाँ जहाज 'वाइ१२', 'ट्वीनअटर', 'एभ्रो' उडायो । नेकोनले पनि एभ्रो ल्यायो । एभरेस्टले 'डोर्नियर-२२८' जहाज दुर्गममा उडायो । यसले नेपाली उड्डयन क्षेत्रमा जहाजको विविधता थप्यो । निजी क्षेत्र स्थापना हुनुअघि निगमसँग ११ वटा ट्वीनअटर जहाज आन्तरिक उडानमा थिए । तिनको विकल्प थिएन ।

तर, निजी क्षेत्रको प्रवेशसँगै पर्यटन व्यवसायीलाई एउटै गन्तव्यमा जान वायुसेवाको छनौट सुविधा थपियो । काठमाडौंको चिसोमा राति लाइन बसेर टिकट किन्नुपर्ने कष्ट अन्त्य भयो । २०४६ अघि ५/६ लाख यात्रु प्रतिवर्ष हुने आवागमन वार्षिक कम्तिमा सात प्रतिशतले वृद्धि भयो । त्यसबेला विराटनगर-काठमाडौंमा मात्रै ६ महिनामा ६५ प्रतिशतले यात्रु संख्या वृद्धि भयो । त्यसबेला नेपाली यात्रु ह्वात्तै वृद्धि हुने सेक्टरमा पोखरा, नेपालगन्ज र भैरहवा पनि पर्छन् ।

आन्तरिक उडानमा प्रतिस्पर्धाले ल्याएको यो परिवर्तन म जहिल्यै सम्झन्छु । उदाहरण दिन्छु । अर्को रोचक कथा के छ भने, आन्तरिक उडानमा निगमको एकाधिकार हुँदा, बिहान साढे ११ बजेपछि लुक्ला, जोमसोममा हावा चल्छ भनेर उडान नै हुँदैनथ्यो ।

तर, निजी क्षेत्रको प्रवेशले एउटा भाष्य नै बदल्यो । मौसम हेरेर उडान साँझसम्मै हुन सक्ने क्षेत्रमा उडान हुन थाले । जस्तो, लुक्लामा ११/१२ बजेतिर बतासको गति बढ्ने नै हो तर मध्याह्नपछि कतिपय क्षेत्रमा बतास स्थिर हुँदा उडान हुन थाले । यसले गर्दा पर्यटक आवागमन झन् सहज भयो । निजी क्षेत्रले मौसम हेरेर बिहानदेखि सन्ध्याकालसम्म चारवटा स्लट बनाए । त्यसैअनुसार उडान हुन थाले ।

निजी क्षेत्रका सबै जहाजको संख्या निगमका जहाजभन्दा बढी भयो । निजी क्षेत्रले जहाजका क्षमताअनुसार उडान संख्या नै वृद्धि गरे । जस्तो, निगमले एउटा ट्वीनअटरबाट दिनमा दुइटा उडान गर्ने ठाउँमा निजी वायुसेवाले त्यस्तै जहाजबाट त्यही गन्तव्यमा तीन उडान गर्न थाले । यसरी निजी क्षेत्र आक्रमक हुँदै अघि बढ्यो ।

२०५२ सालपछिको समय नेपालमा सशस्त्र विद्रोह सुरू भयो । जब भौतिक आक्रमण, मानवीय क्षतिका घटना वृद्धि हुँदै गए । युरोप, अमेरिकालगायत मुलुकले 'ट्राभल एड्भाइजरी' जारी गर्दै नेपाल नजान आफ्ना नागरिकलाई सचेत गराउँदै गए । विदेशी पर्यटक संख्या घटे पनि आन्तरिक उडानमा भने माओवादी द्वन्द्वका समयमा यात्रु संख्या वृद्धि भयो । यसको कारण राजमार्ग असुरक्षित हुनु थियो । त्यसबेला सडकबाट यात्रा गर्दा जोखिम थियो । सुरक्षाकर्मीको जाँच हुन्थ्यो । राति सडक बन्द हुन्थ्यो । त्यसैले आन्तरिक उडानमा ह्वात्तै यात्रु बढ्न पुगे । ती आन्तरिक पर्यटक भने थिएनन् । तर, आन्तरिक उडानमा यात्रु चाहिँ वृद्धि भएको समय थियो त्यो ।

सशस्त्र द्वन्द्वकालमा माओवादीले सुर्खेत र जिरीमा दुइटा हेलिकोप्टरमा आगजनी गरे । यसबाहेक अरु अप्रिय घटना भएनन् । विदेशी पर्यटकलाई माओवादीका स्थानीय सरकारले दस्तुर, चन्दा लिए । तर, त्यो द्वन्द्वको समयमा माओवादी आक्रमणमा कुनै विदेशी परेनन् । कुनै हिंस्रक घटना भने भएनन् । तर, यो घटनाले पर्यटक आगमन घटाइदियो ।

सन् २००१ सेप्टेम्बर ११ मा अमेरिकामा अलकायदाले गरेको आत्मघाती हमला, २००२ मा चीनमा देखिएको सार्स महामारी, २०१२ मा मध्यपूर्वमा देखापरेको मर्स महामारी, युरोपको आर्थिक मन्दी, २००७ को वित्तीय संकटलगायत घटनाका कारण नेपालको पर्यटक आगमनमा असर देखियो ।

नेपालमा २०६१/६२ पछिको राजनीतिक परिवर्तनपछि यहाँको पर्यटन क्षेत्र गतिमै थियो । जब २०७६ चैतमा नेपालमा कोरोना संक्रमित देखिएपछि सरकारले लगाएको 'लकडाउन' र त्यसपछि विश्वभरि फैलिएको कोराना महामारीले सारा विश्वसँगै नेपालको पर्यटन उद्योग पनि थचारियो । हामी लगभग शून्यमै झर्‍यौं ।

विश्वभरि व्यावसायिक उडान सुरू भएको १ सय ८ वर्ष पूरा हुँदैछ । यो अवधिमा संसारका सयौं वायुसेवाले दर्जनौं आर्थिकमन्दी सामना गर्नुपर्‍यो । कोभिडले जस्तो लामो र एकैपटक सयौं वायुसेवा, पाइलट 'ग्राउन्डेड' गराउने अरु कुनै पनि महामारी यसअघि हवाई उद्योगले देखेनन् र भोगेनन् । त्यतिमात्रै होइन, संसारभरि कहलिएका वायुसेवा यो समयमा बन्द भए । सरकारले खर्बौं आर्थिक सहायता तथा अनुदान दिनुपर्‍यो । सयौं गन्तव्यमा महिनौं उडान भएनन् ।

नेपालमा भने कोभिड महामारीका बेला नेपाल वायुसेवा निगम र हिमालय एयरलाइन्सले 'रिपार्टेसन' उडान गर्न पाए । सटर बन्द नै गर्नुपरेन । स्वास्थ्य सामग्रीलगायत अन्य



सरकारको काम अब 'एयर-फेयर' (हवाई भाडा) सुलभ गराउनुपर्ने, होटल, ट्राभल, वायुसेवामा तोकिएका करका दरमा समस्या छ, यसको प्रतिशत घटाउने, सेवाको सञ्जाल बढाउने काम गर्नुपर्छ

अत्यावश्यक कार्गो ल्याउने एकमात्र साधन हवाई यातायातमात्रै विकल्प भयो ।

अहिले 'इन्टरनेसनल एयर ट्रान्सपोर्ट एसोसिएसन' (आयटा) को तथ्यांक हेर्दा संसारभरिका वायुसेवा पुरानो लयमा फर्किने कोसिसमा छन् । कोभिडअघिको अवस्थासँग तुलना गर्ने हो भने ७५ प्रतिशतहाराहारी उड्डयन व्यापार तंग्रिसकेको छ ।

तर, यही बेला युक्रेन-रूस युद्धले विश्वभरि इन्धन मूल्यमा अत्यधिक वृद्धि गराइदियो । नेपालमै हवाई यात्रामा ६०-७० प्रतिशत लागत इन्धनका कारण वृद्धि भएको छ । यसले हवाई भाडा ३ सय प्रतिशतसम्म वृद्धि भएको देखिन्छ ।

अब सरकारले के गर्नुपर्छ भने, पर्यटन र उड्डयनलाई एउटै प्रणालीबाट हेर्नुपर्छ । पर्यटन केका लागि गर्ने? उड्डयनको किन विकास गर्ने? भनेर । नेपालमा आमजनसमुदायसम्म पर्यटन विस्तार गर्नैपर्छ किनभने उड्डयन क्षेत्रले नेपालको समग्र अर्थतन्त्रलाई गति दिन्छ ।

यसका लागि अब सरकारले गर्नुपर्ने पहिलो काम नेपालमा हवाई इन्धनको मूल्य अन्तर्राष्ट्रिय बजारसँग तुलनात्मक दरमा कायम गरिनुपर्छ । अब हामीले उड्डयन क्षेत्रलाई हेर्ने धारणा बदल्नैपर्छ ।

किनभने आज हिजोजस्तो धनी मानिस वा विदेशी पर्यटक हवाई यात्रामा छैनन् । आज हामी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आसपास गयौं भने देख्छौं हवाई यात्रु को हुन् भनेर? आजको दिनमा जेट जहाज वा आन्तरिक उडान गर्नेमा गाउँमा दुःख पाएको, ऋण काढेर विदेशिन लागेको वा परिवारको पालनपोषण गर्न जाने सामान्य मानिस हवाई यात्रु भएको छ । दैनिक सयौं छोरी, बुहारी, युवा, तन्नेरी आज लाइन लागेर श्रम गन्तव्य पुग्न नेपाल जस्तो देशका लागि हवाई यातायातमात्रै भरपर्दो साधन भएको छ । अब हवाई यातायात 'लक्जरी' साधन होइन, अल्पंख्यकका लागि नभई नहुने साधन भइदिएको छ ।

सरकारको काम अब 'एयर-फेयर' (हवाई भाडा) सुलभ गराउनुपर्ने, होटल, ट्राभल, वायुसेवामा तोकिएका करका दरमा समस्या छ, यसको प्रतिशत घटाउने, सेवाको सञ्जाल बढाउने काम गर्नुपर्छ । उड्डयन क्षेत्रमा थोपरिएका प्रक्रिया सरलीकरण गर्नुपर्छ । नचाहिने प्रक्रिया हटाइहाल्नुपर्छ ।

विमानस्थलमा हुने अर्बौं लगानी उत्पादनशील हुनुपर्‍यो । अहिले हामीले भैरहवामा निर्माण गरेको गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थल र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्नुपर्छ । सञ्चालन मात्रै होइन, यिनलाई पूर्णक्षमतामा सञ्चालन गरेर मात्रै थप अन्तर्राष्ट्रिय विमानस्थल निर्माणबारे काम थाल्नुपर्छ । मेरो धारणा ' हातको चरालाई सम्हालेर राखेपछि मात्रै वनको चरा हेर्ने' हो । त्यसैले त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थललाई पनि एसियाली विकास बैंकले गरेको अध्ययनअनुसार पूर्णक्षमतामा चलाउनुपर्छ पहिले । त्यसपछि भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पनि सुविधा सम्पन्न गराउनुपर्छ । अनिमात्रै, निजगढबारे अघि बढ्ने निर्णय लिनुपर्छ ।

म नेपालमा 'कार्गो हब' विमानस्थलको सम्भावना देख्दिनँ । 'कार्गोको हब-एयरपोर्ट' बनाउन समग्र आर्थिक चक्र हुनुपर्छ । अर्थात, एयरपोर्टमात्रै भएर हुँदैन । यो चक्रभित्र इन्धनको पर्याप्त सुविधा, विदेशी मुद्राको सहज कारोबार, उद्योग, बजार, नीतिगत सुविधालगायत विषय यो चक्रभित्र पर्छन् ।

नेपालमा सबैभन्दा ठूलो समस्या इन्धन बिक्री मूल्यमै छ । अहिले आयल निगमले उठाउने ६०-७० प्रतिशत नाफालाई १० प्रतिशतहाराहारीमा झार्नुपर्छ । अर्को, 'ग्राउन्ड ह्यान्डलिङ' शुल्क पनि हो । यसको दर घटाउँदा उडान संख्या वृद्धि हुन्छन् । जसबाट नाफा वृद्धि हुन्छ नै । नेपालमा पर्यटकबाट शुल्क उठाएर सञ्चालन हुने पर्यटन बोर्डले पनि पर्यटकलाई प्रत्यक्ष देखिने केही सुविधा दिएको देखिँदैन ।

अहिलेको आमनिर्वाचनमा प्रमुख सबै दलले वार्षिक कम्तिमा २० लाख पर्यटक ल्याउने वाचा घोषणापत्रमा गरेका छन् । यो पूरा हुन उडान संख्या वृद्धिले नै हो । उडान बढाउन मलेसियाले जस्तै पर्यटक ल्याउँदा सहुलियत, सुविधा, कर-दस्तुरमा छुट नै मुख्य हुन् । यहाँ पर्यटन बोर्डको प्रसंग निकालौं । जहाँको सञ्चालक समितिमा पेसागत व्यक्तिको अभाव देखिन्छ । राजनीतिक कार्यकर्ता जाँदा त्यससे उद्देश्य पूरा हुन सक्दैन ।

त्यसैले बोर्डमा त्यहाँको ऐननियमले व्याख्या गरेको मर्म बुझ्ने क्षमता भएका व्यक्तिको सहभागिता भइदिए त्यसले नेपालको अन्तर्राष्ट्रिय बजारमा प्रचारप्रसार हुन्थ्यो ।

*(श्रेष्ठ हिमालय एयरलाइन्सका प्रशासनतर्फका उपाध्यक्ष हुन् ।)*


EVEREST
MAXi
SAVINGS
एभरेष्ट बैंकको MAXI SAVINGS मा
अधिकतम प्रतिफल
विशेषताहरू:
• मेडिकल बीमा रु. १ लाख र दुर्घटना मृत्यु बीमा रु. ५ लाख सम्म सुविधा
• २ बर्षको लागि नि:शुल्क डेबिट कार्ड, क्रेडिट कार्ड, इन्टरनेट बैंकिङ्ग, SMS र मोबाइल बैंकिङ्ग सुविधा
• नेपाल/भारत/थाइल्याण्ड/मलेसिया र सिङ्गापुरका चुनिएका अस्पतालहरूमा डेबिट/क्रेडिट कार्ड होल्डरहरूलाई छुट
• ५ बर्ष सम्म लकर मार्जिनमा पुर्ण छुट
• सबै एभरेष्ट बैंक शाखाहरूमा विशेष सेवा
अन्य आकर्षक सुविधाहरू*
उच्चतम ब्याजदर
२ बर्ष नि:शुल्क आकर्षक सेवाहरु
एभरेष्ट बैंक
EVEREST BANK
दिगो, दरिलो र विश्वासिलो

# यसरी संकटबाट फड्को मार्छ अर्थतन्त्रले

अहिले अर्थतन्त्रमा सबैभन्दा ठूलो समस्या मागमा आएको संकुचनबाट निम्तिएको छ । स्टिल, सिमेन्ट, अटोमोबाइल, प्लास्टिक, निर्माण क्षेत्र, इन्जिनियरिङ लगायत उद्योग तथा व्यावसायिक क्षेत्र साथै दैनिक उपभोग्य वस्तुको मागसमेत निकै घटेको छ ।



विष्णुकुमार अग्रवाल

२०४६ सालको राजनीतिक परिवर्तनपछि खुला बजार अर्थतन्त्रको नीति अंगिकारबाट विश्वबजारसँग नेपाली अर्थतन्त्रको दुरी साँघुरिन थाल्यो । त्यससँगै नेपालको आर्थिक रुपान्तरणमा निजी क्षेत्रको भूमिका केन्द्रविन्दुमा रहँदै आएको जगजाहेर छ ।

राज्य सञ्चालन राजनीतिक अस्थिरताको छायाबाट गुज्रिरहनुपर्दा सरकारको आयु र स्थायित्व दुवै तरल हुने अवस्थाबाट अझै पनि हामी बाहिरिन सकेका छैनौं । सरकार निर्माणको चक्र छोटो हुँदा निजी क्षेत्र नीतिगत स्थायित्वको संशयमा रहन बाध्य हुन्छ । यसका बाबजुद उद्योग-व्यवसाय सञ्चालन र रोजगारी सिर्जनालाई आफ्नो धर्म सम्झेर निजी क्षेत्रले आर्थिक वृद्धि र अर्थतन्त्रलाई टेको दिने काम अविछिन्न गर्दै आएको छ ।

नेपाली निजी क्षेत्रको प्रकृति र संकट झेल्न सक्ने सामर्थ्य अन्यत्रभन्दा अलिक भिन्न र 'रेजिलियन्स' राम्रो रहेको साबित हुँदै आएको छ । यो स्वभाव हामीले जनयुद्धकालदेखि २०७२ को भूकम्प, अघोषित नाकाबन्दीजस्ता समयमा पनि 'बाउन्स ब्याक' गर्न सफल भएर प्रमाणित गरिसकेका छौं ।

यस्तो दरिलो आत्मविश्वास भएको निजी क्षेत्र पनि यतिबेला भने अत्तालिनुपर्ने अवस्था आएको छ । किनकि, अहिले देखिएका समस्या र यसको स्थिति फरक हुँदा देशैभरिका उद्योगी-व्यवसायी प्रताडित हुँदै छन् । यथास्थिति रहे वास्तवमै यसको असरको आयतन निक्कै फराकिलो र गहिरो हुन सक्ने देखिएकाले अहिलेको स्थितिलाई गम्भीरसाथ लिनु आवश्यक छ ।

अहिले अर्थतन्त्रमा सबैभन्दा ठूलो समस्या मागमा आएको संकुचनबाट निम्तिएको छ । स्टिल, सिमेन्ट, अटोमोबाइल, प्लास्टिक, निर्माण क्षेत्र, इन्जिनियरिङ लगायत उद्योग तथा व्यावसायिक क्षेत्र साथै दैनिक उपभोग्य वस्तुको मागसमेत निकै घटेको छ । प्रायः सबै क्षेत्रलाई यतिबेला यो समस्याले छोपेको छ ।

माग संकुचनको प्रभाव बहुआयामिक र वृहत्तर हुन्छ । फेरि, अहिले माग सानो दरले घटेको पनि होइन । १०-१५ प्रतिशतको माग घट्दा उद्योगी-व्यवसायीले झेल्न सक्छन् । र, एकाध महिनामात्र यस्तो अवस्था हुन्थ्यो भने पनि त्यसले सिर्जना गर्ने समस्या चिन्ताजनक हुँदैनथ्यो । तर एक त यो समस्या केही महिनायता खप्टिँदै र लम्बिँदै गएको छ । यो क्रम अझै ६ महिनासम्म रहे यसले निम्त्याउने गम्भीर असर अर्थतन्त्रमा छर्लङ्ग देखिन थाल्नेमा कुनै शंका छैन ।

स्वदेशमै उत्पादन वा आयात हुने सामानको वितरण सञ्जालमा वितरक, थोक र खुद्रा विक्रेता तथा डिलर हुन्छन् । अहिले खुद्रा विक्रेता (रिटेलर) को बिक्री आधा घट्दा वितरकले आफ्नो सञ्चालन खर्च उठाउन सकेका छैनन् । प्रशासनिक खर्च, भाडा, तलब, बिजुली, पानीको बिल उठाउनसमेत समस्या भइसक्यो । माग

घटेर वितरण सञ्जालबाट पैसा आउँदैन भने त्यसको असर सबै ठाउँमा पर्छ नै । त्यसैले माग घट्दै गए त्यसले उपभोक्ताको उपभोगमा मात्र होइन, धेरैतर्फ धक्का पर्छ ।

तर, अहिलेको संकट यतिमा मात्र सीमित छैन । यही बेला बैंक ब्याज ८ प्रतिशतबाट १६ प्रतिशतमाथि पुगेको छ । ब्याज पनि नबुझाइ नहुने अवस्थामा व्यापारीको दैनिक नगद प्रवाह आधाले खुम्चिएको छ । त्यसमाथि व्यापारको कारोबार चक्र नै प्रभावित हुँदा नाफासमेत छैन । यस्तो अवस्थामा ऋणको किस्ता र ब्याज तिर्न सक्ने कुरा भएन । त्यसैले माग घटेका कारण उत्पन्न ठूलो समस्याको चक्रव्युहमा उद्योगी-व्यवसायी फस्दै गएका छन् ।

बजार मागको सिधा सम्बन्ध रोजगारीसँग छ । जब सञ्चालन खर्च घटाउने कुरा आउँछ, तब रोजगारीमा नकारात्मक असर पुग्छ । त्यसको मार श्रमिक वर्गमा पर्छ । यसका संकेत देखापर्न थालिसकेका छन् ।

हालको यस परिस्थितिबाट व्यवसायीलाई निस्किन गाह्रो भइसकेको छ । यदि तुरुन्तै समस्या सम्बोधन गर्न खोजिएन भने धेरै कममात्रै कर्पोरट हाउस यो संकटबाट अछुतो रहनेछन् । यो स्थितिले हरेक क्षेत्रमा विकराल समस्या आउने छ ।

## सतहमा समस्या

जहिले पनि समस्याबारे मात्र बोल्ने उद्योगी-व्यवसायीको शैली नै हो र अहिले पनि त्यही दोहोरिएको हो भन्ने पनि धेरैलाई लाग्न सक्छ । तर, म स्पष्टसँग भन्छु, अहिले उद्योगी-व्यवसायी वास्तवमै गम्भीर समस्यामा परेका छन् । म यो तथ्यका आधारमा भन्दै छु । र, यो समस्या लघु, साना तथा मझौला स्तरका उद्योग (एसएमइज)ले बढी सामना गरिरहनुपरेको छ ।

यो समस्या गम्भीर छ भन्ने पुष्टि गर्ने आधार पनि छन् । किनकि, यो समस्याले उद्योगी-व्यवसायीलाई मात्रै छोएको छैन । प्रायः सबै सरकारी राजस्व संकलन घटेका छन् । अन्तःशुल्कमा खासै वृद्धि छैन । भन्सार राजस्व घटिरहेको छ । यो समस्याको सबैभन्दा ठूलो संकेत मूल्य अभिवृद्धि कर (भ्याट) ले गरिरहेको छ । गत आर्थिक वर्ष पहिलो त्रैमासको तुलनामा यस वर्ष भ्याट ११.६ प्रतिशतले घटेको छ । भ्याट अन्तिम उपभोक्ताले तिर्ने कर भएकाले यो घट्नुको एउटा अर्थ माग तथा उपभोग संकुचित भएको भन्ने पनि हो ।

निष्क्रिय कर्जा (एनपिए) ले पनि समस्या चर्किएको देखाइसकेको छ । एनपिए १.३४ बाट १.७७ प्रतिशतहाराहारी पुगिसक्यो । यो ३ प्रतिशतसम्म जानसक्ने देखिएको छ । नेपालका लागि यो निकै गम्भीर कुरा हो । किनकि, जब निष्क्रिय कर्जामा पहिरो जान सुरू हुन्छ, ३-४ प्रतिशत पुग्न समय लाग्दैन र त्यतिमै मात्र पनि रोकिँदैन भन्ने बुझ्नुपर्छ ।

यही समयमा तरलताको समस्या छ । यसले गर्दा कुनै पनि नयाँ उद्योग-कलकारखाना आउन सकेका छैनन् । भएका व्यवसायको थप विस्तार पनि छैन । लगानीकर्ताले यो वर्षका लागि बनाएको लगानीको योजनालाई पछाडि धकेलेका छन् ।

नेपालमा जग्गा र सेयर बजारले अर्थतन्त्रमा महत्त्वपूर्ण भूमिका खेल्ने गरेको छ । तर, अहिले नीतिगत अडचन र बैंक लगानी संकुचित हुँदा घरजग्गा कारोबार ठप्प छ । कित्ताकाट बन्द छ । बैंकिङ धितो पनि जग्गासँग नै जोडिए पनि बैंक कर्जा रोकिँदा कारोबार हुन सक्ने अवस्था नभएकाले अहिले कसैले जग्गा बेचेर पनि बैंकको ऋण तिर्छु भन्न सक्ने अवस्था छैन । त्यस्तै सेयर कारोबारको डिम्याट खाता ५० लाखभन्दा बढीसँग छ । तर, सेयर बजार करिब ४० प्रतिशतले घटेको छ । नोक्सान नै हुने अवस्थामा सेयर बेचेर तारतम्य मिलाउन सक्ने अवस्थामा पनि लगानीकर्ता छैनन् । यसरी जग्गाको कारोबार नहुने र सेयर मूल्य पनि घट्दा सरकारी संस्थानदेखि लघुवित्तसम्म यसको असर परेको छ, जहाँ मान्छेको ठूलो बचत छ ।

## कसरी आयो संकट ?

अहिलेको संकट रातारात आएको भने होइन । यसमा कतिपय दिर्घकालदेखिका र केही तत्कालीन कारक छन् । सरकारले लिएको बैंकिङ पहुँच बढाउने नीतिअनुरूप बैंकहरूले गाउँ-गाउँ पुगेर शाखा कार्यालय खोलेपछि त्यहाँ कर्जा प्रवाह पनि बढ्यो । हाम्रो प्रणालीको कमजोरी भनौं, अधिकांश बैंक ऋण (जग्गा) धितोमा आधारित छ । यसले जग्गाको मूल्य पनि अत्यधिक बढाउन प्रेरित गऱ्यो । जसले गर्दा ऋण लिएर उद्योग-व्यवसाय चलाउनेका लगानी जग्गा र सेयरमा हुन पुग्यो । यस्तो एकाध व्यक्तिमा मात्रै सीमित रहेन, हाम्रो प्रणालीले त्यही बाटो देखाएकाले धेरैले त्यसलाई पछ्याउनुपऱ्यो । यसलाई लामो समयदेखिकै हाम्रो प्रणालीगत असफलता भन्नुपर्छ ।



यहीबीच झेल्नुपरेको कोभिड महामारीपछि परिस्थिति केही फरक बन्यो । फेरि रूस-युक्रेन युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा कमोडिटी, पेट्रोलियम, ढुवानीलगायतको मूल्य अप्रत्याशित बढ्न पुग्यो । महामारीका बेला दुई वर्षसम्म मान्छेले त्यति खुलेर खर्च र काम गरेका थिएनन् । त्यसले एउटा 'ग्याकुम' सिर्जना गरिदिएको थियो । अर्को, बैंकिङ प्रणालीमा अधिक तरलता हुँदा ब्याजदर सस्तो भएको थियो । ब्याजदर कम भएका बेला जसरी ' आउट साइट इन्टरभेन्सन' हुनुपर्थ्यो, त्यो पनि भएन । त्यतिबेला प्रणालीमा तरलता घटाउन ब्याजदर करिडोर ८ देखि १२ प्रतिशत कायम गर्नुपर्थ्यो । तर ५.५ देखि ७.५ प्रतिशत ब्याजदरमा सबैले ऋण पाइरहे । प्रणालीमा तरलता बढी र ब्याज सस्तो हुँदा माग, आयात, जग्गा तथा सेयरको भाउ इत्यादि ह्वात्तै बढ्यो । त्यतिबेला सबै कुरा अचानक हुन पुग्दा त्यसको चाप भने एक्कासि विदेशी मुद्रा सञ्चितिमा पऱ्यो ।

त्यहीबेला हाम्रो समस्यालाई श्रीलंकाको अवस्थासँग जोडेर हेरियो । एकसाथ सामानमा प्रतितपत्र (एलसी) खोल्दा नगद मार्जिन राख्न लगाइयो, कतिपय सामानको आयातमा प्रतिबन्ध नै लगाइयो । बजारबाट तरलता कम गर्ने नीति बने । पुनर्कर्जा (रिफाइनान्सिङ) को पैसा फिर्ता गराउन समयसिमा तोकियो । प्रोभिजनिङ पनि बढाइयो । चालु पुँजी कर्जा मार्गदर्शन पनि त्यही बेला ल्याइयो । विदेशी विनिमय सञ्चिति बढाउन सचेत भएर क्रमिक उपाय खोज्नुपर्नेमा अर्थतन्त्रमा एकैपटक धेरै उपचार विधि प्रयोग गर्न खोजियो, जसले समस्या निम्त्यायो । समस्यालाई नै 'संकट' मानियो, सोही अनुसारको विधि प्रयोग गरियो ।

## आसाका किरण

समस्याबीच केही आसाका किरण पनि देखिएका छन् । महामारीपछि खुम्चिएको पर्यटन क्षेत्रमा केही राम्रा संकेत देखिएका छन् । बिजुली निर्यात हुन थालेको छ । यी सम्भावनालाई हामीले 'क्यास' गर्न सक्नुपर्छ ।

अर्कातर्फ, रेमिट्यान्स बढिरहेकाले अहिले विदेशी विनिमय सञ्चिति राम्रो स्थितिमा छ । विश्वव्यापी महँगी बढेको अहिलेको अवस्थामा समेत ८.३ महिनाको वस्तु तथा सेवाको आयात धान्न पुग्ने विदेशी विनिमय सञ्चिति कमजोर होइन । यसले त्यतिबेला सोचिए जस्तो समस्या रहनेछ भनेर संकेत दिइसकेको छ ।

## सुधारको तत्कालीन र दीर्घकालीन बाटो

आयातमा कायम प्रतिबन्धले अबैध आयात र व्यापार बढिरहेको छ, राजस्व पनि प्रभावित भएको छ । यसले नेपाली अर्थतन्त्र र व्यवसायीलाई मार परिरहेको छ । यसलाई कम गर्ने ठोस कदम लिइएन भने समस्या झन्-झन् बढ्दै जान्छ । यदि हामीले भने जसरी सरकारले कदम चाल्यो भने हाम्रो अर्थतन्त्र तुरुन्तै 'रिभाइभ' गर्ने खालको छ । अब आउने नयाँ सरकारले यो समस्या समाधानलाई पहिलो र प्रमुख प्राथमिकता नदिए हामी महासंकटको अवस्थामा पुग्छौं ।

उद्योगी-व्यवसायी नीतिगत स्थिरता चाहन्छन् । हामीलाई सही समयमा उचित निर्णय र दिशा चाहिन्छ । यस्ता समस्याबारे सरकार, राष्ट्र बैंक र हामी उद्योगी-व्यवसायीबीच समान र एकैखालको बुझाइ बन्नुपर्छ । त्यही हिसाबले एउटै निष्कर्षमा पुगेर अघि बढ्नुपर्छ । तर, हामीबीच यो समस्याको बुझाइमा 'ग्याप' छ ।

अहिलेको स्थितिलाई ठिक गर्न माग बढाउने उपाय खोज्नुपर्छ । त्यसका लागि सबैभन्दा पहिला तरलता सहज गर्नुपर्छ । तरलता सहज भएर लगानी गर्ने अवस्था नबनेसम्म अहिलेको समस्याको चक्रबाट मुक्त हुन सकिँदैन । लगानीको वातावरण बनाउन ब्याजदरलाई नियन्त्रणमा राख्नुपर्छ । केही समयका लागि चालू पुँजी कर्जा मार्गनिर्देशनजस्ता कदममा नरम बन्नुपर्छ । हाम्रो अर्थतन्त्र त्यति जटिल नभएकाले सुधारका लागि धेरै कुरा गर्नुपर्दैन । जलविद्युत विकासका लागि विद्युत खरिद सम्झौता (पिपिए) खोलेर तोकिएको अवधि (पाँच वर्षदेखि सात वर्ष) मा उत्पादन सुरु गरे सहुलियत दिने घोषणा गर्नुपर्छ । त्यस्तै, जलविद्युतमा बाहिरबाट लगानी ल्याउनेलाई पनि सहुलियतको घोषणा गर्नुपर्छ । निजी क्षेत्रलाई उत्पादित विद्युत 'ह्विलिङ चार्ज' लिएर बिक्री गर्न र विद्युत व्यापारका लागि अनुमति दिनुपर्छ । विद्युतका लागि हाम्रो बजार भारत र बंगलादेश भएकाले उनीहरूका नियम तथा सर्तका सम्बन्धमा 'नेगोसिएट' गर्नुपर्छ ।

लगानी आउने उच्च सम्भावना र क्षमता देखिएको सूचना प्रविधि (आइटी) क्षेत्रलाई प्रवर्द्धन गर्न आइटी पार्कको अवधारणालाई गतिका साथ अघि बढाउनुपर्छ । आइटीमा फिलिपिन्स, भियतनाम, भारतजस्ता मुलुकसँग प्रतिस्पर्धा गर्न सक्ने हुनेगरी नीति ल्याउनुपर्छ ।

विदेशी मुद्राको नियमित आयका लागि अन्तर्राष्ट्रिय बजारमा बन्ड/डिबेन्चर जारी तथा अन्य उपायबाट पनि बैंकलाई विदेशबाट ऋण ल्याउन सक्षम बनाउनुपर्छ । यसका लागि बैंकहरूसँग समन्वय गरेर अगाडि बढ्न सकिन्छ । उत्पादनमूलक उद्योगका लागि निजी क्षेत्रबाट विकास भएका औद्योगिक क्षेत्रको अवधारणा अगाडि ल्याउनुपर्छ । यसका लागि छिमेकी राष्ट्र भारतको रूद्रपुर औद्योगिक क्षेत्रलाई एउटा उदाहरणका रूपमा लिएर त्यहाँ रहेका उद्योगलाई दिइएका सेवा सुविधा अध्ययन गरी हाम्रोमा पनि त्यसलाई लागू गरे यसले उद्योगको प्रवर्द्धन हुन्छ ।

आफ्नो प्रतिस्पर्धात्मक क्षमता बढाउन केही क्षेत्रमा कर तिरेको आयबाट बाहिर पनि लगानी गर्न पाउने व्यवस्था गर्नुपर्छ । यसले नेपाली उद्योगी-व्यवसायीका क्षमता विकासका साथै एक्सपोजर पनि हुन्छ । यसरी गरेको लगानी लाभांश लिएर पुनः नेपालमै आउने हो ।

समृद्धिको आकांक्षा साकार गर्न पूर्वाधार महत्त्वपूर्ण अंग भएकाले पूर्वाधार निर्माणको क्षमता पनि बढाउनु आवश्यक छ । आजसम्म हामीले कुनै पनि विकास निर्माण परियोजना समयमै सकेको उदाहरण छैन । यसबाट पुँजी (लगानी) र समय 'ओभर रन' भइरहेको छ । यस्तो विकृति रोक्न सार्वजनिक खरिद ऐनमा आवश्यक सुधार गर्नुपर्छ ।

पूर्वाधारको दिर्घकालीन स्थिरता र उद्देश्य पनि प्रष्ट हुनुपर्छ । पूर्वाधार विकासका लागि न्यूनभन्दा औसतमा 'बिडिङ' गर्ने क्षमतावान निर्माण कम्पनीलाई परियोजना विकास गर्न दिँदा त्यसले सकारात्मक परिणाम दिन सक्छ । पुँजीगत खर्च समयमै हुने वातावरण बनाउनुपर्छ । यी काम गर्ने हो भने हाम्रो अर्थतन्त्रमा छिटो सुधार आउँछ । त्यस्तै पर्यटन पूर्वाधारमा पनि लगानी बढाउँदै लैजानुपर्छ । अन्य मुलुकबाट आएर नेपालमा चलचित्र छायांकन/निर्माण गर्न चाहनेलाई विशेष प्रोत्साहन दिनुपर्छ ।

यी विद्यमान अवस्था दृष्टिगत गर्दै नयाँ सरकारले अर्थतन्त्रलाई मूलप्राथमिकतामा राखेर अर्थतन्त्रमा देखिएका समस्या र सन्निकट संकट हल गर्छ भन्ने निजी क्षेत्रको ठूलो अपेक्षा छ । साथै, अबको सरकार छिटोभन्दा छिटो दोस्रो चरणको आर्थिक सुधारमा पनि लाग्नुपर्छ, जसबाट देश समृद्धितर्फ अग्रसर हुन सक्छ । तबमात्र, औद्योगीकरणको वातावरण निर्माण गर्दै उच्च आर्थिक वृद्धि हासिलतर्फ हामी जान सक्छौं ।

(अग्रवाल नेपाल उद्योग परिसंघका अध्यक्ष हुन् ।)

# शैक्षिक लगानीमा प्राथमिकता, समृद्धिको मार्ग

नेपाल संघीय प्रणालीमा गएपछि शिक्षा र स्वास्थ्यको क्षेत्रमा बजेट घट्दो छ । धेरै मुलुकले शिक्षा र स्वास्थ्यमा लगानी थपिरहेको अवस्थामा नेपालले घटाइरहेको छ । प्रदेश र स्थानीय तहलाई खर्चको सीमा घटाउँदा यो स्थिति आएको हो ।



प्रा.डा. भोला थापा

आर्थिक विकासका शास्त्रीय चिन्तनले भौतिक पुँजीलाई आर्थिक वृद्धि र विकासको आधारभूत तत्व मान्छ । यो बुझाइकै कारण भौतिक पुँजी सञ्चयले तीव्रता पायो । सन् १९७० र ८० को दशकदेखि आर्थिक विकासका अवधारणाले पुँजी सञ्चयका साथै रोगारी र आयको पुनर्वितरणमा महत्व दिन थाले ।

१९८० पछि आर्थिक विकासको अवधारणा अझ बढी फराकिलो बन्यो । विकास अब बहुआयामिक प्रक्रिया बन्यो । मानव विकासको गतिशिलतादेखि उत्पादनको ढाँचा र प्राविधिक उन्नति विकासको परिधिभित्र परे । यसले मानिसको समृद्धि र आर्थिक उपार्जनका विकल्पलाई पनि आर्थिक विकासभित्र समेट्न थाल्यो ।

मानिसको समृद्धिका लागि शिक्षा र स्वास्थ्यमा समान अधिकार अत्यावश्यक छ । क्षमता अभिवृद्धिका लागि प्रदान गरिने समान अवसर मानव विकासको दृष्टिकोणबाट निकै महत्वपूर्ण छन् । विभिन्न अध्ययन तथा अनुसन्धानले पनि समग्र आर्थिक विकासका लागि शिक्षाको महत्व निकै रहेको देखाएका छन् ।

नेपालका आर्थिक–सामाजिक नीतिमा मानव विकासको अवधारणाको प्रभाव धेरै छ । १९९० को दशकको मध्यतिर आर्थिक संरचनामा परिवर्तनका लागि आर्थिक उदारीकरण नीति अवलम्बन भएको थियो । त्यस आर्थिक विकासको मुख्य ध्यान नै व्यापारमा निजी क्षेत्रको प्रोत्साहन, राज्यलाई सीमित क्षेत्रको व्यापारमा मात्रै संलग्न गराउनुमा थियो । यस्तै प्रतिस्पर्धालाई बढावा दिँदै बजारमुखी अर्थतन्त्र निर्माण थियो ।

२००० पछिमात्रै नेपालले मानव विकाससम्बन्धी अवधारणा वा दृष्टिकोणलाई आर्थिक–समाजिक नीतिमा समावेश गर्न थाल्यो । २०१५–२०३० सम्म दिगो विकास लक्ष्य तय भएको थियो । त्यसअघि २०००–२०१५ सम्म सहस्राब्दी विकास लक्ष्य तय भएको थियो । मानव विकास दृष्टिकोण र परिणाममा आधारित व्यवस्थापनलाई जोड दिने यी कार्यक्रमले नेपालको सामाजिक–आर्थिक नीतिमा वृहत प्रभाव पारेका छन् ।

२००० अप्रिलमा डाकरमा सम्पन्न विश्व शिक्षा सम्मेलनबाट धेरै राष्ट्रले सबैका लागि शिक्षा परियोजना अपनाए । यो सम्मेलनले विकसित राष्ट्रलाई दुई भूमिका प्रदान गऱ्यो । पहिलो आफ्ना सबै नागरिकलाई शिक्षित बनाउने र दोस्रो विकासशील राष्ट्रमा शैक्षिक अभिवृद्धिका लागि सहयोग गर्ने ।

जुनसुकै क्षेत्र, लिंग, समाज वा सांस्कृतिक पृष्ठभूमि भएकालाई शिक्षामा समान अधिकार र पहुँच पुऱ्याउने भनियो । लगानीका लागि दातृ राष्ट्रहरु पनि तयार भए । छनौटमा स्वतन्त्रताका कारण शिक्षामा प्रभावकारी लगानी सम्भव भने भएन ।

नेपालजस्तो विकसशील राष्ट्रमा शिक्षाको दायित्व राज्यले लिनुपर्छ र शिक्षा व्यावहारिक हुनुका साथै सर्वसुलभ पनि हुनुपर्छ । यद्यपि, हाम्रो



राज्यले यसो गर्न सकिरहेको छैन । १९८० मा पनि उदारीकरण र भूमण्डलीकरणका कारण नेपालको उच्च शिक्षामा व्यापक परिवर्तन आएको मानिन्छ । उच्च शिक्षा राज्यको प्रणालीभन्दा बाहिर फैलिरहेको छ भने सार्वजनिक-निजी मोडलमा शिक्षा क्षेत्रमा लगानी भइरहेको छ ।

यो अभ्यासले विकाससम्बन्धी दर्शनको परिप्रेक्ष बदलेको छ । नेपाल सरकारले दातृ निकाय र विकास साझेदारसँग समन्वय गरी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानीलाई प्राथामिकता दिएको छ । यसको नतिजा निकै सकारात्मक छ । प्राथमिक तहमा विद्यार्थी भर्ना दर बढिरहेको छ । १९७१ मा ४ लाख विद्यार्थी प्राथमिक तहमा भर्ना भएका थिए । २००१ मा आइपुग्दा यो संख्या ३० लाख ९० हजार पुग्यो । २०१९/२० मा यो संख्या ५० लाख ३० हजार छ । यो संख्या निकै उत्साहजक हो । यस्तै, उच्च शिक्षामा पनि उत्साहजनकै तथ्यांक छ । १९७१ मा १७ हजार भर्ना हुँदा २००५ भित्र २ लाख १० हजार भर्ना भए भने २०२० मा यो संख्या २० लाख १० हजार पुग्यो । शैक्षिक संस्थाका संख्यामा पनि उल्लेखनीय वृद्धि भएको छ ।

नेपाल संघीय प्रणालीमा गएपछि शिक्षा र स्वास्थ्यको क्षेत्रमा बजेट घट्दो छ । धेरै मुलुकले शिक्षा र स्वास्थ्यमा लगानी थपिरहेको अवस्थामा नेपालले घटाइरहेको छ । प्रदेश र स्थानीय तहलाई खर्चको सीमा घटाउँदा यो स्थिति आएको हो । प्रदेश र स्थानीय तहले गर्ने स्वेच्छाचारी खर्च कटौती गरेर वा अर्थोपार्जनका स्रोत बलियो बनाएर भए पनि उनीहरूले शिक्षा र स्वास्थ्यमा लगानी गर्नुपर्ने हुन्छ । यद्यपि, उनीहरु शिक्षा र स्वास्थ्यमा लगानीका लागि संघीय सरकारबाट ससर्त अनुदानको आसामा छन् । यसले स्वास्थ्य तथा शैक्षिक संस्थाको स्तरोन्नतिमा बाधा पुऱ्याइरहेको छ ।

यो तथ्य विश्व बैंकले आफ्नो प्रतिवदेनमा पनि समावेश गरेको छ । २०२० को प्रतिवेदनअुनसार नेपालले कूल गार्हस्थ उत्पादन (जिडिपी) को ३.२ प्रतिशत शिक्षामा लगानी गरेको थियो । यो रकम नेपालजस्तै अन्य विकासशील मुलुकको अनुपातमा न्यून हो । विकसित राष्ट्रका अनुपात ३.८ प्रतिशत छ भने कतिपय राष्ट्रले जिडिपीको ४.१ प्रतिशत रकम शिक्षामा लगानी गरेका छन् ।

आर्थिक वर्ष २०१४/१५ देखि २०१८/१९ को तथ्यांक हेर्ने हो भने शिक्षा क्षेत्रको लगानी करिब १.२ प्रतिशतदेखि १ प्रतिशतसम्म घटिरहेको छ । यद्यपि, पुँजीगत खर्च भने ९.९ प्रतिशतसम्म छ । विकास साझेदारीसम्बन्धी प्रतिवेदन २०१९/२० का अनुसार १० वर्षदेखि दातृ निकायहरूले नेपालको शिक्षा क्षेत्रमा स्थिर तरिकाले सहयोग गर्दै आएका छन् । कोरोनाकालपछि मात्रै सहयोगमा केही कमी आएको पाइन्छ ।

मुलुकको अर्थतन्त्र बलियो बनाउन र समावेशी विकास सुनिश्चितताका लागि गुणस्तरीय जनशक्ति उत्पादन अपरिहार्य छ । गुणस्तरीय जनशक्ति उत्पादनका लागि शिक्षामा दिगो लगानी महत्वपूर्ण छ । शिक्षामा कम र पूर्वाधारमा मात्रै बढी लगानी गर्ने हो भने नेपालले निकै कम प्रतिफल पाउँछ । त्यसैले उच्च प्रयोगात्मक विधि र अनुसन्धान बढी प्रयोग हुने शिक्षामा सरकारले लगानीका साथै शैक्षिक पूर्वाधार विकास गर्नु पनि उत्तिकै आवश्यक छ । उचित शैक्षिक पूर्वाधार अभावमा अनुसन्धान कार्य प्रभावित हुँदै आएका छन् भने शिक्षाको गुणस्तर पनि कमजोर बन्दै गएको छ । यसले एकातिर गुणस्तरीय जनशक्ति उत्पादनमा असर पुऱ्याइरहेको छ भने उच्च शिक्षाका लागि विद्यार्थीहरु विदेशतर्फ आकर्षित हुँदा भारीमात्रामा पुँजी पलायन भइरहेको छ । यसका साथै ज्ञान र सीपलाई विश्वविद्यालयबाट समाज र अर्थतन्त्रमा प्रवाह गर्ने प्रक्रिया नै स्थगित हुँदै आएको छ ।

आवश्यकता र प्राथामिकता तय गर्दै सरकारले आर्थिक विकासको रणनीतिक योजना अनुरुप उच्च शिक्षामा पनि लगानी गर्नुपर्छ । यो कुरा दिगो विकासका लागि महत्वपूर्ण छ । औद्योगिक विकास र रोजगारका अवसरका साथै अर्थतन्त्रका अन्य क्षेत्रगत विकासमा पूर्वानुमान गरे झैं राज्यले उच्च शिक्षाका उत्पादनबारे पनि उत्तिकै सोच्नुपर्छ । यसो गरेमात्रै नेपालको अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने सक्षम जनशक्तिको माग र आपूर्तिबीचको खाडल पुर्न सकिन्छ ।

विश्वविद्यालय अनुदान आयोगको विवरण हेर्ने हो भने सबैभन्दा बढीले व्यवस्थापन संकाय पढिरहेका छन् । आर्थिक वर्ष २०१६/१७ देखि २०१९/२० सम्म हेर्दा ४४ प्रतिशत विद्यार्थी व्यवस्थापन संकायमा भर्ना भएका छन् भने १९.५ प्रतिशतले शिक्षा संकाय छनौट गरेका छन् । यस्तै मानविकी संकायमा १२.४५ प्रतिशत विद्यार्थी भर्ना भएका छन् । प्राविधिक क्षेत्रमा भर्ना संख्या अत्यन्त न्यून छ । ६.७३ प्रतिशतले इन्जिनियरिङ रोज्दा ६.३१ प्रतिशतले मेडिसिन रोजेका छन् । यस्तै १.३५ प्रतिशतले कानुन रोज्दा १.१२ प्रतिशतले पशु र बाली विज्ञान रोजेका छन् ।

मागका आधारमा दक्ष जनशक्ति उत्पादनलाई प्राथमिकतामा राखिनुपर्छ । तर, दुर्भाग्य नेपालमा कुन जनशक्तिको माग कति

छ भन्ने तथ्यांकको अभाव छ । श्रमशक्ति सम्बन्धी सर्भे २०१७/१८ अनुसार कूल रोजागरको सबैभन्दा बढी २३.८ प्रतिशत जनशक्ति सेवा बिक्री क्षेत्रमा आबद्ध छन् । सामान्य पेसामा २०.३ प्रतिशत जनशक्ति छन् भने व्यापारमा १९.६ प्रतिशत जनशक्ति क्रियाशील छन् । यस्तै व्यवस्थापकीय क्षेत्रमा १.२ प्रतिशत जनशक्ति संलग्न छन् । यद्यपि, ४४ प्रतिशत विद्यार्थीले व्यवस्थापन संकाय पढिरहेका छन् ।

यस्तै श्रम जनशक्ति सर्भे २०१८ अनुसार अनौपचारिक क्षेत्रमा देशैभरि करिब ८४.६ प्रतिशत जनशक्तिले काम गरिरहेका छन् । जसमा सबैभन्दा ठूलो हिस्सा महिलाको छ । यस्तै ग्रामीण क्षेत्रमा बसोबास गर्नेले पनि यसमा योगदान गरिरहेका छन् । यसले के दखाउँछ भने नेपालमा शैक्षिक उपलब्धी हासिलको अवसर सीमितले पाएका छन् । त्यसैले अझै पनि उल्लेखनीय संख्यामा युवा रोजगारी खोजीमा खाडी मुलुक धाउन बाध्य छन् ।

श्रम जनशक्ति सर्भेका अनुसार उच्च शिक्षामा भर्ना भएका ९१.६ प्रतिशत जनशक्ति औपचारिक सेवा क्षेत्रमा प्रवेश गरेका छन् । उनीहरु सरकारी सेवा वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका साथै निजी क्षेत्रका संस्थामा कार्यरत छन् । उच्च शिक्षामा भर्ना कम भएसँगै अनौपचारिक क्षेत्रमा मजदुरी गर्ने बढिरहेका छन् भने औपचारिक क्षेत्रमा काम गर्ने जनशक्ति स्वाभाविकरुपमा घट्नेछन् ।

आर्थिक उपार्जनमा केन्द्रित सबै जनशक्तिलाई सूचीकृत गर्ने र उनीहरुको क्षमता विकासमा सहयोग गर्दा राज्यलाई पनि फाइदा पुग्छ । उनीहरुको आम्दानीबाट राजस्व संकलन र सरकारी खर्च व्यवस्थापनमा रचनात्मक सहयोग पुग्छ । उच्च शिक्षामा लगानी गर्ने हो भने अर्थतन्त्रको सबलीकरणमा पनि फाइदा पुग्ने छ । उच्च शिक्षा पढेकै जनशक्ति औपचारिक सेवा क्षेत्रमा क्रियाशील रहेको तथ्यले पनि यसलाई पुष्टि गर्छ ।

विकाससम्बन्धी अर्को अवधारणाले के भन्छ भने शिक्षित जनशक्तिले संस्थालाई बलियो मात्रै बनाउँदैन, अर्थतन्त्रमा योगदान गर्दै राज्यलाई पनि सहयोग पुर्‍याउँछ । त्यसैले आजकल दक्ष जनशक्ति उत्पादनमा धेरैले लगानी गरिरहेका छन् । औपचारिक सेवामा अवसर सिर्जना गर्दा त्यसले दक्ष जनशक्तिलाई रोजगारी मात्रै दिँदैन, त्यसबाट राज्यले पनि आर्जन गरिरहेको हुन्छ । तसर्थ, सबल अर्थतन्त्र र दिगो विकास सम्भव तुल्याउने हो भने शिक्षामा लगानी अपरिहार्य छ ।



# पुँजीबजार सुधार्न व्यावसायिक घरानाका कम्पनी सूचीकृत हुनुपर्छ

नेपाली सेयर बजार र छिमेकी मुलुक भारतकै पुँजीबजारको 'कोरिलेसन' हेर्दा पनि ५० प्रतिशतजति मात्र देखिन्छ । कुनै समय यस्तो सम्बन्ध नकारात्मक पनि थियो । यसले पनि देखाउँछ कि पुँजीबजारका सन्दर्भमा हामी विश्वबजारसँग जोडिएका छैनौं ।



**डा. मनोज शाही**

अन्तर्राष्ट्रिय पुँजीबजारको तुलनामा नेपालको बजारमा धेरै उतारचढाव आउने गरेको देखिन्छ । त्यसको मुख्य कारण धितोपत्र बजारमा लगानी गर्दा अर्थतन्त्र, कम्पनीको वित्तीय अवस्था तथा बजार अवस्था विश्लेषण गरेर भन्दा पनि हल्लाका भरमा लगानी गर्ने प्रवृत्ति हाबी भएर पनि हो । त्यसका साथै पुँजीबजारमा सूचीकृत कम्पनीको विविधता नभएकाले पनि धितोपत्र बजारमा कारोबारी हाबी हुँदा धेरै उतारचढाव आउने गर्छ ।

नेपालको अर्थतन्त्र हेर्दा सीमित व्यक्ति वा समूहको नियन्त्रणमा रहेको छ । ती व्यावसायीक घरानाको व्यापार-व्यवसायले अर्थतन्त्रलाई गति दिँदै आएको छ । अर्थतन्त्रलाई नै नियन्त्रणमा राख्ने व्यावसायिक घरानाका कम्पनीलाई धितोपत्र बजारमा ल्याउनु आवश्यक देखिन्छ । यस विषयमा सरकारले पनि गम्भीररूपमा सोच्नुपर्ने समय भएको छ । सीमित व्यक्तिको नियन्त्रणमा रहेका कम्पनी पुँजीबजारमा आएको खण्डमा सर्वसाधारणको सहभागिताले अर्थतन्त्रलाई नै गति दिने निश्चित छ । अन्तर्राष्ट्रिय अभ्यास हेर्दा पनि सीमित समूहको नियन्त्रणबाट अर्थतन्त्र बाहिर ल्याउने बलियो माध्यम भनेकै पुँजीबजार हो । पछिल्लो उदाहरण हेर्दा पनि भारतमा सीमित व्यक्ति वा समूहको नियन्त्रणमा रहेका धेरै कम्पनी पुँजीबजारमा आएका छन् ।

त्यसले त्यहाँको पुँजीबजार मात्र नभई अर्थतन्त्रलाई नै गति प्रदान गरेको देख्न सकिन्छ । त्यतिमात्र नभई अन्तर्राष्ट्रिय पुँजीबजारसँग समेत जोडिन मद्दत गरेको छ । विश्व सेयर बजारमा आएको उतारचढावले भारतीय पुँजीबजार पनि प्रभावित हुने गर्छ । तर, नेपालको पुँजी बजारका सन्दर्भमा त्यस्तो हुन सकेको छैन ।

नेपालको पुँजीबजार अन्तर्राष्ट्रिय बजारसँग नजोडिनुका धेरै कारण मध्ये ठूला व्यावसायिक घराना कम्पनी नआउनुलाई पनि लिन सकिन्छ । धितोपत्र बजारमा सहभागी कम्पनीको विविधताका लागि पनि सरकारले त्यस्ता समुदायका कम्पनीलाई बजारमा ल्याउनुपर्छ ।

पछिल्लो समय नेपाली पुँजीबजारमा देखिएको उतारचढाव भने अन्तर्राष्ट्रिय बजारसँग मेल खान जान्छ । त्यसको मुख्य कारण भनेको विश्वअर्थतन्त्रमा देखिएका एकपछि अर्को समस्या हुन् । कोरोना महामारीका कारण विश्वअर्थतन्त्रको माग र आपूर्ति संरचना नै खल्बलिन पुग्यो । त्यसको लगत्तै रूस र युक्रेन युद्ध पनि एक कारणका रूपमा देखापरेको छ । त्यसका साथै पछिल्लो समय चीनको जिरो कोभिड नीतिले विश्व आपूर्ति शृंखलामा थप असर पुगेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि आगामी वर्षसमेत विश्वअर्थतन्त्र खुम्चिने

प्रक्षेपण गरेको छ । तर, नेपालको सन्दर्भमा भने सुधार हुने अनुमान कोषको छ ।

नेपाली अर्थतन्त्रमात्र नभई पुँजीबजारकै कुरा गर्दा अन्तर्राष्ट्रिय आबद्धता छैन । नेपाली सेयर बजार र छिमेकी मुलुक भारतकै पुँजीबजारको 'कोरिलेसन' हेर्दा पनि ५० प्रतिशतजति मात्र देखिन्छ । कुनै समय यस्तो सम्बन्ध नकारात्मक पनि थियो । यसले पनि देखाउँछ कि पुँजीबजारका सन्दर्भमा हामी विश्वबजारसँग जोडिएका छैनौं ।

अन्तर्राष्ट्रिय बजारसँग सम्बन्ध नहुँदा अवसर र चुनौती दुवै हुन्छ । वाह्य बजारसँग सम्बन्ध नभएपछि आन्तरिकरूपमा मात्र पुँजीबजार अगाडि लैजान सक्छौं कि सक्दैनौं भन्ने प्रश्न आउँछ । सममान्यतः अर्थतन्त्रअनुसार नै पुँजीबजारमा उतारचढाव आउनुपर्ने हो । कोरोना महामारीमा सबै मानिस घरभित्र थुनिएसरह भयो । त्यो समयमा के गर्ने भन्ने अन्योलतामा सेयर बजारमा लगानी विकल्प बन्यो । बजार बढिरहेको अवस्था छ केही हुन्छ कि भनेर लगानी गर्नेको संख्या बढ्दै गएपछि नेपाल स्टक एक्सचेन्ज (नेप्से) सूचकले नयाँ उचाइ बनाउँदै गयो । तर, त्यो वृद्धि अर्थतन्त्र तथा सूचीकृत कम्पनीको कार्यसम्पादनमा सुधार आएका कारण नभई विचार गर्न गरिएको लगानीको कारण हो ।

आधारभूत विश्लेषण नगरी पुँजीबजारमा लगानी बढाएको हो भन्ने पुष्टि पछिल्ला दिनमा आएको गिरावटले स्पष्ट हुन्छ । नेपाली पुँजीबजारमा मात्र नभई विश्वका अधिकांश सेयर बजार सूचक अहिले घट्दो गतिमा देखिएका छन् । यसको मुख्य कारण भनेको हेरौं न भनेर गरिएको लगानीका नतिजा हो । नेप्से सूचक ३२ सयसम्म पुगेर १८ सयसम्म झरेको अवस्था छ । बजार घट्ने बढ्ने त हुन्छ नै । पुँजीबजारको मुख्य आधार भनेको अर्थतन्त्र नै हो । अर्थतन्त्रअनुसार नै पुँजीबजार चल्ने हो । सोअनुसार बजार चलेको छैन भने त्यहाँ विकृति हाबी छन भन्ने बुझ्नुपर्छ ।

पुँजीबजारले देशको अर्थतन्त्रका अवस्था पनि झल्काउँछ । अर्थतन्त्र नै अन्यौलमा हुँदा समेत पुँजीबजारले नयाँ उचाइ बनाउनु भनेको विकृति हो । धितोपत्र बजारमा दिर्घकालीन सोचेर लगानी गर्ने व्यक्तिले अर्थतन्त्र, बजारको अवस्था तथा आफूले सेयर किन्न लागेको कम्पनीका आधारभूत पक्ष विश्लेषण गर्छ । अल्पकालीन लगानी गर्नेले कारोबार गर्ने हो । पुँजीबजार भनेको सूचनाको पनि खेल हो । बजारमा आएका हल्ला आधार मानेर सेयर खरिद बिक्रीको निर्णय गर्दा कमाउन पनि सकिन्छ र गुमाउन पनि सकिन्छ ।

अहिले पुँजीबजारमा 'स्पेक्युलेटिभ बबल' बिस्तारै घट्दै गएको छ । सेयर बजारमा लगानी गर्दा मुख्यतः अहिलेको र भोलिको मूल्य हेर्ने गरिन्छ । कुनै पनि स्टके खरिद बिक्रीको निर्णय आजको र भाविष्यको भ्यालुलाई आधार बनाएर गरिन्छ । भविष्यमा दिने भ्यालुलाई प्राथमिकतामा राखेर लगानी गर्दै जाँदा मूल्य बढ्दै जान्छ । तर, भविष्यको भ्यालु अनुमान गरिएअनुसार नहुँदा स्टक मूल्य घट्न जान्छ । धितोपत्र बजारमा बढ्ने वा घट्ने भनेको आवश्यकताभन्दा धेरै महत्व दिने भएकाले हो । आवश्यकताभन्दा धेरै महत्व दिए पनि बजार सूचकमा 'पिक्स एन्ड बबल' सिर्जना हुन्छ । यसमा लगानीकर्ताले कस्तो व्यवहार गरको छ भन्ने कुराले पनि उत्तिकै महत्व राख्छ । सबै लगानीकर्ताले आधारभूत विश्लेण गरेर लगानी नगर्ने भएकाले पनि यस्तो अवस्था आउने गर्छ ।

> धितोपत्र बजारमा इक्विटीको मात्र कारोबार हुने गरेको छ । सरकारको नेतृत्व गर्ने व्यक्तिका कमजोरीका कारण धितोपत्र बजारमा विविधता आउन नसकेको हो । सरकारले शिक्षा, स्वास्थ्य र पूर्वाधारमा लगानी गर्नुपर्ने हो ।

नेप्सेमा रहेको जलविद्युत समूहलाई उदाहरणका रूपमा लिएर लगानीकर्ताले किनबेच गर्ने व्यवहार हेर्न सकिन्छ । जलविद्युत भनेको 'फिक्स्ड इनकम' जस्तै हो । एउटा आयोजनाको अवधि ३५ वर्ष हुन्छ । पाँच वर्ष निर्माणमा जान्छ । बाँकी ३० वर्ष भ्यालु खाने हो । यसको उत्पादन क्षमता र आम्दानी भनेको फिक्स छ । तर, पुँजीबजारमा जलविद्युत कम्पनीको सेयर कारोबार भएको मूल्यले त्यो विषयलाई संकेत नै गर्दैन । निर्माण नै नभएका जलविद्युत कम्पनीसमेत नेप्सेमा सूचीकृत छन् । यसले नेपाली धितोपत्र बजारमा लगानी गर्ने लगानीकर्ता सुरक्षित छैनने भन्ने बुझिन्छ ।

धितोपत्र बजारमा इक्विटीको मात्र कारोबार हुने गरेको छ । सरकारको नेतृत्व गर्ने व्यक्तिका कमजोरीका कारण धितोपत्र बजारमा विविधता आउन नसकेको हो । सरकारले शिक्षा, स्वास्थ्य र पूर्वाधारमा लगानी गर्नुपर्ने हो । नेतृत्वमा दुरगामी भिजन नहुँदा असर पुँजीबजारमा समेत देखिएको छ । शिक्षा र स्वास्थ्यले क्षमतावान जनशक्ति दिन्छ । पूर्वाधारले औद्योगिक वातावरणको विकास हुन्छ । त्यसले धितोपत्र बजारमा पनि विविधिकरण ल्याउने तथा डेब्ट मार्केटको समेत विकास गर्न सकिन्छ । त्यसका साथै नेतृत्व समयअनुसार चल्ने हो भने पनि धेरै समस्या समाधान भएर जान्छ । पछिल्लो समय प्रविधिमा लगानी बढाएर आइटी कम्पनीलाई प्रोत्साहन गर्नुपर्छ । त्यस्ता कम्पनी धितोपत्र बजारमा आएको खण्डमा अन्तर्राष्ट्रिय बजारसँग समेत सम्बन्ध स्थापित हुने अवस्था सिर्जना हुन्छ । अहिले नेप्सेमा आइटी क्षेत्रको कुनै पनि कम्पनी सूचीकृत छैनन् । नेपालको पुँजीबजारमा फुडमान्डु, ई-सेवाजस्ता कम्पनी सूचीकृत गराउने विषयमा सरकारले ध्यान दिनुपर्छ ।

नेपालको समग्र अर्थतन्त्र नै थोरै व्यावसायिक समूहको नियन्त्रणमा छ । यस्तो नियन्त्रणलाई सरकारले पुँजीबजार प्रयोग गरेर बाहिर ल्याउनुपर्छ । सरकारले त्यसो नगरेको खण्डमा नयाँ उद्योग मर्ने तथा इनोभेसन नै समस्यामा पर्न सक्छ । सरकारले १ अर्ब चुक्ता पुँजी भएको वा वर्षमा ५० करोडदेखि १ अर्बको कारोबार गर्ने कम्पनीले सर्वसाधारणमा सेयर जारी गर्नुपर्ने व्यवस्था बजेटमार्फत गऱ्यो । तर, त्यसको कार्यान्वयन हुन सकेन । नीति राम्रा भए पनि कार्यान्वयन हुन नसक्दा पनि नेपाली पुँजीबजार पछि परेको हो ।

*(शाही एसोसिएसन अफ इन्भेस्टमेन्ट प्रोफेसनल्स इन नेपालका अध्यक्ष हुन् ।)*

# बैंकिङ क्षेत्रको पछिल्लो अवस्था र नेपाल राष्ट्र बैंक

व्यवसायीहरू नै बैंकरसमेत रहेको अवस्थामा आउने स्वार्थको द्वन्द्वका कारण बैंकिङ क्षेत्रमा पर्ने प्रभावका सम्बन्धमा दिर्घकालीनरूपमा समाधान हुने गरी अगाडि बढ्नुपर्ने देखिन्छ ।



महाप्रसाद अधिकारी

विश्व आर्थिक परिदृष्य केलाउँदा पछिल्ला दिन त्यति उत्साहप्रद देखिँदैन । खासगरी सन् २००८ को विश्व वित्तीय संकट टरेपछि कोभिड-१९ को असरस्वरूप विश्वका सबैखाले अर्थतन्त्र पुनः अप्ठ्यारो परिस्थितिबाट गुज्रिरहनुपरेको अवस्था छ । यसबाट नेपालको वित्तीय क्षेत्रमा देखिएको बजार असन्तुलनले वित्तीय स्थायित्व कायम राख्ने हाम्रो प्रयासमा चुनौती थपिएको छ । यसै परिप्रेक्ष्यमा बैंकिङ क्षेत्रको हालको अवस्था, नेपाल राष्ट्र बैंकको प्रयास एवं आगामी चुनौतीबारे यहाँ चर्चा गरिएको छ ।

## अर्थतन्त्रको विद्यमान अवस्था

कोभिड-१९ को प्रभाव केही मत्थर हुन नपाउँदै रूस-युक्रेन युद्धका कारण विश्वभरिका अर्थतन्त्र प्रभावित भएका छन् । फलस्वरूप नेपालमा समेत मुद्रास्फीतिमा चाप पर्दै गएको छ । आर्थिक वर्ष २०७९/८० को तीन महिनामा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मुद्रास्फीति दर ८.५० प्रतिशतमा उक्लेको छ, जुन अघिल्लो वर्षको सोही अवधिमा ४.२४ प्रतिशतमात्र थियो । आन्तरिक मागमा भएको वृद्धिसँगै २०७८/७९ मा आयातमा उच्च वृद्धि हुन गयो । यसको असर एकातिर चालू खाता घाटा वृद्धि भई शोधनान्तर स्थितिमा चाप पर्न गयो भने अर्कातिर आन्तरिक ब्याजदरमा दबाब पर्नुका साथै कर्जायोग्य रकममा कमी हुन गयो ।

मूल्यवृद्धिलाई वाञ्छित सिमाभित्र राखी मूल्य स्थिरता, वित्तीय स्थायित्व तथा वाह्य क्षेत्र स्थिरता कायम राख्नु केन्द्रीय बैंकको मूललक्ष्य रहेको सन्दर्भमा पछिल्ला समष्टिगत आर्थिक सूचकलाई आधार मानी २०७९/८० को मौद्रिक तथा वित्तीय नीति कार्यान्वयनमा ल्याइएको छ र यसले सकारात्मक प्रभाव देखाउन थालेको छ । २०७९/८० को तीन महिनासम्ममा विप्रेषण आप्रवाहमा सुधार तथा व्यापार घाटा कम हुन गई लामो समयदेखि घाटामा रहेको शोधनान्तर बचत हुन गई विदेशी विनिमय सञ्चितिमा केही सुधार भएको छ ।

२०७९/८० को तीन महिनामा संघीय सरकारको खर्च अघिल्लो वर्षको सोही अवधिको तुलनामा १८.६ प्रतिशतले वृद्धि हुँदा राजस्व संकलनमा भने १८.२ प्रतिशतले ह्रास आएको छ ।

बैंकिङ क्षेत्रको विद्यमान अवस्था

बचत परिचालन गरी कर्जा प्रवाह गर्न तथा वित्तीय मध्यस्थताका लागि बैंक तथा वित्तीय संस्था परिचालित हुन्छन् । बैंक तथा वित्तीय संस्थाले आफ्ना शाखामार्फत ग्राहकसँग कारोबार गरिरहेका हुन्छन् । देशका सबैजसो स्थानीय निकायमा समेत बैंकका शाखा कार्यालय पुगिसकेको अवस्था अहिले छ । आफूसँग भएको पुँजी र बचतका आधारमा बैंक तथा वित्तीय संस्थाले कर्जा लगानी गर्दछन् । कर्जा एवं निक्षेपको ब्याजदर अन्तरमार्फत बैंक तथा

वित्तीय संस्थाका कार्यकुशलता अभिवृद्धि गर्दै दिगो बनाउनुपर्दछ । उपलब्ध लगानीयोग्य कोषका आधारमा कर्जा तथा निक्षेपको ब्याजदर निर्धारण हुने बजार अर्थतन्त्रको सर्वमान्य नियम हो । तर, जब बचत परिचालनका तुलनामा कर्जा लगानी बढी हुन्छ, तब ब्याजदर वृद्धि हुँदै जान्छ र एक निश्चित बिन्दुमा पुगेपछि बचत वृद्धि हुँदैन भने कर्जाको माग कायमै रहन्छ । फलस्वरूप बजारमा तरलताको कमी, ब्याजदर वृद्धिलगायत परिस्थितिको विकास हुन थाल्दछ ।

कोभिड-१९ महामारीले तहस नहस पार्न लागेको अर्थतन्त्र चलायमान बनाउन नेपाल राष्ट्र बैंकले खुकुलो मौद्रिक नीतिका साथै विविध वित्तीय सहुलियत प्रदान गरेका कारण कोभिड-१९ को अत्यधिक प्रभावका बाबजुद २०७७/७८ मा ४.२ प्रतिशतको आर्थिक वृद्धि हुन सहयोग पुग्यो भने २०७८/७९ मा ५.८४ प्रतिशत आर्थिक वृद्धि हुने अनुमान छ । कोभिड-१९ 'लकडाउन' सुरू भएदेखि नै बजारमा तरलता अभाव हुन नदिन मौद्रिक तथा वित्तीय उपकारण प्रयोग गरियो । जसका कारण २०७७ सालभरि बजारमा अधिक तरलताको स्थिति रह्यो (चार्ट १) । यसले ब्याजदर न्यून गर्न टेवा पुऱ्यायो र अर्थतन्त्र छिट्टै तङ्ग्रिन पुग्यो ।



नोट : बैंक तथा वित्तीय संस्थाहरूको नेपाल राष्ट्र बैंकमा रहेको मौज्दातमा अनिवार्य नगद मौज्दात कटाएर बाँकी रकम

यसैबीच २०७७/७८ मा निक्षेप २१.४ प्रतिशतले र कर्जा २७.३ प्रतिशतले वृद्धि भई मुद्राप्रदाय २१.८ प्रतिशतले बढ्न पुग्यो । यस असन्तुलनबाट बजारमा तरलता अभाव हुन थाल्यो (चार्ट १) र यसको असर ब्याजदरमा समेत देखिन थाल्यो (चार्ट २) । निक्षेप संकलन र कर्जा परिचालनबीचको असन्तुलनबीच राष्ट्र बैंकले तरलता अभाव हुन नदिन विविध उपकरणमार्फत सक्रियरूपमा तरलता प्रवाह गरिरह्यो (चार्ट ४) । अर्कातर्फ, २०७८/७९ मा २४.७ प्रतिशतले र अघिल्लो आर्थिक वर्ष २८.७ प्रतिशतले वस्तु आयात बढेका कारण नेपालको विदेशी विनिमय सञ्चितिमा दबाब पर्न थाल्यो (चार्ट ३) । निर्यातमा उच्च वृद्धि देखिएको भए पनि आयातको तुलनामा निर्यात नगण्य भई उच्च व्यापार घाटा हुने गरेको सन्दर्भमा कोभिड-१९ का कारण गन्तव्य मुलुकका अर्थतन्त्रसमेत सुस्ताई विप्रेषण आप्रवाहमा अपेक्षित वृद्धि हुन सकेन । फलस्वरूप २०७८/७९ मा चालू खाता ६ खर्ब २३ अर्ब रूपैयाँले घाटामा रहन गयो, जुन अघिल्लो वर्ष नै ३ खर्ब ३४ अर्बले घाटामा थियो । २०७७ साउनमा करिब १५.६ महिनाको वस्तु तथा सेवा आयात धान्ने विदेशी विनिमय सञ्चिति बैंकिङ क्षेत्रसँग रहेकोमा २०७८/७९ को अन्त्यसम्मा ६.९ महिनाको मात्र वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने तहसम्म खुम्चन पुग्यो (चार्ट ३) ।





## राष्ट्र बैंकबाट गरिएका प्रयास

अर्थतन्त्रमा देखिएका माथि उल्लेख गरिएका अवस्था सम्बोधन गर्न राष्ट्र बैंकले मौद्रिक तथा वित्तीय औजार कार्यान्वयनमा ल्याएको छ र यसका सकारात्मक प्रभाव देखिन थालेका छन् । कोभिड-१९ को प्रभाव न्यून गर्न दिइएका सुविधा क्रमशः घटाउँदै लगिएको, आन्तरिक तथा वाह्य कारणले मुद्रास्फीतिमा देखिएको चापलाई मौद्रिक नीतिमार्फत सम्बोधन गरिएको, वाह्य क्षेत्र स्थायित्वमा खलल पर्न नदिन प्रतितपत्र (एलसी) मा 'मार्जिन' वृद्धिलगायत कदम चालिएको, ब्याजदर स्थायित्वका लागि नीतिगत समायोजन गरिएको तथा बजारमा तरलता अभाव हुन नदिन विभिन्न मौद्रिक उपकरणमार्फत तरलता व्यवस्थापन गरिएको छ ।

सर्वप्रथम, अधिक कर्जा प्रवाहका कारण पर्नसक्ने मागजन्य मुद्रास्फीति नियन्त्रण गर्न राष्ट्र बैंकले २०७८/७९ देखि नै सजगतार्पूक मौद्रिक नीति कार्यान्वयनमा ल्याइरहेको छ । जसका कारण नेपालको उपभोक्ता मुद्रास्फीति दर २०७८/७९ मा औसत ६.३ प्रतिशत हुन गयो र २०७९ असोजमा उक्त दर वार्षिक विन्दुगत आधारमा ८.५ प्रतिशत रहेको छ । हाल विकसित मुलुकहरूमा समेत मुद्रास्फीति दर उच्च रहेको र हाम्रा कतिपय छिमेकी मुलुक मुद्रास्फीति चक्रमा फसेका बेला सन् २०२३ मा नेपालको मुद्रास्फीति दर ७.४ प्रतिशतमात्र हुने प्रक्षेपण अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ । मागजन्य मुद्रास्फीति दरलाई वाञ्छित सीमामा राखी वार्षिक औसत मुद्रास्फीति दर ७ प्रतिशतभित्रै राख्न हामी प्रयासरत छौं ।

बैंकिङ क्षेत्रमा देखिएको तरलता व्यवस्थापनमा राष्ट्र बैंकले सक्रिय भूमिका खेलेको छ । चालू आर्थिक वर्ष तीन महिनासम्ममा रिपोमार्फत १ खर्ब ८९ अर्ब, सोझै खरिद बोलकबोलमार्फत ४४ अर्ब र स्थायी तरलता सुविधामार्फत २१ खर्ब २३ अर्ब गरी कूल २३ खर्ब ५५ अर्ब तरलता प्रवाह गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा खुला बजारका यी विभिन्न उपकरणमार्फत खुद ९ खर्ब ४८ अर्ब तरलता प्रवाह गरिएको थियो । अघिल्लो आर्थिक वर्ष विभिन्न उपकरणमार्फत भएका तरलता प्रवाह र चालू आर्थिक वर्ष तीन महिनासम्मको तरलता

प्रवाह स्थिति देहायबमोजिम छ ।




चार्ट ४: आर्थिक वर्ष २०७८/७९ र चालू आर्थिक वर्ष राष्ट्र बैंकले गरेको तरलता प्रवाह (उपकरणअनुसार)

२०७८/७९ देखि नै मौद्रिक नीतिमार्फत लिइएका अधिकांश व्यवस्था चालू आर्थिक वर्ष पनि निरन्तरता दिइएको छ र रिपो दर, बैंकदर/बैधानिक तरलता सुविधा दर, निक्षेप संकलन दर आदिमा केही वृद्धि गरिएको छ (चार्ट १) । यसबाट वित्तीय स्रोत माग र आपूर्तिमा देखिएको असन्तुलनमा सम्बोधन भएको छ । २०७९ असोजमा वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर (८.२ प्रतिशत) का तुलनामा कर्जाको वृद्धिदर (६.४ प्रतिशत) कम हुन गएको छ । विस्तृत मुद्राप्रदायको वृद्धिदर वार्षिक विन्दुगत आधारमा ५.३ प्रतिशतले मात्र बढेको छ ।

नेपाल सरकार र राष्ट्र बैंकले लिएका नीतिगत व्यवस्थाका कारण २०७८ असारदेखि निरन्तर घाटामा रहेको शोधनान्तर स्थिति २०७९ असोजमा १२ अर्ब ४३ करोडले बचतमा छ । अघिल्लो आर्थिक वर्षको तीन महिनासम्ममा ६३.७ प्रतिशतले वृद्धि भएको आयात चालू आर्थिक वर्षको तीन महिनासम्ममा १६.२ प्रतिशतले बढेको छ भने कूल वस्तु व्यापार घाटा १३.१ प्रतिशतले घटेको छ ।

बैंक तथा वित्तीय संस्थाबीच ब्याजदर परिवर्तनमा देखिने होडबाजी र निक्षेप तानातानको स्थिति मध्यनजर गरी नीतिगत सम्बोधन गरिएको छ । वित्तीय कार्यकुशलताका लागि वाणिज्य बैंकहरूले निक्षेपमा दिने र कर्जामा लिने ब्याजदरबीचको अन्तर क्रमशः कम गर्दै जाने र वित्तीय ग्राहकमैत्री निर्देशन जारी गरी कार्यान्वयन गर्ने गरेको छ । बैंक तथा वित्तीय संस्थाले मासिकरूपमा ब्याजदर प्रकाशन गर्नुपर्ने, संस्थागत निक्षेपको ब्याजदर व्यक्तिगत निक्षेपभन्दा २ प्रतिशत कम हुनुपर्ने, ब्याजदर परिवर्तन गर्नुपरे अघिल्लो महिना प्रकाशित निक्षेपको ब्याजदरमा १० प्रतिशतभन्दा बढी हुने गरी परिवर्तन गर्न नपाइने, आधारदरमा प्रिमियम थप गरी कर्जाको ब्याजदर निर्धारण गर्नुपर्ने, कर्जाको ब्याजदर वृद्धि गर्दा त्रैमासिक औसत आधारदरलाई आधार मान्नुपर्ने, साना ऋणीलाई बेस रेटमा २ प्रतिशतभन्दा बढी प्रिमियम लिन नपाउने र एक त्रैमासमा एकपटक मात्र परिवर्तन गर्न पाउनेलगायत व्यवस्था गरिएको छ । यी व्यवस्थाले ब्याजदरमा हुने अस्थिरता न्यून गर्दै बचत परिचालनमा प्रोत्साहन र साना ऋणीलाई संरक्षण गरी मौद्रिक प्रशारण संयन्त्रमा सघाउ पुऱ्याएको छ भने नीतिगत दरहरूका प्रभावकारितासमेत अभिवृद्धि गरेको छ ।

कोभिडका समयमा उपलब्ध कोषलाई आधार मानी त्यसको गुणात्मक रूपबाट पुनर्कर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको र उक्त व्यवस्थाले हजारौं व्यवसायीलाई राम्रो राहत प्रदान गरेको थियो । आगामी दिनमा पुनर्कर्जा सुविधा क्रमशः कम गर्दै उपलब्ध कोषमा आधारमा सीमित बनाइ निश्चित क्षेत्रमा मात्र यस्तो सुविधा उपलब्ध गराउनु उपयुक्त हुनेछ । नेपाल सरकारबाट ब्याज अनुदान प्रदान गरिएको सहुलियतपूर्ण कर्जासमेत उत्पादनशील, कृषि तथा पशुपंक्षी, महिला उद्यमजस्ता क्षेत्रमा केन्द्रित गरिएको छ । २०७९ असोज मसान्तसम्मा १ लाख ४७ हजार ६ सय ४२ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई २ खर्ब १० अर्ब ४७ करोड रूपैयाँ कर्जा बक्यौता छ ।

विगत दुई वर्षयता राष्ट्र बैंकले दिएको नीतिगत सुविधा उपयोग गरी कतिपय क्षेत्रमा अपेक्षितभन्दा बढीमात्रामा कर्जा विस्तार हुन गयो । सीमित वित्तीय स्रोतको उचित सदुपयोग हुनुपर्नेमा तोकिएका क्षेत्रमा प्रत्यक्ष कर्जा प्रवाहबाहेक  अन्य शीर्षकबाट समेत प्रवाह हुन सक्ने जोखिम कम गर्न घरजग्गा, मार्जिन लेन्डिङजस्ता शीर्षकमा जाने कर्जामा केही सीमा तोकिएका छन् । चालू पुँजी कर्जा मार्गदर्शनमार्फत कर्जाको सदुपयोगिता वृद्धि गर्न प्रयास गरिएको छ । एकातर्फ, व्यावसायिक जगतले अधिकमात्रा स्रोत प्रयोग अनुत्पादक क्षेत्रमा गरिरहेको र अर्कोतर्फ, बैंक तथा वित्तीय संस्थाहरु बिनातयारी सजिला क्षेत्रमा मात्र कर्जा प्रवाह गर्नेतर्फ अग्रसर हुने प्रवृति निरूत्साहन गर्दै त्यसको व्यवस्थापनका लागि चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन लागू गरिएको छ । यसले बैंक तथा वित्तीय संस्था र व्यवसायी दुवै पक्षलाई वित्तीय अनुशासनमा रहन प्रेरित गर्ने छ । यो व्यवस्था हालैमात्र कार्यान्वयनमा आएकाले त्यसमा बैंक तथा वित्तीय संस्थामार्फत आउने सुझावका आधारमा थप परिष्कृत गर्दै लगिने छ ।

## चुनौती र अबको बाटो

नेपालको वित्तीय बजारमा तरलता व्यवस्थापन चुनौतीको विषय बन्दै आएको छ । लगानीको वातावरणमा सुधार भएसँगै कर्जा माग बढिरहने तर निक्षेप तुलनात्मकरूपमा नबढ्ने भएमा बैंक तथा वित्तीय संस्थाको लगानीयोग्य कोषमा चाप पर्न जान्छ । साथै, पूर्वाधारलगायत विकासमा आवश्यक मेसिनरी, उपकरण एवं औद्योगिक कच्चापदार्थ बाहेक दैनिक उपभोग्य सामानको समेत आयात वृद्धि भइरहेकाले तरलता प्रणालीबाट बाहिरिने प्रवृत्ति पनि उत्तिकै छ । सरकारी खर्च र राजस्व परिचालन चक्रिय प्रवृत्तिमा रही आर्थिक वर्ष सुरूवातबाट तरलता अभाव बढ्दै जाने र अन्त्यमा तरलतामा सुधार हुने गरेको छ । तरलता व्यवस्थापन स्वचालित, कुशल र प्रभावकारी बनाउन उपकरणमा विविधता, थप पूर्वाधार विकास तथा नीतिगत सुधार गर्दै जाने राष्ट्र बैंकको सोच छ ।

विप्रेषण आप्रवाह नेपालको वाह्य क्षेत्र स्थायित्वसँग जोडिएको छ । आयातको तुलनामा निर्यातको आधार सानो रहेको सन्दर्भमा पर्यटन आम्दानी र विप्रेषण आयमा अपेक्षित वृद्धि नभएमा चालू खाता घाटा बढ्ने र शोधनान्तर स्थितिमा चाप पर्ने देखिएको छ । भर्खरै सम्पन्न आमनिर्वाचनपछि विकासका गतिविधिले अझै गति लिने र

मागमा उच्च वृद्धि हुने हुँदा वस्तु तथा सेवा आयातमा चाप पर्ने हुन्छ । वैदेशिक रोजगारीले पुरानै लय समातेको र पर्यटक आगमनमा चालू आर्थिक वर्षदेखि सुधार आएकाले विदेशी विनिमय सञ्चिति बढ्दै जाने आँकलन गरिएता पनि आन्तरिक उत्पादनको अभिवृद्धि दिगो नभएसम्म हाम्रा लागि वाह्य क्षेत्रको स्थायित्व चूनौतीपूर्ण नै रहन्छ ।

बैंक तथा वित्तीय संस्थाबीच स्वच्छ प्रतिस्पर्धा गराइ कर्जा तथा निक्षेपको ब्याजदर उचित स्तरमा रहने वातावरण बनाउनु समेत चुनौती रहँदै आएको छ । खासगरी बैंक तथा वित्तीय संस्थाका सम्पत्ति र दायित्वमा असमञ्जस्यता कम गर्नु, अल्पकालीन मुनाफाभन्दा दिर्घकालीन र प्राकृतिकरूपमा व्यवसाय अभिवृद्धिमा उन्मुख गराउनु र ब्याजदरमा हुने उतारचढाव न्यून गर्दै बजारबाटै प्रतिस्पर्धी ब्याजदर निर्धारण हुने वातावरण बनाउनेतर्फ हाम्रो ध्यान जाने गरेको छ । यसका लागि हाल प्रयोगमा ल्याइएका ब्याजदरसम्बन्धी नीतिको प्रभावकारिता विश्लेषण गरी आवश्यक नीतिगत सुधार हुँदै जानेछ । व्यवसायीहरु नै बैंकरसमेत रहेको अवस्थामा आउने स्वार्थको द्वन्द्वका कारण बैंकिङ क्षेत्रमा पर्ने प्रभावका सम्बन्धमा दिर्घकालीनरूपमा समाधान हुने गरी अगाडि बढ्नुपर्ने देखिन्छ ।

राष्ट्र बैंकले समग्र अर्थतन्त्रको हित, सम्वर्द्धन तथा आमजनमानसमा बैंक तथा वित्तीय संस्थाप्रतिको विश्वास कायम राख्न समष्टिगत आर्थिक परिसूचकहरु, विश्वपरिवेश तथा आगामी परिदृश्यसमेतका आधारमा मौद्रिक तथा वित्तीय नीति तर्जुमा र तिनको कार्यान्वयन गर्दै आएको छ । अर्थतन्त्रमा देखिएका समस्या सम्बोधन गर्ने र स्थायित्व कायम गर्न आवश्यक नीतिगत व्यवस्था लागू गर्नुपर्ने हुन्छ जसबाट अर्थतन्त्रका कुनै एक वर्गलाई मर्का परेको अनुभूति पनि हुन सक्दछ । केन्द्रीय बैंकले आफ्ना नीतिगत अडानलाई सर्वसाधारण, सरकार, निजी क्षेत्र एवं अन्तर ाष्ट्रिय समुदायमा प्रष्ट बुझाइ हामीप्रतिको विश्वास कायम राखिराख्नु अर्को चुनौती रहेको छ । सर्वसाधारणको निक्षेपमा हुर्कने बैंकहरु एवं तिनलाई नियमन गर्ने राष्ट्र बैंकप्रतिको साख जोगाइराख्न हामीले आफ्ना नीति वस्तुपरक, तथ्यमा आधारित एवं वृहत छलफलका साथ तर्जुमा गर्दै जानुपर्ने छ र कार्यान्वयनमा ल्याइएका नीतिमा समय सान्दर्भिक परिमार्जन गर्दै जानुपर्ने छ ।

सुरक्षित, किफायती तथा भरपर्दो भुक्तानी प्रणाली विकासमा पछिल्लो समय थुप्रै उपलब्धी भएका छन् । तर, अझै पनि चेतनाको स्तरमा कमी, विप्रेषणको अनौपचारिक कारोबार, वित्तीय पूर्वाधारको कमी, ग्रामीण भेगमा बैंक तथा वित्तीय संस्थाको न्यून उपस्थिति, साइबर सुरक्षा तथा उपकरणगत विविधताको कमीका कारण नगदरहित कारोबारको थप विस्तार चुनौतीपूर्ण रहेको छ । यसका साथै भौतिक पूर्वाधार विकास पनि सँगसँगै हुनु आवश्यक छ । वित्तीय उपकरणको उपयोग बढाइ नगदरहित कारोबार प्रोत्साहन गर्ने लागत कम गर्ने, अत्याधुनिक पूर्वाधार भित्र्याउने, ग्रामीण पूर्वाधार विकास तथा सचेतना अभिवृद्धि गर्ने, विप्रेषण कारोबारलाई औपचारिक माध्यमबाट भित्र्याउन प्रोत्साहनमूलक कार्यक्रम कार्यान्वयन गर्नेजस्ता विषय राष्ट्र बैंकको प्राथमिकतामा छन् ।

अन्त्यमा, नेपालको वित्तीय क्षेत्रलगायत समग्र आर्थिक सन्तुलन कायम गर्ने सिलसिलामा कतिपय संरचनागत समस्या विद्यमान छन् । बैंकिङ क्षेत्र वित्तीय क्षेत्रको एउटा पाटोमात्र भएकाले धितोपत्र बजार, बिमा, सहकारीलगायत वित्तीय स्रोत परिचालन गर्ने क्षेत्रका कामकारबाहीले समेत यस क्षेत्रको स्थायित्वमा प्रत्यक्ष तथा परोक्ष भूमिका खेलेको हुन्छ । तथापि, राष्ट्र बैंक मुलुकको केन्द्रीय बैंक भएको नाताले वित्तीय क्षेत्रको अभिभावकको भूमिका निर्वाह गर्दै आइरहेको सन्दर्भमा वित्तीय क्षेत्रको समग्र विकासलाई गति दिँदै समष्टिगत आर्थिक स्थायित्व कायम राख्न नेतृत्वदायी भूमिकाका लागि नेपाल राष्ट्र बैंक सधैं तत्पर छ ।

(अधिकारी नेपाल राष्ट्र बैंकका गभर्नर हुन् ।)





City आयो,
Express पायो..
CITY EXPRESS
MONEY TRANSFER
सिटी एक्सप्रेस मनि ट्रान्सफर
जहाँ नेपाली, त्यहाँ सिटी एक्सप्रेस
संसारको जुनसुकै कुना बाट पैसा पठाउन र पाउन, सिटी नै रोजौं !!!
हाम्रा विशेषताहरू:-
» सस्तो शुल्क ।
» Wallet Top-Up को साथै बत्ती, पानी र Internet बिलको भुक्तानी गर्न मिल्ने ।
» १५,000+ भुक्तानी काउण्टरहरू ।
» Cancel गर्दा शुल्क नकाट्टीने ।
» विश्वासिलो र भरपर्दो ।
» ५ मिनेटमै जुनसुकै बैंक खातामा Deposit हुने ।
सिटी एक्सप्रेस कम्प्लेक्स, कमलादी, काठमाडौं, फोन न.: ४४३१९००, टोल फ्रि न.: १६६०० ११ १२ १३
Email: info@ctxpress.com | www.ctxpress.com | facebook.com/ctxpressmt

www.civilbank.com.np
facebook.com/civilbankltd
Toll Free No.: 16600183333

# छिटो पनि दोब्बर तेब्बर मनी !





**दोब्बर+ मुद्दती** 2x

भुक्तानी*
५ वर्ष ८ महिना
२८ दिनमा

**तेब्बर+ मुद्दती** 3x

भुक्तानी*
९ वर्ष १ महिना
७ दिनमा





**प्लस सुविधाहरू**

+ १० लाख सम्मको दुर्घटना बीमा
AJOD INSURANCE LTD. को सहकार्यमा *

+ १० लाख सम्मको जीवन बीमा
RELIANCE LIFE INSURANCE खुलेर जिऔं को सहकार्यमा *

*शर्तहरु लागु हुनेछन् ।

समृद्धिको लागि सिभिल बैंक

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Class "A" Institution Licensed by Nepal Rastra Bank

ISO 9001:2015 Certified Financial Institution

प्रधान कार्यालय/मुख्य शाखा
सिभिल ट्रेड सेन्टर, सुन्धारा, काठमाण्डौ,
फोन नं.: ४२५१०८७, ५९७००८९,फ्याक्स नं.: ४२५१०३६
ई-मेल: info@civilbank.com.np

# कृषिमा नयाँ प्रविधि जरुरी

कृषि व्यवसाय गर्न सहज जग्गा पाइदैन । कृषि व्यावसायमा लगानी गर्न बैंकबाट ऋण पाउन मुस्किल छ । व्यवसायीको लगानीलाई दिगो बनाउन सरकारका तर्फबाट कुनै प्रोत्साहन छैन ।



मौसमी श्रेष्ठ

नेपाल कृषिप्रधान मुलुक हो । यहाँ कृषि व्यावसायका लागि अवसर नै अवसर छ । अहिले नेपालमा विगतजस्तो छैन । बजारमा नयाँ प्रविधि भित्रिएका छन् । नयाँ प्रविधिको प्रयोगले एउटै वस्तुबाट धेरै परिकार बनाइ उत्पादनलाई भ्यालुएड गरी बजारमा सहजै पठाउन सक्छौं ।

विभिन्न मुलुकबाट नेपालमा कृषिजन्य वस्तु ठूलो परिमाणमा आयात भइरहेको छ । आयातमात्र कम गर्न सक्यो भने पनि नेपालमा धेरै नै छ । पछिल्लो समयमा महिला दिदीबहिनीले पनि विभिन्न सीपमूलक तालिम लिएर कृषि उद्यममा लगानी गर्न गरेका छन् । कोदो, फापर, आटा, मैदाबाट नयाँ परिकार बनाउँदै बजारमा बिक्री गर्ने गरेका पनि छन् । बजारमा विभिन्न कृषिजन्य वस्तुबाट अचार उद्यम सञ्चालन गरेका छन् । यस्ता उद्यमका लागि पनि कृषि उत्पादन चाहिन्छ । त्यसकारण नेपालमा योजनाबद्ध तरिकाले कृषि व्यावसायमा गर्न धेरै अवसर छन् ।

पशुपालनदेखि माछा, कुखुरा, तरकारी र फलफूललगायत खेती गर्न राम्रो अवसर छ । अवसरसँगै केही चुनौती पनि छन् । कृषि उत्पादनलाई बजारमा सहज पुऱ्याउन बजार सुनिश्चितता छैन । बजार सुनिश्चित नहुँदा आफ्नो उत्पादन बजार पुऱ्याएर वस्तुको सही मूल्य पाउन किसानलाई समस्या छ । सरकारले किसानलाई कृषि व्यावसायमा प्रोत्साहित गर्न र कृषि व्यावसायलाई दिगो बनाएर आर्थिक समृद्धि हासिल गर्न बजार सुनिश्चित गरिदिनुपर्छ ।

बजार सुनिश्चित नभएकै कारण कृषकले आफ्नो मेहेनत गरी उत्पादन गरेको बाली खेतबारीमै कुहाउनुपर्ने अवस्था पनि छ । कृषकले उत्पादन गरेको कृषिजन्य वस्तु बजारमा सहज पुऱ्याउने वातावरण सरकारले निर्माण गरिदिनुपर्छ ।

राज्यले किसानले उत्पादन गरेका वस्तुको लागत मूल्य र बजारमा सुनिश्चिता गरिदिने हो भने नेपालमा कृषि व्यवसायबाट राम्रो आम्दानी गरी स्वदेशमै युवालाई रोगजारी दिन सकिन्छ ।

घरपरिवार छाडेर खाडी मुलुक जानुपर्दैन । आफ्नो परिवारसँग बसी कृषि व्यवसायबाटै विदेशमा कमाउने जति पैसा स्वदेशमै कमाउन सकिन्छ । तर, त्यसका लागि योजना र हातमा सीप हुनु आवश्यक छ । हाल नेपालमा उद्योगमा काम गर्ने कर्मचारीको अभाव छ ।

राम्रो पैसा दिए पनि काम गर्ने मान्छे छैनन् । सबै विदेश पलायन भएका छन् । नेपालमा रोजगारीको अवसर नदेखेर रोजगारी खोजीमा विदेशिएका नेपालीलाई स्वदेश फर्काउने योजना बनाउनुपर्छ ।

आधुनिक प्राविधि प्रयोग गरी नेपाली युवालाई स्वदेशमै कृषि उद्यमी बन्न उत्प्रेरणा सरकारले दिनुपर्छ । व्यावसायलाई दिगो बनाउन कुनै व्यक्तिले गहिरो अध्ययन र योजनासाथ लाग्नुपर्छ ।

सीमित समयका लागि नाफा कमाउने उद्देश्यले कहिल्यै पनि व्यवसाय गर्नुहुँदैन । त्यो व्यवसाय केही पनि दिगो हुँदैन । योजनाअनुसार कृषि व्यवसायमा लाग्ने हो भने कृषि क्षेत्र अन्य क्षेत्रभन्दा धेरै राम्रो उद्यम हो ।

कृषिबिना मानिस बाँच्न सक्दैन । कृषि व्यवसायको कति महत्व छ भन्ने हामीलाई तीन वर्ष पहिलाको विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना संक्रमणले पनि देखाइसकेको छ । मानिसले आर्थिक अवस्था कमजोर हुँदा

लगाउने लुगाफाटो किन्न छाड्छ । तर, खाना खान छाड्दैन । बाँच्नका लागि खाना खानु नै पर्छ ।

त्यसकारण हामीले बुझ्नु आवश्यक छ, विश्वबजारमा कृषिको महत्व कति ठूलो छ । अन्य पेसा व्यवसायभन्दा कृषि व्यवसाय गर्दा त्यसको बजार कहीँ पनि मर्दैन ।

हाम्रो समाजमा कृषि पेसामा लाग्ने व्यक्ति गरिब अशिक्षित हो भन्ने गलत धारणा छ । तर, त्यो होइन । कृषि व्यवसायबाट आर्थिक समृद्धि हासिल गर्न दक्ष व्यक्ति नै चाहिन्छ । दक्ष व्यक्तिले नै कृषि पेसामा लाग्नुपर्छ । कृषि व्यावसायप्रति हाम्रो समाजमा रहेको गलत धारणाका कारण नै हाम्रो देश आर्थिकरूपमा कमजोर भएको हो ।

अब सरकारले नयाँ युवावर्गलाई कृषि पेसा एउटा सम्मानित महत्वपूर्ण पेसा हो भनेर सचेतना जगाउनुपर्छ । अहिलेका आइटी इन्जिनियर पढ्दै गरेका युवाको हातमा नयाँ प्रविधि दिएर कृषिमा आकर्षित गराउनुपर्छ ।

कृषि पेसामा लागेका उद्यमीलाई प्रोत्साहनका लागि सरकारले बेलाबेला पुरस्कृतसमेत गर्नुपर्छ । नेपाललाई आर्थिक समृद्ध बनाउने भनेको कृषि पेसालाई राज्यले समेत सम्मान गर्नुपर्छ । यस्तै व्यवसाय जति महत्वपूर्ण छ नेपालमा त्यति नै समस्या पनि छन् । कृषि व्यवसाय गर्न सहज जग्गा पाइँदैन । कृषि व्यावसायमा लगानी गर्न बैंकबाट ऋण पाउन मुस्किल छ । व्यवसायीको लगानीलाई दिगो बनाउन सरकारका तर्फबाट कुनै प्रोत्साहन छैन । कुनै पनि क्षेत्रमा लगानी गर्दा उद्यमी-व्यावसायीले लगानी जोखिममा पर्दा राज्यबाट सहयोगको अपेक्षा राखेको हुन्छ । तर, हाम्रो सरकारबाट कृषि व्यवसाय क्षेत्रमा लगानीको जोखिम पर्दा सहयोग नपाएर व्यवसायबाटै पलायन हुनुपरेको अवस्था छ । सरकारले कृषकलाई केही अनुदान त दिएको छ । तर, त्यो पनि सही प्रयोग भएको पाइँदैन ।

कृषि व्यावसायमा सम्भावना हुँदाहँदै हालसम्ममा एउटा कुखुराको मासु र अन्डामा बाहेक आत्मनिर्भर भएका छैनौं । कुखुराको मासुमा आत्मनिर्भर भएका छौं भनिरहँदा फेरि कुखुरालाई खुवाउने दाना हामीले आयात गर्नुपर्ने बाध्यता छ । दानाका लागि हामीसँग मकै उत्पादन छैन । दानाका लागि मकैमात्र वार्षिक करिब १६ अर्ब रूपैयाँभन्दा बढीको आयात गर्नुपर्छ ।

नेपालमा कृषिजन्य वस्तु उत्पादन लागत धेरै छ । लागत नै धेरै हुने हुँदा हाम्रो उत्पादन



महँगो पर्छ । स्वदेशी उत्पादन महँगो हुने हुँदा व्यापारीले स्वदेशी उत्पादन छाडेर आयातित वस्तुलाई प्राथमिकता दिने गर्छन् । सस्तो वस्तु आयात गरी बजारमा बिक्री गर्दा नाफा लिन सकिने हुँदा व्यापारीको रोजाइमा नेपाली कृषकका उत्पादन नभएर भारतबाट आयात गर्ने वस्तु पर्छन् ।

त्यसकारण हाम्रो उत्पादन लागत घटाउन राज्यले कृषि क्षेत्रमा प्रयोग हुने नयाँ आधुनिक प्रविधि किसानलाई उपलब्ध गराउनुपर्छ । नयाँ प्रविधि प्रयोगबाट लागत घटाउने हो भने हाम्रो वस्तुले बजारमा राम्रो भाउ पाउँछ । विदेशबाट सीप सिकेर आएका युवालाई कृषि व्यवसायमा आकर्षित गर्न कृषकको लगानीको सुनिश्चितता गर्नुपर्छ । जोखिमको अवस्थामा राज्यको सहयोग नपाउँदा केही कृषक व्यवसायी पेसा नै छाडेर विदेश जानुपरेको अवस्था पनि छ ।

उत्पादन बढाउन सरकारले कृषकलाई उन्नत जातका गुणस्तरीय बीउ बिजन उपलब्ध गराउनुपर्छ । खेती लगाउने समयमा कृषकले बीउ-मल नपाउने समस्या छ । यस्ता समस्या आउन नदिएर सरकारले कृषकलाई समयमा बीउ-मल दिने र कृषकले उत्पादन गरेका वस्तु सहज बजार लैजाने व्यवस्था गरिदिने हो भने खर्बौंको आयात कम गरी देशलाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन सकिन्छ ।

नेपालमा माछा व्यवसायपछि ठूलो सम्भावना छ । ६० प्रतिशत माछा अहिले पनि भारतबाट आयात हुन्छ । यस्तै माछालाई दिइने दानासमेत बाहिरबाट आयात गर्नुपर्छ । कुखुरा, माछा, गाईवस्तुलाई दिइने दाना पनि स्वदेशमै उत्पादन हुन्थ्यो भने लागत पनि कम लाग्थ्यो ।

पशुपालनका लागि आवश्यक दाना पनि आयातमा भर पर्नुपरेको छ । त्यसकारण हामी छिमेकीसँग प्रतिस्पर्धा गर्न सक्दैनौं । भारत सरकारले कृषकलाई ठूलो अनुदान दिएको छ । त्यसकारण उनीहरूलाई लागत कम छ । लागत कम हुँदा हाम्रो वस्तुभन्दा उनीहरूको उत्पादन सस्तो हुन्छ । व्यापारीलाई स्थानीय उत्पादनभन्दा आयात गरी व्यापार गर्दा फाइदा हुने हुँदा हाम्रो उत्पादनले बजार मूल्य नपाउने समस्या छ । यसैगरी स्थानीय बजारमा बिचौलिया धेरै छन् । त्यसकारण कृषकले आफ्नो लागतअनुसार मूल्य नपाउने हुँदा निराश हुने गर्छन् ।

कृषि व्यवसायमा कृषकलाई निरन्तरता दिन राज्यले कृषकको लागत मूल्यको अध्ययन गरी सही मूल्य निर्धारण गर्नेदेखि बजार सुनिश्चित गरिदिनुपर्छ । कृषि व्यवसाय अँगालेका उद्यमीलाई राज्यको सहयोग हुनुपर्छ । उनीहरूको सीप, योग्यता र लगानीका आधारमा बैंकबाट ऋण लिन पाउने सहज व्यवस्था गर्नुपर्छ । हाल कृषि व्यवसायमा लगानी गर्न भनेर बैंकमा ऋण लिन जाँदा समेत घरजग्गा अन्य सम्पत्ति धितो राख्दा पनि पाउने अवस्था छैन ।

कृषि उद्यम गर्नेलाई बैंकबाट ऋण लिन साह्रै मुस्किल छ । यसमा सरकारले सहजीकरण गर्नुपर्छ । वर्ग विभाजन गरी राज्यले बैंकबाट सहज ऋण पाउने व्यवस्था गर्नुपर्छ । कृषि व्यवसाय गर्न नेपालमा जमिनको पनि धेरै समस्या भएको हुँदा राज्यले भूमि बैंक प्रणाली लागू गर्नुपर्छ । राज्यले कृषि क्षेत्रको उत्पादन बढाइ कृषि क्षेत्रलाई औद्योगीकरणमा लिई आर्थिक समृद्धि हासिल गर्न कृषि खेती गर्ने जमिनको उपयोगमा सहजीकरण, बैंक ऋण, कृषकले उत्पादन गरेका वस्तुको बजारीकरणका लागि बजारको सुनिश्चितता दिनुपर्छ । यदि सरकारले यी कुरामा सहज वातावरण बनाइदिने हो भने नेपाली युवाले रोजगारीका अवसर नपाएर रोजगारीका लागि खाडी मुलुक जानुपर्दैन ।

(श्रेष्ठ कृषि उद्यमी हुन् ।)

# यी हुन् अब बन्ने सरकारले भोलिपल्टबाटै गर्नुपर्ने काम

समाजको तल्लो वर्गले आफ्नो स्थिति सुधारका लागि परिस्थिति केही सकारात्मक बन्छ कि भन्ने अपेक्षा नयाँ सरकारसँग हुन्छ । यसपटकको निर्वाचनमा पछि पनि यस्तै अपेक्षा जताततै छन् ।



डा. युवराज खतिवडा

सामान्यतया मुलुकमा हुने आमनिर्वाचनले नयाँ किसिमको विकास, सुशासन र समृद्धिको मार्गमा आसा जगाउँछ, किनभने जनताको सधैं अपेक्षा हुन्छ- आगामी सरकार ऊर्जाशील हुन्छ, उसले जनतासँग गरेका प्रतिबद्धता पूरा गर्ला र अघिल्ला सरकारबाट भएका गल्ती नदोहोऱ्याउला ।

पछिल्लो आर्थिक अवस्थाबाट निराश व्यावसायिक क्षेत्र, सेवा प्रवाहबाट आजित मतदाता र दातृ समुदायलाई अन्तर्राष्ट्रिय आर्थिक कूटनीति पहिलेभन्दा पारदर्शी र अनुकूल एवं बढी विश्वसनीय बनाउने गरी अघि बढ्छ कि भन्ने अपेक्षा हुन्छ । बुद्धिजीवीको अपेक्षा पनि यस्तै हुन्छ । समाजको तल्लो वर्गले आफ्नो स्थिति सुधारका लागि परिस्थिति केही सकारात्मक बन्छ कि भन्ने अपेक्षा नयाँ सरकारसँग हुन्छ । यसपटकको निर्वाचनमा पछि पनि यस्तै अपेक्षा जताततै छन् । यो अपेक्षा पूरा गर्न आर्थिक नीति सामञ्जस्य भएका र जनताका आधारभूत आवश्यकता पूरा गर्ने प्रतिबद्धता भएका समान राजनीतिक पार्टीले एकल बहुमत ल्याउन, बहुमत ल्याउन नसके पनि संयुक्तरूपमा आउन् भन्ने चाहना थियो । तर, निर्वाचनअघि नै दलहरूबीच बनेको गठबन्धनले त्यस्तो परिणाम देखिएन । जुन किसिमका गठबन्धन बने, त्यसले देखाएको छ- अन्यौल कायमै छ । अब देशको आर्थिक विकासको मार्गचित्र नै के हो भनेर सोध्ने हो भने भन्न नसक्ने अवस्था छ ।

किनभने, खुला उदार प्रतिस्पर्धी बजार अर्थतन्त्र भएको पार्टी र केन्द्रीकृत अन्तरमुखी वाह्य स्रोतसाधन चाहिन्नँ, बजार अर्थतन्त्र शोषणमूलक मात्र हुन्छ भन्ने पार्टीबीचको गठबन्धनले कता लैजाला ? मलाई लाग्छ, कताकता अर्थराजनीतिले सही बाटो लिँदैन कि, हामी धेरै अघि बढ्न सक्दैनौं कि, जनताले चाहेको, लगानीकर्ताले चाहेको, निजी क्षेत्रले चाहेको आर्थिक समृद्धि हासिल गर्न सक्दैनौं कि भन्ने शंका गर्ने ठाउँ प्रशस्त छन् । भिन्नभिन्न विचारका पार्टी मिलेर सरकार बनाउने हो भने साझा मुद्दामा सहमत भएर अघि बढ्ने अहिलेको मुख्य चुनौती यही हो ।

आर्थिक नीतिमा केही सामञ्जस्यता हुँदा समेत समस्या हुँदो रहेछ भन्ने धेरै उदाहरण छन् । म सरकारको अर्थमन्त्री भएकै बेला एमालेको बहुमतको सरकार थियो । तर, त्यसो भन्दाभन्दै पनि भने जति नीति बनाउन त सकेनौं । संसद, अर्थ समिति, विकास समितिमा के कस्तो तालमेल भएन भन्ने सबैलाई थाहै छ । संसदमा दर्ता भएको विधेयक टेबुल नहुने, टेबुल गरेको विधेयक छलफलमा नल्याउने काम भएकै हुन् । सबै कुरामा राष्ट्रिय सहमति गरेर जान सके आसा गर्ने ठाउँ छ, नभए सरकारले कसरी काम गर्छ भन्न कठिन छ ।

हिजोको केन्द्रिकृत शासन प्रणाली, साधनस्रोतको विनियोजन प्रणालीबारे अझै पनि अन्यौल छ । त्यसभन्दा पनि महत्वपूर्ण पाटो संघीयताको छ । प्रत्येक चुनाव लड्ने सांसदले कुलो, पैनी, गोरेटो, बाटो बनाइदिन्छु, स्कुलको छानो छाइदिन्छु भनेर सांसदको चुनाव जितेका छन् । अर्कोपटक यी सडकमा कतै पनि धुलो हुने छैन भनेर शीर्ष नेताहरूले नै भन्दै हिँडेका छन् । तर, नेपालमा अहिले निर्माण भएका कच्ची सडक सबैलाई पक्की गर्ने हो भने भौतिक पूर्वाधार मन्त्रालयलाई १० खर्ब बजेट चाहिन्छ । अनि, यस्तो प्रतिबद्धता गरेर चुनाव जित्ने, त्यो प्रतिबद्धता

पूरा गर्ने हो भने स्रोत कसरी जुटाउला ? स्रोत जुटाउने कुरामा ध्यान भएको मात्रै होइन, कतिपय उम्मेदवारले मूल्य अभिवृद्धि कर (भ्याट) देखि सबै कर हटाइदिन्छु भन्ने प्रतिबद्धतासमेत गरे । वैदेशिक ऋणको भार घटाउँछौं भनेर नेपाली कांग्रेसको घोषणापत्रमै भनिएको छ । आयातमा आधारित राजस्व प्रणालीलाई आन्तरिक उत्पादनमा आधारित बनाउँछौं भनिएको छ । यतिका धेरै प्रतिबद्धता छन्, ती पूरा गर्ने हो भने सरकार चल्छ कसरी ? घोषणापत्र बनाउँदा त्यो पार्टीले यो राख्यो, हामी कतै पछि पर्छौं कि भनी प्रतिस्पर्धी अघि बढ्दा समस्या आउँछ ।

## सामधान त गर्नैपर्छ

तर, यति भन्दाभन्दै हामीले केही त गर्नैपर्छ । भविष्य भएको मुलुकलाई अन्धकारमा राख्नु त भएन । अहिले ध्यान दिनुपर्ने विषय भनेको आर्थिक वृद्धि र त्यसको वितरण सँगसँगै लैजानुपर्नेमा छ । वृद्धि र वितरणलाई सँगसँगै लैजानुपर्छ । पहिला वृद्धि होस् अनि वितरण गरौंला भन्यो भने समाज भड्किहाल्छ । वितरण गरिहालौं अनि आर्थिक वृद्धि गरौंला भन्यो भने देश भँड्खालोमा जान्छ, टाट पल्टिन्छ । त्यसबाट जोगाउन जनताले अहिलेको निर्वाचनमार्फत निर्वाचित जनप्रतिनिधिलाई 'म्यान्डेट' दिएका हुन् । एउटा, निर्वाचनबाट जुन जनअपेक्षा सिर्जना गरेका छौं, त्यसको सम्बोधन गर्नुपर्छ । नभए 'फ्रस्ट्रेसन' सुरू हुन्छ । त्यसका लागि पनि निर्वाचनको अघिल्लो दिनसम्म जुन-जुन समस्या थिए, त्यो समाधानका लागि सरकारलाई धेरै समय छैन । सरकार बनेको भोलिपल्टबाट काम गर्नुपर्छ ।

काम धेरै ठूला छैनन् । स-साना छन् । ई-पासपोर्ट, राष्ट्रिय परिचयपत्र, सवारीचालक अनुमतिपत्र, मालपोतबाट जग्गाधनी पुर्जा, नागरिकता लिने जस्ता सेवासुविधामा सहजता खोजेका छन् । लाइन लाग्न नपरोस्, छिटोछरितो होस् भन्ने चाहेका छन् । एउटा वेबसाइट बनाएर त्यसैबाट टोकन लिने र आफ्नो समयमा जाने व्यवस्था गर्न सके कति राम्रो हुन्थ्यो ! विकेन्द्रिकृत रूपमा दिन सकिने सेवा अझै जनतासमक्ष हामीले पुऱ्याउन सकेका छैनौं । उद्योगीहरूले भन्छन्, 'एउटा सेयरधनी परिवर्तन गर्नुपर्दा पनि काठमाडौंको कम्पनी रजिस्ट्रारको कार्यालय धाउनैपर्छ । स-साना कुरामा पनि काठमाडौं नै धाउनुपर्ने अवस्था छ ।'

यस्ता समस्या सामधानका उपाय पनि छन् । संविधानको अनुसूचीमा रहेका जुन-जुन काम स्थानीय तहले गर्ने भनेर तोकिएको छ, तिनलाई अब विकेन्द्रिकृत गर्नुको विकल्प छैन । सरकार अध्यादेशबाट चलेकै छ । असल कामका लागि अध्यादेशबाट धेरै कानुन सुधार गर्न सकिन्छ । कानुन बनेर आउन सकेनन् भने पनि समाधान गर्ने उपाय छ । कुनै न कुनै बाटोबाट तिनलाई खुलाउनुपर्ने छ । स्थानीय तहमा अधिकार प्रत्यायोजन गरेर उनीहरूले काम गर्ने वातावरण बनाउनुपर्ने छ ।

सरकारले दिने सेवाको गुणस्तर हेर्ने विषयमा पनि अनुगमन गर्ने संयन्त्र बनाउन सकिन्छ । सुशासन, इन्जिनियरिङ आदिको संयन्त्र बनाएर सरकारले नै दिएका सेवाको प्रभावकारी अनुगमन गर्ने र कतै गल्ती कमजोरी भेटिए सच्याउने गर्न सकिन्छ । रोजगारी, बसोबास, गाँसबासको कुरा पनि जनताले चाहेको विषय हो । पछिल्लो समय थापाथलीमा सुकुम्बासीमाथि भएको तमासा देखिएकै छ । यसरी त समस्या समाधान हुँदैन । जसको वैकल्पिक व्यवस्था छ, उनीहरूलाई छानबिन गरेर पठाउने र नभएकालाई गाँसबासको व्यवस्था गर्नु सरकारको कर्तव्य हो । यो काम पनि छिटो सिध्याउनुपर्छ ।

स-सानाबाहेक हामीले पूर्वाधार विकासको काम पनि गर्नु छ । कहीँ ठेकेदारले काम अड्काएका छन्, कहीँ उनीहरूले भुक्तानी पाएका छैनन् । सम्बद्ध मन्त्रालयले काम गरेको छ, अर्थ मन्त्रालयले भुक्तानी नदिएको अवस्था छ । यी विविध समस्या पनि समाधान हुनुपर्छ । स्रोत त्यति नचाहिने तर सानो प्रयासबाट पनि बन्न सक्ने काम पनि गर्नुपर्छ । जस्तो कि, सडक ढलसम्बन्धी समस्या समाधान गरिदिने, खाल्डाखुल्डी पुरिदिने जस्ता साना काम गरिदिने हो भने पनि परिवर्तन देखिइहाल्छ । पूर्वाधार र प्रशासनिक सेवाका काममा छिटो गर्न सकिन्छ पनि ।

सबैभन्दा महत्वपूर्ण अहिलेको विषय अर्थतन्त्रसँग सम्बन्धित छ । दुई वर्षअघिको तुलनामा विदेशी मुद्रा सञ्चिति २ अर्ब अमेरिकी डलर घटेको छ । आयात घटेपछि बल्ल १२/१३ अर्ब विदेशी मुद्रा सञ्चिति बढेको छ । तर, आयात आफैं पनि घटिरहेको छ । व्यापार भनेको अर्थतन्त्र चलायमान हुने 'ब्यारोमिटर' हो । किन्न सक्ने क्षमता छ भने आयात हुने हो, उत्पादन भएको छ भने न निर्यात हुने हो । दुवै घटेपछि हामी मन्दीमा छौं । मुद्रास्फीति बढी, उत्पादन कम भएको अवस्था अहिले छ । यस्ता समस्या सरकारले कसरी सम्बोधन गर्ने हो, गर्नुपर्छ ।

मौद्रिक नीतिले गर्ने ठाउँ पहिले थियो, अहिले ढिला भयो । अब स्पेस धेरै छैन । साढे आठ-नौ प्रतिशतको मुद्रास्फीति छ, आयात नियन्त्रणका कारण शोधनान्तर थोरै बचतमा छ । अरु केही चाहिँदैन, गाडी आयातमात्र खोलिदियो भने त्यो सकिन्छ । राजस्व लक्ष्यभन्दा १५/१६ प्रतिशत कम छ । अहिलेको यो समस्या समाधान गर्ने सन्दर्भमा अब आउने अर्थमन्त्री कस्ता हुन्छन् भन्ने विषयले धेरै अर्थ राख्छ । अनुभवी, क्षमतावान व्यक्तिमार्फत द्रुत गतिमा अघि बढाउनुपर्ने काम छन् । जो मन्त्री भए पनि उसले सुरूमा आफूअनुकूलको सचिव खोज्छ । मन्त्री र सचिव बस्छन् र उनीहरूले बजेटदेखि विभिन्न विभागका प्रमुख फेर्न थाल्छन् । अनि विभागीय प्रमुखसमेत बसी आयोजना प्रमुख खोज्छन् । आयोजना प्रमुख पाउन सामान्य प्रशासन मन्त्रालयको सहयोग चाहिन्छ । सामान्य प्रशासन मन्त्रालयको मन्त्री अर्को पार्टीको परिदियो भने दुई महिना त्यसै झुलाइदिन्छ । छिटोमा सरकार बन्यो भने पनि माघअघि कुनै पनि आयोजनामा कर्मचारी हुँदैनन्, त्यसअघि कामै हुँदैन । त्यसकारण अब बन्ने सरकारले कति छिटो सरकारी संयन्त्र परिचालन गर्न सक्छ, त्यो नै मुख्य काम हो ।

सार्वजनिक क्षेत्रका सबै निकायको एउटै स्वर हुनुपर्छ । अर्थतन्त्रका बारेमा सही कुरा बुझाउनुपर्छ । निक्षेप दिनेलाई पनि यति धेरै ब्याज लिनुहुँदैन भन्नुपऱ्यो । लिनेलाई पनि पैसा यति सस्तोमा पाइँदैन है भन्नुपऱ्यो । राजनीतिक नेतृत्वले त्यति आँट गर्छ कि गर्दैन ? अहिले राज्यका लागि घातक अभियान सुरू भएको छ- ऋण नतिरौं अभियान । कुनै नेताले मलाई भनेअनुसार अहिलेकै काम चलाउ सरकारका मन्त्रीले समेत त्यो आन्दोलनलाई सघाइरहेका छन् । लघुवित्त र सहकारीको ऋण चुनावपछि माफी गरिदिउँला भनेका छन् रे !

लघुवित्तका ऋणी २५ लाखभन्दा बढी छन् । सहकारीका त सदस्यै कति छन् कति । यस्तो अवस्थामा सरकारले दुइटा गल्ती गरेको छ । एउटा, सरकारकै मान्छेले उकास्ने, यो साहुकार भयो, यति ब्याज लियो, यसरी शोषण गऱ्यो भन्ने । आफूले 'सिस्टम' मा 'करेक्सन' गरेर उनीहरु राहत नदिने, तर भड्काइरहने । दोस्रो चाहिँ सरकार या राष्ट्र बैंकले कसको प्रभावमा परेर हो, लघुवित्तलाई १५ प्रतिशत ब्याजको सीमा तोकिदिएको छ । सहकारीलाई १६ प्रतिशतको सीमा छ । यो कहाँबाट भयो

? बैंकहरूलाई स्प्रेड राखेर नियन्त्रण गरिएकै थियो, त्यहाँ पनि स्प्रेड राखेर स्वतन्त्र छाडिदिएको भए भइहाल्थ्यो । अहिले लघुवित्तले १५ देखि १६ प्रतिशत ब्याजमा पैसा लिइरहेका छन् । अनि उनीहरू १५ प्रतिशतमा लगानी गरेर आफैं चौपट हुँदैनन् ?

एकातिर आन्दोलनकारीले पैसा नदेऊ भनिरहेका छन्, अर्कातिर थप पुँजी पाउने अवस्था छैन, अनि लघुवित्तहरू कसरी अघि बढ्छन् ? सहकारीमा पनि यस्तै समस्या छ । केही सहकारीले कमजोरी गरेका छन्, त्यसका आधारमा उनीहरूलाई कारबाही गरेर अरूलाई उद्धार गर्नुपर्ने हो । तर, त्यसो गरिएको छैन । करिब ५ खर्बको सहकारी, त्यति नै बराबरको लघुवित्त क्षेत्रलाई 'ट्र्याक' मा ल्याउनु अहिलेको सरकारको चुनौती हो । बैंककै ऋण नतिरौं भन्ने अभियान थालिएको पनि सुनेको छु, यसलाई समाधान गरिहाल्नुपर्छ । त्यसैले एउटा राजनीतिक प्रतिबद्धता र अर्थतन्त्रप्रति जिम्मेवार व्यक्तिलाई अर्थमन्त्री बनाउनु अत्यावश्यक छ ।

अर्थतन्त्र बुझेको र अन्तर्राष्ट्रिय जगतले मानेको जिम्मेवार व्यक्ति पनि चाहिने रहेछ । किनभने, लगानीकर्ता र दातृ निकायले ऊ कस्तो छ, उसको विचार, पारदर्शितामा ऊ कस्तो छ, सुशासनलाई कसरी लिन्छ, राम्रा नीति अघि बढाउन कति आँटिलो छ, सबै खोज्छन् । अर्थतन्त्र नबुझ्ने मन्त्रीले त आश्वासनमात्र बाँड्छन्, जब अर्थतन्त्र अप्ठ्यारोमा पर्छ, अर्कालाई दोष दिन्छन् र उम्किन खोज्छन् । एउटालाई बलिको बोको बनाउने खेल सुरू हुन्छ । यसले यसो गरिदियो, उसले उसो गरिदियो भन्छ, पन्छिन खोज्छ । 'टेक्नोक्र्याट' अर्थमन्त्री छ भने आफैं जिम्मेवारी लिन्छ । लिनु पनि पर्छ । २०४८ सालपछिका टेक्नोक्र्याट अर्थमन्त्री हेर्नुस्, उनीहरूले सबै कामको जिम्मेवारी आफैं लिएका छन् ।

## निजी क्षेत्रलाई साथ

अपेक्षा निजी क्षेत्रका पनि छन् । उसका केही अपेक्षा पूरा गर्ने र केही उसले सुधार गर्नुपर्ने देखिन्छ । निजी क्षेत्रले भन्न थालिसकेको छ- अब बन्ने गठबन्धनको सरकारबाट हामीलाई केही आसा छैन । तर, अब आउने सरकारले बुझ्नुपर्ने के छ भने, सबै व्यवसायीलाई समान किसिमको व्यवहार गर्नुपर्छ । 'चेरिपिकिङ' गर्ने नीति मन्त्रीहरूको भइदियो भने बिग्रिन्छ । व्यवसायीका जायज केही माग छन्, तिनको सम्बोधन पनि हुनुपर्छ । हिजो ६/७ प्रतिशतमा लिएको ब्याज एक वर्षमै दोब्बर भयो । लगानी गरिसकेको अवस्थामा अब उनीहरू डुब्ने त ? एउटा प्रतिफल पाउँला र ऋण तिरौंला भन्नेलाई केही हेरिदिनैपर्छ । उत्पादनमूलक उद्योगलाई सरकारले बचाउनैपर्छ ।

जस्तो, नेपाल राष्ट्र बैंकले ब्याजदरमा केही हेरिदिन सक्छ । उसमा एउटामात्र द्वार छ । ब्याजदरकै कारण मात्र उद्योग धराशयी बनेका हुन् भने राष्ट्र बैंकबाट समस्या समाधान गरिदिन सकिन्छ । तर, समस्या ब्याजदरमा मात्र छैन । सरकारले उद्योगीलाई अरू सहुलियत दिएर पनि उद्धार गरिदिन सक्छ । जस्तो कि, कच्चापदार्थ आयातमा छुट दिन सकिन्छ । बिजुली दिने भनिए पनि कतिपय उद्योगले डिजेल अथवा थर्मल पावर प्लान्ट आफैं लगाएर काम चलाउनुपरेको छ । विद्युत महसुलमा केही गर्न सकिन्छ कि अथवा स्थानीय अवरोध छुटाइदिएर हुन्छ कि, यस्तो अर्थ र उद्योग मन्त्रालयले सहुलियत दिएर समस्या समाधान गर्न सकिन्छ ।

किनभने, ठूला उद्योगका सम्पूर्ण 'अपरेटिङ कस्ट' मा ब्याजदरको हिस्सा बढीमा २५ प्रतिशतको समस्या होला । ७५ प्रतिशत अरू खर्च छन् । विद्युत, ढुवानीको कार्टेलिङ, डिजेलको मूल्यवृद्धि जस्ता खर्च घटाउन सकिन्छ । भारतमा त्यसरी इन्धनको मूल्य घटिसकेको छ, यहाँ पनि घटाइदिन सकिन्छ । निजी क्षेत्रलाई प्रोत्साहनका लागि हाम्रो शासकीय समस्यामा धेरै केही गर्नुपर्ने छैन । संरचना बनिसकेको छ । एकद्वार प्रणालीलाई व्यवस्थित बनाउने र त्यसमा जटिल सेवालाई अनलाइन प्रणालीबाट दिने गर्न सकिन्छ । खासखास आद्योगिक क्षेत्रमा निजी क्षेत्रले आफ्नो 'स्टेक' रहोस् भनेको छ, त्यसमा उनीहरूलाई समावेश गर्ने, सानातिना एयरपोर्ट ठेक्कामा लिन चाहे दिने आदि काम पनि गर्न सकिन्छ ।

तसर्थ, नीतिगत र शासकीय व्यवस्थामा निजी क्षेत्रलाई विश्वासमा लिनुपर्छ । यसका लागि कमसेकम अर्थमन्त्री र उद्योगमन्त्री उनीहरूको विश्वास जित्न सक्ने किसिमका आउनुपर्छ । त्यसमा पनि निजी क्षेत्रको 'फोकल मिनिस्टर' उद्योगमन्त्री हुन् । यस मनस्थितिबाट प्रेरित रहेर सरकारले काम गर्नुपर्छ । आर्थिक वृद्धि माथि लैजान निजी क्षेत्रले करिब तीनचौथाइ लगानी गर्नुपर्छ । त्यस्तो क्षेत्रलाई बेवास्ता गरिरहेर सरकारी विकास आयोजनाकै ठेक्कापट्टामा मात्र हामी केन्द्रित रहने हो भने सिमेन्ट, रड, गिटीरोडाको खपत कहाँ हुन्छ ? निर्माण व्यवसायीले के गर्छन् ?

निजी क्षेत्रलाई समस्या सिर्जना गर्ने कानुन परिमार्जन गरिदिनुपर्छ । ती कानुन अघि बढाइदिने र निजी क्षेत्रका पनि कुरा सुनिदिने किसिमले सरकारले काम गर्नुपर्छ । सरकार बनेको भोलिपल्टबाटै यी काममा लागिहाल्नुपर्छ ।

(डा. खतिवडा पूर्वअर्थमन्त्री हुनु ।)

बिगत ३ दशक देखि स्वास्थ्य सेवामा समर्पित

# SEPTIDINE

Povidone Iodine Solution 5% & 10% ,
Gargle 1% (100ml) & Ointment 5% (15g)

# सेप्टिडीन

50ml,100ml,
1000ml, गार्गल र
मल्हममा उपलब्ध छ ।






चोटपटक, काटेको तथा
घाउ-खटिराको उपचारमा
अत्यन्त प्रभावकारी
एन्टिसेप्टिक औषधि

"अन्तराष्ट्रिय गुणस्तरको
उत्पादन अब स्वदेशमै"

देउराली-जनता फर्मास्यूटिकल्स प्रा. लि.
घर नं. ६७९, बुढानीलकण्ठ सडक, बाँसबारी, का. म. न. पा. , वडा नं. ०३,
फोन नं: ४०१८७७७, ४०१८५०३, ४०१८५०४, ४०१८६४२, ४०१८६५२
पोस्ट बक्स: ४२३९, E-mail: info@deuralijanta.com
Website: www.deuralijanta.com

WHO-GMP

WHO-GMP तथा ISO 9001 र
ISO 14001 को
प्रमाणिकृत नेपालकै पहिलो कम्पनी

# अर्थतन्त्रको बलियो जग निर्यात वृद्धि





शशिकान्त अग्रवाल

२०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्स्थापनाले आमनेपालीमा समृद्धिको सपना जगाए पनि त्यो अझै पूरा हुन सकेको छैन । उक्त अवधिमा विकासका सूचक नसुधारिएका होइनन्, तर अन्य देशका दाँजोमा पुग्न सकेनन् । वास्तवमा नेपालको अर्थतन्त्र कहिल्यै बलियोरूपमा अघि बढेन, जहिल्यै 'ग्रे लाइन' मा रह्यो ।

कुनै पनि अर्थतन्त्र राम्रो हुन त्यो देशको बलियो आम्दानी स्रोत हुनुपर्छ । खान पुग्नेभन्दा बढी आम्दानी । यसका लागि उत्पादन बढाउँदै वस्तु र सेवा बिक्री गर्ने प्रतिस्पर्धी क्षमता चाहिन्छ । उत्पादकत्व निकै उच्च अनि उत्पादन लागत कम हुनुपर्छ ।

अहिले नेपाली अर्थतन्त्र समस्यामा पर्नुको प्रमुख कारक चुलिँदो व्यापार घाटा र वैदेशिक मुद्राको घट्दो सञ्चिति हो । मुद्रा सञ्चिति घट्नुको कारण व्यापार घाटा नै हो । त्यसैले व्यापार घाटा कसरी कम गर्ने भन्ने प्रश्नमै समाधान खोज्नु जायज हुन्छ, विशेषगरी विप्रेषण, सुशासनजस्ता कुरामा ।

निर्यातभन्दा आयात बढी हुँदा व्यापार घाटा हुन्छ । सन् २००३/०४ बाट २०१९/२० सम्म आइपुग्दा नेपालको वैदेशिक व्यापार घाटा करिब पाँच गुणाले बढेको छ । २००३/०४ मा यस्तो घाटा करिब ८२ अर्ब रूपैयाँबराबर रहेकोमा २०१९/२० मा बढेर करिब १२ खर्ब पुगेको छ । यो अवधिमा आयात करिब नौ गुणाले बढेको छ भने निर्यात भने दुई गुणाले । आयात/निर्यात अनुपात आकासिएको छ । २००३/०४ मा हामी एक रूपैयाँबराबर निर्यात गर्दा २.५ रूपैयाँबराबरको आयात गर्थ्यौं । तर, २०१९/२० सम्म आइपुग्दा एक रूपैयाँबराबर निर्यात हुँदा १२ रूपैयाँबराबरको आयात भइरहेको छ । हाम्रो निर्यात किन बढेन त?

निर्यात बढ्न देशमा निर्यातयोग्य वस्तु उत्पादन हुनुपर्छ, त्यो पनि उच्च प्रतिस्पर्धी क्षमतासहित । कम मूल्यमा उच्च गुणस्तरका वस्तु उत्पादन गर्न सक्नुपर्छ । तर, हामीसँग अहिले त्यो क्षमता देखिँदैन । ग्लोबल कम्पिटिटिभनेस रिपोर्टअनुसार विश्वका १ सय ४१ देशमध्ये प्रतिस्पर्धीका हिसाबले नेपाल १ सय ८औं क्रममा पर्छ । कम मूल्यमा वस्तु तथा सेवा उत्पादन गर्न उत्पादकत्व बढी हुनुपर्छ ।

## उत्पादकत्व

उत्पादकत्व भनेको एक एकाइ श्रमिक वा पुँजीले निश्चित समयमा निश्चित मूल्यबराबरका वस्तु तथा सेवा उत्पादन गर्न सक्छ भन्ने हो । नेपालमा श्रमिकको उत्पादकत्व निकै कम छ । नेपालमा श्रमिकको उत्पादकत्व ५.८ हुँदा श्रीलंकामा १५.३ छ । मानौं, नेपाली श्रमिकले एक घन्टामा ५८ रूपैयाँबराबरको सामान उत्पादन गर्दा श्रीलंकाका श्रमिकले १ सय ५३ रूपैयाँबराबरको उत्पादन गर्न सक्छ । अर्थात, नेपाली श्रमिकले उत्पादन गर्ने सामान श्रीलंकाली श्रमिकको भन्दा महँगो पर्छ ।

नेपालमा पुँजीको उत्पादकत्व पनि कम छ । यसको अनुमान पुँजी/उत्पादन अनुपात हेरेर लगाउन सकिन्छ । १५औं योजनाअनुसार नेपालको पुँजी/उत्पादन अनुपात ४.९ छ । यसको मतलब एक रूपैयाँबराबर उत्पादन गर्न ४.९ बराबर पुँजी चाहिन्छ । तर, भारतमा एक रूपैयाँबराबर उत्पादन गर्न ४.५, बगलादेशमा ३.८७ र पाकिस्तानमा करिब ४ रूपैयाँबराबर पुँजी आवश्यक पर्छ । यसबाट स्पष्ट हुन्छ कि नेपालमा श्रमिक र पुँजी दुवैको उत्पादकत्व छिमेकी देशका तुलनामा कम छ । त्यसैले हामीले उत्पादन गर्ने सामान अरूको तुलनामा महँगो हुन जान्छ ।

निर्यात वृद्धिमात्र होइन, समग्र अर्थतन्त्रको विकासका लागि उत्पादकत्व सबैभन्दा महत्वपूर्ण छ । अमेरिकी अर्थशास्त्री पल क्रुगम्यानको भनाइले यसलाई प्रष्ट पार्छ, 'उत्पादकत्व नै सबैथोक होइन, तर दिर्घकालमा उत्पादकत्व नै सबैथोक हो ।'

देशको समृद्धिका लागि मुख्यरूपमा श्रमिकको उत्पादकत्व बढाइनुपर्छ । यसका लागि गुणस्तरीय शिक्षा र नियमित तालिममार्फत सीप विकास, अनुसन्धान तथा विकासमा खर्च वृद्धि र उत्पादन गृहमा 'स्मार्ट' व्यवस्थापन गरिनुपर्छ ।

नेपालको शिक्षा प्रणाली निकै कमजोर छ । सरकार र निजी क्षेत्र दुवै अनुसन्धान तथा विकासमा खर्च गर्न अनिच्छुक छन् । अनुसन्धान तथा विकासमा निजी क्षेत्रको भूमिका कति महत्वपूर्ण छ, अमेरिकालाई हेर्दा थाहा हुन्छ । २०२० मा अमेरिकाले ७ खर्ब ८ अर्ब डलर (जिडिपीको करिब चार प्रतिशत) अनुसन्धान र विकासमा खर्च गर्दा निजी क्षेत्रको हिस्सा ५ खर्ब ३२ अर्ब डलरबराबर थियो ।

नेपालमा उत्पादकत्व र प्रतिस्पर्धी क्षमता बढाउनेतिर निजी क्षेत्रको भूमिका उत्साहजनक

> **महामारी समाप्त भएपछि पनि यसले आर्थिक सुधारमा केही समयसम्म अवरोध सिर्जना गरिरहन्छ । आर्थिक अवरोध चरम भोकका प्राथमिक चालक हुन् । तसर्थ, अहिलेको महामारी स्वास्थ्य संकटभन्दा अझ बढी मानवीय संकट हो ।**

छैन । निजी क्षेत्रले बेलाबेला अमुक वस्तुको आयात रोक्न वा कर वृद्धि गरिदिन अनुरोध गर्नुले उनीहरु ती वस्तु तथा सेवाको उत्पादनमा प्रतिस्पर्धी नभएको देखिन्छ ।

## के उत्पादन गर्ने ?

निर्यात गर्ने भन्दैमा एकै देशले भए जति सबै कुरा उत्पादन गर्न सम्भव हुँदैन । कुन देशले के उत्पादन गर्ने भन्ने त्यहाँको तुलनात्मक लाभ केमा छ, त्यसले निर्धारण गर्छ । तुलनात्मक लाभका क्षेत्र पहिचान गर्न व्यापक अध्ययन आवश्यक छ । नेपालमा विगतमा त्यस्ता केही अध्ययन भएका छन् ।

एसियाली विकास बैंकले २००९ मा गरेको अध्ययनले काठमा आधारित वस्तु, बुनिएका कपडा, बंगुरबाट उत्पादित सुक्खा मासु निर्यात गर्न सकिने देखाएको थियो ।

प्रतिफल दिने उत्पादन र निर्यात पत्ता लगाउने एउटा तरिका प्रकट तुलनात्मक लाभ (रिभिल्ड कम्प्यारेटिभ एड्भान्टेज) को गणना हो । पछिल्लो तथ्यांकअनुसार नेपालमा यस्तो लाभका प्रमुख वस्तुमा जुटका सामान, कार्पेट, प्याकिङ झोला, पोलिस्टर यार्न, एक्रेलिक यार्न, सिमेन्ट, हस्तकला, पर्यटनलगायत पर्छन् । तर, लाभको गणना गर्दा आयात/निर्यातको तथ्यांक प्रयोग गरिने भएकाले यी वस्तु उत्पादन गर्ने नेपालको तरिका र क्षमता थाहा हुँदैन । बाहिरबाट सामान झिकाइ थोरै मूल्य बढाएर निर्यात गर्दा पनि प्रकट तुलनात्मक लाभ बढी देखिन सक्छ, तर त्यस्तो निर्यात दिगो हुँदैन ।

उत्पादनीय वस्तु छनौट गर्दा विदेशमा केको माग बढी छ भन्ने पनि ख्याल गर्नुपर्छ । जस्तो, माथि उल्लिखित नेपालको प्रकट तुलनात्मक लाभ भएका (यस्तो लाभको मान एकभन्दा बढी भएका वस्तु उत्पादन राम्रो मानिन्छ) वस्तु भारतले सबैभन्दा बढी आयात गर्नेको सूचीमा १०००औं क्रमभन्दा तल पर्छन् । अर्थात, नेपालले पहुँच पाएको विश्वकै सबैभन्दा ठूलो बजारबाट पनि लाभ लिन सकिरहेको छैन । अतः नेपालले उत्पादन नीति निर्माण गर्दा छिमेकी मुलुकमा केको माग छ भन्नेमा विशेष ध्यान दिनुपर्छ ।

नेपालबाट हुँदै आएको निर्यातको विश्लेषण गर्दा स्थायी प्रकारको निर्यातयोग्य वस्तु कुनै देखिँदैन । जस्तो, २००९ मा हामीले गेडागुडी तरकारी र २०१० मा फलाम र स्टिल सबैभन्दा बढी निर्यात गर्थ्यौं । २०१३ देखि २०१७ सम्म कार्पेट अनि २०१९ मा पाम आयल त्यो सूचीमा परे । नेपालमा फलाम खानी सञ्चालनमा छैन, तै पनि आइरन र स्टिल यति धेरै कसरी निर्यात भयो? पामका रूख छैनन्, तै पनि हामी पाम आयल विदेश पठाउँछौं ।

हामीले व्यापारमा उपलब्ध केही सुविधाबाट प्राप्त 'मार्जिन' लाई नाफामा बदलेर निर्यात गरेका हौं । यसले निर्यात व्यापारमा संलग्न व्यवसायीलाई सीमित नाफा त होला, तर दिगो हुँदैन । देशको उत्पादन क्षमता पनि बढाउँदैन । नत्र कुनै समय सबैभन्दा धेरै निर्यात हुने फलाम र स्टिल अहिले हराउने थिएनन् ।

अन्य देशको तुलनामा धेरै लाभ हुने वस्तु तथा सेवाको उत्पादन गरेमात्र निर्यात दिगो हुन्छ । पर्यटन, जलस्रोत र सूचना प्रविधि त्यस्ता केही महत्वपूर्ण क्षेत्र हुन् । हामीले के बिर्सनु हुँदैन भने बुद्ध जन्मस्थल लुम्बिनी, सगरमाथाजस्ता सम्पदा अन्यत्र कतै छैनन् । नेपालका लागि तुलनात्मक लाभका सम्भावना रहेका यी केही उदाहरण हुन् ।

## कसरी उत्पादन गर्ने ?

वस्तु तथा सेवा उत्पादन गर्न सुरुमा लगानीको वातावरण हुनुपर्छ । यसका लागि मुख्य चार कुरा चाहिन्छन् । (क) गुणस्तरीय पूर्वाधार (ख) उपभोक्ताको खर्च गर्न सक्ने क्षमता र बजार (ग) सस्तो श्रमिक (घ) सुशासन ।

पूर्वाधारको गुणस्तर र परिमाण दुवैमा नेपाल दक्षिण एसियाकै कमजोर मानिन्छ । पूर्वाधार गुणस्तरमा नेपालको स्कोर २.६ छ भने भारतको ४.२, नेपालको सडक घनत्व ४७ किलोमिटर प्रति १ सय वर्गकिलोमिटर छ भने भारतको १ सय ८० किलोमिटर । उत्पादन क्षेत्रमा विद्युतको सुनिश्चय पनि छैन । पूर्वाधार गुणस्तर र मात्रा कमजोर हुँदा लागत बढ्ने भएकाले लगानीकर्ता लगानी गर्न इच्छुक हुँदैनन् ।

नेपालको बजार पनि सानो छ । नेपालीको आम्दानी वैदेशिक लगानीलाई आकर्षण गर्ने स्तरको छैन । यस्तो अवस्थामा नेपालमा लगानी गर्न आउनेले भारतीय बजारको आसा गर्नु सैद्धान्तिकरूपमा गलत हुँदैन । तर, व्यवहारमा यसो गर्न सहज छैन । भारतले बेलाबेला निर्यातमा बिनाकारण लगाइदिने प्रतिबन्ध विदेशी लगानीकर्ताले पनि बुझेका छन् ।

अर्को कमजोर पक्ष सुशासन अभाव र झन्झटिलो कानुनी प्रक्रिया हो । नेपालमा लगानीका लागि एकद्वार प्रणाली अपनाउने प्रतिबद्धता बर्सेनी गरिए पनि लागू भएको छैन । विदेशी कामदारले भिसा लिन झन्झटिलो प्रक्रिया, सरकारी संयन्त्रमा पारदर्शिता अभाव, रेड ट्यापिज्म, नीतिगत अस्थिरता, लगानीको कमजोर सुरक्षा । जस्तै, व्यक्ति वा समूहले बलपूर्वक चन्दा लिने प्रवृत्ति, यातायात क्षेत्रमा सिन्डिकेट, ट्रेड युनियनको अतिराजनीतिकरण जस्ता विषय हाम्रा लगानीका बाधक हुन् ।

विभिन्न विकास साझेदारले गरेका अध्ययनअनुसार ट्रक व्यवसायीको सिन्डिकेटका कारण नेपालको निर्यात लागत करिब २५ देखि ५५ प्रतिशतसम्म बढ्ने देखाएको थियो । तर, सरकार यस्तो सिन्डिकेट हटाउन असफल छ ।

सरकारले अहिले नेपालबाट निर्यात गर्ने वस्तु प्रोत्साहन गर्न आठ प्रतिशत नगद अनुदान दिँदै आएको छ । उद्योगी-व्यवसायीलाई आयातभन्दा निर्यातमा प्रोत्साहन बढाउन दिइएको नगद अनुदानका कारण केही समयदेखि सिमेन्ट र स्टिलका सामान भारतका विभिन्न सहर पुग्न थालेका छन् । जुन नेपाली उद्योगीका लागि उत्साहजनक विषय हो । अहिले नेपालबाट निर्यात हुने ३६ प्रकारका वस्तुमा सरकारले नगद अनुदान दिँदै आएको छ ।

## निर्यात बढाउन सरकार सचेत

नेपालको निर्यात व्यापारमा निरन्तर गिरावट आएपछि सरकारले चालू आर्थिक वर्षको बजेटमार्फत सिमेन्ट, क्लिंकर, फुटवेयर र प्रशोधित पानीलगायत वस्तु निर्यात गर्दा आठ प्रतिशतसम्म नगद अनुदान दिने घोषणा गरेको थियो । त्यसलाई कार्यविधि बनाएर सरकारले कार्यान्वयनमा पनि ल्याइसकेको छ ।

सरकारले मूल्य अभिवृद्धि हेरेर निर्यात उपलब्ध गराउने बताएको छ । ५० करोडमाथि निर्यात गर्नेलाई सिधा आठ प्रतिशत नगद अनुदान पाउने व्यवस्था पनि गरिएको छ । यो सरकारी पहल स्वागतयोग्य हो ।

निर्यात बढाउने नीति अंगिकार गर्दा सरकारले ध्यान दिनुपर्ने मुख्य विषय भनेको मूल्य अभिवृद्धि (भ्यालु एड) हो । अहिले कतिपय उत्पादन भारतबाट कच्चापदार्थ ल्याएर नेपालबाट निर्यात भइरहेका छन् । त्यसैले निर्यातजन्य वस्तुको भ्यालु एडिसन गर्नुपर्छ । जुन मुलुकमा निर्यातजन्य सामानको भ्यालु एडिसन गरिँदैन, त्यसबाट राम्रो प्रतिफल पाउन सकिँदैन ।

## निरन्तर निर्यात गर्ने उद्योगलाई थप सहुलियत

कुनै पनि उद्योगले निरन्तर निर्यात गरिरहेको छ भने त्यस्ता उद्योगलाई सरकारका तर्फबाट आवश्यक पुँजी व्यवस्थापनसमेत गरिदिनुपर्छ । त्यति मात्र होइन, त्यस्ता उद्योगमा कुनै पनि पक्षबाट हडताल, आन्दोलन गर्न नदिने नीतिसमेत ल्याउनुपर्छ । संसारभरि सरकारले उद्योगका लागि एम्बुलेन्स लेनसमेत बनाइसकेका छन् ।

आन्दोलन र हडतालका कारण उत्पादन नै बन्द भयो भने त्यसको नकारात्मक सन्देश विश्वभरि फैलिन्छ । जसका कारण भविष्यमा त्यस्ता उत्पादनको माग आउँदैन र उद्योगलाई मात्र होइन, त्यो मुलुकलाई हेर्ने दृष्टिकोणमा समेत परिवर्तन आउँछ ।

## निर्यातजन्य उद्योगलाई ऋणको सहज पहुँच

निर्यात गर्ने उद्योगका लागि बैंक तथा वित्तीय संस्थाबाट सहुलियत दरमा ऋण पाउने व्यवस्था गर्नुपर्छ । छिमेकी मुलुक भारतमा निर्यात बढाउन सरकारले उद्योगी-व्यवसायीलाई एउटा 'स्किम' दिँदै आएको छ । उद्योगीले कुनै पनि वस्तु विदेश निर्यात गर्‍यो भने त्यसको 'ग्यारेन्टी' दिनका लागि ' एक्सपोर्ट प्रमोसन क्यापिटल गुड्स स्किम' (इपिसिजी) लागू गराएको छ । जसले गर्दा ढुक्कसँग उद्योगी-व्यवसायीले विदेशमा उधारो सामानसमेत निर्यात गर्न सक्छन् । 'बैंक टु बैंक क्रेडिट ग्यारेन्टी' सरकारले नै गरिदिएको हुन्छ । यसले बैंकहरूको समेत आम्दानी बढ्छ । यो नीति नेपालमा पनि अपनाउनु आवश्यक छ । विदेशमा सामान निर्यात गर्ने सबै ठाउँमा चिनेको भन्ने हुँदैन । त्यसैले आफ्नो सामानको पैसा ग्यारेन्टीका लागि भारत सरकारले इपिसिजी स्किम दिएको छ । जुन निकै प्रभावकारी भएको छ । नेपालमा पनि यो अनिवार्य भइसकेको छ ।

## अब के गर्ने ?

कुनै पनि देशको आर्थिक समृद्धिका लागि कम लागतमा उत्पादन गर्नु पहिलो सर्त हो । अहिले हाम्रो बढ्दो व्यापार घाटा र विदेशी मुद्रा सञ्चितिमा कमीको मूल कारण पनि कम लागतमा वस्तु तथा सेवा उत्पादन गर्न नसक्नु हो । विगतमा गरिएका लापरबाही र सुशासन अभावले उत्पन्न समस्या थुप्रिँदै अहिले संकटतिर उन्मुख भएको हो । कोभिड-१९ र रूस-युक्रेन युद्धले समस्या थप चर्काएका छन् ।

निर्यात र आर्थिक वृद्धिका निम्ति सबैभन्दा पहिले श्रमिक तथा पुँजीको उत्पादकत्व बढाउनुपर्छ । गुणस्तरीय शिक्षा, तालिम, स्वास्थ्य सेवा तथा उचित व्यवस्थापन कलामार्फत उत्पादकत्व बढाउन पहल गर्नु आवश्यक छ । लगानीको वातावरण बनाउनुपर्ने आवश्यकता पनि उत्तिकै छ । विदेशी लगानीकर्ताले गोरखपुर (भारत) को सट्टा भैरहवामै किन लगानी गर्ने भन्ने प्रश्नको समाधान पाएर इमानदारी र पारदर्शितासाथ काम गरे नेपालको निर्यात तथा आर्थिक वृद्धि दुवै चुलिन्छ ।

(अग्रवाल एमएस ग्रुपका अध्यक्ष हुन् ।)

# नेपालको सदुपयोग नभएको विगत, औसत वर्तमान र उज्वल भविष्य

चुनावमा भोट माग्न गएका उम्मेदवारलाई नागरिकले निर्भिक भएर प्रश्न उठाएका छन् । चाहेर र नचाहेर पनि दल र नेता विकास र समृद्धिको नारा लगाउन बाध्य हुने अवस्था सिर्जना भएको छ ।



प्रा.डा. शिलु मानन्धर

प्राकृतिक स्रोतसाधनले निकै भरिपूर्ण भए पनि हामी पूर्वाधार विकासका हिसाबले धेरै नै पछि परेका छौं । संकटबाट समुन्नतितर्फको यात्राको कुरा गरिरहँदा हामीले विगत, वर्तमान र भविष्य गरेर तीन चरणमा व्याख्या गर्नुपर्छ । विगतमा के भयो र के हुन सकेन, वर्तमानमा के भइरहेको छ र भविष्यका लागि के गर्नुपर्छ भन्नेबारे छलफल गरेर त्यसैअनुसारको परिकल्पना र त्यसलाई साकाररूप दिन हामी पछि परेका छौं । तथापि, अब हामीसँग भएको इच्छाशक्ति र स्रोतसाधन उपयोग हुने चरणमा रहेकाले समृद्धिको क्षीतिजमा उज्यालो देखिने आसा बढेको छ ।

## अवसर पाएर पनि सदुपयोग नभएको विगत

नेपालमा आर्थिक र सामाजिक विकासको लागि विगतमा थुप्रै अवसर प्राप्त भएका थिए । तर, विभिन्न बहानामा आर्थिक विकासको प्रयास कम नै भयो । २०४७ सालसम्म नेपालमा मध्यमखालको विकास भएको थियो । आवधिक योजनाअनुसार त्रिवर्षीय र पञ्चवर्षीय योजना थालनी भएका थिए । २०४७ सालसम्म हामी निकै उत्तम र निकै खत्तम अवस्थामा नभई औसत विकासको चरणमा थियौं । तर, २०४७ सालपछि नयाँ संविधान जारी हुने समय २०७२ सालसम्म नेपालमा आर्थिक तथा सामाजिक विकासको क्षेत्रमा खास प्रगति हुन सकेन । जलविद्युत, सडक, हवाई पूर्वाधार, शिक्षा, स्वास्थ्य लगायत क्षेत्रमा हामी पछाडि नै परेको हो । २०७२ सालपछि भने विकास र समृद्धिका लागि बहसको सुरूवातले राम्रो स्थान पायो । संविधान जारी भएपछि राजनीतिक दलले पनि विकासका अजेन्डालाई बहसमा ल्याउन थाले ।

यो बीचमा तामाकोसी, चमेलिया लगायत जलविद्युत आयोजना, मध्यपहाडी राजमार्ग, मदन भण्डारी राजमार्ग लगायत सडक, त्रिभुवन विमानस्थल विस्तार, गौतमबुद्ध विमानस्थल लगायत पूर्वाधार बने । केहि ठूला अस्पताल बने, जिल्ला अस्पताल र स्वास्थ्य चौकीको क्षमता विस्तार भयो ।

कानुनमा सुधार भयो तर त्यसलाई नतिजा दिने गरी व्यवहारमा कार्यान्वयन भएन । कुरा धेरै र काम कम भयो । हाम्रोजस्तो भौगोलिक अवस्था भएका थुप्रै देशले धेरै नै प्रगति गरेका छन् । हामी भने विभिन्न बहाना बनाएर पछि परिरहेका छौं । जता हेर्‍यो त्यतै निराशा हुने अवस्था त होइन तर हामीले जति गर्न सक्थ्यौं

त्यति गर्न नसकेको पक्कै हो । जुन गतिमा आर्थिक विकास हुनुपर्ने त्यो पनि भएन भन्न खोजिएको हो ।

## औसत वर्तमान

विकास र समृद्धिका कुरा गर्दा वर्तमान अवस्थालाई हामीले औसत रुपमा लिनुपर्छ । समावेशी र सन्तुलित विकासको बहस थालनी भएको छ । पछिल्ला एक-दुई वर्षमा ठूला र हाम्रो आर्थिक विकासमा सकारात्मक योगदान दिन सक्ने आयोजना सुरुवात भएको छ । अन्धाधुन्ध विकासको गतिमा ब्रेक लाग्ने संकेत देखिएका छन् । विकास गर्दा वातावरण र नकारात्मक सामाजिक असरको मूल्यांकन हुन थालेको छ । अब पनि नगरे कहिले गर्ने र हामीले नगरे कसले गर्छ भन्ने इच्छाशक्ति देख्न सकिन्छ ।

## आसालाग्दो भविष्य

अवसरको सदुपयोग नभएको विगत र औसत वर्तमानपछि नेपालमा अब भने आसालाग्दो भविष्य देखिएको छ । भर्खरै सम्पन्न चुनावमा युवापुस्ताले प्रतिनिधित्व बढाएका छन् । विविध क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्ति निर्वाचित भएका छन् । चुनावमा भोट माग्न गएका उम्मेदवारलाई नागरिकले निर्भिक भएर प्रश्न उठाएका छन् । चाहेर र नचाहेर पनि दल र नेता विकास र समृद्धिको नारा लगाउन बाध्य हुने अवस्था सिर्जना भएको छ ।

जलविद्युत उत्पादनमा हामी निकै अगाडि पुगेका छौं । केही वर्षमा ठूलो परिमाणमा विद्युत निर्यात हुँदैछ । काठमाडौं तराई मधेस द्रुतमार्ग केही वर्षमै पूरा हुँदैछ । पूर्वपश्चिम राजमार्ग विस्तार भइरहेको छ । उत्तरी छिमेकी देशका नाकासम्म पुग्न सडक चौडा भइरहेका छन् । पर्यटकीय क्षेत्रमा ठूला पूवाधार बनिरहेका छन् । सुनकोसी मरिण डाइभर्सनको काम सुरु भएको छ । भेरी बबई र सिक्टा सिँचाइले हजारौं बिघा क्षेत्र सिञ्चित हुनेछ ।

विश्वविद्यालयको पढाइमा पनि गुणस्तर बढ्दै गएको छ । सीपयुक्त शिक्षामा सरकारले लगानी बढाउन थालेको छ । गाउँघरमा साना र लघु उद्यमको संख्या बढिरहेको छ । साक्षरता दर बढेको छ । महिला घरको चुल्होचौकाबाट बाहिर निस्केर व्यवसायका काममा लागेका छन् । यी सबै विषय हेर्दा

विकसित देशबाट सिक्ने विषय– हामीले दिगो र समावेशी विकास गर्न विश्वका केही राम्रा देशबाट पाठ सिक्नुपर्छ । त्यसको लागि हामीले नेतृत्वकर्तालाई ती दश भ्रमण गराएर पाठ सिकाउनुपर्छ ।

हाम्रो भविष्य उज्वल छ भन्ने नै देखिन्छ ।

परिकल्पना- परिकल्पनाबिना विकास र समृद्धि सम्भव छैन । हामिले उडन्ते र पूरा गर्न नसकिने परिकल्पना गर्नुहुँदैन । तर, दिगो समयसम्मका लागि लागत र प्रतिफल तथा समाजमा पर्ने सकारात्मक असरबारे अध्ययन गरेर परिकल्पना गरियो भने हामीलाई लक्ष्य प्राप्तिमा सहज हुन्छ ।

लगानी अत्यावश्यक- नेपालमा अब लगानीको निकै जरुरी छ । समृद्ध नेपाल निर्माणका लागि ठूलोमात्रामा विदेशी र स्वेदशी लगानी आवश्यकता पर्छ । अहिले देशमा पनि लगानीयोग्य रकम खासै छैन, विदेशी लगानी पनि आकर्षित हुन सकेको छैन । अब हामीले कुनै वाद र राजनीतिक प्रणालीका नाममा लगानीलाई निरुत्साहित गर्ने काम गर्नुहुन्न । चीनजस्तो कम्युनिस्ट शासन भएको देशमा त लगानी भित्र्याउन कति धेरै लचक नीति छन् भने हामीले किन सहज नबनाउने ?

रोजगारी सिर्जना जरुरी- देशमा न्यूनतम तलब नपाएकै कारण र दुई छाक खान नपुगेकै कारण लाखौं युवा विदेश जान बाध्य छन् । युवाशक्ति भनेको देशका लागि नगदभन्दा पनि ठूलो सम्पत्ति हो । तर, सरकारले त्यो सम्पत्तिलाई निकै सस्तो तलबमा विदेश पठाइरहेको छ । देश बनाउने हो भने युवा पलायन रोकेर देशमा रोजगारी सिर्जना गर्नुपर्छ । त्यसको लागि ठूलो लगानी र भिजन अत्यावश्यक भइसक्यो ।

सकारात्मक सोच अतिजरुरी- हामी नेपालीमा सकारात्मकताको पनि अति जरुरी देखिन्छ । हरेक ठाउँमा निराशा र आक्रोस बढ्दै गएको देखिन्छ जुन समृद्ध भविष्यका लागि बाधक बन्न सक्छ । घर परिवार र समाज हुँदै देशको नेतृत्व गर्नेमा सोच हुन निकै जरुरी छ । सकारात्मकताले नै हामीलाई गन्तव्यमा पुग्न प्रेरित गर्दछ अनि विवादको सहज समाधानमा पनि यसले निकै महत्वपूर्ण भुमिका खेल्दछ । क्षमता र सीपसहितको शिक्षा- नेपालमा अझै पनि शिक्षालाई प्रमाणपत्रसँग जोडेर हेरिन्छ । विश्वविद्यालयमा पढ्ने विद्यार्थीको उद्देश्य नै प्रमाणपत्र ल्याउने जस्तो देखिन्छ । तर हामीले यो सोच त्याग्नुपर्छ । शिक्षालाई व्यक्ति, समाज र देशको उन्नतिसँग जोडेर हेर्नुपर्छ ।

विकसित देशबाट सिक्ने विषय- हामीले दिगो र समावेशी विकास गर्न विश्वका केही राम्रा देशबाट पाठ सिक्नुपर्छ । त्यसको लागि हामीले नेतृत्वकर्तालाई ती दश भ्रमण गराएर पाठ सिकाउनुपर्छ । विकास निर्माणमा लगानी कसरी जुटाउने, समस्यासँग कसरी जुध्ने, विवाद र समस्या कसरी समाधान गर्ने लगायत विषयमा हामीले राम्रो पाठ सिक्न सक्छौं ।

विश्वविद्यालय जस्ता संस्था बलियो- समृद्धि र विकास भन्ने विषय भौतिक विकास र सुखसँग मात्रै जोडिएको हुँदैन । यो त बौद्धिकता र सिर्जनशिलतासँग पनि उत्तिकै सम्बन्धित छ । समाजका रक्तसञ्चारका रुपमा रहेका विश्वविद्यालय र विभिन्न अध्ययन प्रतिष्ठानलाई राज्यले संरक्षण र विस्तार गर्नु आवश्यक छ ।

पुराना पुस्ताको योगदानलाई सम्मान- भर्खरै सम्पन्न भएको चुनावमा नेपालमा धेरै युवायुवतीले उम्मेदवारी दिए । कतिपयले जितेका पनि छन् । डाक्टर, इन्जिनियर, सामाजिक अभियन्ता लगायतले चुनावमा जितेका छन्, यो सबैका लागि राम्रो कुरा हो । तर, चुनावका क्रममा केही सचेत र शिक्षित भनिएका युवाले नै अग्रजलाई गाली गरेको पाइयो । अब नयाँ पुस्ता आइसक्यो पुराना पुस्ताको काम छैन भन्ने भाषण पनि सुनियो । तर, यो कुरा गलत छ । इतिहासका राम्रा पक्षको अनुशरण र अग्रजको सम्मानबिनाको विकास र समृद्धिको अर्थ छैन ।

*(मानन्धर नेपाल खुला विश्वविद्यालयका उपकूलपति हुन् ।)*

सम्बन्ध सधैंभरिलाई

खाता खोल्न स्क्यान गर्नुहोस् ।

# सिद्धार्थ बैंकको
# प्लाटिनम प्लस बचत खातामा




शर्तहरु लागू हुनेछन् ।

**आकर्षक प्रतिफलका अतिरिक्त, प्लाटिनम प्लस खाताका ग्राहकहरुले निम्न सुविधाहरु प्राप्त गर्नुहुनेछ:**

- लकर सेवा शुल्कमा ५०% को छुट (पहिलो वर्षको लागि)

**पहिलो वर्ष नि:शुल्क**

- डेबिट कार्ड
- मोबाईल बैंकिङ्ग / एसएमएस अलर्ट सेवा
- इन्टरनेट बैंकिङ्ग
- Uno क्रेडिट कार्ड
- डिम्याट / मेरो सेयर / सि-आस्वा
- प्रिपेड USD E-com कार्ड

Siddhartha Bank

01-5970020 | www.siddharthabank.com | customercare@sbl.com.np

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

नेपाल आयल निगम लि. को

# अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

## दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :





१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।

## ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :





१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

*"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"*

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१

GOVERNMENT OF NEPAL
**INVESTMENT BOARD NEPAL**



**20** PROJECTS — **72541.51** NPR CRORES
ENERGY

**7** PROJECTS — **21005.93** NPR CRORES
MINES AND MINERALS

**1** PROJECT — **566.8** NPR CRORES
URBAN INFRASTUCTURE

**3** PROJECTS — **8512.63** NPR CRORES
INDUSTRIAL INFRASTUCTURE

**2** PROJECTS — **1398.69** NPR CRORES
TOURISM

**#investinnepal**
Partnership for Economic Transformation

Unleashing Investment Potential for Economic Transformation

GOVERNMENT OF NEPAL
INVESTMENT BOARD NEPAL

**INVESTMENT BOARD NEPAL**
ICC Complex, New Baneshwor, Kathmandu, Nepal
Phone: 977-1-4475277, 977-1-4475278
Email: info@ibn.gov.np
Website: www.ibn.gov.np

# संकटोन्मुख अर्थतन्त्रको उपचार सहकार्यबाटै सम्भव

नेपालका हकमा जब हामीसँग ब्याजदर एकदमै कम थियो, त्यतिबेला पुँजीबजार अस्वाभाविक बढ्यो र घरजग्गा व्यापारको लागत पनि अत्यधिक भयो । त्यसैबेला हाम्रो काबुबाहिरको स्थिति भनौं, रूस–युक्रेन युद्ध पनि भयो ।



शेखर गोल्छा

पछिल्ला सात/आठ महिना हाम्रो व्यावसायिक यात्रा कठिन अवस्थाबाट गुज्रिएको छ । कोभिड-१९ बाट भर्खरै तंग्रिन लागेका बेला तरलताको चरम अभाव र ब्याजदरको अस्वाभाविक वृद्धि एवं तीव्र उतारचढावले व्यवसाय गर्न निकै कठिन भएको छ । कोभिडको जटिल अवस्थाबाट गुज्रिएपछि बैंकमा तरलता धेरै थियो । त्यतिबेला व्यावसायिक क्रियाकलाप भने निकै सुस्ताएको थियो । तरलता बढेका बेला पनि केन्द्रीय बैंकले १ खर्ब रूपैयाँ पुनर्कर्जाका रूपमा बैकिङ प्रणालीमा पठाएको थियो । जतिबेला बैंककै तरलता बढी भएको अवस्था थियो, त्यति नै बेला केन्द्रीय बैंकले पनि पुनर्कर्जा बजार पठाउँदा तरलता व्यापक भयो । तरलता बढेका बेला ब्याजदर घट्न थाल्यो । ब्याजदर त्यतिबेला झन्डै ३ प्रतिशतले घटेर ६/७ प्रतिशतमा पनि कतिपयले लिन सकेको अवस्था थियो । जब ब्याजदर मुद्रास्फीतिभन्दा पनि कम हुन्छ, त्यसबेला विकृति देखापर्छ ।

नेपालका हकमा जब हामीसँग ब्याजदर एकदमै कम थियो, त्यतिबेला पुँजीबजार अस्वाभाविक बढ्यो र घरजग्गा व्यापारको लागत पनि अत्यधिक भयो । त्यसैबेला हाम्रो काबुबाहिरको स्थिति भनौं, रूस-युक्रेन युद्ध पनि भयो । यो युद्धका कारण उपभोग्य वस्तुको मूल्य संसारभरि एकदमै बढ्यो । एकातिर, आर्थिक गतिविधि घट्नु र अर्कातर्फ 'कमोडिटी प्राइस' बढ्नु दुई कारण हाम्रो 'ब्यालेन्स अफ पेमेन्ट' मा समस्या पर्‍यो । केन्द्रीय बैंकसँग 'रिजर्भ' घट्दै गएपछि 'अब यसरी नै घट्ने हो, अत्यावश्यकीय सामान किन्न पनि हामीसँग विदेशी मुद्रा हुँदैन' भनेर त्रसित भयौं ।

त्यसैबेला श्रीलंकामा पनि आर्थिक दुर्घटना नै भयो, जसले हामीलाई सचेत गरायो । अवस्था झनै खराब नहोस् भनेर केन्द्रीय बैंक र अर्थ मन्त्रालयले एक्कासि दुरगामी कदम चाल्न पुगे जसको असर अहिले देखिन थालेको छ । उदाहरणका लागि राष्ट्र बैंकले आयात क्षेत्रमा सतप्रतिशत 'मार्जिन' को व्यवस्था लागू गर्‍यो, त्यसले पनि ठूलो समस्या भयो । अर्को, 'सिडी रेसियो' को नयाँ अवधारणा पनि राष्ट्र बैंकले ल्यायो जसले गर्दा बैंकमा कर्जायोग्य तरलता रकम घटेर गयो । त्यसबाहेक पुँजीबजार नियन्त्रण गर्न ४/१२ को नीति ल्याइयो र घरजग्गालाई पनि विभिन्न नीति ल्याएर बाँध्न खोजियो । यी सबै एकैपटक आउँदा तरलतामा स्वाभाविक चाप पर्‍यो र ब्याजदर एकैपटक माथि गएको हो ।

एक हिसाबले हेर्दा अर्थतन्त्रलाई 'स्लोडाउन' गर्न जरूरी पनि थियो किनभने कम ब्याजदरमा



हामीले धान्न नसक्ने गरी अर्थतन्त्र बढेको थियो । कम गर्दै जाँदा जुन असर देखिएको थियो, त्यो धान्न नसक्ने गरी आएका छन् । उदाहरणका लागि अहिले बजारमा अधिकांश वस्तुको बिक्री घटेको छ । हाम्रो लघुवित्त र सहकारीमा पनि 'क्यास फ्लो' को ठूलो समस्या देखिएको छ । सेयर बजार कमजोर हुँदा ४० लाख डिम्याट एकाउन्ट मध्यमवर्गको छ, उनीहरु बढी समस्यामा छन् भने घरजग्गा व्यापार ठप्प छ । उद्योगमा लगानी गर्न कुनै बैंकसँग तरलता छैन । तरलता अभाव पहिलो नम्बरमा समस्या भएको छ ।

योभन्दा पनि अर्को ठूलो समस्या राजस्वमा उच्च दरले कमी भएको छ । अब सरकारलाई सार्वजनिक खर्च धान्न पनि निकै कठिन हुने देखिएको छ । सर्वसाधारणलाई पनि अहिलेको समय निकै कठिन छ किनकि मुद्रास्फीति नै १० प्रतिशतभन्दा पनि माथि गइसकेको छ । धेरै विज्ञले पनि मुद्रास्फीति उच्च रहेको बताइरहेका छन् । अहिले हामी कठिन अवस्थामा छौं भने निजी क्षेत्रको मनोबल एकदमै कमजोर रहेको छ ।

## समाधानका तीन बाटा

अहिलेको जटिल परिस्थितिबाट पार लगाउन हामीले मुख्यतयाः तीनवटा सल्लाह सरकारलाई दिएका छौं । पहिलो, तरलता व्यवस्थापन गर्न राष्ट्र बैंकसँग भएका 'टुल्स' प्रयोग गरेर सुधार गर्न सकिन्छ । जस्तै, सिडी रेसियो, 'सिआरआर' मा पनि केही सहुलियत दिन सकिन्छ । यसैमा अर्को छ कि पुनर्कर्जा । सरकारले १ खर्बको पुनर्कर्जा सुविधा दिएको थियो भने अब त्यसको पनि 'ड्यु डेट' आउन थालेको छ । यसले बजारमा झन् तरलता समस्या ल्याउने छ । यो समस्या न्यूनीकरणका लागि राष्ट्र बैंकले अझै केही समय 'रिफाइनान्सिङ' गरोस् भन्ने अपेक्षा छ ।

दोस्रो, चालू पुँजी निर्देशिका अहिले आएको छ । चालू पुँजी निर्देशिका आउँछ भनेर राष्ट्र बैंकले अवगत गराइ सूचना पनि निकालेको थियो । नेपालको बैंकिङ प्रणाली ' कोल्याटरल बेस्ड' छ । यसका आफ्नै जोखिम हुन्छन् । त्यो जोखिम कम होस् भनेर अन्तर ाष्ट्रिय दबाब पनि हामीसँग थियो । त्यसैले गर्दा चालू पुँजी निर्देशिका पनि आएको छ र यो निर्देशिकाको विरोध निजी क्षेत्रले गरेको होइन । निर्देशिका ल्याउने समयका सन्दर्भमा चिन्ता हो । जतिबेला तरलताको चर्को दबाब, ब्याजदरको अस्थिरता भएका बेलामा एउटा 'स्ट्रङ रिफर्म' ल्याउने हो भने त्यसले फेरि अर्को विकृति ल्याउँछ । हाम्रो भनाइ के हो भने चालू पुँजी कर्जाको समय ठिक भएन । केही समयका लागि यसलाई पर सारौँ । चालू पुँजी कर्जासम्बन्धी नीति कार्यान्वयनका लागि प्रक्रिया 'स्टेप बाइ स्टेप' गरौं भन्ने हाम्रो चाहना हो ।

तेस्रो, ब्याजदरको स्थायित्व । अहिलेको जस्तो धान्न नसक्ने गरी ब्याजदर भए साना तथा मझौला व्यवसायीलाई ठूलो मर्का पर्ने छ । ब्याजदर स्थायित्वका लागि निक्षेपमा राष्ट्र बैंकले केही न केही रिफर्म ल्याएर 'सिंगल डिजिट' मा स्थिर गर्ने प्रयास गर्नुपर्छ । यसले गर्दा कर्जा पनि सिंगल डिजिटमा रहोस् । यो गर्न सकिएन भने हाम्रो अर्थतन्त्रमा ' पोलोराइजेसन' धेरै हुन्छ र अर्थतन्त्रको गति निकै सुस्त भएर हामी मन्दीतिर जाने प्रबल सम्भावना हुन्छ । राष्ट्र बैंकले केही हस्तक्षेप र सहजीकरण गरोस् भन्ने हाम्रो चाहना छ ।

यी तीनमा रिफर्म गर्न सकिए हाम्रो अर्थतन्त्र चाँडै नै दिगो अवस्थामा आउन सक्छ । यसैले हाम्रो सुझावलाई नीति निर्माण तहमा बस्नेले सुन्नुहुनेछ भन्ने हामीले अपेक्षा गरेका छौं ।

हाम्रो शोधनान्तर अवस्थामा पछिल्लो महिना केही सुधार हुँदै आएको देखिएको छ । राष्ट्र बैंकको पछिल्लो तथ्यांकले नै साढे ९ देखी १० महिना पुग्ने सञ्चिति छ भन्ने देखाएको छ । तरलता पनि केही सहज हुँदैछ । निक्षेप बढेको छ, कर्जा प्रवाह घटेको छ । अर्थतन्त्र स्लोडाउन हुँदा कर्जाको माग पनि निकै कम भएको छ । पर्यटन क्षेत्रमा पनि डिसेम्बरसम्म बुकिङ एकदमै राम्रो छ । आउने समय दुईदेखि तीन महिनामा सकारात्मक वृद्धितर्फ जान्छौं । यसका लागि हामीले रिफर्ममा केन्द्रित हुनुपर्छ ।

## कठिन परिस्थितिले सिर्जना गरेका अवसर

तरलताको चरम अभाव हुँदा दुरगामी असर हुन्छ, जसले निजी क्षेत्रको मनोबल गिराउँछ । तरलता अभाव हुँदा नयाँ परियोजना आउन सक्ने अवस्था रहँदैन । यस्तो बेला जोसँग तरलता 'कम्फर्टेबल पोजिसन' छ उनीहरुका लागि सुवर्ण अवधि हो । यो अवसरलाई उच्चतम उपयोग गरेर लगानी गरे उच्चतम प्रतिफल हासिल गर्न सक्छन् । तरलता अभाव भएको जटिल अवस्थामा प्रतिस्पर्धामा पनि धेरै व्यापार-व्यवसाय हुँदैन । जोसँग तरलता छ, उहाँहरूले लगानी गर्नुस् र प्रतिफल लिनुहोस् भन्न चाहन्छु ।

उद्योगी-व्यवसायी ब्याजदरकै कारण आन्दोलितसमेत हुनुपरेको छ किनभने एकैपटक ब्याजदर बढ्दा, तरलता नहुँदा र सोही समयमै रिफर्मसम्बन्धी नीति पनि ल्याउँदा पूर्वदेखि पश्चिमसम्म आन्दोलन भएका छन् । उद्योग वाणिज्य महासंघले वार्ताबाट समस्या समाधानमा जानुपर्छ भनेर भनेको छ । हामी निरन्तर केन्द्रीय बैंक, अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय मुद्रा कोषसँग वार्तामा

छौं । अहिले भर्खरै चुनाव भएको र नयाँ सरकार नआइसकेको अवस्थामा चुनौती पनि धेरै बढेको छ । साथीहरूलाई म के आग्रह गर्न चाहन्छु भने हामी यसमा गम्भीरसाथ लागेका छौं, संयमित भएर गए समस्या समाधान हुन्छ । यदि भएन भने दबाबमूलक कार्यक्रम गर्न बाध्य हुनुपर्छ ।

## सहकारी क्षेत्रमा सुधारका चुनौती

मुख्यरूपमा निजी क्षेत्रले ब्याजदर र तरलता अभावको समस्या भोगेको छ । धेरैजसो व्यवसायका लागि 'लुब्रिकेन्ट' जस्तो सहकारी हुन्थ्यो । यसका सदस्य व्यापक छन् । मलाई लाग्छ ३०/४० लाख त सदस्य नै छन् । अब आउने समयमा सहकारीलाई पनि नियामक निकायको मातहत राखेर नियमन गर्न जरूरी छ । धेरैपटक जुन तरिकाले सञ्चालन गरिएको छ, उनीहरूले लगानी सुदृढ गर्ने, लगानीको प्रतिफल दिनेभन्दा पनि अर्कै काममा बढी संलग्न देखिएको छ । यसले पक्कै पनि राम्रो संकेत गर्दैन । सहकारी क्षेत्र डुब्यो भने अर्थतन्त्र पनि दुर्घटनामा पर्नसक्ने भएकाले सरकारको ध्यान जाने छ र सुधार हुनेछ भन्ने अपेक्षा लिएको छु । हाम्रो आर्थिक पर्यावरणको महत्वपूर्ण अंग सहकारी बनिसकेको छ, त्यसलाई सुधार गर्नैपर्ने अवस्था छ ।

> मुख्यरूपमा निजी क्षेत्रले ब्याजदर र तरलता अभावको समस्या भोगेको छ । धेरैजसो व्यवसायका लागि 'लुब्रिकेन्ट' जस्तो सहकारी हुन्थ्यो । यसका सदस्य व्यापक छन् ।

## विदेशी लगानी

विदेशी लगानी हामीलाई चाहिएको छ । विदेशी लगानी ल्याउन लगानी प्रतिफल र सुरक्षा प्रत्याभूति गर्न सक्नुपर्छ । यदि त्यो गर्न सकियो भने लगानी भित्र्याउन सकिन्छ । सरकारले लगानी बोर्ड स्थापना गरेको छ । साथै, साना लगानी प्रोत्साहन गर्न 'थ्रेसहोल्ड' पनि कम गरिएको छ । प्रतिपर्धी लाभका क्षेत्र हामीले प्रस्तुत गर्न सक्नुपर्छ । त्यो लाभ हाम्रो जनसंख्या, भौगोलिक अवस्था पनि हुन सक्छ भने हाम्रो देशमा रहेका अन्य लाभका क्षेत्र पनि हुन सक्छन् ।

राजनीतिक स्थायित्व भए निजी क्षेत्रले सहकार्य गरेर उच्चतम लगानी आकर्षित गर्न सक्छ । विदेशी लगानी ल्याउनका लागि लगानीको प्रतिफल राम्रो हुन 'कस्ट अफ डुइङ बिजनेस' घट्नुपर्छ । एउटा कारक तत्व केलाएर अन्तर्राष्ट्रिय अभ्याससमेत अवलम्बन गर्दै कसरी घटाउन सकिन्छ भन्नेमा ध्यान दिनुपर्छ । हाम्रो देशमा के-के सम्भावना छन्? जस्तो पर्यटन जहाँ धेरै लगानी आउन सक्ने सम्भावना छ । त्यसैगरी केही खानी पनि छन् । भौगोलिक विविधताले दिएको सुविधालाई बजारीकरण गर्न सक्नुपर्छ । 'कनेक्टिभिटी' का हिसाबले भारत र चीनसँग राम्रो सम्भावना छ । यी दुई देशले धेरै वस्तुमा 'ड्युटी फ्री एक्सेस' पनि दिएका छन् । यसका साथै नयाँ आयाम समेटेर जान सकियो भने अवश्य राम्रो हुन्छ । हामो प्रतिव्यक्ति आम्दानी पनि बढेको छ । आउने समयमा अझै राम्रो हुनेछ । यस्तो समयलाई अवसरका रूपमा लिएर अगाडि बढ्नुपर्छ ।

## परियोजना केन्द्रित बैंकिङ क्षेत्र

केन्द्रीय बैंकलाई एउटा व्यावसायिक संस्थाका रूपमा मैले देखेको छु । राष्ट्र बैंकसँग मेरो एउटामात्रै गुनासो के हो भने जब कोभिडका बेला ब्याजदर एकदमै कम थियो, त्यतिबेला ब्याजदर बढाउन हस्तक्षेप गर्नुपर्ने थियो । तर, राहतमात्रै हेरियो जसले गर्दा विकृति बढायो । अहिले त्यसको समस्या हामीले भोगेका छौं । बैंकहरूले पनि जोखिम मोल्न सक्नुपर्छ । धितोमा आधारित बैकिङभन्दा पनि व्यवसायमा आधारित बैंकिङ हुनुपर्छ । व्यवसायमा जोखिम लिने क्षमता बैंकमा हुनुपर्छ । हरेक परियोजनामा बैंक पनि लगानीकर्ताका रूपमा रहेको हुन्छ ।

## संकटबाट समुन्नतितर्फ

अहिलेको संकट राष्ट्रियमात्र नभई अन्तर्राष्ट्रिय परिस्थितिबाट सिर्जित पनि हुन् । त्यसैले नेपालको एकल प्रयासले मात्र हामी तत्काल पहिलेकै अवस्थामा फर्किहाल्न सक्दैनौं । तर, कठिन समयबाट बाहिर निस्किने हो भने एकअर्कासँग सहकार्य गरेर मात्रै सम्भव छ । अर्थ मन्त्रालयले केन्द्रीय बैंक र केन्द्रीय बैंकले अर्थ मन्त्रालयलाई दोष देखाएर पन्छिन मिल्दैन । अर्कातर्फ, निजी क्षेत्रलाई सरकारले र सरकारलाई निजी क्षेत्रले दोषारोपण गरेर गए समस्या झनै बढेर जाने छ । अर्थतन्त्रको महत्वपूर्ण सरोकारवाला पक्ष मिलेर यो समस्या सामाधान कसरी गर्न सकिन्छ, त्यसमा सहकार्य गर्न जरूरी छ ।

(गोल्छा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष हुन् ।)


imeगरौं
विदेशबाट पठाएको रकम
सिधै IME Pay मा प्राप्त गर्नुहोस्
IMEpay Remittance
Upto Rs.50 Bonus
Receive Money
Receive remittance directly on your wallet.
Send Money
Send money directly from your wallet.
Track Money
Track the status of your money transfer.
Find Agents
Cash out your balance from our nearby agents
IME Pay मा बिदेशबाट पठाएको
पैसा प्राप्त गर्दा पाउनुहोस रू. ५०।- बोनस ।
IME
International Money Express
Fast, Reliable And Secure Remittance
IME pay
GET IT ON Google Play
Download on the App Store
SCAN & DOWNLOAD

# लगानी आकर्षित गर्ने विज्ञापन अपरिहार्य

सरकारले दिएको अधिकारले विज्ञापन बजार विस्तारलाई मात्रै सहयोग गरेन, यसको गुणस्तर वृद्धि गरी प्रतिस्पर्धासमेत उत्तिकै प्रश्रय दियो । टिभीमा बजाउने, देखाउने र अन्य सञ्चारमाध्यममा आउने कन्टेन्ट गुणस्तरयि हुन थाले ।



रञ्जित आचार्य

नेपालमा आधुनिक विज्ञापन बजारको सुरूवात करिब ३५ देखि ४० वर्ष अघिदेखि भएको मानिन्छ । २०४२ सालसम्म खुलेका सञ्चारमाध्यम, रेडियो नेपाल, गोरखापत्रलगायतमा विज्ञापन दिनुलाई चन्दा दिनुजस्तो मानिन्थ्यो, अर्थात विज्ञापन दिनुपर्छ र यसले 'प्रडक्ट' को प्रचार हुन्छ भन्ने बोध थिएन । नेपाल टेलिभिजन आइसकेपछि भने विज्ञापन श्रव्यदृष्य माध्यममा पनि देखाउनुपर्ने भयो । त्यसबेलादेखि भने एकाध कम्पनीले आफ्ना उत्पादनका विज्ञापन टेलिभिजनमा बजाउन थाले । निवा, अमला साबुन, कोको पाउडर, नेपोथिन पाइप, एभरेस्ट टुथपेस्टलगायत उत्पादनका विज्ञापन त्यसबेला छिटफुट देख्न पाइन्थ्यो ।

२०४६ सालमा प्रजातन्त्र घोषणासँगै आएको नयाँ सरकारले निजी क्षेत्रलाई पनि सञ्चारमाध्यम सञ्चालन गर्न पाउने अधिकार दियो । कान्तिपुरलगायत केही ठूला सञ्चारगृह खुले । सरकारले दिएको अधिकारले विज्ञापन बजार विस्तारलाई मात्रै सहयोग गरेन, यसको गुणस्तर वृद्धि गरी प्रतिस्पर्धासमेत उत्तिकै प्रश्रय दियो । टिभीमा बजाउने, देखाउने र अन्य सञ्चारमाध्यममा आउने कन्टेन्ट गुणस्तरीय हुन थाले । सञ्चारमाध्यममा कन्टेन्ट र गुणस्तरको प्रतिस्पर्धा भएपछि पाठक, दर्शक पनि विज्ञापनप्रति आकर्षित हुँदै गए ।

त्यसपछि भने विज्ञापनदाताले सञ्चारमाध्यममा विज्ञापन दिएपछि सम्बन्धित उपभोक्तासम्म वस्तु र ब्रान्डको प्रचार हुनेरहेछ भन्ने बुझे र विज्ञापनदाताबाट विज्ञापन गर्ने संस्था, विज्ञापनकर्मीलगायतको खोजी हुन थाल्यो । त्यसपछि यो क्षेत्रमा दक्ष र व्यँवसायिक जनशक्ति पनि उत्पादन भयो । २०४६ सालपछिको औद्योगिकिरणको युग सुरूवात भएपछि थुप्रै उद्योगधन्दा खुले, विदेशी बहुराष्ट्रिय ब्रानड पनि नेपाल भित्रिए र उनीहरूले नेपालमा विज्ञापन बढाए । त्यतिमात्रै होइन, त्यसबेला विज्ञापन गर्ने अन्तर्राष्ट्रिय शैलीसमेत नेपाल भित्रियो । बहुराष्ट्रिय कम्पनीहरूले नै नेपाली बजारमा विज्ञापनको महत्व बुझाए ।

सञ्चारमाध्यमको विकाससँगै नेपालमा विज्ञापन बजार विस्तार हुँदै गयो । थुप्रै सञ्चारमाध्यम सञ्चालनमा पनि आए । त्यसको शृङ्खला चल्दै गर्दा आजभन्दा १० वर्षअघि नै नेपालमा आवश्यकताभन्दा बढी सञ्चारमाध्यम खुलिसकेका थिए । त्यसमध्ये हालसम्म एकाध सञ्चारमाध्यम विज्ञापनबिनै पनि टिकिरहेका देखिन्छन् । यो आश्चर्यको कुरा हो । थुप्रै सञ्चारमाध्यम व्यापारिक प्रयोजन र विज्ञापन आश्रित भएर खुलेका होइनन् । केही सञ्चारमाध्यम व्यावसायिकरूपमा अघि बढिरहेका छन् ।

सञ्चारमाध्यमको बढ्दो विस्तार र विज्ञापन लोकप्रियताका कारण नेपालको विज्ञापन बजार कोरोनाअघि अर्थात सन् २०२० सम्ममा १५

अर्ब रूपैयाँबराबर पुगिसकेको थियो । करिब १५ वर्षअघि मात्रै १ अर्बहाराहारीको विज्ञापन बजार छोटो समयमै १५ अर्बहाराहारी बराबर पुग्नु सानो कुरा थिएन । यसमा डिजिटल क्षेत्रको भूमिका बढी भए पनि टेलिभिजन, रेडियो, पत्रपत्रिकालगायतको भूमिका पनि उत्तिकै छ । यो विज्ञापनकर्मीका लागि ठूलो उपलब्धी पनि हो । विज्ञापन क्षेत्रमा जन्मिएका दक्ष जनशक्तिका कारण विदेशी विज्ञापन 'डबिङ' गरेर बजाउने युगबाट अन्तर्राष्ट्रिय बजारमा बजाउने जमानामा नेपाली विज्ञापन क्षेत्र आइपुगेको छ । अर्थात, हाल नेपाली सञ्चारमाध्यममा बज्ने, देखिने हरेक विज्ञापन नेपाली विज्ञापनकर्मीले बनाएका हुन् । यतिमात्रै होइन, हाम्रा विज्ञापन अन्तर्राष्ट्रिय विज्ञापनसँग प्रतिस्पर्धा गर्न लायकका भइसकेका छन् ।

एकताका नेपाली विज्ञापनकर्मीले भारतीय विज्ञापन चोर्छन, डबिङ गरेको विज्ञापनमात्रै चलाउँछन् लगायतका लान्छना लाग्ने गरेका थिए । अब भने नेपाली विज्ञापनकर्मीले उत्पादन गरेका विज्ञापन बंगलादेशमा डबिङ गरेर चल्न थालेका छन्, भारतमा पनि हाम्रा विज्ञापन जाँदैछन् । हामी अहिले पनि बंगलादेश र श्रीलंकाका लागि विज्ञापन बनाइरहेका छौं । यसलाई छोटो समयमै नेपाली विज्ञापन बजारले पाएको सफलता मान्नुपर्छ ।

नेपालमा विज्ञापन क्षेत्रलाई हेर्ने सरकारको नजर केही हदसम्म राम्रो पनि छ । यसैका कारण विज्ञापन बोर्ड स्थापना भयो । नेपाली सञ्चारमाध्यमका लागि 'क्लिनफिड' लागू भयो । यस्ता व्यवस्थाले नेपाली विज्ञापनको गुणस्तर अझ बढ्ने विश्वास हामी गर्न सक्छौं ।

## चुनौती

डिजिटल प्रविधि विकास हुँदै गर्दा सामाजिक सञ्जालको प्रयोग उच्चतम बढ्यो । सामाजिक सञ्जालमार्फत गरिने विज्ञापनको दायरा पनि झन् फराकिलो हुँदै गयो । सामाजिक सञ्जालमा हरेक प्रकारका तथ्यांक छ । कस्तो विज्ञापन कुन लक्षित वर्गसम्म पुऱ्याउनुपर्ने हो, त्यो सबैको 'सेटअप' त्यसमा छ । तर, नेपालमा सञ्चालित सञ्चारमाध्यममा भने त्यस्तो 'डेटा' कसैले संकलन गर्न सकिरहेको अवस्था छैन । अर्थात, कुनै विज्ञापन निश्चित टेलिभिजनमा बजेपछि त्यो विज्ञापन कस्ता मान्छेसम्म पुग्छ, कतिजनासम्म पुग्छ, त्यसले कत्तिको प्रभाव पार्छ लगायत तथ्यांक हुँदैनन् । जसका कारण विज्ञापनदाता प्रायः विज्ञापन गर्न सञ्चारमाध्यमभन्दा डिजिटल प्लेटफर्म बढी रोजिरहेका छन् ।

यसले एकातिर विज्ञापनदातालाई प्रभाव त पक्कै पारेको छ, तर नेपालभित्र हुने खर्च बिस्तारै नेपाल बाहिर जाने त्रास पनि बढाइदिएको छ । यस्ता प्लेटफर्ममा विज्ञापन हुन थालेपछि हाल अर्बौं रूपैयाँ बाहिरिँदैछ । यसमार्फत राज्यले फेसबुक, ट्विटर, युट्युबलगायत अन्य डिजिटल प्लेटफर्ममा गरिएको विज्ञापनको राजस्व प्राप्त गर्दैन ।

नेपालमा डिजिटल प्लेटफर्मको बढ्दो प्रयोगसँगै नियमन कमीका कारण राज्यले राजस्वमा अर्बौं घाटा बेहोर्दै आएको छ । नेपालमा डिजिटल प्लेटफर्मका कुनै आधिकारिक कार्यालय नै छैनन् । जसका कारण यी च्यानलबाट बाहिरिने रकमको यकिन तथ्यांकसमेत सरकारसँग छैन ।

डिजिटल प्लेटफर्ममा गरिने विज्ञापनमार्फत विदेशमा भएका नेपालीको पैसा उतै बस्छ, जसका कारण यसको असर रेमिट्यान्स आप्रवाहमा पनि देखिन्छ । सरकारले यसको नियमन र नियन्त्रणमा सक्दो चाँडो ध्यान नपुऱ्याउने हो भने झन् धेरै भयावह अवस्था पैदा गर्न सक्छ । यसकै कारण नेपाली विज्ञापन बजार खुम्चिएको अवस्थामा छ ।

२०७२ सालको भूकम्प र २०७६ सालको कोभिडले पनि नेपाली विज्ञापन बजारलाई ठूलो धक्का पुग्यो । विज्ञापन क्षेत्रले पहिले भूकम्पको मार खेप्यो, भूकम्पको मारबाट माथि उठ्दै गर्दा पुनः कोरोनाको चपेटामा पऱ्यो । कोरोनामा धेरैजसो विज्ञापन डिजिटल प्लेटफर्ममा 'ट्रान्सफर' भए र यो क्षेत्रमा भयावह असर पऱ्यो । त्यतिमात्रै होइन, डिजिटल प्लेटफर्ममा विज्ञापनदाताले सञ्चारमाध्यमको तुलनामा सस्तोमै विज्ञापन गर्न पाउने भएपछि पनि यसको असर विज्ञापन बजारमा परेको देखिन्छ ।

नेपालको अव्यवस्थित राजनीतिक अवस्थाका कारण घट्दो वैदेशिक लगानीको प्रभाव पनि विज्ञापन बजारमा देख्न सकिन्छ । नेपालमा विदेशी लगानीका नयाँ उद्योग नखुल्नु, भएका उद्योग पनि पूर्णक्षमतामा नचल्नुले विज्ञापन क्षेत्रमा विशेष भूमिका खेल्ने गरेको छ । यस्तो हुँदा विज्ञापनदाताले विज्ञापनमा गर्ने खर्च कुनै न कुनै तरिकाले रोकेका छन् । यसरी हरेक क्षेत्रबाट विज्ञापन बजार मारमा पर्दा कोरोना अघिसम्म १५

डिजिटल प्लेटफर्ममा गरिने विज्ञापनमार्फत विदेशमा भएका नेपालीको पैसा उतै बस्छ, जसका कारण यसको असर रेमिट्यान्स आप्रवाहमा पनि देखिन्छ । सरकारले यसको नियमन र नियन्त्रणमा सक्दो चााडो ध्यान नपुऱ्याउने हो भने झन् धेरै भयावह अवस्था पैदा गर्न सक्छ ।

अर्बसम्म पुगिसकेको विज्ञापन बजार खुम्चिएर हाल ८ देखि ९ अर्बहाराहारीमा झरेको छ ।

अझै पनि सरकार, निजी क्षेत्रले विज्ञापन बजार नहेर्ने र विभिन्न प्लेटफर्मबाट विदेश गइरहेको पैसा नरोक्ने हो भने विज्ञापन बजार धराशयी हुने निश्चित छ । यस क्षेत्रमार्फत रोजगारी पाएका प्रत्यक्ष-अप्रत्यक्ष गरी करिब २० हजार जनशक्तिको रोजीरोटी गुम्ने अवस्था आउने छ । अहिले पनि यसको मार सरकार, विज्ञापनदाता, विज्ञापनकर्मी, श्रमिकलगायतमा देखिँदै आएको पनि छ ।

विज्ञापन बजारका लागि अर्को चुनौती भनेको जनशक्ति अभाव हो । हामीले दक्ष जनशक्ति जन्माउन सकेका छैनौं । विज्ञापन क्षेत्रतर्फ जनशक्ति आकर्षित गर्न सकेका छैनौं, जसका कारण हामीलाई आवश्यक जनशक्ति अभाव छ ।

सरकारले विज्ञापनमा दक्ष जनशक्ति ल्याउन न कुनै विश्वविद्यालयमा कोर्स बनाएको छ, न यसका लागि कुनै तालिम दिने क्रियाकलाप अघि बढाएको छ । । यस्ता विषय विश्वका विकसित राष्ट्रले कोर्स नै बनाएर पढाउने गरेका छन् ।

विज्ञान तथा प्रविधिको युगमा आइरहेको नयाँ परिवर्तनसँगै विज्ञापन बजार सोहीअनुसार 'अपडेट' गराउँदै सरकारले राजस्व आम्दानीको स्रोत बनाउन सक्छ । पछिल्लो समय फोरजी, फाइभजी लगायत प्रविधिमा आएका परिवर्तनसँगै विज्ञापन बजार परिवर्तन गर्दै लैजानुपर्ने चुनौती हामीमाझ छ । विज्ञापनको भविष्य पनि यसैमा छ ।

## के गर्छ विज्ञापनले ?

विज्ञापनले नेपालका केही ब्रान्ड र कम्पनीलाई बहुराष्ट्रिय कम्पनीको हैसियतमा पुर्‍याउने काम गरेको छ । नेपालमा उत्पादन हुने वाइवाई चाउचाउ, गोल्डस्टार जुत्तालगायत ब्रान्ड यसका प्रमुख उदाहरण हुन् । विज्ञापनकै कारण यस्ता वस्तुको स्वदेशमा प्रयोग बढेर विदेशमा विस्तार हुँदै गयो ।

पछिल्लो समय स्टिल, सिमेन्टलगायत वस्तुका ब्रान्ड पनि विज्ञापनकै कारण आफैंमा ठूला ब्रान्ड बन्न सफल भएका हुन् । कुनै बेला भारतबाट आयात गरेर काम चलाउनुपर्ने सिमेन्ट हाल विज्ञापनकै कारण विदेशमा निर्यात हुने अवस्थामा पुगेको छ ।

**हामीसँग सामान छ, सामानसम्म पुग्ने पूर्वाधार पनि निर्माण भयो तर, उपभोक्तालाई यहाँ सामान छ भन्ने जानकारी भएन भने वस्तु र वस्तुसम्म पुग्ने पूर्वाधारको औचित्य हुँदैन**

यस्ता धेरैजसो उदाहरण छन् जो विज्ञापनकै कारण स्वदेशी बजारमा मात्रै होइन, विदेशी बजारमा पनि उत्तिकै ख्यातिप्राप्त छन् । विज्ञापनकै कारण विदेशी बहुराष्ट्रिय कम्पनी नेपालमा लगानी गरेर स्थापित कम्पनी बनेका छन् । बजार बढाउने, वस्तुको बजार विस्तार गर्ने, लगानी आकर्षित गर्नेलगायत काममा विज्ञापनको ठूलो भूमिका देख्न सकिन्छ । तर, सरकारले नै लगानी आकर्षित गर्ने रणनीति नअपनाउनाले लगानीसँगै विस्तार हुनुपर्ने विज्ञापन बजारसमेत हाल ठप्प छ ।

## नेपालको ब्रान्डिङमा विज्ञापनको भूमिका

सन् २०२० मा गरिएको एक अध्ययनका अनुसार २०२५ सम्म विश्वका पर्यटकमध्ये ६८ प्रतिशत २५ देखि ३० वर्ष उमेर समूहका युवा (न्यु मिलेनियर्स) हुनेछन् । यिनै युवाले अबको विश्व घुम्ने आँकलन गरिएको छ । अध्ययनको नतिजा यस्तो आउँदै गर्दा युवा समूहको आकर्षण के हो, त्यो बुझ्न जरूरी देखिन्छ । उनीहरु हामीकहाँ भएका प्राकृतिक सम्पदा होइन, अनुभव लिन आउनेछन् । उत्पादन होइन, अनुभव लिन आउनेछन् । यस्ता रणनीति हामीले अहिलेदेखि अघि सारेर विज्ञापन गरेनौं भने हामी पर्यटन क्षेत्रमा समेत पछि पर्ने छौं । त्यसैले अब सगरमाथा, लुम्बिनी, जानकीलगायत सम्पदाको प्रचारभन्दा पनि यहाँको अनुभवको 'ब्रान्डिङ' गर्न जरूरी छ ।

हामीले नेपालमा सम्पदाका लागि भन्दै पूर्वाधारमात्रै बनाएर हुँदैन, सम्पदाको ब्रान्डिङ पनि उत्तिकै जरूरी हुन्छ । जसको पछिल्लो उदाहरण हो, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल । आजभन्दा ५-६ वर्ष अघिदेखि नै सरकारले लुम्बिनीबारे विभिन्न बौद्ध धर्मावलम्बी बसोबास गर्ने राष्ट्रमा प्रचार गर्नुपर्ने थियो । त्यो नभई विमानस्थलमात्रै बनाउँदा लुम्बिनीको महत्व बुझाएर पर्यटक ल्याउन अझै केही समय लाग्ने छ ।

हामीसँग सामान छ, सामानसम्म पुग्ने पूर्वाधार पनि निर्माण भयो तर, उपभोक्तालाई यहाँ सामान छ भन्ने जानकारी भएन भने वस्तु र वस्तुसम्म पुग्ने पूर्वाधारको औचित्य हुँदैन ।

उपभोक्तालाई त्यो सामान किन आवश्यक छ भन्ने बोध हुन पनि उत्तिकै जरूरी हुन्छ । यस्तो बोध दिने र उपभोक्तालाई वा पर्यटकलाई महत्व बुझाउने काम विज्ञापमार्फत मात्रै सम्भव छ । अबको विज्ञापन कुनै वस्तुमुखी नभई नेपालमुखी हुनुपर्छ, तबमात्रै नेपालको प्रचार भए पनि पर्यटन क्षेत्रमा समृद्धि हासिल गर्न सकिएला । यसले नेपालमा उत्पादित वस्तुहरूको ब्रान्डिङ पनि त्यत्तिकै मात्रामा हुनेछ । त्यसैले अब आउने नयाँ सरकारले विज्ञापनको महत्व बुझेर नेपालको अन्तर्राष्ट्रिय बजारमा छुट्टै र आकर्षक पहिचान बनाउन ब्रान्डिङ गर्नु अत्यन्तै आवश्यक छ । पर्यटक आकर्षित गर्नमात्र नभई लगानी आकर्षित गर्न पनि नेपालको उचित ब्रान्डिङ गर्नु अपरिहार्य छ ।

# All your general insurance needs under one roof

## Travel Insurance





**UNITED INSURANCE**
United Insurance Co. (Nepal) Ltd.

Thapathali, Kathmandu, Nepal
+977-1-5111111/2
info@unitedinsurance.com.np


Dabur
Honey
CHOOSE
WORLD'S NO.1*
HONEY BRAND
STAY FIT, FEEL YOUNG.
Dabur
Honey
PURITY
GUARANTEED
Dabur
Honey
SQUEEZY
*As per global syndicate study report of Honey category 2019-2020 by a market research agency. Dabur Honey is the highest selling brand by volume in the world.

# नेपालमा इभीले ल्याएको तरंग

सामान्य अवस्थामा इभी प्रयोगले एक व्यक्ति वा कुनै संस्थाले गर्ने आर्थिक लाभभन्दा माथि उठेर हेर्ने आँखाको जरूरत हुन्छ । इभीले गर्ने हित यो 'प्लानेट' को नै हित हो भनेर बुझ्न जरूरी छ ।



राजन रायमाझी

नेपालको व्यापार घाटामा सबैभन्दा मुख्य कारक पेट्रोलियम पदार्थको आयातमा गर्नुपरिरहेको खर्च हो । नेपालको १८ खर्बहाराहारीको वार्षिक व्यापारमा ३ खर्बभन्दा बढीको पेट्रोलियम पदार्थ आयातमा खर्च हुँदा व्यापार घाटा बढ्दो छ । देशको खस्कँदो आर्थिक अवस्था र हाम्रो राजधानी काठमाडौं पछिल्लो तीन वर्षमा प्रदुषित सहरको सूचीमा अग्रस्थानमा आइरहेको अवस्थामा विद्युतीय गाडी प्रयोग बढाउनुपर्ने आवश्यकता कसैलाई बुझ्न गाह्रो नहोला ।

विद्युतीय सवारीसाधनबारे कुरा गर्दा नेपालमा विद्युतीय सवारीसाधन (इभी) प्रयोग नौलो भने होइन । २०३२ सालमा नै विद्युतीय 'ट्रली बस' का रूपमा ३२ वटा बस सञ्चालनमा आएको इतिहास हामीसँग छ । त्यस्तै २०७५ सालमा ६ सयभन्दा धेरै पुराना ग्यास टेम्पोलाई विद्युतीयमा रूपान्तरण गरेर चलाइराखेका छौं । त्यो समयमा विभिन्न विदेशी दातृ संस्थाका सहयोगमा यो काम भएको थियो । अहिले अवस्था फेरिएको छ र प्रविधि प्रयोगले इभीको नयाँ युगमा प्रवेश गरिसकेका छौं ।

सामान्य अवस्थामा इभी प्रयोगले एक व्यक्ति वा कुनै संस्थाले गर्ने आर्थिक लाभभन्दा माथि उठेर हेर्ने आँखाको जरूरत हुन्छ । इभीले गर्ने हित यो 'प्लानेट' को नै हित हो भनेर बुझ्न जरूरी छ ।

हाम्रो जस्तो 'क्लिन इनर्जी' प्रमुख स्रोत भएको देशमा सार्वजनिक यातायातलाई इभीका रूपमा परिवर्तन गर्दै काठमाडौंको वायु प्रदुषण नियन्त्रण गर्नेमात्र नभएर हरेक दिन बाहिर गइरहेको विदेशी मुद्रा सञ्चित गर्न इभी प्रयोगमा अझै बढावा दिनुको विकल्प रहँदैन ।

उदाहरणका लागि काठमाडौंबाट सिन्धुली जाने कुनै पनि एक 'कम्बस्चन' इन्जिन भएको एक भ्यानले ४ देखि ५ हजार रूपैयाँसम्मको डिजेल/पेट्रोल खपत गर्छ भने एउटा इलेक्ट्रिक भ्यानले ३ सय रूपैयाँको बिजुली खपत गर्छ । त्यो पनि आफ्नै देशमा उत्पादन भएको क्लिन इनर्जी हो । त्यसमा पनि हाम्रो देशमा उत्पादन भएको बिजुलीका लागि हामी बजार खोजिरहेका छौं । यही बिजुलीबाट चल्ने साधन प्रयोग बढाउँदा विद्युत उपभोग बढ्ने भयो । यसको प्रत्यक्ष सम्बन्ध आयात प्रतिस्थापनसँग हुने भयो ।

इभीबाट पाइने वा लिन सकिने फाइदा यतिमात्रै भने पक्कै होइन । यसका विभिन्न पाटा छन् । यस विषयमा सरोकारवाला र आमउपभोक्ताले पनि बुझ्न जरूरी हुन्छ । आइसी इन्जिन भएको गाडीमा पहिलो त इन्धन खपत ज्यादा हुन्छ । यसले आर्थिक नोक्सानी हुने नै भयो । अर्कातर्फ, गाडी चलाउन थालेपछि गर्नुपर्ने मर्मत खर्चसमेत अत्यन्त कम लाग्छ । इभीमा ९० प्रतिशत इन्टरनल पार्ट्स कम हुने भएकाले स्पेयर पार्ट्स आयात पनि कम हुने भयो । सबैभन्दा महत्वपूर्ण विषय मानव स्वास्थ्य र वातावरणमा पर्ने छ । मानव स्वास्थ्य र जलवायु

परिवर्तनमा इभीले विश्व कल्याणमा काम गर्ने अपेक्षा भइरहेका छन् ।

## फाइनान्सिङमा समस्या

अहिले बजारमा इभी भनेकै निजी प्रयोगमा आउने कार भन्ने बुझ्ने अवस्था आएको छ । तर, निजी साधनभन्दा सार्वजनिक यातायात विद्युतीय बनाउनुपर्ने छ । यस विषयमा सरकार, सरोकारवाला र आमनागरिकले नै चासो देखाउनुपर्ने अवस्था रहेको छ ।

अहिले सार्वजनिक सवारीसाधनले सबैभन्दा ठूलो समस्या बैंक तथा वित्तिय संस्थाले कर्जा नदिएर भोगिरहेका छन् । हाम्रा बैंक तथा वित्तीय संस्थाले निजी कारमा ८० प्रतिशसम्म फाइनान्सिङ उपलब्ध गराइएको भन्ने गरेका छन् । तर, सार्वजनिक सवार ीसाधनका हकमा भने त्यो अवस्था छैन । यसको एकमात्र कारण विगतमा सार्वजनिक यातायातका रूपमा प्रयोग भएको कम्बस्चन इन्जिनयुक्त सवारीसाधनमा भएको लगानीबाट बैंकले प्रतिफल नपाउनु हो ।

यसअघि महँगा गाडी सार्वजनिक यातायातमा प्रयोग गरियो । १४ सिट क्षमताका गाडी ७० लाखभन्दा बढी मूल्यमा किनेर सार्वजनिक यातायातका रूपमा चलाउँदा गाडीले बैंकलाई किस्ता तिर्न सकेनन् । त्यति बेलाको महँगो सञ्चालन खर्च आउने कम्बस्चन इन्जिन भएका सवारीसाधनले पारेको समस्यासँग जोडेर कम खर्च, आम्दानी धेरै हुने इभीलाई 'डिफल्ट' हुन सक्छ भनेर हेरिनु हुँदैन ।

सरकारले प्रदुषण कम गर्ने शीर्षकमा अर्बौं रूपैयाँ राजस्व उठाएर राखेको छ । तत्काल 'पाइलट प्रोजेक्ट' का रूपमा केही बजेट खर्च गरेर निजी क्षेत्रलाई इभी चलाउन अनुदान दिन पनि सकिन्छ । तर, यसमा ठोस काम भइरहेको छैन ।

## सरकारी नीति

सरकारले इभीका लागि नीति बनाउँदा त्यो दिर्घकालीनरूपमा बनाउनुपर्छ । तर, नेपालमा जति पनि नीतिनियम बन्ने गरेका छन्, ती सबै ६/८ महिनामा परिर्वतन हुन्छन् । यसले व्यापार चक्रमा नै समस्या सिर्जना हुन्छ । सरकारको एउटा निर्णयले अर्बौं लगानी गरेका व्यवसायी एकैपटक आर्थिकभारमा पर्ने गरेका छन् । सरकारको अस्थिर नीतिले समग्र व्यवसायीले आत्मबल गुमाउने गरेका छन् ।

संसारभरि जुनै पनि देशमा सरकारले अनुदानलगायत 'स्किम' ल्याएर इभी प्रयोगमा प्रोत्साहन गर्ने गरेको देखिन्छ । नेपालका सन्दर्भमा पनि कुनै न कुनै माध्यमबाट सरकारले इभी प्रयोगमा प्रोत्साहन गर्नु आवश्यक देखिन्छ ।

चालू आर्थिक वर्ष २०७९/८० का लागि सरकारले ल्याएको बजेट सार्वजनिक यातायात्रमैत्री छ । तर, सरकारले ब्याट्री र पार्ट्समा लगाउने करले भने न्याय गरेको जस्तो देखिँदैन । तयारी गाडी आयात गर्दा भन्सार दरमा छुट भए पनि यसमा प्रयोग हुने ब्याट्री तथा पार्ट्समा कम्बस्चन इन्जिनसरह नै भन्सार शुल्क लिने गरेको छ । यस्ता विषयमा सरकारले विशेष योजना ल्याउनुपर्ने देखिन्छ ।

## इभी पावर बैंक

ठूला इभीलाई पावर बैंकका रूपमा प्रयोग गर्न सकिन्छ । रातको समयमा हाम्रा सवारीसाधन प्रयोग गर्दा खेर गएको बिजुली स्टोरेजको काम इभीले गरिहेका छन् । यसले दैनिक खेर गएको ठूलो परिमाणको बिजुली बचत गर्छ । अहिले नै राम्रै संख्यामा रहेका इभीले पावर बैंकको काम गरिरहेको अवस्था छ । त्यसैले सरकार इभी प्रयोग बढाउन नै लाग्नुपर्छ । त्यसका लागि विद्युत प्राधिकरणसमेत उदार बनिरहेको अवस्था छ ।

नेपालमा इभीका लागि अर्को समस्या सार्वजनिक स्थान वा राजमार्गमा 'चार्जिङ स्टेसन' निर्माण नहुनु हो । एउटा चार्जिङ स्टेसन राख्न २५ देखि ३० लाखसम्म लगानी लाग्छ । अहिले जति युनिटमा सार्वजनिक र निजी यातायातका इभी सडकमा छन्, त्यसलाई चार्ज गरेर चार्जिङ स्टेसनले प्रतिफल दिनै सक्दैन । चार्जिङ स्टेसन बनेपछि कर्मचारीलगायत अन्य खर्च धान्न सकिने अवस्था छैन । त्यसैले पाइलट प्रोजेक्टका रूपमा विद्युत प्राधिकरणले विभिन्न ५१ स्थानमा चार्जिङ स्टेसन बनाइरहेको छ । त्यसले क्रमिकरूपमा इभीप्रति आमउपभोक्ता र व्यवसायीको आत्मबल बढाउने काम गर्ने अपेक्षा गर्न सकिन्छ ।

*(रायमाझी दिगो क्लिन इनर्जी कम्पनीका अध्यक्ष हुन् ।)*



# भविष्य आफ्नै हातमा

## जिम्मेवार भई बचत गर्न Orange Savings Plus, वार्षिक ८.१३३% * को ब्याजदर + अन्य थुप्रै सुविधाहरु*



# बचत राम्रो हो ।

खातावाला व्यक्तिको लागि बीमा सुविधाहरु

- रु. १,000,000 सम्मको व्यक्तिगत दुर्घटना बीमा
- वार्षिक रु. १,00,000 सम्मको स्वास्थ्य बीमा

कार्ड सुविधाहरु

- नि:शुल्क भिजा डेबिट/क्रेडिट/ट्राभल कार्ड

Green Banking सुविधाहरु

- नि:शुल्क मोबाइल बैंकिङ्ग
- नि:शुल्क इन्टरनेट बैंकिङ्ग
- नि:शुल्क DEMAT खाता
- नि:शुल्क MERO SHARE खाता

खाता खोल्नको लागि QR Code लाई स्क्यान गर्नुहोस।

*शर्तहरु लागु हुनेछन

बीमा साझेदार: Shikhar Insurance

लक्ष्य छ, लक्ष्मी बैंक छ

01-5970684
www.laxmibank.com

Connect with us

लक्ष्मी बैंक

# स्थिर सरकार र नीतिगत स्थायित्व

**अनौपचारिक अर्थतन्त्र खासगरी सीमामा अबैध आयात रोक्न नसक्दा विदेशी विनिमय सञ्चितिमा अपेक्षाअनुसार सुधार आउन सकेको छैन । ब्याजदर उच्च हुने तर मूल्यवृद्धि नियन्त्रण हुन नसक्दा यसले मुलुकको अर्थतन्त्रलाई नै जोखिममा धकेल्ने हो कि भन्ने चिन्ता बढाएको छ ।**



**राजेन्द्र मल्ल**

प्रदेश र प्रतिनिधिसभा निर्वाचन सकिएको छ । दलहरूले अब नयाँ सरकार गठनको थालनी गर्नेछन् । मुलुकको आर्थिक विकास र समृद्धिका लागि स्थिर सरकार र नीतिगत स्थायित्व आजको प्रमुख आवश्यकता हो । स्थिर सरकारमार्फत आत्मनिर्भर अर्थतन्त्रको बहस सुरू भएको लामो समय भइसक्यो । यो बीचमा अर्थतन्त्रका अधिकांश सूचक नकारात्मक नै छन् । राष्ट्र बैंकको पछिल्लो तथ्यांकले मुलुकको वाह्य क्षेत्रमा केही सकारात्मक सुधार देखिए पनि आन्तरिक अर्थतन्त्रमा दबाब कायमै छ । खासगरी लगानीयोग्य रकम (तरलता) अभाव हट्न सकेको छैन । बैंक तथा वित्तीय संस्थामा बढेको ब्याजदरले समग्र उद्योगी-व्यवसायी र ऋणी ठूलो मर्कामा परेका छन । पुँजीगत खर्च हुन नसक्दा यसको असर तरलतामा परेको छ । मुल्यवृद्धि साढे ८ प्रतिशत नाघिसकेको छ ।

कोभिड-१९ प्रकोप बिस्तारै कम हुँदै गर्दा रूस-युक्रेन युद्धले विश्वव्यापी आपूर्ति शृङ्खलामा गम्भीर असर गरेको छ । जसका कारण आयातमुखी अर्थतन्त्र भएको हाम्रोजस्तो मुलुकमा सम्पूर्ण उपभोक्ताको भान्छासम्मै असर गरेको छ । आन्तरिक उत्पादन हुन नसक्ने तर आयातमा निर्भर हुँदा अन्तर्राष्ट्रियरूपमा मूल्यवृद्धि हुने बित्तिकै त्यसको सिधा असर यहाँ पर्ने गरेको छ ।

सरकारले आयातमा प्रतिबन्ध लगाए पनि विदेशी विनिमय सञ्चितिमा तात्विक सुधार आउन सकेको छैन । अनौपचारिक अर्थतन्त्र खासगरी सीमामा अबैध आयात रोक्न नसक्दा विदेशी विनिमय सञ्चितिमा अपेक्षाअनुसार सुधार आउन सकेको छैन । ब्याजदर उच्च हुने तर मूल्यवृद्धि नियन्त्रण हुन नसक्दा यसले मुलुकको अर्थतन्त्रलाई नै जोखिममा धकेल्ने हो कि भन्ने चिन्ता बढाएको छ ।

## स्थिरता अबको बाटो

दलहरु नयाँ सरकार गठन प्रक्रियामा छन् । निर्वाचन भएर मुलुकले पाँच वर्षका लागि स्थिर सरकार पाउँछ भन्ने निजी क्षेत्रको अपेक्षा छ । स्थायी सरकारमार्फत दिगो अर्थतन्त्रको जग बसाल्न सकिन्छ भन्ने विश्वास छ । जुनसुकै पार्टीले नेतृत्व गरे पनि नीतिगत स्थायित्व कायम गर्न जरूरी छ । अर्थतन्त्रको दिगो विकासका लागि स्रोतसाधनको उच्चतम प्रयोग, सरकारको पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र संरचनागत सुधारको खाँचो छ । सरकारको पुँजीगत खर्च समयमै गर्नु जरूरी छ । बिचौलियाराजको पनि अन्त्य नभएसम्म सुशासनको कल्पना गर्न सकिँदैन ।

अर्थतन्त्रको विस्तार, सम्पत्ति र उत्पादनका साधनमाथि निजी स्वामित्व, उद्योग-व्यवसाय सञ्चालनमार्फत आत्मनिर्भर अर्थतन्त्रको जग बस्नुपर्ने हो । तर, त्यो दिशामा मुलुक अघि बढ्न सकेको छैन । नीतिगतरूपमा खुला अर्थतन्त्रको अवधारणा अपनाएर मुलुकलाई आत्मनिर्भर बनाउन गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ । विभिन्न कालखण्डमा भएका राजनीतिक उतारचढावले अर्थतन्त्रलाई सधैं गिजोलिरह्यो । तर, अब राजनीतिक अस्थिरता अथवा व्यवस्था परिवर्तनका नाममा मुलुकलाई अस्थिर बनाइरहने

छुट छैन । स्थिर सरकारसँगै दिगो र समुन्नत अर्थतन्त्र निर्माणका लागि सरकारसँग हातेमालो गर्न निजी क्षेत्र सदैव तयार छ ।

## आत्मनिर्भर अर्थतन्त्रका आधार

कृषिप्रधान मुलुकमा परम्परागत खेती प्रणाली लोप हुने अवस्थामा छ । मुलुकलाई खान पुग्ने कृषिजन्य वस्तु कम्तिमा आफ्नै उत्पादनले धान्न सक्ने वातावरण निर्माण गर्न सक्नुपर्छ । बाँझो जमिनमा कृषिको आधुनिकीकरण, यान्त्रीकरण र सिंचाइको व्यवस्था गर्ने कुरा बजेटमा उल्लेख छ । तर, व्यवहारमा कार्यान्वयन हुनसकेको छैन । कृषिकर्ममा झन्डै ६५ प्रतिशत जनता निर्भर भए पनि कूल गार्हस्थ उत्पादन (जिडिपी) मा यसको योगदान केवल २३ प्रतिशतहाराहारी मात्रै छ । आत्मनिर्भर अर्थतन्त्र निर्माणको बहस लामो समयदेखि भइरहेको छ । तर, वार्षिक साढे ३ खर्ब रूपैयाँबराबरको खाद्यान्न र कृषि सामग्री आयात भइरहेको छ ।

आत्मनिर्भर अर्थतन्त्रका लागि ठूला योजना एवं नीति बन्ने तर कृषिप्रधान मुलुकमा खाद्यान्नमा समेत परनिर्भरता प्रत्येक वर्ष बढ्दो क्रममा छ । अब हामीले बाँझो जमिन उपयोग, परम्परागत खेती प्रणालीको आधुनिकीकरण एवं यान्त्रीकरण गर्न ढिलाइ भइसकेको छ । मुलुकलाई पुग्ने खाद्यान्नमात्रै उत्पादन गर्न सकियो भने पछिल्लो समय विकराल बन्दै गएको व्यापार घाटा कम गर्न सकिन्छ । कृषि क्षेत्रमा प्रवाह हुने ऋण खेत किन्नेलाई नभई खेती गर्नेले पाउने व्यवस्था गरिनुपर्दछ । कृषिमा उत्पादनदेखि बजारीकरणसम्मको प्रक्रियामा हुने बिचौलियाराजको अन्त्यका लागि राज्य र निजी क्षेत्र मिलेर प्रभावकारी संयन्त्र बनाउनु आवश्यक छ ।

मुलुकमा पर्यटनको अपार सम्भावना भए पनि यसको सदुपयोग हुन सकेको छैन । अहिले पनि विदेशी पर्यटकबाट भएको आम्दानीभन्दा नेपालीले विदेश घुम्दा हुने खर्चको अंश धेरै हुने गरेको छ । आन्तरिक पर्यटन प्रवर्द्धन गर्न सकियो भनेमात्रै पनि विदेशिने रकमको ठूलो अंश रोक्न सकिन्छ ।

पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन गरेर वार्षिक २० लाख पर्यटक भित्र्याउने दिगो योजना बनाउनु आवश्यक छ । विशाल जनसंख्या भएका भारत र चीनबाट वार्षिक शून्य दशमलव २५ प्रतिशतमात्रै पर्यटक भित्र्याउन सकियो भने पनि राष्ट्रले ठूलो आर्थिक लाभ प्राप्त गर्न सक्छ । भारतबाट ठूलोमात्रामा धार्मिक पर्यटक भित्र्याउन सकिन्छ । पोखरा, भैरहवा अन्तर्राष्ट्रिय विमानस्थललाई सहज सञ्चालन गर्ने वातावरण बनाउनुपर्छ । अर्को महत्वपूर्ण भनेको भारतीय पर्यटकले नेपाल घुम्न आउँदा ल्याउन पाउने २५ हजार भारूको सीमा कम्तिमा साढे २ लाख रूपैयाँ पुऱ्याउन आवश्यक छ ।

पछिल्लो समय विकराल बन्दै गएको चरम व्यापार घाटा रोक्न विद्युत निर्यात अर्को महत्वपूर्ण विकल्प हुनसक्छ । नेपाल विद्युत प्राधिकरणले पछिल्लो समय भारतमा विद्युत निर्यातबाट साढे १० अर्बको आम्दानी गरेको तथ्याङ्क आएको छ । विद्युत निर्यातमार्फत व्यापार घाटा कम गर्ने विकल्प आगामी दिनमा कोसेढुङ्गा साबित हुनसक्छ ।

जुडीबुटीको प्रशस्त सम्भावना भए पनि यसको पहिचान र प्रवर्द्धन हुनसकेको छैन । गाँजाको व्यवस्थित उत्पादन गरेर निर्यात गर्ने वातावरण सिर्जना गर्नुपर्दछ । संसदमा विचाराधीन गाँजासम्बन्धी विधेयकलाई नयाँ संसदबाट पारित गरेर अगाडि बढ्नुपर्दछ । यसबाट औषधी, कपडाजन्य उत्पादनमार्फत फाइदा पनि लिन सकिन्छ । गाँजाको अन्तर ाष्ट्रिय बजार ठूलो भएकाले यसको उत्पादन, बजारीकरणमार्फत व्यापार घाटा न्यूनीकरण गर्न सकिन्छ भन्ने चेम्बर अफ कमर्सको ठहर छ ।

## प्रविधि विकास अर्थतन्त्रको नयाँ आधार

उत्पादनमा प्रविधि भित्रिन सकेको छैन । प्राविधिक जनशक्तिको प्रभावकारी परिचालनमार्फत प्राकृतिक स्रोत र साधनको उच्चतम प्रयोग हुन सकेको छैन । दुर्भाग्यबस यसको संयोजन गर्ने नेतृत्व मुलुकले पाउन सकेको छैन । आर्थिक विकासको महत्वपूर्ण आधार युवा जनशक्ति दिनहुँ पलायन भइरहेको छ । विदेशमा युवाले सिकेको सीप अंगिकार गरेर अघि बढ्दा चीन अहिले विश्वअर्थतन्त्रको नेतृत्व गर्ने अवस्थामा पुग्यो । उसले जपानबाट उच्चतम प्रविधि भित्र्याउन सफल भयो । आज प्रविधिका हरेक क्षेत्रमा चीन अग्रस्थानमा छ । हाम्रा युवाले बहुराष्ट्रिय कम्पनीमा काम गरेको सीप स्वदेशमा लगानीका लागि उपयुक्त वातावरण बनाउनु आवश्यक छ । यसका लागि सरकार र निजी क्षेत्र सहकार्य गरी 'जी टु जी' र 'बी टु बी' प्रक्रियामार्फत लगानीका लागि पहल गर्नु अत्यन्त जरुरी छ ।

## सरकारी नीति र कार्यान्वयन

मुलुकको आर्थिक विकासका लागि सरकार र निजी क्षेत्रलाई एकै रथका दुई पांग्रा भनिए पनि नीतिगत कुरा आउँदा सधैं बेमेलकै अवस्था सिर्जना हुँदै आएको छ । उदार अर्थनीति भन्ने तर ऐनकानुन बनाउँदा निजी क्षेत्रलाई सीमित गर्ने गरी योजना तर्जुमा बनाउने परिपाटी छ । विकासका लागि मुख्य सर्त भनेको लगानीको उपयुक्त वातावरण र वित्तीय पारदर्शिता नै हो । उद्योग-व्यवसायमा लगानीका लागि बैकिङ वातावरण पनि उपयुक्त हुनुपर्छ । जिडिपी अहिले ४२ खर्बहाराहारी छ । यसलाई दोहोरो अंकले कसरी वृद्धि गर्ने, छिमेकी भारत र चीनले कसरी तीव्र आर्थिक वृद्धि गरिरहेका छन्? यसबाट हामीले के पाठ सिक्ने? यतातर्फ राज्यको ध्यान जान सकेको छैन । मुलुक सुहाउँदो विकास नीति लिने, अर्थतन्त्र उकास्न एवं आत्मनिर्भर अर्थतन्त्रका लागि कस्तो नीति कार्यान्वयन गर्ने भन्ने विषयमा ठोस नीतिको खाँचो छ ।

## निर्विकल्प उदार अर्थनीति

अर्थतन्त्रको झन्डै ७० प्रतिशत हिस्सा निजी क्षेत्रले ओगटेको छ । सरकारले समग्र आर्थिक क्षेत्रको विकास र निजी क्षेत्रमुखी वातावरणका लागि कम्तिमा ५ देखि १० वर्षसम्म टिक्ने खालको ठोस नीति ल्याउनुऱ्यो । तीन महिना, ६ महिनामै परिवर्तन हुने आर्थिक नीतिले निजी क्षेत्रको मनोबल गिराएको छ । अस्थिर नीतिका कारण निजी क्षेत्र उत्पादनमुखी हुनुभन्दा पनि व्यापारतर्फ ढल्किरहेको छ । सन् १९९० मा मुलुकमा उदारीकरणको सुरुवात भएपछि ठूलो औद्योगिक परिवर्तन पनि सुरू भयो । तर, यसले गति लिन भने सकेन । १९९४ मा आठ प्रतिशतको आर्थिक वृद्धि पनि भयो । निजी क्षेत्रबाट पनि ठुल्ठूला बैंक खुल्न थाले । शैक्षिक क्षेत्रमा आमूल परिवर्तन भयो । यो खुला अर्थनीतिकै कारण सम्भव भएको हो तर यो परिवर्तन समावेशी हुन सकेन । धनी र गरिबबीचको खाडल झनै बढ्दै गयो । उद्योग-व्यवसायमा खुलास्रुपमा काम गर्ने वातावरण अझै बन्न सकेको छैन ।

सरकार-निजी क्षेत्र सहकार्यको विकल्प छैन । हामी एक रथका दुई पांग्रा भन्ने तर आ-आफ्नै तालमा गन्तव्य निर्धारण गर्न खोज्ने हो भने समृद्धिको लक्ष्य हासिल गर्न कठिन छ र भइरहने छ । निजी क्षेत्रमैत्री वातावरण बनाउन सरकारले अब ढिला गर्नुहुँदैन ।

(मल्ल नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष हुन् ।)

# संकटमा पर्दैछ नेपालको समावेशी समृद्धि

अहिले नेपालबाट पर्यटनका रुपमा विदेशमा धेरै पैसा गएको छ । हामीले भन्न चाहि 'पहिला देश' भन्ने तर पर्यटनका नाममा विदेशमा करोडौं रूपैयाँ जाने गरेको छ । हामीले अहिले आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु आवश्यक छ ।



रितेशकुमार शाक्य

मुलुकलाई समृद्धिको बाटोमा लैजाने महत्वपूर्ण पक्ष भनेको आर्थिक विकास नै हो । आर्थिक विकास नभई समृद्धिको बाटोमा जान सम्भव छैन ।

नेपालमा अहिले तरलता (लगानीयोग्य रकम) को निकै अभाव छ । बैंकको ब्याज निकै बढेको छ । विदेशी विनिमय सञ्चिति घट्दो छ, जसका कारण आवश्यक सामान आयात गर्न प्रतितपत्र (एलसी) खोल्न पनि समस्या देखियो । एलसी खोल्न नपाएपछि सामान आयात रोकियो । हाम्रो आन्तरिक उत्पादन धेरै भएको भए केही फरक पर्ने थिएन ।

नेपाली युवा उद्यमी मञ्च (एनवाइईएफ) को यो वर्षको नारा 'पहिला देश' रहेको छ र हामीले त्यहीअनुसार काम गरिरहेका छौं । यसको उद्देश्य भनेको हामीले नेपालमा उत्पादन गरेका सामान प्रयोग गर्नुपर्छ भन्ने नै हो । हामीले आन्तरिक उत्पादन प्रयोग गरेर अन्य देशसँग भर पर्नुपर्ने बाध्यता हटाउँदै लैजान आवश्यक छ । नेपालको आर्थिक विकासका लागि सबैभन्दा पहिला आन्तरिक उत्पादनको खपत स्वदेशमा नै बढाउनु हो । आन्तरिक उत्पादनको प्रयोग बढाउने हो भने माग बढ्दै जान्छ र उत्पादन पनि बढ्दै जान्छ । जसले गर्दा हामीले आयात कम गर्न सक्छौं । हामीले अब समृद्धिको बाटो तय गर्ने हो भने आन्तरिक उत्पादन बढाउने, प्रयोग बढाउनेतर्फ जानुपर्छ । यो नै अबको अपरिहार्य आवश्यकता हो । यसले हामीलाई आत्मनिर्भर अर्थतन्त्रतर्फ लैजान निकै सहयोग गर्ने छ । यो काम हामीले अहिले नै गर्न सक्छौं । 'मेड इन नेपाल' भन्ने नारालाई नारामा मात्रै नभएर व्यवहारमा पनि सबैले लागू गर्नु आवश्यक छ ।

अहिले नेपालबाट पर्यटनका रूपमा विदेशमा धेरै पैसा गएको छ । हामीले भन्न चाहिँ 'पहिला देश' भन्ने तर पर्यटनका नाममा विदेशमा करोडौं रूपैयाँ जाने गरेको छ । हामीले अहिले आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु आवश्यक छ ।

मञ्चले दुई साताअघि मुस्ताङ लोमान्थाङमा 'नर्थ अफ हिमालयाज' भनेर मोटर र्‍याली गर्‍यो । स्थानीय पर्यटन प्रवर्द्धनका लागि हामीले यो कार्यक्रम आयोजना गरेका हौं । यस्ता कार्यक्रम एक ठाँउमा मात्रै नभएर देशभरि नै आवश्यक छ । नेपालीलाई नेपालमा नै घुमाउनुपर्छ । जसले गर्दा विदेश जाने पैसा नेपालमै खर्च होस् ।

अहिले नेपालमा देखिएको विदेशी विनिमय सञ्चितिको अभाव, तरलता अभावलगायत सबैखाले समस्या केही हदसम्म समाधान गर्न भए पनि आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु आवश्यक छ । देशलाई समृद्धिको बाटोमा लैजाने हो । पर्यटन उद्योगमा पनि ध्यान दिनु आवश्यक छ । पर्यटनका नाममा विदेश जाने पैसा रोकेर आन्तरिक पर्यटन प्रवर्द्धनमा बढावा दिनैपर्छ । यसमा राज्यको पनि चासो हुनुपर्छ । स्रोत र साधन नभएका स्थानीय तहमा स्रोत र साधन पुर्‍याउनु आवश्यक छ ।

मुलुकमा समावेशी आर्थिक विकास संकटमा पर्नुका धेरै कारण छन् । कोभिड संक्रमणपछि नेपालको अर्थतन्त्रमात्र नभई विश्वअर्थतन्त्रमै दबाब सिर्जना भएको छ । माग र आपूर्ति चक्रमा आएको हलचलले विश्वअर्थतन्त्रमा दबाब र मन्दी कायम छ ।

तर, नेपालको अर्थतन्त्रमा समस्या देखिनुमा वाह्य कारणको साटो आन्तरिक मुख्य देखिन्छ । कोभिडका समयमा लगानी ती क्षेत्रमा भयो जसले अहिले समस्या सिर्जना भएको छ । त्यसबेला लगानीको क्षेत्र सीमित थियो । उत्पादनशील क्षेत्रमा लगानी जान नसक्ने अवस्थामा अनुत्पादक क्षेत्रमा लगानी बढ्यो । बजारमा मनी सप्लाइको चक्र डिटर्ब भएपछि समस्या देखिन थालेको हो । बजारमा तरलता अभाव प्रत्यक्ष देखिएको छ । पैसा भएको भए पनि गति दिन्थ्यो तर हिजोका लगानी उत्पादनशील क्षेत्रमा नभएकाले एकखालको समस्या देखिएको छ ।

अर्को, विदेशी मुद्रा सञ्चिति दबाबमा पर्दै गएको अवस्था छ । श्रीलंकामा पनि त्यो संकट देखियो । त्यस्तो अवस्था आउन नदिन सावधानीपूर्वक नियन्त्रणका कार्यअन्तर्गत विभिन्न मनिटरी टुल अगाडि बढाइएको छ । त्यस्तै आपूर्तिका केही मार्जिन पनि राखियो । आयात केन्द्रित अर्थतन्त्र र त्यही किसिमको राजस्व मोडलमा विचलनको अवस्था देखिएको छ ।

अर्थतन्त्रको अहिलेको असहज अवस्था मुख्यतः चार क्षेत्रमा लामो समयदेखि देखिएको प्रवृत्ति र एकापसमा विकास भएका अन्तरसम्बन्धले गर्दा उब्जेको हो । मुलुकको अर्थतन्त्रको संरचना विप्रेषण, कर्जा, आयात र जग्गामा केन्द्रित छ । आयात र राजस्वलाई मात्र जोडेर गरिएको विगतको विश्लेषण अपर्याप्त छ । सो भाष्यमा विप्रेषणसहित कर्जा र जग्गाको कारोबारलाई समेत जोडेर समग्र अर्थतन्त्रको यथार्थ अवस्था चित्रण गरेमा न्यायोचित हुन्छ ।

विप्रेषणका कारण आमनागरिकको आय बढेर उपभोग्य वस्तु तथा सेवाको माग बढ्नु, वस्तु तथा सेवाको बढ्दो माग आपूर्तिका लागि बैंकिङ क्षेत्रबाट सहज कर्जा प्राप्त हुनु, आपूर्तिका लागि स्थानीय उत्पादनभन्दा आयात सहज, नाफामूलक र न्यून जोखिमपूर्ण हुनु, उच्च आयात धान्न विप्रेषणमार्फत विदेशी मुद्रा उपलब्ध हुनु, उच्च प्रतिफल र सहज कर्जाका कारण जग्गामा लगानी बढ्नु, जग्गाको बढ्दो मूल्यका आधारमा सहज ढंगबाट कर्जा उपलब्ध हुनु र यो क्रमले लामो अवधिसम्म निरन्तरता पाउनुजस्ता कारण मुलुकको आर्थिक संरचना नै फेरिएको छ ।

विप्रेषणले अर्थतन्त्रमा माग बढाए पनि सोही अनुरूप मुलुकभित्रै उत्पादन नबढ्नु, मुलुकको अर्थतन्त्र आयातमार्फत व्यापारीकरण र परनिर्भर हुँदै जानु एवं वित्तीयकरणमार्फत जग्गा द्रुत गतिले मौद्रिकीकरण हुनु तथा उच्च मूल्यवृद्धिका कारण मूल्य अभिवृद्धिको शृंखलाबाट बाहिरिँदै जानु मुलुकका लागि अत्यन्तै प्रत्युत्पादक अवस्था हो । यसका अलावा लामो समयदेखि अभ्यास गरिएको विस्तारकारी आर्थिक तथा मौद्रिक नीतिले आगोमा घ्यु थपे झैं उक्त प्रक्रिया र अन्तरसम्बन्धलाई थप तीव्रता दिइरहेको छ ।

राष्ट्र बैंकले निरन्तर रूपमा विस्तारकारी मौद्रिक नीति अवलम्बन गरेको परिप्रेक्ष्यमा बैंकिङ कर्जा उच्च दरले वृद्धि भई अर्थतन्त्रको आकारबराबर पुगेको छ । केही वर्षअगाडि मर्जरका नाममा राष्ट्र बैंकले गरेको अस्वाभाविक पुँजी वृद्धिका कारण पनि कर्जा उच्च दरले वृद्धि भएको छ । नेपालको आयस्तरको हिसाबले निजी क्षेत्रमा प्रवाह भएको कर्जाको परिमाण अत्यधिक हो । लामो समयदेखि नोमिनल जिडिपीका तुलनामा उच्च दरले कर्जा वृद्धि हुँदै हाल आएर अर्थतन्त्रको आकारजत्रो हुँदा पनि नीति निर्माता तथा नियमन निकाय र शोध गर्ने संघसंस्था सो परिदृश्यसम्बन्धमा बेखबर रहनु, हाम्रो नीति निर्माणको प्रक्रियाको विश्वसनियता र क्षमतामाथिको गम्भीर प्रश्न हो ।

मुलुक परनिर्भर हुँदै गएको विषय नौलो होइन । सन् २००४ मा विश्व व्यापार संगठनको सदस्य हुँदा र सार्कअन्तर्गत दक्षिण एसियाली खुला व्यापार 'साफ्टा' मा हस्ताक्षर गर्दा अर्थतन्त्रको आकारको १० प्रतिशत निर्यात र २५ प्रतिशत आयात गर्ने मुलुक हाल आएर ४ प्रतिशत निर्यात र ४० प्रतिशत आयात गर्दै ३६ प्रतिशतको व्यापार घाटा बेहोर्ने गम्भीर अवस्थामा पुगेको छ । हाम्रा समकक्षी मुलुकले औसतमा २२ प्रतिशत निर्यात र ३२ प्रतिशत आयात गर्दै व्यापार घाटालाई अर्थतन्त्रको आकारको १० प्रतिशतमा सीमित राख्दा हाम्रो चालू खाता घाटा नै करिब १३ प्रतिशत पुगेको छ । यसरी मुलुकको व्यापार जुन स्थितिमा छ र हामी जुन हदमा परनिर्भर भएका छौं, यो परिस्थितिले मुलुक अत्यन्तै गम्भीर अवस्थाबाट गुज्रिरहेको र आर्थिक दुर्घटनातिर उन्मुख भएको संकेत गरेको छ ।

हाम्रो बढ्दो परनिर्भरतामा बैंकिङ क्षेत्रबाट बेलगाम प्रवाह हुने कर्जाको प्रत्यक्ष योगदान छ । २०१६ सम्म विप्रेषणले धानेको व्यापार घाटामा त्यसपछिको अवधिमा उच्च वृद्धि हुँदै गएर चालू खाता पनि घाटामा परिणत हुँदै शोधनान्तर घाटा बढ्दा वाह्य क्षेत्र व्यवस्थापन अत्यन्तै चुनौतीपूर्ण हुँदै गइरहेको छ । २०१८-१९ देखि त सेवा क्षेत्र पनि बर्सेनी घाटामा गएको छ । हाम्रो सन्दर्भमा आयातसम्बद्ध आपूर्ति शृंखलामा नाफाको हिस्सा उच्च रहेकाले देशभित्रै उत्पादन गर्न सकिने सामान्य वस्तुसम्म आयात गर्ने प्रवृत्ति बढ्दै जानु अर्थतन्त्रका लागि अत्यन्तै प्रत्युत्पादक अवस्था हो । आयातमा उच्च गिरावट र विप्रेषणमा उच्च वृद्धि हुँदा पहिला त्रैमासिकमा शोधनान्तर स्थितिमा उलेख्य सुधार देखिएर ८.३ महिना बराबरको वस्तु आयात धान्ने देखिए पनि शोधनान्तर स्थिति भने ऋणात्मक नै छ ।

## सरकारी हस्तक्षेपका तरंग

विगत तीन दशकमा राज्य उदार भएकै हो । राज्यले अहिलेसम्म कहिल्यै आयातमा प्रतिबन्ध लगाएको थिएन र ब्याजदरमा पनि हस्तक्षेप गरेको थिएन । समस्या आएपछि चुनौती व्यवस्थापन गर्न सहजीकरणका लागि यस्तो कदम लिएको देखिए पनि अहिलेको गम्भीर अवस्थालाई अर्थ मन्त्रालय र राष्ट्र बैंकले मात्रै सम्बोधन गर्न सक्दैनन् । यस्तो स्थितिमा विशेष गरेर निजी क्षेत्र र बैंकिङ क्षेत्र बढी जिम्मेवार र उत्तरदायी हुनुपर्छ । यो असहज स्थिति जति लम्बिन्छ, त्यति नै धेरै यी दुवै क्षेत्र तुलनात्मक रूपमा बढी प्रभावित हुन्छन् । अर्थतन्त्रमा केही सकारात्मक असर पनि गरेको हुनुपर्छ तर त्यसको नकारात्मक असर पनि देखिएको छ । विशेषत त आयात केन्द्रित राजस्वमा देखिएको छ । त्यसमा निर्भर राजस्वमा ठूलै ह्रास आएको अवस्था छ ।

आर्थिक वर्ष २०७९/८० को कात्तिक मसान्तसम्म चार महिना अवधिमा ५ खर्ब ३२ अर्ब ६९ करोड आयातमा गिरावट आएको छ । कात्तिकसम्मको उक्त परिमाणबराबर वस्तु आयात भएकोमा गत वर्ष सोही अवधिभन्दा १ खर्ब १७ अर्बले कम हो । वस्तु आयात गत वर्षभन्दा १ खर्ब १७ अर्बले घटेको छ । विदेशी मुद्रा सञ्चिति घट्दै गएपछि राष्ट्र बैंकले वस्तु आयातमा कडाइ गरेपछि आयातमा गिरावट आएको छ । आयातमा गिरावट आउने अन्य कारण पनि छन् । वस्तुको मूल्यवृद्धि हुँदा

मागमा कमी, बैंकको ब्याजदरमा वृद्धि, तरलतामा अभावजस्ता कारणले पनि आयातमा गिरावट गराउन भूमिका खेलेको छ ।

आन्तरिक राजस्वतर्फ चौमासिक आँकडामा लक्ष्यको ८९ प्रतिशतमात्रै हासिल भएको छ । गत वर्ष सोही अवधिमा चाहिँ २ प्रतिशत कम हो । गत वर्षभन्दा यो वर्ष हामीले २५ प्रतिशत बढी लक्ष्य लिएका छौं । चार महिनामा १५ अर्ब जति डिफिसियट छ । यो पुँजीगत आयकरमा कमजोर देखियो । नेपालको जिडिपीमा २२ प्रतिशतसम्म आन्तरिक राजस्वको हिस्सा छ । तर, अहिले चालू खर्च धान्न पनि मुस्किल छ । भन्सार राजस्व संकुचन हुँदा असर देखापरेको हो । बैंकको ब्याजदर बढेको गुनासो व्यवसायीको छ । कर पनि समयमा बुझाउन व्यवसायीलाई सकस पर्न थालेको छ । व्यवसायीले कर चुक्ता गर्न पनि बैंकको ब्याजदरले कठिन भएको बताउने गरेका छन् ।

यता, सरकारको बजेट खर्च पनि न्यून देखिएको छ । चालू आवको चार महिनामा ७ प्रतिशत जति बजेट खर्च भएको छ । चालू खर्चले खपत बढाउँछ । उत्पादन वितरण र रोजगारी सिर्जनासम्मका कुरालाई पनि असर पार्दछ । सरकारले बजारमा जे जति खर्च गर्दै जान्छ करका कुरामा पनि त्यसले सकारात्मक असर पार्दछ ।

## चुनौती र अगामी बाटो

भर्खरै प्रतिनिधिसभा तथा तथा प्रदेशसभा निर्वाचन सम्पन्न भएको छ । अब देशले नयाँ सरकार पनि पाउने अवस्था छ । नयाँ सरकार जनतासँग गरेको प्रतिबद्धतासाथ आउने छ । जुन सरकारले पनि जनताई शान्ति सुरक्षा, सामाजिक सुरक्षा र विकासलाई प्राथमिकतामा राख्नुपर्छ । आयात, मुद्रा सञ्चिती, बैंक ब्याजदर लगायत विषयमा पनि आवश्यक कदम चाल्नुपर्ने हुन सक्छ । अर्थतन्त्रका विभिन्न पिलर सबैमा सन्तुलित सम्बन्ध आवश्यक छ । भुक्तानी सन्तुलनका कुरा पनि हेर्नुपर्छ । राजस्व र गैरकर राजस्वका साथै अन्य स्रोत पनि छन् । ऋण र अनुदानका कुरा पनि सँगै आउँछन् । सर्मद्धिका लागि प्रत्यक्ष वैदेशिक लगानी पनि आवश्यक पर्दछ । यी क्षेत्रलाई कसरी परिचालन गर्ने भन्ने कुराले स्रोतको जोहो हुन्छ । राजनीतिक नेतृत्वले जनतालाई दिएको प्रतिबद्धताले खर्च बढ्छ ।

*(शाक्य नेपाल सरकारका सह-सचिव हुनु ।)*


नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

सामाजिक सुरक्षा कोष

बबरमहल काठमाडौ

फोन नं. ४२५५४६४, हटलाइन website : www.ssf.gov.np, email: info@ssf.gov.np

यस कोषमा आवद्ध योगदानकर्ताहरूको योगदान रकम कानून बमोजिम नियमित (प्रत्येक महिना समाप्त भएको १५ दिन भित्र) रूपमा अनिवार्य जम्मा गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । योगदान नियमित नभई यस कोषबाट पाउने सुविधाबाट कुनै पनि श्रमिक वञ्चित हुन पुगेमा सम्पूर्ण दायित्व रोजगारदाताको हुने स्पष्ट कानूनी व्यवस्था रहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

# सबै नेपालीको
# बचत खाता



## अविश्वसनीय
उच्चतम् ब्याजदर,
अब बचत खातामै
## सम्भव छ !

- अब शुन्य मौज्दातमै खाता खोल्नुहोस्, साथै यदि तपाईको कुनै पनि बैंक/वित्तीय संस्थामा खाता छैन भने रु १०० बैंकले नै जम्मा गरिदिने।
- अन्य धेरै सेवाहरुका साथै बचतमा उच्चतम् प्रतिफल प्राप्त गर्नुहोस्।




## निशुल्क*:
- मोबाइल बैंकिङ्
- इन्टरनेट बैंकिङ्
- डेबिट कार्ड
- चेक बुक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np

'[ICRANP-IR] A' Rated

EUROMONEY
AWARDS FOR EXCELLENCE 2022

# पर्यटनमा लगानीले समृद्धि भेटिन्छ

अहिले नेपालबाट पर्यटनका रूपमा विदेशमा धेरै पैसा गएको छ । हामीले भन्न चाहिँ 'पहिला देश' भन्ने तर पर्यटनका नाममा विदेशमा करोडौं रुपैयाँ जाने गरेको छ । हामीले अहिले आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु आवश्यक छ ।



**रितेश लामिछाने**

मुलुकलाई समृद्धिको बाटोमा लैजाने महत्वपूर्ण पक्ष भनेको आर्थिक विकास नै हो । आर्थिक विकास नभई समृद्धिको बाटोमा जान सम्भव छैन ।

नेपालमा अहिले तरलता (लगानीयोग्य रकम) को निकै अभाव छ । बैंकको ब्याज निकै बढेको छ । विदेशी विनिमय सञ्चिति घट्दो छ, जसका कारण आवश्यक सामान आयात गर्न प्रतितपत्र (एलसी) खोल्न पनि समस्या देखियो । एलसी खोल्न नपाएपछि सामान आयात रोकियो । हाम्रो आन्तरिक उत्पादन धेरै भएको भए केही फरक पर्ने थिएन ।

नेपाली युवा उद्यमी मञ्च (एनवाईईएफ) को यो वर्षको नारा 'पहिला देश' रहेको छ र हामीले त्यहीअनुसार काम गरिरहेका छौं । यसको उद्देश्य भनेको हामीले नेपालमा उत्पादन गरेका सामान प्रयोग गर्नुपर्छ भन्ने नै हो । हामीले आन्तरिक उत्पादन प्रयोग गरेर अन्य देशसँग भर पर्नुपर्ने बाध्यता हटाउँदै लैजान आवश्यक छ । नेपालको आर्थिक विकासका लागि सबैभन्दा पहिला आन्तरिक उत्पादनको खपत स्वदेशमा नै बढाउनु हो । आन्तरिक उत्पादनको प्रयोग बढाउने हो भने माग बढ्दै जान्छ र उत्पादन पनि बढ्दै जान्छ । जसले गर्दा हामीले आयात कम गर्न सक्छौं । हामीले अब समृद्धिको बाटो तय गर्ने हो भने आन्तरिक उत्पादन बढाउने, प्रयोग बढाउनेतर्फ जानुपर्छ । यो नै अबको अपरिहार्य आवश्यकता हो । यसले हामीलाई आत्मनिर्भर अर्थतन्त्रतर्फ लैजान निकै सहयोग गर्ने छ । यो काम हामीले अहिले नै गर्न सक्छौं । 'मेड इन नेपाल' भन्ने नारालाई नारामा मात्रै नभएर व्यवहारमा पनि सबैले लागू गर्नु आवश्यक छ ।

अहिले नेपालबाट पर्यटनका रूपमा विदेशमा धेरै पैसा गएको छ । हामीले भन्न चाहिँ 'पहिला देश' भन्ने तर पर्यटनका नाममा विदेशमा करोडौं रुपैयाँ जाने गरेको छ । हामीले अहिले आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु आवश्यक छ ।

मञ्चले दुई साताअघि मुस्ताङ लोमान्थाङमा 'नर्थ अफ हिमालयाज' भनेर मोटर र्‍याली गर्‍यो । स्थानीय पर्यटन प्रवर्द्धनका लागि हामीले यो कार्यक्रम आयोजना गरेका हौं । यस्ता कार्यक्रम एक ठाँउमा मात्रै नभएर देशभरि नै आवश्यक छ । नेपालीलाई नेपालमा नै घुमाउनुपर्छ । जसले गर्दा विदेश जाने पैसा नेपालमै खर्च होस् ।

अहिले नेपालमा देखिएको विदेशी विनिमय सञ्चितिको अभाव, तरलता अभावलगायत सबैखाले समस्या केही हदसम्म समाधान गर्न भए पनि आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु आवश्यक छ । देशलाई समृद्धिको बाटोमा लैजाने हो । पर्यटन उद्योगमा पनि ध्यान दिनु आवश्यक छ । पर्यटनका नाममा विदेश जाने पैसा रोकेर आन्तरिक पर्यटन प्रवर्द्धनमा बढावा दिनैपर्छ । यसमा राज्यको पनि चासो हुनुपर्छ । स्रोत र साधन नभएका स्थानीय तहमा स्रोत र साधन पुर्‍याउनु आवश्यक छ ।



## कोरोना पछि

कोरोना महामारीले नेपालमा पर्यटन, आतिथ्य सत्कार, उत्पादनमूलक क्षेत्रलाई निकै असर पारेको छ ।

यीबाहेक क्षेत्रमा असर परेको छ । यस्ता क्षेत्रमा परेको असर न्यूनीकरण गर्दै त्यस्ता क्षेत्रलाई पुरानै अवस्थामा फर्काउने र अझ नयाँ सोच, योजनासाथ अघि बढ्नु आवश्यक छ । त्यसमा सरकारको अग्रसरता आवश्यक छ ।

यसअघि सरकारले यी र यस्ता कतिपय क्षेत्रमा सहुलियत पनि दिएको हो । त्यो सहुलियत पर्याप्त भएन । सरकारले जे अपेक्षासाथ काम गर्‍यो, त्यो पूरा नहुँदै हात झिक्यो ।

प्रतिफल देखिएन भने त्यो लगानीको औचित्य कति होला भन्ने प्रश्न पनि आउन सक्छ । तसर्थ, राज्यले जे सोचेर, जे पाउने अपेक्षा गरेर लगानी गरेको हुन्छ, त्यो पूरा गर्नपर्छ । यस्ता क्षेत्रमा दिर्घकालीन योजना बनाउने हो भने देशलाई समृद्धिको मार्गमा लैजान सजिलो हुन्छ । त्यसका लागि नविनतम सोच आवश्यक छ ।

## रेमिट्यान्स

देशलाई समृद्धिको बाटोमा लैजाने भन्ने अनि युवाजति विदेश गएर हुँदैन । अहिले रोजगारीका लागि विदेश रहेका युवाले पठाएको रेमिट्यान्सले बढी र केही भन्सार राजस्वले देश चलेको छ । यसले सधैं पुग्दैन । देश विकास गर्ने हो भने पर्यटन, आतिथ्य सत्कार, उत्पादनमूलक उद्योगमा लगानी बढाउनैपर्छ । सधैं अरूको भरमा देश चल्दैन ।

काम गर्ने युवा बाहिरमात्रै जाने हो भने यहाँ कसले काम गर्ने? विदेशमा पाउने सेवा सुविधा नेपालमा नै दिने हो भने विदेश नै विकल्प होइन । त्यसतर्फ राज्यको ध्यान जान धेरै ढिला भएको छ । देश विकास गर्न श्रमशक्ति आवश्यक पर्छ । अहिले नेपालमा भएका श्रमशक्ति, युवाशक्ति विदेशिनुपर्ने बाध्यता रहेको छ । उनीहरूलाई स्वदेशमा नै रोजगारी दिनुपर्छ ।

नेपालमा उत्पादन बढाउने हो भने राज्यले अहिलेको अवस्थामा भन्सारमा अनुदान वा छुट दिने कि? (जसले गर्दा काम गर्न राज्यले हामीलाई सहयोग गरेको छ भनेर उत्साह बढोस्), नेपालमा आयात हुने कच्चापदार्थमा केही सहुलियत दिन सकिन्छ कि? त्यसतर्फ राज्यले ध्यान दिने बेला भएको छ । जसले गर्दा काम गर्न उत्साह बढोस् ।

## नयाँ बन्ने सरकार र समृद्धिको यात्रा

आमनिर्वाचनपछि आएको मतपरिणाम हेर्दा मानिसमा धेरै नै आसा देखिएको छ । सबैको ध्यान युवापुस्तामा परेको छ । नेपालमा ४१ प्रतिशत युवा छन् । अब भने देशले नीति निर्माण तहमा पनि धेरै नै युवा पाएको छ । अहिलेसम्म नेपालमा स्थिर नीति छैन । यो समस्या हो । छोटो-छोटो समयमा सरकार परिवर्तन हुने गरेको छ । नेपालका राजनीतिक दलले देशलाई आर्थिक विकासमा लैजानुभन्दा पनि आन्तरिक किचलोतर्फ मात्रै लैजाने काम भयो । भैतिक पूर्वाधारमा पर्याप्त काम हुन सकेको छैन । अन्य क्षेत्रमा पनि अवस्था उस्तै छ । सबैतिर निराशामात्रै देखेर युवामा सबैको ध्यान गएको हो ।

अहिले सबै राजनीतिक दलले आफूसँग भएका युवालाई अग्रसर गराउने समय आएको छ । अबको समयमा युवाको सोच, योजना अघि ल्याएर काम गर्ने बेला आएको छ । अहिलेसम्मको व्यवस्थाले निजी क्षेत्र निकै

निराश छ । राजनीतिक क्षेत्रमा युवाको प्रवेशले केही सुधारको अपेक्षा गर्न सकिन्छ । सबैको ध्यान भनेको देशलाई कसरी समृद्ध बनाउने भन्नेतर्फ हुनुपर्छ । त्यही अनुसार ऐन, कानुन निर्माण गर्नु आवश्यक छ । भौतिक पूर्वाधार पनि त्यहीअनुसार बनाउनुपर्छ । काम गर्ने वातावरण पनि त्यहीअनुसार हुनु आवश्यक छ । त्यसका लागि धेरै ढिला भएको छ । यो काम गर्ने बेला हो । देश विकास गर्न राजनीतिक दलले ल्याएका घोषणापत्र पूर्णरूपमा कार्यान्वयन गर्ने हो भने पनि पर्याप्त हुनेछ ।

## कृषि क्रान्ति

नेपाल कृषिप्रधान देश हो । कृषिप्रधान भनेर पुरानै शैलीमा चलिरहेको छ । कृषिमा युवाको प्रत्यक्ष संलग्नता कम छ । प्रविधि भित्रिन सकेको छैन । कृषि क्षेत्रलाई प्राथमिकता दिने भनेर राज्यले सहुलियतपूर्ण कर्जा दिने भनेको छ । त्यो पाउन धेरै गाह्रो छ । त्यो लिन लाग्ने झन्झट र समय सम्झेर आफूसँग भएको जायजेथा बिक्री गरेर आएको पैसा लगानी गर्नुपर्ने अवस्था छ । यसका लागि सहज सेवा लिने व्यवस्था गर्ने हो भने यसतर्फ राम्रो काम गर्नेको अपेक्षा बढ्ने थियो । उक्त पैसा राम्रो काममा सदुपयोग हुने थियो ।

सरकारले कृषि क्षेत्रको विकास गर्ने हो भने सीप विकासका लागि खर्च गर्नु आवश्यक छ । सीप विकास र तालिमका लागि बजेट जाने पनि गरेको छ । तर, गाँउ-गाँउमा आवश्यक तालिम जान सकेको छैन । अहिले त्यो शीर्षकमा जाने बजेट अन्यत्र प्रयोग भइरहेको छ । यसमा प्रदेश र स्थानीय सरकारले अझै बढी काम गर्न सक्नेछन् । जसले गर्दा नेपालमा उत्पादन हुने वस्तु आयात गर्न नपरोस् । त्यसो भयो भने नेपालले क्रमैसँग समृद्धिको बाटो तय गर्ने छ ।

सरकारले कृषि क्षेत्रको विकास गर्ने हो भने सीप विकासका लागि खर्च गर्नु आवश्यक छ । सीप विकास र तालिमका लागि बजेट जाने पनि गरेको छ । तर, गाँउ-गाँउमा आवश्यक तालिम जान सकेको छैन ।

कुनै मानिसमा 'स्टार्टअप' का लागि नयाँ योजना छ भने त्यसलाई मञ्चले सहयोग गर्छ । हामीसँग त्यो क्षमता छ । हामीसँग भएको क्षमता प्रयोग गर्न सरकार चाहन्छ भने पनि हामी तयार छौं । राज्यले गर्ने काममा होस्टेमा हैंसे गर्न हामी तयार छौं । कृषि क्रान्तिका लागि आधुनिक उपकरण ल्याउनु आवश्यक छ । नेपालबाट निर्यात हुने हस्तकला सामग्रीमा सहुलियत दिनु आवश्यक छ ।

यो देश विकास गर्ने हो भने युवाको आवाज राज्यले सुन्नु आवश्यक छ । युवाको योजना कार्यान्वयन गर्नु आवश्यक छ । राज्यले लिने विभिन्न सुझावका समयमा नेपाली युवा उद्यमी मञ्चलाई पनि राज्यले सम्झनु आवश्यक छ ।

अहिलेको समय भनेको सूचना र प्रविधिको समय हो । अहिले हामीले प्रविधि प्रयोग गरेर धेरै काम एकै ठाँउ बसेर वा धेरै परिश्रम नगरी काम गर्न सक्छौं । यसतर्फ राज्यको ध्यान जानु आवश्यक छ । प्रविधि प्रयोग गरेर काम गर्ने हो भने थोरै लागतमा धेरै लाभ लिन सकिन्छ । अहिले उद्योगी-व्यवसायीले यसको प्रयोग बढाएका छन् । यो विषयमा निजी क्षेत्रमा निकै चर्चा हुने गरेको छ । युवा पुस्ताले यसलाई अझै नयाँ सोचसाथ काम गर्न खोजिरहेको छ । त्यसका लागि उद्योग वाणिज्य महासंघले पनि सहयोग गर्ने गरेको छ । अहिलेका अध्यक्ष शेखर गोल्छाले युवाको कुरा सुन्ने, युवाको 'आइडिया' सुन्ने र प्रयोगमा चासो देखाउने, काम गर्न प्रोत्साहन पनि गरिरहनुभएको छ । नयाँ-नयाँ प्रविधिबारे आइडिया 'सेयर' हुने गरेको छ । यसले युवालाई उत्साहित पनि गर्ने गरेको छ ।

राज्यले पनि युवा पुस्तालाई विश्वास गर्नु आवश्यक छ । अब पनि पुरानो मानिसकिता राखेर काम गरेर हुँदैन । विदेशमा यसको अभ्यास निकै राम्रो छ । नेपालमा युवा उद्यमशिलता राम्रोसँग विकास नहुनुको अर्को समस्या भनेको यो पनि हो । हरेक नीति निर्माण, बजेट निर्माणलगायत काममा युवा सहभागिता हुनु आवश्यक छ । त्यो भयो भने युवाले पुरानो पुस्ताको अनुभव लिने र उहाँहरूले युवाको नयाँ योजना सुन्न पाउनुहुने छ । त्यो कुरा व्यवहारमा कार्यान्वयन हुने हो भने यो देश समृद्धितर्फ जान निकै सहयोग पुग्ने छ ।

*(लामिछाने नेपाली युवा उद्यमी मञ्चका अध्यक्ष हुन् ।)*



# समसामयिक अर्थतन्त्रको चरित्र : मूल्य र ऋण चापदेखि 'स्ट्यागफ्लेसन' सम्म

अहिले नेपालबाट पर्यटनका रूपमा विदेशमा धेरै पैसा गएको छ । हामीले भन्न चाहिँ 'पहिला देश' भन्ने तर पर्यटनका नाममा विदेशमा करोडौं रुपैयाँ जाने गरेको छ । हामीले अहिले आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु आवश्यक छ ।



डा. स्वर्णिम वाग्ले

हाम्रो सरोकारका तीनवटै आर्थिक मञ्च (विश्व, दक्षिण एसिया र नेपाल) अहिले असहज अवस्थामा छन् । अमेरिका र युरोपजस्ता विश्वका ठूला अर्थतन्त्र कोभिड महामारीको असरबाट उम्कन, तंग्रन खोज्दैछन् । यही बेला रूस र युक्रेन युद्धका कारण ऊर्जा, इन्धन र खाद्यान्न मूल्यमा भारी वृद्धि भएको छ । रूस र युक्रेनले विश्वकै २५ प्रतिशत खाद्यान्न उत्पादन गर्छन् भने नाइट्रोजन मलको पहिलो अनि तेलको तेस्रो ठूलो निर्यातक राष्ट्र पनि रूस भएकाले यस क्षेत्रीय युद्धको विश्वव्यापी असर देखिएको हो । उता, चीन पनि अधकल्चो अवस्थामै छ । महामारी नियन्त्रणको सख्त नियम अझै नहटेका कारण चीनको भूमिका अहम् भएकाले धेरै विश्वव्यापी आपूर्ति शृंखला खल्बलिएका छन् ।

रूस-युक्रेन युद्ध र कोभिडको समयमा अपनाइएको विस्तारवादी वित्त नीति र थामिएर रहेको माग खुकुलो हुने बित्तिकै चर्केको मूल्यवृद्धिका कारण धनी राष्ट्रहरु अहिले कसिलो मौद्रिक नीतिको अभ्यासमा छन् । ब्याजदर बढ्ने र अमेरिकी डलरको अधिमूल्यन भइरहेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको पछिल्लो प्रक्षेपणअनुसार सन् २०२३ मा विश्वको आर्थिक वृद्धिदर २.७ प्रतिशतमा सीमित हुनेछ । २०२३ मा ४० प्रतिशत विकासशील मुलुकमा प्रतिव्यक्ति आय कोभिडअघिको समयभन्दा कम हुने आँकलन छ । आपूर्ति शृंखलामा भइरहेको उथलपुथल, चिनियाँ अर्थतन्त्रमा आएको सुस्तता, ऊर्जा र खाद्यान्नमा भइरहेको मूल्यवृद्धि तथा ब्याजदरको सामान्यीकरण विश्वअर्थतन्त्रमा अहिले देखिएका मुख्य समस्या हुन् ।

एकैपटक उच्च मूल्यवृद्धि र न्यून आर्थिक वृद्धिको संकट (स्ट्यागफ्लेसन) ५० वर्षअघि पनि देखिएको थियो । त्यतिबेला मुद्रास्फीतिलाई काबुमा राख्न ब्याजदर बढाइएको थियो र अमेरिकालगायत ठूला अर्थतन्त्र मन्दीमा फस्दै गर्दा धेरै दक्षिण अमेरिकी मुलुकमा सार्वभौमिक ऋण धान्नै नसक्ने बिन्दुमा पुगेको थियो । अहिले पनि धेरैको डर छ, 'के हामीले स्ट्यागफ्लेसनकै पुनरावृत्ति देख्न लागेका हौं?'

तेलको मूल्य त्यतिबेला १९७३ देखि १९७४ मा चार गुणाले बढेको थियो । १९७९ देखि १९८० सम्म फेरि दोब्बर भएको थियो । अहिले इन्धनको मूल्य बढे पनि १९७० को दशकको जस्तो अचाक्ली भएको छैन । पहिलेको तुलनामा मौद्रिक नीतिहरु परिपक्व र विश्वसनीय छन् र दिर्घकालीन आँकलनको संयोजन गर्न सकिने भएको छ । आपूर्ति र मागका जुन झट्का छन्, अहिलेका नयाँ प्रविधि र पुँजी प्रवाहले केही हदसम्मको

व्यवस्थापन गर्न सक्ने क्षमता पनि विकास भएकै छ ।

इन्धन र खाद्यान्नको मूल्य जसरी बढ्यो, त्यसलाई कसरी नियन्त्रण गर्ने भन्ने अहिलेको विश्वव्यापी चुनौती हो । कोभिडका समयमा लचिलो र उदार वित्तीय नीति अपनाइयो संसारभरि । घाटाको बजेट बनाउने, त्यही घाटा बजेटलाई मौद्रिकीकरण गर्ने, जनतामा पनि धेरै नगद अनुदान दिनेजस्ता कामले गर्दा सार्वभौम ऋण बढिरहेको छ । यसलाई पनि खण्ड-खण्डमा होइन कि संयुक्तरूपमा सम्बोधन गर्नुपर्ने तर्क बलियो भएको छ ।

दक्षिण एसियामा पनि वाह्य संकटले आन्तरिक समस्या चर्काइरहेको छ । जोखिममा परेका अर्थतन्त्र श्रीलंका, पाकिस्तान र माल्दिभ्स हुन् भने भारत, बंगलादेश र नेपाल सापेक्षिकरूपमा सुरक्षित छन् । अध्ययन गर्दा के देखिन्छ भने भारत, नेपाल र बंगलादेशको कूल गार्हस्थ उत्पादन (जिडिपी) को अनुपातमा सार्वजनिक ऋण असन्तुलित र नियन्त्रण बाहिर छैन । सार्वजनिक ऋणले ल्याउने समस्या समाधानका लागि आवश्यक वित्तीय 'स्पेस' सुविधाजनक नै छ । तरलता र ऋण भुक्तानी चाप न्यून, सुविधाजनक विदेशी मुद्रा सञ्चिति नै रह्यो त्यसबीचमा । कम्तिमा पाँच/६ महिनाको आयात धान्न सक्नेमा हामी थियौं ।

जोखिममा परेका मुलुकहरु मुख्यतः श्रीलंका र पाकिस्तानमा खराब आर्थिक नीति र कुशासन जेलियो । उनीहरूले गैरजिम्मेवार किसिमले ऋण लिए र विधि नपुऱ्याइ कमसल सार्वजनिक परियोजनामा खन्याए । निजी ऋणदाताबाट उठाएको वाह्य ऋणको अंश पनि बढ्दै गयो । श्रीलंकामै १५ वर्षअघि निजी स्रोतबाट 'बन्ड' निकासा गरेर उठाएको ऋण झन्डै शून्य थियो भने अहिले ४० प्रतिशत नाघेको छ । यस्ता ऋणदाता निर्मम हुन्छन्, नीतिगत विचलन हुनासाथ तिनले सजाय दिन्छन् । नेपालको त सार्वभौमिक 'क्रेडिट रेटिङ' नै नभएकाले त्यस्तो ऋण लिने हैसियत पनि बनेको छैन ।

श्रीलंकाको उदाहरण हामीलाई पनि शिक्षाप्रद छ । आर्थिक सूचक र स्वरूपमा होइन, कुशासन र नीतिगत कच्चापनमा हामी पनि श्रीलंकाजस्तै देखिन्छौं । खराब आर्थिक अनुशासन र शासकीय आडम्बरले कसरी अर्थतन्त्र धरापमा परे भन्नेबारे म पाँचवटा प्रसङ्ग उल्लेख गर्छु ।

पहिलो, जथाभाबी विदेशी ऋण लिएर पूर्वाधारमा गरिएको ठूलो लगानी । दोस्रो, करलगायत आर्थिक नीति अवलम्बनमा गरिएको दुस्साहस । तेस्रो, अर्गानिक कृषिको हठात घोषणा । चौथो, बजेट घाटालाई पैसा छापेर पूर्ति गर्ने नीति र पाँचौं, अन्तर्राष्ट्रिय प्रतिकूलता ।

पहिलो समस्यामाथि कुरा गर्दा, श्रीलंकाले जस्तोसुकै ऋण जुनसुकै सर्तमा लिएर पूर्वाधारमा लगानीमार्फत आर्थिक विकास गर्छु भन्ने खोटपूर्ण नीति लियो । खोटपूर्ण कुन कारणले भने, पूर्वाधार क्षेत्रमा भएको लगानीले आर्थिक वृद्धि गराएको छ तर त्यसको सकारात्मक प्रभाव विदेश निर्यातमा देखिएन ।

दोस्रो गल्ती, २०१९ मा राजापाक्ष दाजुभाइ चुनाव जितेर आएको एक हप्तामै करका दर नाटकीयरूपमा एकाएक घटाइदिए । मूल्य अभिवृद्धि कर (भ्याट) १५ प्रतिशतबाट ८ प्रतिशतमा झारिदिए । भ्याट लाग्ने कारोबारको 'थ्रेसहोल्ड' ३० गुणाले बढाइदिए । त्यस्तै व्यक्तिगत कायकर २४ प्रतिशतबाट घटाएर १८ प्रतिशतमा झारिदिए । र, कर तिर्नु नपर्ने आम्दानीलाई ५ लाख रूपीबाट बढाएर ३० लाख पुऱ्याइदिए । त्यस्तै व्यावसायिक करको दर २८ प्रतिशतबाट २४ मा झारियो । यसरी कर छुट दिंदा आसेपासे (क्रोनिज) खुसी हुने भए । यसको असरका रूपमा एकैचोटि ३० प्रतिशतले राजस्व घट्यो । राजस्व घटेपछि केन्द्रीय बैंकलाई पैसा छाप्न लगाइयो जसलाई सिनियोराज भनिन्छ ।

तेस्रो कारण भनेको, श्रीलंकाजस्तो देशमा पनि सनकको राज चुलियो । बिना कुनै अध्ययन रासायनिक मलको प्रयोगमा बन्देज लगाइ कृषिलाई पूर्णअर्गानिक बनाउने नीति लिइयो । कृषि उत्पादन झन्डै एक तिहाइले घट्यो ।

श्रीलंकाले गरेको चौथो गल्ती भनेको, सरकारले जे भन्यो त्यही मान्ने गभर्नर भएपछि पैसा छापेर बजेट घाटा पूर्ति गर्न भनियो । आफ्नै परिवर्त्य मुद्रा निस्कासन गर्ने क्षमता छ भने पैसा छापेर अलिकति बजेट फाइनान्सिङ गर्न सकिन्छ । डलर, युरो, येनजस्ता मुद्रा हो भने अझ सजिलो । बजेट घाटा पूर्ति गर्न धेरै पैसा प्रवाह गरेपछि विनिमय दरमा असर गऱ्यो ।

पाँचौं समस्या चाहिं अन्तर्राष्ट्रिय प्रतिकूलताले थोपरेको हो । २०१९ को आतंककारी हमलाका कारण पर्यटन क्षेत्र खस्कियो । महामारीका कारण निर्यात र रेमिट्यान्स पनि घटेपछि त्यसको असर देखियो । यी पाँच समस्या एकैचोटि आउँदा विदेशी मुद्रा सञ्चिति स्वाट्टै घट्यो तर ऋणको दायित्व बढ्दै गयो । वित्तीय अराजकता बढ्दै गएपछि क्रेडिट रेटिङ एजेन्सीहरूले सजाय दिए भनौं । अन्तर्राष्ट्रिय वित्तीय स्रोतको टुटी त्यसपछि बन्द भएको हो ।

अब अन्त्यमा नेपालतिर आऔं । मेरो संस्था 'आइआइडिएस' मा डा. विश्वास गौचनको अगुवाइमा भएको शोधले अहिलेको असहज अवस्थाको जडमा दुई दशकदेखि बाक्लिँदै गएको विप्रेषण, कर्जा, आयात र जग्गाको संरचनात्मक दुष्चक्र रहेको देखाएको छ ।

विप्रेषणका कारण आमनागरिकको आय बढेर वस्तु तथा सेवाको माग बढ्नु, बैंकिङ क्षेत्रबाट सहजरूपमा कर्जा प्राप्त हुनु, उपभोग्य वस्तु आपूर्तिका लागि आयात बढ्नु र सहज कर्जाकै कारण लगानी जति जग्गामा हुँदा हामी अहिले जोखिमपूर्ण अवस्थामा छौं । अर्थतन्त्रको वार्षिक 'नोमिनल' वृद्धि १२/१३ प्रतिशत हुने तर विस्तारवादी मौद्रिक नीतिका कारण कर्जाको वृद्धि २०/२२ प्रतिशतले हुँदा केही वर्षभित्रै निजी कर्जाको आकार जिडिपीसरह नै पुग्नु खतराको घन्टी बज्नु हो । केही वस्तु आयातमा छोटो समय रोक लगाएर कडा मौद्रिक नीतिमार्फत कर्जा प्रवाह कसिलो बनाउनैपर्ने बाध्यताले अहिले ब्याजदर बढ्ने र साना उद्यमी-व्यवसायी भयभित छन् र संशयको चरणबाट गुज्रिएका छन् । १ करोडभन्दा कम ऋण लिएकालाई आधारदरमा २ प्रतिशतभन्दा बढी प्रिमियम लिन नपाइने भनेर केही राहत दिए पनि अब आ-आफ्नो 'ब्यालेन्स सिट' र नगद प्रवाहको स्वमूल्यांकन गर्दै कर्जामाथिको अत्यधिक निर्भरता घटाउँदै लानुपर्ने निचोड हाम्रो छ ।

अघिल्लो दशकजस्तो विप्रेषणको भरमा उपभोग भनेकै आयात र लगानी भनेकै घरजग्गा जस्तो बहेको अर्थतन्त्रको चरित्रमा अब 'ब्रेक' लाग्नुपर्ने छ । र, २०७९ को आमनिर्वाचनपछि बन्ने नयाँ सरकारको ध्यान गहिरा संरचनात्मक सुधारमार्फत आन्तरिक उत्पादन र प्रतिस्पर्धी क्षमता वृद्धिमै केन्द्रित गर्नुपर्ने अपरिहार्यता छ ।

*(डा. वाग्ले राष्ट्रिय योजना आयोगका पूर्वअध्यक्ष तथा अर्थशास्त्री हुन् ।)*

# नेपालमा आर्थिक वृद्धि र विकासको सम्भावना

अहिले नेपालबाट पर्यटनका रूपमा विदेशमा धेरै पैसा गएको छ । हामीले भन्न चाहिँ 'पहिला देश' भन्ने तर पर्यटनका नाममा विदेशमा करोडौं रुपैयाँ जाने गरेको छ । हामीले अहिले आन्तरिक पर्यटन प्रवर्द्धन गर्नु आवश्यक छ ।



डा. समीर खतिवडा

नेपालमा संघीय संसद् र प्रदेश सभाहरूको निर्वाचन सम्पन्न भएको छ र सरकार निर्माणको दौड तीव्र गतिमा चलिरहेको छ । यस सन्दर्भमा नयाँ सरकारका लागि केकस्ता आर्थिक चुनौतीहरु देखापर्छन् भन्ने चर्चा गरौं । विद्यमान चुनौतीहरूको गहिरो बुझाइ आगामी पाँच बर्षका लागि यथार्थपरक र प्रेरक आर्थिक नीति तर्जुमाका लागि महत्वपूर्ण रहन्छ । खासगरी नेपालको अर्थतन्त्र वृद्धि गर्न र युवाहरूका लागि रोजगारीका अवसर सृजना गर्न त्यस्ता नीतिहरू योगदान गर्दछन् ।

नयाँ सरकारले खासगरी दुईवटा चुनौतीहरु सामाना गर्नुपर्ने देखिन्छ : १) सरकार गठन लगत्तैका केही महिनाहरूमा सम्बोधन गरिहाल्नुपर्ने बृहत आर्थिक चुनौतीहरु, २) आर्थिक समृद्धि र रोजगारी सृजनाका लागि मध्यकालीन र दीर्घकालीन संरचनात्मक चुनौतीहरु । धेरैजसो चुनौतीहरु त थाहा भएकै हुन् । तसर्थ यस आलेखमा म समाधानका पक्षहरूमा केन्द्रित रहनेछु ।

तत्कालका बृहत आर्थिक चुनौतीहरूमा घट्दो वैदेशिक मुद्रा सञ्चिति, बढ्दो मुद्रास्फिति (खाद्यान्न र तेलको मुल्यसहित), बढ्दो ब्याजदर (ऋणमा), चिन्ताजनक वित्तीय सन्तुलन (न्यून राजस्व र उच्च खर्च) र चालु खाता सन्तुलनमा आएको गिरावट आदि पर्दछन् । यीमध्ये कतिपय चुनौतीहरु संरचनात्मक चुनौतीहरूका सूचक हुन् । तर मुद्रास्फीति र ब्याजदरका समस्याहरु भने तत्कालिक हुन् । शुरूमा नेपाल राष्ट्र बैंकले हालै लिएको कसिलो मौद्रिक नीति बढ्दो महँगीको सन्दर्भमा आवश्यक थियो भन्ने बुझ्न जरूरी छ ।

अघिल्लो आर्थिक बर्षको अन्त्यमा आइपुग्दा उपभोक्ता मूल्य सुचकांक ८.०८ प्रतिशत कायम रह्यो, जुन अघिल्लो बर्षको सोही बिन्दुमा ४.१९ प्रतिशत थियो । इन्धन र खाद्यपदार्थको विश्वव्यापी मुल्यवृद्धि, आपुर्ति प्रणालीमा आएको अवरोध र अमेरिकी डलरको तुलनामा नेपाली मुद्रा कमजोर हुनुजस्ता कारणहरूले महँगीको चाप उच्च भएको छ । नेपालमा बढ्दो महँगीले गरिबहरूलाई सबैभन्दा मारमा पारेको छ । घिउतेल, दुग्धजन्य पदार्थ र अण्डा, दाल तथा गेडागुडीको मुल्य १० देखि २३ प्रतिशतको हाराहारीमा वृद्धि भएको छ ।

नेपाल राष्ट्र बैंकसहित यस क्षेत्रका धेरै केन्द्रीय बैंकहरूले मुद्रास्फीति नियन्त्रण र वित्तिय सन्तुलन कायम राख्न ब्याजदर बढाउन शुरू गरेका छन् । नेपाल राष्ट्र बैंकको नयाँ मौद्रिक नीति २०७९/८० ले बढ्दो मुद्रास्फीति नियन्त्रण गर्न थप कसिलो कदम उठाएको छ । यसले 'विस्तृत मुद्राप्रदाय' र निजी क्षेत्रमा प्रवाह हुने कर्जा क्रमशः १२ देखि १२.६ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरेको छ । यो मुद्राप्रदाय र निजी क्षेत्रमा प्रवाह हुने कर्जाको हकमा महामारीको समयमा लिइएको विस्तारवादी नीतिको तुलनामा न्युन लक्ष्य हो । यद्यपि बढ्दो महँगीको सन्दर्भमा

यस प्रकारको नीति स्वागतयोग्य छ ।

नेपाल राष्ट्र बैंकले लिएको कसिलो मौद्रिक नीतिको कारण व्यवसाय र साना उद्यमहरूका लागि ब्याजदर उच्च भएको छ । यो अपेक्षित नै थियो । यसबाट साना व्यवसायहरु पनि प्रभावित भएका छन् भने सरकारले लघु, साना र मध्यम उद्यमका लागि लक्षित काम थाल्नुपर्छ । यस्ता उपायहरूलाई खासगरी विश्वव्यापी मुल्य श्रृंखलामा जोडिएका निर्यातजन्य उद्योगहरूका लागि तय गरिनुपर्छ । लघु, साना र मध्यम उद्यमको संरक्षणको अर्को उद्देश्य के हो यस्तो उद्यमहरु नेपालमा दुईतिहाइ रोजगारी सृजना गर्ने स्रोत हुन् । यसका बाबजुद, लघु, साना र मध्यम उद्यमलाई संरक्षण गर्ने नाममा नेपाल राष्ट्र बैंक कसिलो मौद्रिक नीतिबाट पछाडि फर्कन भने हुँदैन ।

सामान्यतया, बृहत अर्थतन्त्रमा तत्कालीन रूपमा देखिएका चुनौतीहरु सामना गर्न नेपाल राष्ट्र बैंक र अर्थ मन्त्रालयबीच समन्वय आवश्यक हुन्छ । हामीले कोभिड १९ महामारीबाट उत्पादन संकुचन, रोजगारीको गिरावट र वित्तीय उथलपुथलबाट अर्थतन्त्रलाई जोगाउन मौद्रिक नीति र आर्थिक नीति आफैंमा पर्याप्त नहुने बुझिसकेका छौं । सफल नीतिगत व्यवस्थाका लागि मौद्रिक र आर्थिक दुवै नीतिहरूले एकअर्काका लागि सही ढंगले काम गर्ने ठाउँ सृजना गर्न आवश्यक देखिएको छ ।

तात्कालीन चासोबाट अलिक पर निस्कँदा, नेपालको संरचनागत चुनौतीहरु एउटा गहिरो चासोसम्म पुग्छः नेपालमा देखिएको रोजगारीको अवसरहरूको दीर्घकालीन अभावको अवस्था । यो पहिलो चुनौतीलाई सम्बोधन गर्न नेपालको उत्पादनमूलक उद्योगलाई पुनर्जीवन दिन आवश्यक छ । तर, हामीले यसलाई दीगो रूपमा गर्न पर्छ । हामीले आर्थिक वृद्धि र रोजगारी सृजनाका लागि वातावरणलाई विनास पुऱ्याएका देशहरूको बाटो अवलम्बन गर्न हुन्न ।

कोभिड १९ महामारीले हामीलाई वातावरण र जनस्वास्थ्यको बीचमा बलियो सम्बन्ध रहेको कुरा सिकाइसकेको छ । हालैको अध्ययनले कोभिड–१९ सहित सबैजसो महामारीहरु जनावरमा पाइने सूक्ष्म जिवाणुका कारण हुने र मानिसमा सर्ने देखाएको छ । यो जंगली जनावरसँगको निकटताबाट सर्छ । तिव्र र योजनाविहीन शहरीकरण, बनविनास र वातावरणीय क्षयीकरणले नेपाललाई भविष्यमा आउनसक्ने महामारीको जोखिममा पारेको छ ।

नयाँ सरकारले नेपालको विकासमा निजी क्षेत्रले खेल्ने भुमिकालाई बढावा दिन जरूरी छ । गतिशील व्यावसायिक क्षेत्र र फस्टाउँदो उद्योगहरूबिना कुनै पनि देश कहिल्यै पनि धनी भएका छैनन् । सरकारले देशलाई धनी बनाउने होइन । यति मात्रै हो कि सरकारले देश धनी हुने वातावरण सृजना गर्न भने सक्छ । अर्थतन्त्र कसरी वृद्धि हुन्छ र कस्तो प्रकारको रोजगारीका अवसरहरु सृजना भएका छन् भन्ने तय गर्ने मुलतः निजी क्षेत्र नै हो ।

आजको अवस्थामा नेपालले रोजगारी सृजना मात्र भन्दा पनि 'हरित रोजगारी' (ग्रीन जब्स्) सृजना गर्नेतर्फ जोड दिनुपर्छ । जेनेभास्थित अन्तराष्ट्रिय श्रम संगठनका अनुसार ग्रीन जब्सले उद्यम र आर्थिक क्षेत्रको वातावरणीय प्रभाव न्युन गर्छ र त्यस्ता रोजगारीका अवसरहरूलाई समावेश गर्छ जसले पर्यावरण र जैविक विविधतालाई लक्षित गर्छ; उर्जा, सामग्री र पानी उपभोगलाई कम गर्छ; अर्थतन्त्रको डिकार्बनाईज गर्छ; र सबै प्रकारका फोहोर र प्रदुषणलाई न्युनीकरण गर्छ । मध्यम तथा दीर्घकालीन (२ देखि ५ बर्ष) रूपमा रोजगारी सृजनाको बृहत उद्देश्यका साथ नेपाल तीनवटा खास क्षेत्रहरूमा केन्द्रित रहन आवश्यक छ ।

१. जलवायु परिवर्तनमा नेपालको उत्थानशीलता (रेसिलियन्स) अभिवृद्धि गर्न ग्रीन लगानी र ग्रीन रोजगारीको सृजनाः यसअन्तर्गत शहरी विकास योजना र विकासका कुराहरूसहित हरित पूर्वाधारमा लगानी जस्ता कुराहरु समेटिन्छन् । यसमा पानी, ढल, निकाससँग सम्बन्धित पूर्वाधारमा लगानीका कुराहरू पनि पर्छन् ।
२. नेपालको आर्थिक प्रतिस्पर्धीपन र वृद्धि र उत्पादनशील क्षेत्रलाई पुनर्जीवन दिन नीतिहरुः सडक, राजमार्ग र विमानस्थलमा गरिने लगानीले उद्योगहरूको वृद्धि र बजारसम्म पहुँचमा सहजता हुन्छ । नयाँ सरकार औद्योगिकीकरणमा पुनः केन्द्रित हुन आवश्यक छ । यस सन्दर्भमा नेपालमा हालै सिमेन्ट, फलामे डण्डी र विद्युत् उत्पादनमा भएका सफलताहरूबाट लाभ लिन पनि आवश्यक छ ।
३. जनशक्तिमा लगानीः खासगरी उच्च शिक्षा र तालिममा गुणस्तरसहित शिक्षामा केन्द्रित हुन जरूरी छ । यदि नेपालले वैदेशिक लगानी आकर्षित गर्न चाहने र उद्योग विस्तार गर्ने हो भने देशमा खासगरी नयाँ रोजगारीमा प्रवेश गर्न र नयाँनयाँ विकास भइरहेका पेशाहरूका लागि सीपयुक्त कामदार हुन आवश्यक छ ।

यहाँ उल्लेखीत तीन वटा क्षेत्रहरूलाई तल बुझाउने प्रयास गरिएको छ ।

### १. जलवायु परिवर्तनमा नेपालको उत्थानशीलता (रेसिलियन्स) अभिवृद्धि गर्न ग्रीन लगानी र ग्रीन रोजगारीको सृजना

मौसमसँग सम्बन्धित घटनाक्रम नियमित र तीव्र भएकै समयमा कोप २७ आयोजना भयो । जलवायु परिवर्तनको सन्दर्भमा नेपालजस्ता देशहरु अग्रस्थानमा छन् । तथ्यगत रूपमै विश्व ग्रीनहाउस ग्याँस उत्सर्जनमा नेपालको जम्मा ०.०२७ प्रतिशत मात्र योगदान छ । यद्यपि, नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा छ । नेपाल भुकम्पीय हिसावले पनि उच्च जोखिममा छ र यहाँको मनसुन जलवायु र हिमाली भुबनावटले गर्दा भुक्षयीकरण र पहिरोजस्ता मौसमजन्य जोखिम पनि उच्च छ ।

योजनाबिनाको विकासले पनि नेपालको प्राकृतिक वातावरणमा अत्यधिक चाप परेको छ । यहाँको शहरी विकासको दौरानमा जमिनमुनिको पानीलाई अत्यधिक दोहन गरिएको छ । वायुमण्डल र खोलानाला प्रदुषित छन् र उर्बर माटो भएका र जमिनमुनीको पानी आउने ठाउँहरूमा निर्माणका काम भएका छन् । अब बन्ने नयाँ सरकारले यी समस्याहरु सम्बोधन गर्न र सुधारिएको प्रारम्भिक चेतावनी प्रणाली विकास गर्न सुधारिएको योजना र समन्वयमा लगानी गर्नुपर्छ । विपद्को तयारी र राहत तथा पुनर्निमाणमा क्षमता अभिवृद्धिमा समेत लगानी गर्न आवश्यक छ । सबैभन्दा महत्वपुर्ण रूपमा, शहरी विकास र सार्वजनिक लगानी हरित र दरिलो पूर्वाधार विकासमा केन्द्रित हुन आवश्यक छ ।

नेपालले जलवायु परिवर्तनको सामना गर्न सार्वजनिक कार्यहरु कार्यक्रम (पब्लिक वर्क्स प्रोगाम) शुरू गर्नसक्छ । यसमा हाम्रा

राष्ट्रिय निकुञ्जहरूको संरक्षण, खोलानाला र तालतलाउको सफाइ र हरित रोजगारीको सृजनालगायतका कामहरु पर्दछन् । हाल सञ्चालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई हरित रोजगार कार्यक्रममा बदल्न पनि सकिन्छ । हामीले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निम्न तहको श्रममा आधारित मात्र नभई मध्यम तथा उच्च सीपका रोजगारीको रूपमा पनि सोच्न सक्छौं ।

यस्तो खालको हरित रोजगार कार्यक्रमका सफलताका लागि निजी क्षेत्रको सहभागिता अत्यावश्यक हुन्छ । लघु तथा मध्यम उद्यमहरूलाई रोजगारी सृजनाको शर्तमा विशेष ग्राह्यता दिन सकिन्छ । नेपालको वन्यजन्तु संरक्षण र वन विभागलाई थप जनशक्ति भर्ना र परिचालनको लागि थप स्रोत सुनिश्चित गरिनुपर्छ ।

विश्व बैंकले हालै कालीगण्डकी जलाधार आयोजनामा गरेको अध्ययनले हरित सार्वजनिक कार्य कार्यक्रम (पब्लिक वर्कस् पोग्राम) ले थुप्रै सीपहरूमा आधारित रोजगारी सृजना गर्नसक्ने देखाएको छ । तयारीका साथ तय गरिएको बनजंगल र जलाधार व्यवस्थापनले आर्थिक क्षेत्र जस्तै कृषि, जलविद्युत, सडक, खानेपानी आपुर्ति, र विपद जोखिम व्यवस्थापनमा लाभ पुग्ने देखिन्छ । विश्व बैंकले नै गरेको लागत-लाभ विश्लेषणले यस्ता आयोजनाहरूको लगानीभन्दा प्रतिफल उच्च रहने देखिएको छ । ग्रीन पब्लिक वर्कस् प्रोगामले लगानीभन्दा केही गुणा बढी वित्तीय गुणकहरु सृजना गर्नसक्ने प्रमाणहरु समेत छ ।

व्यापक र देशव्यापी ग्रीन जब्स प्रोगाम नेपालको लागि गेमचेन्जर बन्नसक्छ । अल्पकालीन रूपमा यसले नेपालका युवाहरूलाई रोजगारी प्रदान गर्दछ र विभिन्न क्षेत्रमा आय गुणकहरु सृजना गर्दछ । यस्तो रोजगार ी,फोहोर व्यवस्थापन र रिसाईक्लिङ्ग, दीगो कृषि र खाद्य उत्पादन, दीगो बन, उत्पादन र आपुर्ति श्रृंखला व्यवस्थापन, उर्जा आपुर्ति र प्रभावकारीता, जैविक विविधता र पर्यावरण संरक्षणजस्ता क्षेत्रमा सृजना हुनसक्छन् । मध्यम र दीर्घकालीन रूपमा, यसले उच्च राजस्व सृजना गर्छ खासगरी पर्यटनजस्ता क्षेत्रमा । साथै फराकिलो अर्थतन्त्रको लागि दीगो वृद्धि समेत हासिल गर्न सकिन्छ ।

**२. नेपालको आर्थिक प्रतिस्पर्धीपन वृद्धि र उत्पादनशील क्षेत्रलाई पुनर्जीवन दिन**

> **नेपालको उत्पादनशील क्षेत्रको दक्षिण र पुर्वी एसियामै न्यून उत्पादकत्व छ । यो बंगलादेश, क्याम्बोडिया र म्यानमारमा भन्दा पनि न्यून छ । इन्डोनेसिया र फिलिपिन्सभन्दा पनि निकै तल छ ।**

**नीतिहरू**

नेपालमा अर्थपूर्ण रूपमा आर्थिक रूपान्तरण आएकै छैन । हामीले विगत २५ वर्षको आर्थिक प्रदर्शनलाई हेर्ने हो भने श्रमिकहरूले कृषिबाट अन्यत्र अवसर खोजेका बिषयलाई सकारात्मक मान्न सक्छौं । तर नकारात्मक चाहिँ के हो भने उनीहरु उद्योगमा गएका छैनन । सेवा क्षेत्रमा गएका छन् । अझै नराम्रो पक्ष उनीहरु न्यून उत्पादकत्व र न्यून ज्यालाका सेवामा प्रवेश गरेका छन् । धेरैजसो अनौपचारिक क्षेत्रमा जान्छन् । भर्ना फि बुझाउन सक्नेहरु रोजगारीका लागि विदेसिएका छन् ।

नेपालको निजी क्षेत्रको आजको विश्व अर्थतन्त्रसँग तुलना गर्ने हो भने प्रतिस्पर्धी क्षमता सीमित छ । नेपालको निजी क्षेत्र सानो छ । निजी क्षेत्र मुलतः अनौपचारिक छ र नवीनताको सर्वथा अभाव छ । धेरैजसो फर्महरू साना छन्, अनौपचारिक बजारमा सञ्चालित छन् र इकोनोमी अफ स्केल र प्रोफिटेबीलिटी पनि सीमित छ । नेपालमा वैधानिक फर्ममध्ये जम्मा १८ प्रतिशतमा मात्र २० भन्दा बढी कामदार छन् । नयाँ फर्महरूको प्रवेशको दर न्यून छ । एउटा निश्चित अवधिमा पनि धेरैजसो फर्महरूको वृद्धि हुँदैन । यसले ती फर्महरूले उत्पादकत्व र उत्पादन गुणस्तर वृद्धिका लागि आवश्यक लगानी निकाल्न नसकेको देखाउँछ । नेपालमा धेरै कम फर्महरु मात्र विदेशमा व्यापार वा प्रविधि हस्तान्तरणमा सहभागी छन् । निजी क्षेत्रमा आईसीटी र आधुनिक प्रविधिको प्रयोगको अवस्था न्यून छ ।

नेपालको उत्पादनशील क्षेत्रको दक्षिण र पुर्वी एसियामै न्यून उत्पादकत्व छ । यो बंगलादेश, क्याम्बोडिया र म्यानमारमा भन्दा पनि न्यून छ । इन्डोनेसिया र फिलिपिन्सभन्दा पनि निकै तल छ । नेपालको बिग्रँदो निर्यात निजी क्षेत्रमा विद्यमान न्यून उत्पादकत्व र प्रतिस्पर्धीपनसँग प्रत्यक्ष रूपमा जोडिएको छ ।

नेपाल ठुलो अर्थतन्त्र होइन । तसर्थ नेपालले बजारको पहुँच र इकोनोमीज अफ स्केलका लागि विदेशी बजार हेर्नेपर्छ । तर विदेशी बजारमा सफल हुन नेपाल थप प्रतिस्पर्धी हुन आवश्यक छ । हामीले निर्यात गर्ने सामानको गुणस्तर उच्च हुनुपर्छ र प्रतिस्पर्धी मुल्य हुन आवश्यक छ । हाम्रा उद्योगहरूको उत्पादकत्व वृद्धि गर्नु एकदमै महत्वपुर्ण छ । सरकारले सुधारिएको यातायात, विद्युतमा पहुँच र आईटी जडान आदिमार्फत एउटा राम्रो वातावरण सृजना सक्छ ।

गुणस्तरीय पूर्वाधारबिना निजी क्षेत्र हुर्कन सक्दैन । इन्डोनेसियाले राष्ट्रपति जोकोवीको पहिलो कार्यकालमा यो कुरालाई मनन् गरेको देखिन्छ । फिलिपिन्सका राष्ट्रपति दुतेर्तेले पनि झण्डै यस्तै कार्यक्रम अनुसरण गरेको पाईन्छ । उनले निर्माण, निर्माण, निर्माण (बिल्ड, बिल्ड, बिल्ड) भन्ने कार्यक्रम ल्याएका थिए । दुवै देश सडक, रेल, पुलहरु र मेट्रो निर्माणमा केन्द्रित भएका थिए । तर नेपालमा जस्तो जताततै देखिने आँखै बिझाउने भिउटावरहरु होइनन् । इन्डोनेसिया र फिलिपिनो राष्ट्रपतिहरूले गतिला भौतिक पूर्वाधारबिना बैदेशिक प्रत्यक्ष लगानी आकर्षित गर्न र निजी लगानी बढाउन कठिन छ भन्ने बुझे । गतबर्ष फिलिपिन्समा प्रत्यक्ष बैदेशिक लगानीले एउटा रेकर्ड नै बनायो । र इन्डोनेसियामा पनि विगत केही बर्षयता बैदेशिक लगानी बढ्दो छ ।

श्रमिकहरूको गतिविधि कृषिबाट उद्योगमा प्रबर्धन गर्न राम्रो व्यवसायको वातावरण हुन आवश्यक छ । कागजी रूपमा हामीले यस क्षेत्रमा राम्रो प्रगति हासिल गरेका छौं । यो कुरा विश्व बैंकको डुइङ्ग बिजिनेश रिपोर्टमा पनि देखिन्छ । रिपोर्टमा हामी माथि उक्लिएका छौं । र कतिपयले हामीले आउँदो बर्षमा भारतभन्दा माथि पुग्ने लक्ष्य लिनुपर्ने भनेको

पनि सुन्छौं । तर हामीले नेपाल भित्रिएको बैदेशिक लगानी र उद्योगको वृद्धि हेर्ने हो भने खुसी हुनुपर्ने अवस्था देखिँदैन ।

हामीले विगत ५ बर्षमा कति फर्महरु बजारमा आए भन्ने तथ्यबाट हाम्रो व्यवसायको वातावरणको मापन र सुधार गर्न पर्छ । आउँदो सरकारले उसको कामको मुल्यांकन नयाँ फर्महरूको उत्पादनशील क्षेत्रमा प्रवेशको आधारमा गर्नुपर्छ । कति फर्मले खास आर्थिक बर्षमा विदेशबाट टेक्नोलोजी लाईसेन्स लिए? कति फर्म निर्यात बजारमा छिरे? कति फर्म नयाँ बजारमा छिरे ? हाम्रा विकासका उदेश्यहरु यथार्थपरक हुनुपर्छ । तर हामीले सफलता र असफलता दुवै मापन गर्नुपर्छ जसले गर्दा हामीले निरन्तर रूपमा हाम्रा कार्यसम्पादनमा सुधार गर्न सक्छौं ।

श्रमिकहरूको गतिविधी र उत्पादनका अन्य तत्वहरूलाई कृषिबाट उधोगमा प्रबर्धन गर्ने अर्को तरिका भनेको खासखास वृद्धिका क्षेत्रहरुमा केन्द्रित रहेर औद्योगिक नीति ल्याउनु हो । कृषि प्रशोधन, हल्का उत्पादन, आईटी सेवा र उच्चमूल्य पर्यटन आदीमा केन्द्रित हुने कुराले अर्थ राख्छ । नेपालको कृषिव्यापारको पुनर्जीवनको प्रयासको लागि तुलनात्मक लाभको निर्यात उत्पादन जस्तै चिया, हर्ब्स, विशिष्ट गार्मेन्ट र तयारी खाद्य उत्पादमा केन्द्रित रहनुपर्छ । यसका साथै यी क्षेत्रहरूलाई सहयोग हुने संगठित औद्योगिक नीति पनि आवश्यक हुन्छ ।

> नेपालले शिक्षा र तालिमको गुणस्तर सुधारमा ध्यान दिए मानव पाुजी निर्माण हाुदै जान्छ जसले वैदेशिक लगानी पनि बढ्छ ।

### ३) मानव पुँजी बिकासमा लगानी

नेपालको प्रतिस्पर्धात्मक क्षमता बढाउन मानव पुँजी बिकासमा लगानी गर्नु जरूरी छ । सबै तहमा शिक्षाको गुणस्तर न्यून छ । नेपालमा विद्यालय भर्नाको संख्या बढ्दै गइरहेको छ, तर यो मानव पुँजीको सूचक होइन । रोजगारी योग्य सीप नभए नेपाल प्रतिस्पर्धी बन्दैन । इन्डोनेसियाका राष्ट्रपति जोकोवीको दोस्रो कार्यकालमा गरेकोजस्तै नेपालले आफ्नो आर्थिक प्रतिस्पर्धात्मक क्षमता बढाउन मानव पुँजी विकासमा ध्यान केन्द्रित गर्नुपर्नेछ ।

नेपालले शिक्षा र तालिमको गुणस्तर सुधारमा ध्यान दिए मानव पुँजी निर्माण हुँदै जान्छ जसले वैदेशिक लगानी पनि बढ्छ ।

नयाँ सरकारले रोजगारीका सम्भावनाहरु सुधार गर्न निम्न कुरामा ध्यान दिन जरूरि छ १) प्राथमिक र माध्यमिक शिक्षाको गुणस्तर, जसले उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम जस्ता कार्यक्रमहरूको लागि आधार प्रदान गर्दछ; (२) नेपालका सातवटै प्रदेशमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम दिने संस्थाहरु, विश्वविद्यालयहरु र निजी क्षेत्रहरु बीचको साझेदारी; (३) कृषि व्यवसायमा डिग्री र कार्यक्रमहरूको प्रवर्द्धन; (४) विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित क्षेत्रहरुमा कार्यक्रमहरु प्रवर्द्धन (५) विदेशी विश्वविद्यालयहरूलाई वित्तीय प्रोत्साहन प्रदान गरी नेपालमा 'स्याटेलाइट क्याम्पस' स्थापना गर्न आमन्त्रण ।

उच्च शिक्षालाई पुनर्विचार गर्ने एउटा तरिका भनेको यसलाई रोजगारीको मागसँग जोड्नु हो । यदि निर्माण क्षेत्र सबैभन्दा ठूलो रोजगारदाता हो भने इन्जिनियरहरूलाई तालिम दिऔं । यदि हामी ठूलो मात्रमा व्यावसायिक खेती विकास गर्न चाहन्छौं भने कृषिमा शिक्षा प्रदान गरौं । विराटनगरको पुरानो उत्पादनमूलक उद्योगहरूलाई पुनर्जीवित गर्न चाहन्छौं भने, जुत्ता, गार्मेन्ट, काठ र फर्निचर जस्ता उत्पादनमुलक क्षेत्रमा कामदारहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गरौं । एसियाका देशहरुबाट विशेष गरी चीनको पछिल्लो अनुभवबाट सिक्न सकिन्छ । तर, हामीमा त्यो अनुभव कार्यान्वयन गर्ने इच्छाशक्ति नै छैन ।

(खतिवडा एशियाली विकास बैंकमा कार्यरत अर्थशास्त्री हुन् ।)




Access 1300 plus airport lounges across 500 cities around the globe exclusively with **NMB VISA PLATINUM CARD**

VISA




Lounge KEY™
FIRST TIME IN NEPAL

*ENJOY THE PRIVILEGES AND COMFORTS OF A LOUNGE, WHILE YOU TRAVEL WITH* ***NMB VISA PLATINUM CREDIT CARD.***

Only Card in Nepal to have Lounge Facility and Insurance Coverage of NPR 5 Million
Unmatched Credit Limit | Exclusive discount in premium outlets

NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands

Member of Global Alliance for Banking on Values

The Banker Bank of the Year 2021 ASIA

**Bank of the Year, ASIA 2021**
Bank of the Year, Nepal
2017, 2018, 2020 & 2021

**For more info:**
Card Support: 01-5970152
Email: cardsupport@nmb.com.np

# संकटबाट समुन्नतितिर बढ्दो रेमिट्यान्स

नेपालमा रेमिट्यान्सको सही सदुपयोग नभएको हो कि भन्ने चर्चा हुने गरेको छ । यसमाथि नै सधैंभरि निर्भर हुँदा श्रमशक्ति विदेश पलायन हुने क्रम बढ्नु, आन्तरिक उत्पादन बढाउनेतर्फ प्रयोग नगर्दा आर्थिक परनिर्भरता बढ्दै गएको विश्लेषण हुने गरेको छ ।



सुमन पोखरेल

नेपालले खुला अर्थनीति अवलम्बन गरेसँगै आम्दानीको मुख्य स्रोतका रूपमा रेमिट्यान्स (विप्रेषण) रहँदै आएको छ । रेमिट्यान्स आप्रवाह विदेशी मुद्रा सञ्चितिको मुख्य स्रोत, चालू खाता घटाउने र भुक्तानी सन्तुलन बढाउने प्रमुख स्रोत पनि हो । रेमिट्यान्स यतिमा मात्रै सीमित छैन । जनताको जीवनस्तर सुधार गर्ने र उपभोग बढाउन यसले निकै महत्वपूर्ण भूमिका खेलेको छ । बढ्दो आयात धान्न बरदान साबित भइरहेको रेमिट्यान्स सरकारको राजस्वको मुख्य स्रोत हो भने बैंक तथा वित्तीय संस्थालाई तरलता उपलब्ध गराउने महत्वपूर्ण आधार पनि हो ।

यति हुँदाहुँदै नेपालमा रेमिट्यान्सको सही सदुपयोग नभएको हो कि भन्ने चर्चा हुने गरेको छ । यसमाथि नै सधैंभरि निर्भर हुँदा श्रमशक्ति विदेश पलायन हुने क्रम बढ्नु, आन्तरिक उत्पादन बढाउनेतर्फ प्रयोग नगर्दा आर्थिक परनिर्भरता बढ्दै गएको विश्लेषण हुने गरेको छ । यिनै तथ्य मध्यनजर गर्दै नेपालमा वैदेशिक रोजगारीको सुरूवात, नेपालमा भित्रिने रेमिट्यान्स संरचना, यसबाट नेपालले प्राप्त गरेको लाभ, रेमिट्यान्स भित्रिने औपचारिक तथा अनौपचारिक माध्यम, रेमिट्यान्स कारोबार गर्ने संस्थाका चुनौती र आगामी बाटोबारे प्रस्तुत लेखमा चर्चा गर्ने प्रयास गरेको छु ।

विगतमा नेपालको राजनीतिक प्रणाली, अर्थव्यवस्था तथा अर्थनीति र यहाँको आन्तरिक समस्याका कारण हाम्रो अर्थतन्त्रले फड्को मार्न सकेन । नेपालले वर्षौंसम्म साँघुरो आर्थिक वृद्धिदर हासिल गऱ्यो । जबकि, नेपालसँगै अगाडि बढेका मुलुकले निकै उच्चदरमा आर्थिक वृद्धि हासिल गरे । कूल गार्हस्थ उत्पादन (जिडिपी) को उच्च वृद्धिदर हासिल गर्ने सवालमा नेपाल पञ्चायतकालमा मात्रै नभएर बहुदल आएपछि पनि पूर्णरूपमा चुक्यो । प्रजातन्त्र आएपछि हामीले केही वर्ष सन्तोषजनक आर्थिक वृद्धिदर हासिल गरे पनि १० वर्षे सशस्त्र द्वन्द्वले वृद्धिदर घट्यो । परिणामस्वरूप आर्थिक गतिविधि धेरै चलायमान हुन सकेनन् ।

यसबीच सञ्चालनमा आएका उद्योगधन्दा पनि बन्द भए । उद्योग-व्यवसाय पर्याप्तमात्रामा सञ्चालन नहुँदा मुलुकमा रोजगारी सिर्जना हुन सकेन । त्यसैबेला मलेसियालगायत खाडी मुलुकमा औद्योगीकरण र विकास निर्माण तीव्र गतिमा अगाडि बढेसँगै श्रमिकको माग बढ्यो । ती देशले नेपालबाट श्रमिक माग गर्न थाले । नेपाल लामो समय द्वन्द्वमा फसेको र उद्योग-व्यवसाय फस्टाउन नसकेको अवस्थामा सरकारले यसलाई अवसरका रूपमा उपयोग गर्ने नीति लिएपछि वैदेशिक रोजगारीमा जाने क्रम बढ्यो । त्यसपछि विशेषगरी अर्धदक्ष र अदक्ष जनशक्ति वैदेशिक रोजगारीमा जान थाले । त्यसबेला १० कक्षा पास गरेका वा उच्च शिक्षा हासिल गरेका ठूलो संख्यामा युवा श्रम बजारमा आउन थालेका थिए ।

औद्योगीकरणको अभाव र परम्परागत कृषि प्रणालीका कारण युवा श्रमिक खपत हुने अवस्था

भएन । उनीहरूले आफ्नो जीविकोपार्जनका लागि रोजगारी त आवश्यक नै भयो । स्वदेशमा रोजगारी नभएपछि वैदेशिक रोजगारी उनीहरूको आम्दानीको भरपर्दो माध्यम बन्न पुग्यो । मलेसिया, संयुक्त अरब इमिरेट्स (युएई), कतार, साउदी अरब, कुवेतलगायत मुलुकको विकासमा नेपाली श्रमिकको महत्वपूर्ण योगदान छ । ती देशमा श्रमिकको माग अत्यधिक भएको र नेपालमा श्रमिक आपूर्ति बढी भएकाले नेपालको श्रमशक्ति प्रयोग गरेर ती देश सम्पन्न भए भने नेपाली श्रमिकले आम्दानी गरे । उक्त आम्दानी रेमिट्यान्सका रूपमा औपचारिक माध्यमबाट नेपाल भित्रिन थाल्यो ।

वैदेशिक रोजगारीमा पठाउन म्यानपावर व्यवसाय ठूलो संख्यामा खुले । युरोप, अमेरिका, अस्ट्रेलिया, जापानलगायत मुलुकमा उच्चशिक्षा हासिल गर्न जाने क्रम पनि बढ्न थाल्यो । यसरी नेपाली युवा रोजगारी वा उच्चशिक्षाका लागि विदेशिने क्रम बढेसँगै नेपालमा रेमिट्यान्स आउने क्रम पनि बढ्न थाल्यो ।

जुनमात्रामा नेपालमा रेमिट्यान्स भित्रियो, त्यहीमात्रामा नेपालको कूल गार्हस्थ उत्पादन (जिडिपी) बढ्न सकेन । नेपालको जिडिपीको वृद्धिदर न्यून र रेमिट्यान्स आप्रवाह उच्च हुँदै गएपछि जिडिपीको तुलनामा रेमिट्यान्स अनुपात बढ्न थाल्यो । गत आर्थिक वर्ष हेर्ने हो भने नेपालको जिडिपी ४८ खर्ब ५२ अर्ब पुग्दा रेमिट्यान्स १० खर्ब ७ अर्ब रूपैयाँ भित्रिएको छ । नेपालको जिडिपीको तुलनामा रेमिट्यान्स आप्रवाह करिब २२ प्रतिशत छ । यसरी एकातिर रेमिट्यान्स बढ्दै जाने र अर्थतन्त्र खासै धेरै बढ्न नसक्दा जिडिपीसँग तुलना गरेर हेर्दा रेमिट्यान्सको आकार निकै ठूलो देखियो ।

२०७२ सालको भूकम्पपछि नेपालले २०७६ सम्म उच्चदरमा नै आर्थिक वृद्धिदर हासिल गऱ्यो । जसले अर्थतन्त्रको आकार बढ्यो र रेमिट्यान्सको हिस्सा कम हुँदै गयो । आर्थिक वर्ष २०७७/७८ मा सुरू भएको कोभिड-१९ ले नेपालमात्रै होइन, विश्वअर्थतन्त्र संकटमा पऱ्यो । जसले गर्दा विगत दुई वर्षमा खासै ठूलो आर्थिक वृद्धिदर हासिल गर्न सकेन । यदि कोभिड-१९ नआएको भए नेपालले उच्चदरमा नै आर्थिक वृद्धिदर हासिल गर्ने भएकाले नेपालको जिडिपी अहिले बढी नै हुने भएकाले रेमिट्यान्स आप्रवाहको हिस्सा अझै कम हुन सक्थ्यो । तर, कोभिड असरले अझै पनि अर्थतन्त्रमा रेमिट्यान्स आप्रवाहको अनुपात ठूलै देखिन्छ । कुनै समय ३० प्रतिशतसम्म पुगेको रेमिट्यान्स आप्रवाह अनुपात बिस्तारै कम हुँदै आएको छ ।

> अहिले पनि नेपालको अर्थतन्त्र पर्याप्तमात्रामा बढ्न सकेको छैन । अझै पनि पर्याप्तमात्रामा उद्योग, कृषि, पर्यटन र सेवा क्षेत्रमा लगानी बढ्न सकेको छैन ।

यस्तै अहिले पनि नेपालको अर्थतन्त्र पर्याप्तमात्रामा बढ्न सकेको छैन । अझै पनि पर्याप्तमात्रामा उद्योग, कृषि, पर्यटन र सेवा क्षेत्रमा लगानी बढ्न सकेको छैन । चाहे त्यो स्वदेशी होस् वा वैदेशिक लगानी । यसरी आन्तरिक अर्थतन्त्रको अवस्थामा सुधार नआउँदा अझै पनि हामी रेमिट्यान्स आप्रवाहमा बढी निर्भर छौं । रेमिट्यान्स हाम्रो आम्दानी र विदेशी मुद्रा सञ्चितिको मुख्य स्रोत बन्न पुगेको छ ।

राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार २ खर्ब ८१ अर्ब रेमिट्यान्स भित्रिएको छ । चालू आर्थिक वर्ष तीन महिनामा नै १६.८ प्रतिशतले बढेको रेमिट्यान्सले विदेशी मुद्रा सञ्चितिमाथिको दबाब कम गर्न निकै महत्वपूर्ण भूमिका खेलेको छ । कोभिडका कारण कम भएको वैदेशिक रोजगारी यस आर्थिक वर्ष थप बढ्दै गएको छ । यस अवधिमा नयाँ श्रम स्वीकृति लिनेको संख्या १ सय २३ प्रतिशत र पुनः श्रम स्वीकृति लिने संख्या ६६ प्रतिशतले बढेको छ । जसले गर्दा आगामी दिनमा थप रेमिट्यान्स आप्रवाह बढ्ने देखिन्छ । तर, यो अर्थतन्त्रका लागि स्वस्थकर भने छैन ।

जुनमात्रामा रेमिट्यान्स आप्रवाह बढ्दै गएको छ, त्यहीमात्रामा आयात पनि बढ्दै गएको छ । नेपालको आन्तरिक उत्पादन कमजोर रहेकाले हाम्रो उपभोग आयातमा आधारित छ । उक्त आयातमा रेमिट्यान्स प्रयोग भएको छ । आन्तरिक उत्पादन बढाउने



उपयुक्त नीति सरकारले अवलम्बन नगर्दा रेमिट्यान्सको अधिकांश हिस्सा वस्तु आयात गर्न भारतलगायत तेस्रो मुलुकमा गएको छ । सरकारले प्राप्त गर्ने कर पनि आयातमा नै आधारित हुँदा सरकारले रेमिट्यान्सलाई उत्पादनशील क्षेत्रमा प्रयोग गर्न सकेको छैन । आयात घट्दा सरकारको राजस्व घट्ने क्रम पछिल्लो आयात प्रतिबन्ध र ब्याजदर वृद्धिबाट पनि देखिएको छ ।

अर्कातर्फ हेर्ने हो भने नेपालमा रेमिट्यान्स आउने क्रम त बढ्यो तर वैदेशिक रोजगारीबाट दक्ष भएका जनशक्तिको उपयोग औद्योगीकरणमा गरी अर्थतन्त्र बढाउनुपर्ने हो । तर, त्यस्तो हुन सकिरहेको छैन । जुन मुलुकका लागि घातक कुरा हो । यसले गर्दा पनि नेपालको अर्थतन्त्र र रेमिट्यान्स अनुपात कम हुन नसकेको हो । वैदेशिक रोजगारीमा नेपालमात्रै होइन भारत, बंगलादेश, पाकिस्तान लगायत मुलुकबाट पनि जान्छन् । तर, ती देशका आफ्नो आन्तरिक उत्पादन बलियो रहेकाले अर्थतन्त्रमा रेमिट्यान्सको अनुपात कम छ ।

नेपालको अर्थतन्त्रका आधारभूत क्षेत्र कमजोर हुँदा रेमिट्यान्समाथिको निर्भरता बढ्दै गएको हो । आधारभूत आवश्यकता गाँस, बास, कपास, शिक्षा, स्वास्थ्यसँग पूरा गर्ने एउटा भरपर्दो माध्यम नै रेमिट्यान्स नै भएकाले यसलाई श्रमिकका दृष्टिकोणमा राम्रो मान्न सकिन्छ । राज्यले मानिसको जीवनस्तर उकास्न उपयुक्त आर्थिक नीति निर्माण गरी अर्थतन्त्र विकास र रोजगारी सिर्जना गर्न नसक्दा रेमिट्यान्स हाम्रो परनिर्भरता बढ्दै गएको हो । स्वदेशी श्रमशक्तिलाई स्वदेशभित्रै खपत गरी उत्पादन बढाउन नसक्नु र वैदेशिक रोजगारीमा जाने प्रवृत्ति नरोकिनु अल्पकालमा राम्रै भए पनि दिर्घकालका लागि भने सुखद संकेत होइन ।

तर, वैदेशिक रोजगारी आफैंमा नराम्रो चाँहि होइन । पश्चिमा मुलुकमा नै हेर्ने हो भने पनि एउटा देशमा जन्मिन्छ, अर्को देशमा गएर काम गर्छन् । सीप र पुँजी बोकेर आफ्नै देशमा फर्किएर स्वरोजगार बन्छन् । हामीले पनि यस्तो नीति अवलम्बन गर्न सके अझै पनि मुलुकको अर्थतन्त्र बढाउन सकिन्छ ।

## अब बढ्ने रेमिट्यान्स औपचारिक च्यानलबाट भित्र्याउनु आवश्यक

नेपालमा जबसम्म रोजगारी सिर्जना हुँदैन, तबसम्म वैदेशिक रोजगारीमा जाने क्रम रोकिने सम्भावना न्यून छ । पछिल्लो सयम वैदेशिक रोजगारीमा जानेको संख्या थप बढ्दै गएको छ । वैदेशिक रोजगारीमा जाने श्रमिक संख्या बढ्दै गएकाले आगामी दिनमा रेमिट्यान्स पनि बढ्दै गएको छ । खासगरी पेट्रोलियम पदार्थमा आधारित अर्थतन्त्र भएका मुलुक मलेसिया र खाडीमा वैदेशिक रोजगारीमा जाने क्रम बढेको छ । अहिले ती देशमा पेट्रोलियम पदार्थको मूल्य बढेकाले त्यहाँ श्रमिकको माग पनि बढी छ । कोभिड-१९ ले रोकिएको अर्थतन्त्र चलायमान भएसँगै ती देशमा श्रमिकको माग बढेको छ । यसैगरी युरोप, अमेरिका, अस्ट्रेलियालगायत देश जाने क्रम पनि बढेकाले आगामी दिनमा रेमिट्यान्स आप्रवाह बढ्ने देखिन्छ ।

नेपालमा अनौपचारिक अर्थतन्त्रको हिस्सा ठूलो छ । जबसम्म अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउन सकिँदैन, तबसम्म रेमिट्यान्स चुहावट नियन्त्रण गर्न सकिँदैन । बढ्दो अबैध व्यापार र अबैध भुक्तानी रोक्न नीतिगत पहल गरिँदैन, रेमिट्यान्सलाई औपचारिक च्यानलमार्फत भित्र्याउन कठिन हुन्छ । औपचारिक अर्थतन्त्र बढ्यो भने अनौपचारिक व्यापार र हुन्डीमार्फत हुने भुक्तानी क्रमशः रोकिँदै जान्छ । हुन्डी कारोबार नियन्त्रण गर्न वैदेशिक रोजगारीमा जाने श्रमिकलाई जनचेतनामूलक गतिविधि अगाडि बढाउन सकिन्छ ।

औपचारिक च्यानलबाट रेमिट्यान्स पठाउँदा केही प्रोत्साहन (इन्सेन्टिभ) दिने नीति ल्याउन आवश्यक छ । जस्तै, वैदेशिक रोजगारीमा गएकाले व्यवसाय सुरू गर्दा वा सम्पत्ति खरिद गर्दा करमा छुट दिने, सामाजिक सुरक्षाको व्यवस्था गर्ने, सजिलो तरिकाले बैंकमा खाता खोल्ने र रकम पठाउन सक्ने व्यवस्था गर्ने, वैदेशिक रोजगारीमा जाने श्रमिकलाई विमानस्थलदेखि अध्यागमनसम्म प्रशासनिक झन्झट सहज गर्नेलगायत व्यवस्था गर्न सके रेमिट्यान्स औपचारिक माध्यमबाट पठाउने क्रम बढ्ने देखिन्छ ।

यस्तो नीतिगत व्यवस्था गर्न सके वैदेशिक रोजगारीमा गएकाले हुन्डीबाट रकम बढाउन छाड्छन् । किनकि, धेरै मानिसको लाखौं-करोडौं रकम डुबेको कुरा हामीले सुन्ने गरेका छौं । धेरै मानिसले औपचारिक च्यानलबारे जानकारी नपाएर हुन्डीमार्फत पैसा पठाउने गरेका छन् । यसका साथै रेमिट्यान्स भित्र्याउने रेमिट कम्पनी र बैंक तथा वित्तीय संस्थाले पनि विशेष ध्यान दिनु आवश्यक छ । सबैभन्दा बढी रेमिट्यान्स भित्र्याउने कम्पनीलाई प्रोत्साहन गर्ने, अबैध व्यापार र हुन्डी कारोबारमा संलग्नलाई सरकारले कारबाही गर्नेलगायत काम गरे रेमिट्यान्स आप्रवाह औपचारिक माध्यमबाट भित्र्याउन सकिन्छ ।

## डिजिटल रेमिट्यान्सतर्फ अगाडि बढ्नुपर्छ

विश्व अहिले डिजिटल बन्दै गएको छ । मानिसले मोबाइल फोनबाटै सबै काम गर्न चाहन्छन् । नेपालमा नै हेर्ने हो भने विभिन्न वालेट र मोबाइल बैंकिङ प्रयोग नाटकीय ढंगले बढेको छ । सम्पूर्ण बैंकिङ गतिविधि मोबाइलबाटै हुन थालिसकेको छ । रेमिट्यान्स आप्रवाह पनि यस्तो प्रविधिमा जानु आवश्यक छ । मोबाइलबाट नै रेमिट्यान्स बढाउने व्यवस्था मिलाउनेतर्फ हामी अगाडि बढ्नु आवश्यक छ । यसलाई सहयोग पुग्ने आवश्यक ऐन, कानुन बनाएर अगाडि बढ्नुपर्छ । यसले रेमिट्यान्स पठाउन सहज हुने र लागतसमेत कम गराउने देखिन्छ । आगामी दिनमा डिजिटल रेमिट्यान्समा हामीले जोड दिनैपर्छ । विश्व नै त्यसतर्फ अगाडि बढिसकेकाले हामीले यसमा ध्यान दिन सकेनौं भने यसबाट प्राप्त गर्ने लाभबाट वञ्चित हुने अवस्था आउँछ ।

डिजिटलाइजेसनमा जान नचाहने रेमिट कम्पनीलाई आगामी दिन चुनौतीपूर्ण नै छ । पछिल्लो समय रेमिट्यान्स बैंक खातामा जाने र वालेटमार्फत सञ्चालन गर्न सक्ने प्रवृत्ति बढ्दै गएको छ । मुलुकभरि बैंक शाखा बढ्दै गएकाले बैंकिङ प्रणाली बलियो बन्दै गइरहेको छ । यसले रेमिट्यान्स बैंक खातामा जम्मा हुने क्रम बढ्ने देखिन्छ । सेवाग्राही एजेन्टसम्म पुगेर पैसा निकाल्ने क्रम आगामी दिनमा घट्दै जाने सम्भावना बढेको छ । वालेटमार्फत नै रेमिट्यान्स प्राप्त गर्ने र त्यसैबाट सिधै बैंकमा रकम जम्मा गर्ने अवस्था आउन सक्छ । त्यसैले रेमिट्यान्ससम्बन्धी कारोबार गर्ने कम्पनी डिजिटलाइजेसनतर्फ जानैपर्छ । यस दिशामा परिवर्तन हुन नसक्ने रेमिट कम्पनीका भविष्य चुनौतीपूर्ण छ ।

*(पोखरेल आइएमई ग्रुपका वरिष्ठ उपाध्यक्ष हुन् ।)*




# यहाँहरुको साथले तेस्रोपटक पनि यो सम्भव भएको छ

हामी लगातार तेस्रो वर्ष पनि नेपालको सुरक्षित र सशक्त पुँजी भएको बैंक बन्न सफल भएका छौं ।

समयमै वित्तीय दायित्व चुक्ता गर्ने क्षमता रहेको सर्वोच्च सुरक्षित बैंक भनी ICRA Nepal ले स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाललाई ICRANP-IR-AAA रेटिङ्ग प्रदान गरेको छ ।

ICRA को प्रमाणित रेटिङ्ग विधीले ग्राहक तथा समग्र देश प्रतिको हाम्रा प्रतिवद्धता र प्रयासहरूलाई पुन: एकपटक सार्थकता दिएको छ ।

**यस अवसरमा हाम्रा सम्पूर्ण ग्राहक महानुभाव तथा सरोकारवालाहरुलाई, यहाँहरुको साथ र विश्वासका लागि धन्यवाद दिन चाहन्छौं ।**

standard chartered

here for good ™

# महिला उद्यमी अझै 'इनोभेटिभ' हुनुपर्छ

हामीकहाँ अझै पनि क्यास अन डेलिभरीकै अवधारणा बढी चलेको छ । ग्राहकले अनलाइन भुक्तानीभन्दा नगद दिन रूचाउने गरेका छन् । पैसा तिरिसक्यो, सामान अर्कै आयो भने के गर्ने होला भन्ने खालको हिचकिचाहट छ ।



**सुरक्षा अधिकारी**

सन् २०१३ तिरबाट मैले अनलाइन व्यवसायको यात्रा सुरू गरेकी थिएँ । त्यो बेला हामीले चाँदीका गरगहना र भाडाकुँडा अनलाइनबाट बेच्न खोजेका थियौं तर त्यो व्यवसाय चलेन किनभने अनलाइनको बजार नै थिएन । व्यवसायमा संलग्न मेरा साथीहरु तितरबितर भए ।

विदेशमा जे पनि अनलाइनमार्फत किन्ने र युवाले अनलाइन मार्केटप्लेस रूचाउने गरेको देखिरहेका बेला हामीले चाहिँ यहाँ अनलाइन व्यवसाय बन्द गर्नुपरेको थियो । त्यसले मलाई थोरै दुःखी बनायो । तर, अनलाइनप्रति मेरो विश्वास उडिसकेको थिएन । त्यही बेला मेरा एक साथीले पुनः अनलाइन मार्केटप्लेस सञ्चालन गर्नेबारे मसँग सल्लाह गर्नुभयो । उहाँ सूचना प्रविधि पृष्ठभूमिको हुनुहुन्थ्यो, म व्यावसायिक पृष्ठभूमिको भएकाले हामी दुई एकअर्कालाई सहयोगी बन्न सक्यौं ।

त्यो सहकार्यमा हामीले नेपबे कम्पनी सुरू गरेका थियौं । २०१६ सम्म अनलाइन मार्केटप्लेसको अवधारणा बुझाउन हामीलाई निकै सकस भयो । यसमा विक्रेता र खरिदकर्ता दुवै चाहिने भएकाले दुवैलाई हामीसँग जोडिनुस् भनेर आग्रह गर्दै हिँड्नुपर्थ्यो । धेरैले आनाकानी गर्नुहुन्थ्यो । हामीले नेपालमा पहिलोपटक 'क्यास अन डेलिभरी' (सामान प्राप्त भएपछि भुक्तानी दिने) अवधारणा सुरू गरेपछि चाहिँ सामान बेच्न अलि सहज भयो ।

हामीकहाँ अझै पनि क्यास अन डेलिभरीकै अवधारणा बढी चलेको छ । ग्राहकले अनलाइन भुक्तानीभन्दा नगद दिन रूचाउने गरेका छन् । पैसा तिरिसक्यो, सामान अर्कै आयो भने के गर्ने होला भन्ने खालको हिचकिचाहट छ । सामान लिएपछि मात्रै पैसा बुझाउने बानीले गर्दा पनि अनलाइन भुक्तानी हाम्रो चलनचल्ती बनिसकेको छैन । तर, अनलाइन भुक्तानी गर्‍यो भने हामी ई-कमर्स कम्पनी र ग्राहकलाई सहज हुन्छ । अनलाइन सपिङप्रतिको विश्वास बढ्दै गएपछि क्यास अन डेलिभरी बिस्तारै कम हुन्छ ।

हामीले काम थाल्दा नेपालमा अनलाइन मार्केटप्लेसका विक्रेताको पहिचान नै हुँदैन थियो । कसले सामान बेचेको, थाहै हुँदैन थियो । २०१६ मा हामीले ठूलो डटकम सुरू गरेर विक्रेताको पनि पहिचान खुलाउन थाल्यौं । ठूलोबाट घरायसी सामान, दाल, चामल, फ्रिजदेखि गरगहना सबैथोक बेच्न थाल्यौं । गर्दै जाँदा हामीलाई प्राविधिक समस्या आइपरे किनभने त्यो बेला ई-कमर्स सञ्चालनलाई आवश्यक पूर्वाधार, जनशक्ति, जनतेचना, डिजिटल प्रणाली सबैथोक अभाव थियो । अन्य कम्पनीको सेवा लिन महँगो पनि थियो । तसर्थ, हामी आफैंले प्रविधि र लजिस्टिक कम्पनी निर्माण गर्‍यौं । त्यसबाट सफ्टवेयर, एप्लिकेसन, अनलाइन सिस्टम बनाउन थाल्यौं । प्रविधि र लजिस्टकमा अन्य कम्पनीलाई पनि सेवा दिन थालेपछि हामीलाई टिकिरहन सजिलो भयो ।

२०२२ सम्म आइपुग्दा ठूलो डटकमले धेरैवटा सेवा उपलब्ध गराउन सक्ने भएको छ । तर, हाम्रो प्रमुख काम भनेको कुनै पनि व्यवसायलाई अनलाइनमार्फत सञ्चालन गर्न आवश्यक पर्ने साना-ठूला सबै किसिमका सुविधा उपलब्ध गराउनु हो । उदहारणका लागि कसैले बच्चाका लुगा बनाउने व्यवसाय गर्नुहुन्छ र त्यसलाई अनलाइन प्रणालीमा लग्न चाहनु हुन्छ भने हामी उहाँलाई सेवा सञ्चालनका लागि विद्युतीय अकाउन्टिङ सिस्टमदेखि पसलमा चाहिने पिओएस मेसिन, वेबसाइटको डोमेन नेम, मोबाइल एप, भुक्तानी प्रणालीलगायत सबै प्रणाली बनाइदिन्छौं । उहाँहरूको व्यवसाय अनलाइनमा चलाउन हामी सहजीकरण गर्छौं र, त्यसलाई चाहिने सबै टुल र टेक्नोलोजी उपलब्ध गराउँछौं ।

हाल हाम्रो बिजनेस क्लाइन्ट ५ हजारभन्दा बढी हनुहुन्छ । व्यवसायलाई डिजिटाइज गर्नेमा हामीले बढी ध्यान केन्द्रित गरेका छौं । काठमाडौं वरिपरि वा प्रदेश १ मा मात्रै नभएर हामीले अन्य ठाउँका व्यवसायीलाई पनि डिजिटाइजेसनमा जान झक्झकाउने, तालिम दिने, वेबसाइट बनाइदिने लगायत काम गरेका छौं । महिला उद्यमीका व्यवसायलाई डिजिटाइज गर्न अझै बढी प्राथमिकता दिने गरिएको छ ।

२०१३ मा मैले काम थाल्दा अनलाइन मार्केटप्लेसका लागि केही पनि पूर्वाधार बनेको थिएन । 'इन्टरनेट पेनिट्रेसन' दर नै १३ प्रतिशतजति थियो । फेसबुक पनि मान्छेले बल्लतल्ल चलाउने जमानामा ई-कमर्स चलाउँदा त्यसलाई चाहिने पूर्वाधार उपलब्ध गराउने नै कोही थिएन । त्यसैले आफैंले बनाउँदै जानुपर्‍यो । प्रविधि उद्योगको सुरूवात गर्न हामीले पनि भूमिका खेल्न वा ईँटा थप्न पाएकोमा अहिले खुसी लाग्छ ।

## महिला उद्यमीका अवस्था

सबै गरेर हाल हाम्रो कम्पनीको वार्षिक कारोबार ७/८ करोड रूपैयाँजति हुन्छ । ५०/६० जनाले प्रत्यक्ष रोजगारी पाउनुभएको छ । यसमा ५०/५५ प्रतिशत महिला हुनुहुन्छ । फरक क्षमता भएका महिला उद्यमीलाई पनि हामीले हाम्रो प्लटेफर्ममा ठाउँ दिने गरेका छौं । उहाँहरूमध्ये केहीले असाध्यै राम्रो काम गरिरहनुभएको छ । यत्तिका वर्षको अनुभवमा मैले घरेलु व्यवसाय गर्ने महिला धेरै भेटेकी छु । अचार बनाउने, सिलाइबुनाइ गर्ने, हस्तकला क्षेत्रलगायत काममा बढी संलग्न हुनुहुन्छ । यो ठिकै छ तर महिलाले अब अझै 'इनोभेटिभ' तरिकाले काम गर्नुपर्छ भन्ने लाग्छ ।

कतिपय पढेलेखेका महिला व्यवस्थापकीय भूमिकामा अब्बल देखिनुभएको छ । व्यवसायीका रूपमा चाहिँ महिलालाई सूचना प्रविधि (आइटी) को क्षेत्रमा खरो उत्रिन सक्ने प्रशस्त सम्भावना मैले देखेकी छु । म आफैं पनि यो क्षेत्रमा भएकाले यहाँ महिलाको खाँचो महसुस हुन्छ । मेरै कम्पनीका प्रविधि विभागमा महिला जनशक्ति खोज्दा भेटिँदै भेटिन्नन् । तर, जति महिला हामीसँग आइटीमा काम गरिरहनुभएको छ, उहाँहरूको कार्यशैली असाध्यै चित्तबुझ्दो र प्रभावकारी छ । लागिपरेर, धैर्यसाथ काम गर्ने महिला स्वभाव आइटीमा पनि आवश्यक हुन्छ ।

दु:खको कुरा के छ भने, कलेजहरूमा आइटी वा बिजनेस स्टडिज पढ्ने महिला संख्या धेरै देखिन्छ तर तीमध्ये थोरैमात्रै उद्यमी भएर निस्किनुहुन्छ । नेपालमा आइटी उद्योग नयाँ वा उदाउँदो भएकाले एक त घरपरिवारलाई यसबारे बुझाउनै गाह्रो पर्छ । दोस्रो कुरा, नयाँ क्षेत्रमा नयाँ किसिमको जोखिम पनि हुन्छन् । यसले गर्दा कतिपयले यो क्षेत्रमा हात हाल्न रूचाउँदैनन् । तेस्रो भनेको, आइटीमा रोजगारीको अभाव नहुने भएकाले पढाइपछि धेरैले जागिर खान थाल्छन्, उद्यम गर्दैनन् ।

अलिकति फरक सोच्ने र नयाँ काम सुरू गर्छु भन्नेलाई यो क्षेत्रमा अवसर नै अवसर छ । विदेशका कम्पनीले आइटी क्षेत्रमा नेपालका मानव संशाधनलाई कति मजाले प्रयोग गरिरहेका छन् र राम्रो पारिश्रमिक पनि दिइरहेका छन्, उद्यम गर्दा सुरूमै त्यो स्तरको कमाइ नभए पनि दिर्घकालमा राम्रो हुन्छ ।

## महिला उद्यमीका समस्या

उद्यमीका रूपमा अहिले त मलाई सहज छ तर काम सुरू गर्दा महिला भएकाले केही अडचन भयो । निर्णय लिने ठाउँमा अघिल्लो व्यक्ति कोही पुरुष 'डिसिजन मेकर' आउँछ कि, तपाईंको निर्णय अन्तिम हो कि होइन भने झैं गर्थे । आफ्नो विषयवस्तुलाई राम्ररी प्रस्तुत गर्न सक्यो वा निर्णय लिँदा विश्वसनीय ढंगले बोल्यो भने त्यस्ता चुनौतीलाई जित्न सकिने रहेछ ।

तर, कम्पनी भन्नासाथ पुरूषले नै चलाएको होला भन्ने मानसिकता हुन्छ । फेसबुकमा आउने कमेन्ट र जिज्ञासामा समेत मान्छेले 'हेलो सर' लेखिरहेका हुन्छन् । ग्राहक सहायता कक्षमा धेरै त महिला नै बस्छन्, तै पनि मानिसले सरकै अपेक्षा गरिरहेका हुन्छन् । पुरूषप्रधान मानसिकताको यो एउटा सानो उदाहरण दिएकी हुँ । यसले व्यवसायमा प्रभाव पार्छ नै किनभने महिला उद्यमीले पटक-पटक आफू सक्षम छु भनेर प्रमाणित गरिरहनुपर्छ, पुरूषलाई यो झन्झट हुँदैन । उसले काममा ध्यान दिए पुग्छ ।

महिलाले व्यवसाय गर्दा घरपरिवारको कुरा सुन्नुपर्ने, भान्छाको काम सँगसँगै गर्नुपर्ने जस्ता समस्या त हाम्रो मात्रै नभएर समग्र दक्षिण एसियाली महिला उद्यमीले भोग्दै आएका छन् । नेपालमा त महिला उद्यमीभन्दा पनि उद्यमी हुन नै गाह्रो छ । वित्तीय साधनमा पहुँच पाउन, स्रोतसाधन जुटाउन, सरकारी प्रक्रिया पूरा गर्न महाभारत झेल्नुपर्छ । हामीजस्तो ई-कमर्स व्यवसाय सञ्चालन गर्नेलाई त नीतिनियमकै अभावले अन्यौल र भद्रगोल सिर्जना गरिदिएको छ । गुणस्तर मापन वा 'इन्ट्री बेरियर' नहुँदा यहाँ जो पनि ई-कमर्स चलाउन आइरहेका छन् ।

कतिपय कम्पनीका ग्राहक सहायता सेवा राम्रो नहुँदा समग्र ई-कमर्स क्षेत्रकै विश्वसनियतामा प्रश्न उठ्ने गरेको छ । नीति अभावका कारण ग्राहकले सामान फिर्ता गरे के गर्ने, डेलिभरीमा अवरोध भए कसलाई गुहार्ने जस्ता समस्या भोग्नुपर्छ । कम्पनीपिच्छे फरक नीति हुँदा ग्राहकलाई पनि अन्यौल र दुविधा हुने गरेको छ । यसले गर्दा घाटा चाहिँ ई-कमर्स कम्पनीलाई नै हुन्छ । हाम्रो कार्यालय सञ्चालन प्रभावकारी नहुने र लागत बढी हुने गर्छ ।

अनलाइन सपिङ भरपर्दो हुन्नँ, झुक्याउने गर्छन् भन्ने खालको गुनासो पनि सुनिन्छ । नीतिनियम अभावले नै यस्तो भएको हो । फेसबुक पेज वा इन्स्टाग्राममा खाता खोलेर सामान बेच्नेले पनि आफूलाई ई-कमर्स सञ्चालक भन्नुहुन्छ । उहाँहरूको व्यवसाय दर्ता पनि गरिएको हुँदैन । हाम्रा ग्राहकलाई पनि ई-कमर्सबारे राम्रो जानकारी छैन । फेसबुकबाटै सामान किन्दिनुहुन्छ । यी कुरामा स्पष्टता ल्याउँदा नीति चाहिन्छ । नीतिमै रहेर हामीले काम गर्न, जनचेतना फैलाउन सक्छौं । नीति बनेपछि बजारमा 'सिरियस प्लेयर' मात्रै टिक्छन् । जसले गर्दा ई-कमर्स क्षेत्र भरपर्दो र बलियो हुन्थ्यो ।

*(अधिकारी ठूलो डटकमका सहसंस्थापक तथा प्रमुख सञ्चालन अधिकृत हुन् ।)*

# बैंकहरू अब अन्धाधुन्ध लगानीमा जाँदैनन्

हिले आयात र निर्यात अनुपात फरक देखिएको छ । अहिले पनि एक रुपैयाँको निर्यात भइरहँदा नौ रुपैयाँभन्दा बढीको आयात भइरहेको देखिन्छ । यो अनुपात अझै उच्च नै छ ।



सुनिल केसी

पछिल्ला ८/१० महिनादेखि आयात बढेर व्यापार घाटा भइरहेको छ । रेमिट्यान्समा पनि खासै वृद्धि हुन नसक्दा शोधनान्तर घाटासमेतको अवस्थामा थियौं । शोधानान्तरसँग बैंकिङ प्रणालीमा रहेको तरलताको सम्बन्ध हुन्छ । जति यस्तो घाटा बढ्दै जान्छ, प्रणालीबाट पनि तरलता कम हुँदै जान्छ ।

चार/पाँच महिनायता केही वस्तु आयातमा सतप्रतिशत 'मार्जिन' र केही वस्तु आयात नै प्रतिबन्ध लगाएर सरकार र राष्ट्र बैंकले कडाइ गरेका छन् । यसले चालू आर्थिक वर्ष पहिलो त्रैमासमा आयात नियन्त्रण भएको देखिन्छ । गत आर्थिक वर्ष पहिलो त्रैमासमा १ खर्ब ८५ अर्ब रुपैयाँसम्म पुगेको आयात चालू आवको यही अवधिमा भने १ खर्ब ३५ अर्बहाराहारी पुगेको छ । त्यससँगसँगै निर्यात पनि घटेको भने छ ।

अहिले केही सुधारको अवस्था आएको छ । १४ महिनापछि शोधनान्तर बचतमा आएको छ । रेमिट्यान्स डलरमै पनि सात प्रतिशतले बढेको छ । मासिक भित्रिने रेमिट्यान्समा समेत गिरावट आएकोमा केही समयदेखि सुधार देखिएको छ । यहाँबाट वैदेशिक रोजगारीमा जानेको संख्यामा पनि वृद्धि भइरहेको छ । तर, कतारमा भइरहेको विश्वकप फुटबल समाप्तिसँगै त्यहाँ कामदारको मागमा परिवर्तन हुन सक्छ कि भन्ने यकिन हुन बाँकी छ । समग्रमा हेर्दा हामी अप्ठेरो अवस्थाबाट सुधारोन्मुख अवस्थामा आइपुगेको जस्तो देखिन्छ । यद्यपि, अझै पूरै सहज भइसकेको अवस्था भने होइन । अहिले पनि केही वस्तु आयातमा प्रतिबन्ध कायमै छ । ती वस्तु आयात खुला भएसँगै आयात बढेर जाने सम्भावना छ ।

अहिले आयात र निर्यात अनुपात फरक देखिएको छ । अहिले पनि एक रुपैयाँको निर्यात भइरहँदा नौ रुपैयाँभन्दा बढीको आयात भइरहेको देखिन्छ । यो अनुपात अझै उच्च नै छ । निर्वाचन पनि भर्खरै सकिएको छ, आयात व्यवस्थापन गर्न सक्यौं भने बैंकिङ प्रणालीमा देखिँदै आएको तरलता अभावको अवस्था सुधारोन्मुख हुनेछ ।

चालू आवको यो तीन महिनामा बैंकहरूको निकै कम कर्जा लगानी भएको छ । मौद्रिक नीतिले १२.६ प्रतिशत कर्जा विस्तारको लक्ष्य राखेको पनि भेट्न मुस्किल हुने देखिन्छ । यसो भएमा समग्र अर्थतन्त्रको वृद्धिमा कुनै न कुनै प्रभाव पर्छ । यसैबीच पनि सकारात्मक पक्ष हेर्ने हो भने यसअघि मुलुकको विदेशी मुद्रा सञ्चितिले ६ महिनाको वस्तु तथा सेवा आयात धान्ने अवस्थाबाट आठ महिनाभन्दा बढी धान्ने अवस्थामा हामी आइपुगेका छौं । यसले अबको दिनमा नयाँ काम गर्न व्यवसायीदेखि सबैलाई आत्मविश्वास बढाउने देखिन्छ ।

अहिले राष्ट्र बैंकले उपभोग घटाउन नीतिगत ब्याजदरमा वृद्धि गरेसँगै बैंकहरूको निक्षेप र कर्जा दुवैको ब्याजदर बढेको छ । उपभोग घटाएर आयातमा कमी ल्याउने राष्ट्र बैंकको योजना लगभग सफल भएको छ । यसमा केही मौसमी प्रभाव हेर्न बाँकी रहे पनि धेरै हदसम्म राष्ट्र बैंक सफल भएको छ । आयात खुला गरिहाल्दा पनि पहिले नै जसरी माग बढिहाल्छ भन्ने पनि छैन । किनभने, अहिले



बढेको ब्याजदरका कारण उपभोग बढाउने गरी माग बढिहाल्ने देखिँदैन । यति हुँदाहुँदै अहिले अनौपचारिक बाटोबाट आइरहेको सामान फेरि औपचारिक बाटोबाटै आउँदा आयात बढ्ने र विदेशी मुद्रा सञ्चितिमा दबाब कायमै रहन भने सक्छ । हामीले निर्यातमै अहिले तत्काले केही गर्न सक्ने अवस्था नरहे पनि रेमिट्यान्स प्रवाह बढाउन सकियो भने अवस्था सहज हुँदै जाला । अहिले पर्यटक संख्या बढ्न थालेकाले पनि यसमा सुधार भए अहिलेको दबाब कम हुँदै जान्छ ।

निश्चय पनि अवस्था सुधार हुँदै जाँदा बैंकहरूको कर्जा लगानी फेरि पनि बढ्दै जान सक्छ । राष्ट्र बैंकले नै लिएको लक्ष्यअनुसार कर्जा विस्तार गर्न पनि थप लगानी हुनुपर्छ । पहिले जसरी नै बैंकहरु अन्धाधुन्ध लगानीमा जाँदैनन् नै । उत्पादनमूलक, वास्तविक क्षेत्रमा लगानी बढाउनुपर्छ भन्नेमा बैंकरहरूले पनि महसुस गरेका छन् । तर पनि, तरलता निकै सहज हुँदा त्यसले ब्याजदर घट्दै जाने र उपभोगमा पनि वृद्धि हुन थाल्ने अवस्था पनि रहन्छ । यसले फेरि कर्जा त्यतातर्फ लगानी हुन्छ । त्यसैले तरलताको सम्बन्धलाई पूरै बेवास्ता गरेर अहिलेकै अवस्थामा रहन्छ भनेर कसैले भन्छ भने त्यो सही पनि हुँदैन ।

हामी स्रोतका लागि पर्यटनबाट हुने आम्दानी, रेमिट्यान्स, सरकारी खर्चमै भर परिरहेका छौं । तर अब बाहिरबाट पुँजी भित्र्याउनेतर्फ पनि लाग्नुपर्छ । अहिले मुलुकको वाह्य ऋण कूल गार्हस्थ उत्पादन (जिडिपी) को तुलनामा २०/२२ प्रतिशतमात्रै छ । हाम्रै मुलुकको स्रोतमा मात्र भरपर्दा यसले ढिला हुन जान्छ । हामी विदेशी लगानी कम ल्याउने मुलुकमा पर्छौं । अहिले पनि जलविद्युत क्षेत्रमा अर्बौं रूपैयाँ स्रोत अभाव छ । भारत र बंगलादेशमा विद्युत बिक्रीका लागि आवश्यक पूर्वाधारसमेत बनिरहेका छन् । विश्वमा धेरै मुलुकले नवीकरणीय ऊर्जामा लगानी पनि गरिरहेका छन् । त्यसैले यो क्षेत्रमा ऋण वा लगानी, सेयर लगानी जुनैरूपबाट पनि पुँजी भित्र्याउनुपर्छ ।

अहिले संसारभरि नै दिगो वृद्धिमा जानुपर्छ भन्ने 'डिस्कोर्स' चलिरहेको छ । बैंकहरु पनि आ-आफ्नो विशिष्टिकरण भएका क्षेत्रमा जान्छन् नै । त्ससँगसँगै सरोकारवाला पक्षले पनि दिगो वृद्धिमा जान वातावरण बनाउँदै लैजानुपर्छ ।

बैंकिङ क्षेत्रमा हाम्रो मूलभूत उद्देश्य भनेकै निक्षेपकर्ताको निक्षेप बचत गर्दै लगानी गर्ने हो । बैंकहरूको अहिले खराब कर्जा केही बढे पनि व्यवस्थापन गर्न सक्ने अवस्थामै छन् । पुँजी पर्याप्तता अनुपात राम्रो छ । ५ खर्बभन्दा बढीको प्राथमिक पुँजी भएको यो क्षेत्रले यस्ता चुनौती सामना गर्न सामर्थ्य राख्दछ ।

दिगो वृद्धिको कुरा गरिरहँदा नेपालमा अहिले जलविद्युत क्षेत्रमा कर्जाको मागमा बढोत्तरी भइरहेको छ । युक्रेन र रूस युद्धपछि संसारभरि देखिएको ऊर्जा संकटका कारण नवीकरणीय ऊर्जा र वातावरणमा लगानी बढाउनुपर्छ भन्ने सोचसाथ अगाडि बढिरहेका छन् । यसमा सचेतना बढेको छ । हामी वातावरणीय जोखिमका आधारमा संवेदनशील क्षेत्र पनि हौं । हाम्रो आफ्नै कारणले भन्दा पनि अन्य कारण हुने परिणाममा भगिदार हुने अवस्था छ । त्यो खालको सचेतनाले यो क्षेत्रमा लगानी बढ्दै जाने र यसले बजार पनि पाउने सम्भावना छ । मुलुकहरु आफैं पनि आत्मनिर्भरतातर्फ जानुपर्छ भन्ने यो युद्धले देखाएको छ ।

